समुन्नत पर्यटकीय पोखरा

# पोखरा महानगरपालिका
# दोश्रो पञ्चवर्षीय योजना

(आर्थिक वर्ष २०८१/८२-२०८५/८६)

## पोखरा महानगरपालिका

शहरी योजना आयोग

पोखरा

२०८१ असार

# पोखरा महानगरपालिका

# दोश्रो पञ्चवर्षीय योजना

(आर्थिक वर्ष २०८१/८२-२०८५/८६)

पोखरा महानगरपालिका

शहरी योजना आयोग

पोखरा

२०८१ असार

पोखरा महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
न्यूरोड, कास्की
गण्डकी प्रदेश, नेपाल

पत्र संख्या : २०८०/०८१
च.नं. :

फोन नं.: ०६१-५७५६४०
Postal Code: 6X9P+4F Pokhara
ईमेल: info@pokharamun.gov.np
वेबसाइट: pokharamun.gov.np

# शुभकामना

पोखरा महानगरपालिका भूगोलका हिसाबले मुलुकको सबैभन्दा ठुलो महानगरपालिका हो । ३३ वटा वडामा विभाजित महानगर आफ्नै प्रकारको प्राकृतिक, भौगोलिक, भाषिक तथा सांस्कृतिक विशेषताले सुसज्जित छ । पूर्वाधार, शिक्षा, स्वास्थ्य, पर्यटन, संस्कृति, कृषि, पर्यावरण लगायत समग्र पक्षको सन्तुलित तथा समुचित विकासका लागि योजनाबद्ध विकास प्रक्रिया अवलम्बन गरिएको छ ।

पोखराको आर्थिक विकासलाई विविधिकृत, समावेशी तथा समन्यायिक बनाई आर्थिक वृद्धिको गतिलाई तीव्र बनाउने उद्देश्य सहित उत्पादन, उत्पादकत्व, रोजगारी र आयमा क्रमिक सुधार भइरहेको छ । सहरी सेवा तथा सुविधामा नगरवासीको सहज पहुँच स्थापित गर्ने उद्देश्य प्राप्तिको दिशामा महानगरपालिका अगाडी बढेको छ । प्राकृतिक, सांस्कृतिक तथा साहसिक क्षेत्रको अद्वितीय संगम् सुन्दर नगरी पोखरालाई हालै मात्र **नेपालको पर्यटन राजधानी** घोषणा गरी थप पूर्वाधारहरू निर्माणको प्रक्रिया प्रारम्भ गरिएको छ ।

**"समुन्नत पर्यटकीय पोखरा"** को दीर्घकालीन सोच र लक्ष्यका साथ प्रभावकारी ढङ्गले कार्यान्वयन गरिएका योजना तथा परियोजनाले निकट भविष्यमा गुणात्मक परिणाम प्राप्त हुनेछन् । यस सन्दर्भमा सरोकारवाला तथा नगरवासीको सहभागीमा पर्याप्त अन्तरक्रिया गरी महानगरपालिकाको दोस्रो पञ्चवर्षीय योजना आ.व (२०८१।०८२-२०८५।०८६) को विस्तृत दस्ताबेज तयार गरिएको छ । यसले महानगरपालिकालाई विकासको स्पष्ट खाका र मार्गदर्शन प्रदान गर्ने विश्वास लिएको छु ।

अन्त्यमा, पोखरा महानगरपालिकाले आफ्नो स्थापनाकाल देखि नै उपलब्ध श्रोत साधनको अधिकतम उपयोगबाट नगरवासीको आवश्यकता, अपेक्षा र मागलाई सम्बोधन गर्न योजनाबद्ध विकास प्रक्रिया अवलम्बन गर्दै आएको छ । महानगरको प्रथम त्रिवर्षीय योजना अपेक्षित उपलब्धिका साथ सम्पन्न भएको र उक्त अवधिमा थालिएका कतिपय दीर्घकालीन रणनीतिक महत्वका कार्यहरू पुरा गर्ने दायित्व समेत दोस्रो पञ्चवर्षीय योजनाले पुरा गर्नेछ, भन्ने विश्वासका साथ यसको पूर्ण सफलताको शुभकामना व्यक्त गर्दछु । धन्यवाद ।

आषाढ, २०८१ ।

धनराज आचार्य
नगर प्रमुख

'समुन्नत पोखराको आधार, सवल अर्थतन्त्र र पुर्वाधार'

पोखरा महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
न्यूरोड,कास्की
गण्डकी प्रदेश,नेपाल
फोन नं.: ०६१-५३४०
Postal Code: 6X9P+4F Pokhara
वेबसाइट: pokharamun.gov.np

पत्र संख्या : २०८०/८१
च.नं. : ३८८

मिति : २०८१/०४/१० गते ।

# शुभकामना

देश एकात्मक राज्य व्यवस्थाबाट संघीय प्रणालीमा प्रवेश गरेको छ । संघीय व्यवस्थामा प्रवेश गरेसंगै देशमा तीन तहका सरकार गठन भएका छन् । सहज र सरल रुपमा सेवा प्रदान गर्दै विकेन्द्रीकरणको अवधारणलाई आत्मसाथ गर्दै नेपाली जनताको भावना र चाहना अनुसार देशमा स्थानीय सरकार गठन भएका छन् ।

देश संघीय शासन व्यवस्थामा प्रवेश गरेपछि स्थानीय तहले पहिलो पाँच वर्षीय कार्यकाल पुरा गरेको छ भने दोश्रो कार्यकालको पनि दुई वर्ष ब्यतित भैसकेको छ । संविधानको कार्यान्वयन र संघीय सरकारले तय गरेको "समृद्ध नेपाल सुखी नेपाली"को सपनालाई साकार बनाउन स्थानीय सरकार लगायत सबैको भुमिका महत्वपूर्ण छ । राष्ट्रिय आवश्यकता, नागरिकको चाहना अनुरुप दीर्घकालिन योजना र लक्ष्य निर्धारण गरेर अगाडी बढनु आजको आवश्यकता हो ।गण्डकी प्रदेश र पर्यटनको पनि राजधानी पोखरा महानगरपालिकाले आफना विकास निर्माणका कार्यलाई ब्यवस्थित एवं योजनाबद्ध रुपमा अगाडी बढाउन दीर्घकालिन योजना बनाएको छ ।

नागरिकको सबै भन्दा नजिकको सरकार स्थानीय सरकार भएकाले जनचाहनालाई मध्यनजर राख्दै व्यवस्थित, सुविधा सम्पन्न महानगर बनाउन मार्ग दर्शन गर्ने उद्देश्यले **"समुन्नत पर्यकीय पोखरा"** लाई प्रथम त्रिपवर्षीय कालदेखि नै महानगरले दिर्घकालिन सोचको रुपमा लिएको छ । कार्बन तटस्थताको दीर्घकालिन लक्ष्य अनुरुप हरित,उत्थानशील र समावेशी विकासको अवधारणलाई रणनीतिक प्राथमिकताका आधारमा दोश्रो आवधिक योजना २०८१/०८२-२०८५/८६ मार्फत पञ्चवर्षीय योजना तर्जुमा गरी कार्यान्वयन गर्न महानगर जुटेको छ ।

संवैधानिक, कानुनी तथा प्रक्रियागत व्यवस्थालाई आत्मसाथ गर्दै मौलिक, विशिष्टता र स्थानीय स्तरमा उपलब्ध सम्भावनालाई मध्यनजर गरी पोखरा महानगरपालिका सहरी योजना आयोगले पहिलो त्रिपवर्षीय योजना(२०७८/७९-२०८०/८१) निर्माण गरी हाल कार्यान्वयनको अन्तिम वर्षमा रहेको छ । प्रथम आवधिक योजनाको अवधि चालु आर्थिक वर्षमा समाप्त हुने भएकाले प्रथम आवधिक योजनाको कार्यान्वयनबाट प्राप्त उपलब्धि र सिकाईको समिक्षा गर्दै महानगरपालिकाको विकास, व्यवस्थापन, सुशासन, सेवा प्रवाह तथा आर्थिक विकासलाई मार्ग दर्शन गर्न महानगरले दोश्रो पञ्चवर्षीय योजनाको अवधारणपत्र तयार गरेको छ ।

# पोखरा महानगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
न्यूरोड,कास्की
गण्डकी प्रदेश,नेपाल

फोन नं.: ०६१-५३४०
Postal Code: 6X9P+4F Pokhara
वेबसाइट: pokharamun.gov.np


पत्र संख्या : २०८०/८१
च.नं. :

स्थानीय तहको पहिलो कार्यकालमा विकास निर्माणलाई "पोखरा २१०० तथा रणनीतिक २०७७-८२" तर्जुमा गरेको प्रथम आवधिक योजनाले देशकै प्रमुख पर्यटकीय गन्तव्य महानगरलाई हरित उत्थानशिल र समावेशी विकासको अवधारणालाई आत्मसाथ गरी मध्यमकालिन खर्च संरचना र वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा प्रक्रियामा आन्तरीकिरण गर्न सफल भएको छ ।

२०७४ सालको निर्वाचनबाट निर्वाचित जनप्रतिनिधिहरुको उत्तारार्ध कार्यकालमा निर्माण भएको दोश्रो निर्वाचन २०७९ बाट निर्वाचित जनप्रतिनिधिहरुको पूर्वाद्धकालसम्म कार्यान्वयनमा रहेको प्रथम त्रिवर्षीय योजना अवधि विश्वव्यापी रुपमा फैलिएको कोरोना भाइरसको संक्रमण र अन्य प्रतिकुल परिस्थितिका बाबजुद निर्माण भएको र त्यसले नेपाल सरकारले अन्तराष्ट्रियस्तरमा व्यक्त गरेको प्रतिबद्धता, नेपाल पक्ष भएका सन्धि/सम्झौताहरु, दिगो विकास लक्ष्य, कार्वन तटस्थता सम्वन्धि प्रावधान तथा मापदण्डहरुलाई स्थानीय परिवेश अनुकुल बनाएर विकास प्रक्रियामा मुल प्रवाहीकरण गर्न भुमिका खेलेको छ ।

महानगरबासीको द्रुत बिकासको चाहनालाई सम्बोधन गर्ने कार्य चुनौतीपूर्ण छ । तर नागरिकले दिएको जिम्मेवारीलाई इमान्दारीतापूर्वक पुरा गर्न प्रतिबद्ध छौ । पोखरालाई नेपालकै उत्कृष्ट महानगर बनाउने सपनालाई मूर्तरुप दिन र महानगरको विकास र समृद्धिको यात्रालाई गति दिन यो दीर्घकालिन सोच तथा रणनीतिक योजनाको प्रतिवेदन तयार गरिएको छ ।

भनिन्छ हजार माइलको यात्रा एक पाइलाबाटै सुरु हुन्छ । पोखरा महानगरले तय गर्ने योजनाबद्ध विकास प्रक्रियाको खुडकिलो बन्ने छ । यस दस्तावेजमा समाविष्ट सिद्धान्त, नीति, रणनीति र कार्यनीतिले पोखरा महानगरपालिकाको दोश्रो पञ्चवर्षीय योजना तर्जुमा गर्न तथा दिगो र समावेशी आर्थिक विकास हासिल गर्नमा महत्वपूर्ण योगदान गर्नेमा म विश्वस्त छु। अतः यसको कार्यान्वयनमा सबैको सकरात्मक सहयोगको अपेक्षा गर्दै शुभकामना व्यक्त गर्दछु ।

मञ्जुदेवी गुरुङ
उपप्रमुख

पोखरा महानगरपालिका
शहरी योजना आयोग
गण्डकी प्रदेश, पोखरा, नेपाल

फोन : ०६१-५९१०८२
इमेल :cpc@pokharamun.gov.np
pmcshahariyogana@gmail.com

पत्र संख्या:०८१/०८२
चलानी नं.: ८

## मन्तव्य

नेपालको संविधानप्रदत्त अधिकार तथा प्रचलित कानूनबाट स्थानीय तहलाइ सुम्पिएको कार्यजिम्मेवारी पुरा गर्न, उपलव्ध सिमित स्रोतसाधनलाइ उच्चतमरूपमा परिचालन गरी अपेक्षित प्रतिफल हासिल गर्न, नागरिकको माग र आवश्यकता परिपुर्ति गर्न पोखरा महानगरपालिकाले प्रथम त्रिवर्षीय योजना निर्माण गरी योजनाबद्व विकास अभियानको सुरूवात गरिसकेको छ। प्रथम त्रिवर्षीय योजनाको अवधि चालु आर्थिक वर्ष २०८०/८१ मा समाप्त हुने भएकोले उक्त प्रथम आवधिक योजना कार्यान्वयनबाट प्राप्त उपलव्धी र अनुभवबाट सिक्दै सरोकारवालाहरूबाट प्राप्त राय सुझाव समेतको आधारमा शहरी योजना आयोगबाट पोखरा महानगरपालिकाको दोस्रो पञ्चवर्षीय योजना (२०८१/८२-२०८५/८६) तर्जुमा भई १५औं नगरसभाबाट पारित भएको छ ।

दोस्रो पञ्चवर्षीय योजनाको सोच "समुन्नत पर्यटकीय पोखरा" अनुरूप योजनाको लक्ष्य, उद्देश्य, प्राथमिकता र रणनीतिहरू निर्धारण गरिएको छ ।पोखराको समग्र विकासको क्षेत्रमा विद्यमान सबाल तथा चुनौतिहरूको विश्लेषण गरी आर्थिक, सामाजिक तथा पुर्वाधार विकास, वन वातावरण तथा विपद व्यवस्थापन र संस्थागत विकास तथा सुशासनलाइ समुन्नतिको संबाहक क्षेत्रको रूपमा अंगिकार गरिएको छ ।दोस्रो आवधिक योजनामा बार्षिक औसत आर्थिक बृद्विदर ८.४ प्रतिशत र कूल लगानी रू ३ खर्व ५३ अर्वको प्रक्षेपण गरिएको छ ।योजनाबाट परिलक्षित परिमाणात्मक लक्ष्य हासिल गर्न प्रस्ताव गरिएका विभिन्न आयोजना तथा कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयनबाट पोखराको समुन्नतिमा कोशेढुंगा सावित हुने विश्वास लिइएको छ ।

अन्त्यमा, यस योजनाको सफल कार्यान्वयनमा सम्बन्धित सबैबाट रचनात्मक सहयोग र योगदानको अपेक्षा गर्दछु । योजना तर्जुमामा मार्गदर्शन गर्नु हुने महानगरपालिकाका प्रमुख धनराज आचार्यज्यू तथा उपप्रमुख मञ्जुदेवी गुरूङज्यू प्रति कृतज्ञता प्रकट गर्दै महत्वपूर्ण सुझाव र सहयोग गर्नु हुने सम्बन्धित सबै सरोकारवाला प्रति हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

प्रेमलाल लामिछाने
उपाध्यक्ष

आषाढ, २०८१

फोन : ०६१-५९१०८२ तालचोक, पोखरा इमेल :cpc@pokharamun.gov.np
pmcshahariyogana@gmail.com

# विषयसूची


## परिच्छेद : १ परिचय.................................. ..................................................................... ..१

१.१ पृष्ठभूमि ........................................................................................................................१

१.२ प्रथम त्रिवर्षीय योजनाको संक्षिप्त समीक्षा ..........................................................................२

१.३ पोखरा २१०० तथा प्रथम त्रिवर्षीय योजनाको प्रगति .......................................................... ४

१.४ पञ्चवर्षीय योजना आवश्यकता र औचित्य ............................................................................ ७

१.५ योजना तयारी प्रक्रिया तथा सीमा ..................................................................................... ८

## परिच्छेद : २ योजनाको प्रारूप तथा लगानी प्रक्षेपण..............................................११

२.१ दीर्घकालिन सोच.....................................................................................................११

२.२ योजनावद्ध विकासका मूलभूत सबालहरु.......................................................................१२

२.३ दोस्रो पञ्चवर्षीय योजनाको कार्यदिशा.............................................................................१५

२.४ योजनाका मुख्य नीति र प्राथमिकता..............................................................................१६

२.४ परिमाणात्मक लक्ष्य.....................................................................................................१८

२.५ लगानी प्रक्षेपण....................................................................................................... २१

२.६ लगानीको स्रोत..........................................................................................................२४

## परिच्छेद :३ आर्थिक विकास क्षेत्र........................................................................ २८

परिचय.........................................................................................................................२८

३.१ पर्यटन......................................................................................................................३०

३.२ उद्योग तथा व्यापार......................................................................................................३४

३.३ कृषि तथा खाद्य सुरक्षा...................................................................................................३८

३.४ पशुपंक्षी तथा मत्स्य विकास..........................................................................................४२

३.५ सहकारी तथा वित्तीय सेवा............................................................................................ ४६

३.६ श्रम, रोजगारी र उद्यमशीलता विकास.................................................................................५०

## परिच्छेदः ४ सामाजिक विकास क्षेत्र......................................................................५४

परिचय.........................................................................................................................५४

४.१ शिक्षा, विज्ञान तथा प्रविधि................................................................................................५५

४.२ जनस्वास्थ्य तथा पोषण...................................................................................................५९

४.३ सामाजिक सुरक्षा तथा लक्ष्यित वर्ग.................................................................................. ६३

४.४ युवा, खेलकुद तथा नवप्रवर्तन.......................................................................................... ६६

४.५ भाषा, कला तथा संस्कृति...............................................................................................६९

## परिच्छेदः ५ पुर्वाधार विकास क्षेत्र....................................................................... ७२

परिचय.........................................................................................................................७२

५.१ आवास तथा सहरी विकास..............................................................................................७३

५.२ सडक यातायात......................................................................................................७७
५.३ सिचाई तथा खानेपानी..............................................................................................८१
५.४ सूचना तथा सञ्चार प्रविधि र उर्जा..............................................................................८४
५.५ भवन तथा अन्य पुर्वाधार............................................................................................८८
**परिच्छेदः ६ वन, वातावरण तथा विपद् व्यवस्थापन क्षेत्र....................................... ९२**
परिचय..........................................................................................................................९२
६.१ भू तथा जलाधार संरक्षण...........................................................................................९३
६.२ बातावरण तथा शहरी स्वच्छता..................................................................................९६
६.३ जलवायु परिवर्तन अनुकूलन तथा न्यूनीकरण.................................................................९९
६.४ वन तथा जैविक विविधता.......................................................................................१०२
६.५ विपद् व्यवस्थापन.....................................................................................................१०५
**परिच्छेदः ७ संस्थागत विकास तथा सुशासन क्षेत्र ..............................................१०८**
परिचय........................................................................................................................१०८
७.१ नीति, कानून तथा सुशासन......................................................................................११०
७.२ संगठन, मानव संसाधन र सेवाप्रबाह.......................................................................११५
७.३ राजश्व तथा श्रोत परिचालन......................................................................................१२१
७.४ तथ्याङक, योजना तथा विकास व्यवस्थापन.............................................................१२५
**परिच्छेदः ८ योजना कार्यान्वयन व्यवस्था.........................................................१३१**
८.१ योजना कार्यान्वयन रणनीति.....................................................................................१३१
८.२ अनुगमन तथा मुल्याङकन........................................................................................१३३
८.३ लगानी परिचालन रणनीति.......................................................................................१३९
८.४ जोखिम व्यवस्थापन..................................................................................................१४१
**अनुसूची**
१. पोखरा महानगरपालिकाका संभाव्य कार्यक्रम/आयोजना
२. एक वडा एक विशिष्ट कार्यक्रम/आयोजना

# चित्रसूची

चित्र १: योजना अवधीको कुल महानगरीय उत्पादन लक्ष्य र लगानी प्रक्षेपण (रू. दश लाखमा)................१९
चित्र २: योजना अवधीको लागि वार्षिक लगानी प्रक्षेपण (रू. दश लाखमा)................................................ २२
चित्र ३: कुल लगानी प्रक्षेपणमा विषय क्षेत्रगत हिस्सा (प्रतिशत)..............................................................२३
चित्र ४: प्रक्षेपित लगानी व्यहोर्ने प्रमुख स्रोतहरू........................................................................................२४
चित्र ५ : पोखरा महानगरपालिकाको आर्थिक विकास मोडल.......................................................................२८

# तालिकासूची

तालिका १ : दोस्रो पञ्चवर्षीय योजनाका परिमाणात्मक लक्ष्य........................................................................१९
तालिका २ : दोस्रो पञ्चवर्षीय योजनाको विषय क्षेत्रगत लगानी प्रक्षेपण ......................................................२३
तालिका ३ : महानगरपालिकाको लगानी प्रक्षेपण........................................................................................ २६
तालिका ४ : पर्यटन क्षेत्रका प्रमुख आयोजना तथा कार्यक्रमहरु .................................................................३३
तालिका ५ : पर्यटन क्षेत्रको नतिजा सूचक र परिमाणात्मक लक्ष्य ...........................................................३४
तालिका ६ : उद्योग तथा व्यापार क्षेत्रका प्रमुख आयोजना तथा कार्यक्रमहरु ............................................३७
तालिका ७ : उद्योग तथा व्यापार क्षेत्रका नतिजा सूचक र परिमाणात्मक लक्ष्य .........................................३८
तालिका ८ : कृषि तथा खाद्य सुरक्षा क्षेत्रका प्रमुख आयोजना तथा कार्यक्रमहरु .......................................४१
तालिका ९ : कृषि तथा खाद्य सुरक्षा क्षेत्रका नतिजा सूचक र परिमाणात्मक लक्ष्य ...................................४२
तालिका १० : पशुपंक्षी तथा मत्स्य विकास क्षेत्रका प्रमुख आयोजना तथा कार्यक्रमहरु .............................४५
तालिका ११ : पशुपंक्षी तथा मत्स्य विकास क्षेत्रका नतिजा सूचक र परिमाणात्मक लक्ष्य ..........................४५
तालिका १२ : सहकारी तथा वित्तीय सेवा क्षेत्रका प्रमुख आयोजना तथा कार्यक्रमहरु.................................४९
तालिका १३ : सहकारी तथा वित्तीय सेवा क्षेत्रका नतिजा सूचक र परिमाणात्मक लक्ष्य.............................४९
तालिका १४ : श्रम, रोजगारी तथा उद्यमशिलता विकास क्षेत्रका प्रमुख आयोजना तथा कार्यक्रमहरु.............५३
तालिका १५ : श्रम, रोजगारी तथा उद्यमशिलता विकास क्षेत्रका नतिजा सूचक र परिमाणात्मक लक्ष्य.........५३
तालिका १६ : शिक्षा, विज्ञान तथा प्रविधि क्षेत्रका प्रमुख आयोजना तथा कार्यक्रमहरु .................................५७
तालिका १७ : शिक्षा, विज्ञान तथा प्रविधि क्षेत्रको नतिजा सूचक र परिमाणात्मक लक्ष्य.............................५८
तालिका १८ : स्वास्थ्य तथा पोषण क्षेत्रका प्रमुख आयोजना तथा कार्यक्रमहरु...........................................६१
तालिका १९ : जनस्वास्थ्य तथा पोषण क्षेत्रको नतिजा सूचक र परिमाणात्मक लक्ष्य....................................६१
तालिका २० : सामाजिक सुरक्षा तथा लक्ष्यित वर्ग क्षेत्रका प्रमुख आयोजना तथा कार्यक्रमहरु ..................६५
तालिका २१ : क्षेत्रको नतिजा सूचक र परिमाणात्मक लक्ष्य........................................................................६५
तालिका २२ : युवा, खेलकुद तथा नवप्रवर्तन क्षेत्रका प्रमुख आयोजना तथा कार्यक्रमहरु.............................६८
तालिका २३ : युवा, खेलकुद तथा नवप्रवर्तन क्षेत्रको नतिजा सूचक र परिमाणात्मक लक्ष्य.........................६८
तालिका २४ : भाषा, कला तथा संस्कृति क्षेत्रका प्रमुख आयोजना तथा कार्यक्रमहरु ................................. ७१

तालिका २५ : भाषा, कला तथा संस्कृति क्षेत्रको नतिजा सूचक र परिमाणात्मक लक्ष्य ............................ ७१
तालिका २६: आबस तथा सहरी विकास उपक्षेत्रका प्रमुख आयोजना तथा कार्यक्रमहरु ............................ ७६
तालिका २७: आबस तथा सहरी विकास उपक्षेत्रको नतिजा सूचक र परिमाणात्मक लक्ष्य ........................ ७७
तालिका २८: सडक यातायात उपक्षेत्रका प्रमुख आयोजना तथा कार्यक्रमहरु ............................................ ८०
तालिका २९ : सडक यातायात उपक्षेत्रका नतिजा सूचक र परिमाणात्मक लक्ष्य........................................ ८१
तालिका ३०: सिचाई तथा खानेपानी उपक्षेत्रका प्रमुख आयोजना तथा कार्यक्रमहरु .................................... ८३
तालिका ३१ : सिचाई तथा खानेपानी उपक्षेत्रका नतिजा सूचक र परिमाणात्मक लक्ष्य................................ ८३
तालिका ३२: सूचना तथा संचार प्रबिधि र उर्जा विकास उपक्षेत्रका प्रमुख आयोजना तथा कार्यक्रमहरु....... ८७
तालिका ३३: सूचना तथा संचार प्रबिधि र उर्जाक्षेत्रका नतिजा सूचक र परिमाणात्मक लक्ष्य ..................... ८८
तालिका ३४: भबन तथा अन्य पुर्बाधार उपक्षेत्रका प्रमुख आयोजना तथा कार्यक्रमहरु ............................... ९०
तालिका ३५: भबन तथा अन्य पुर्बाधार उपक्षेत्रका नतिजा सूचक र परिमाणात्मक लक्ष्य ........................... ९१
तालिका ३६: भू तथा जलाधार संरक्षण उपक्षेत्रका प्रमुख आयोजना तथा कार्यक्रमहरु................................. ९५
तालिका ३७: भू तथा जलाधार संरक्षण उपक्षेत्रका नतिजा सूचक र परिमाणात्मक लक्ष्य ............................. ९५
तालिका ३८: वातावरण तथा शहरी स्वच्छता उपक्षेत्रका प्रमुख आयोजना तथा कार्यक्रमहरू ....................... ९८
तालिका ३९: वातावरण तथा शहरी स्वच्छता उपक्षेत्रका नतिजा सूचक र परिमाणात्मक लक्ष्य.................. ९८
तालिका ४०: जलवायु परिवर्तन अनुकुलन तथा न्यूनीकरण उपक्षेत्रका प्रमुख आयोजना तथा कार्यक्रमहरू. १०१
तालिका ४१: जलवायु परिवर्तन अनुकुलन र न्यूनीकरण उपक्षेत्रका नतिजा सूचक र परिमाणात्मक लक्ष्य . १०१
तालिका ४२: वन तथा जैविक विविधता उपक्षेत्रका प्रमुख आयोजना तथा कार्यक्रमहरू ........................... १०४
तालिका ४३: वन तथा जैविक विविधता उपक्षेत्रका नतिजा सूचक र परिमाणात्मक लक्ष्य........................ १०४
तालिका ४४: विपद् व्यवस्थापन उपक्षेत्रका प्रमुख आयोजना तथा कार्यक्रमहरू......................................... १०७
तालिका ४५: विपद् व्यवस्थापन उपक्षेत्रका नतिजा सूचक तथा परिमाणात्मक लक्ष्य ................................ १०७
तालिका ४६: नीति, कानुन तथा सुशासन उपक्षेत्रका प्रमुख आयोजना तथा कार्यक्रमहरू............................ ११४
तालिका ४७: नीति, कानुन तथा सुशासन उपक्षेत्रका नतिजा सूचक तथा परिमाणात्मक लक्ष्य .................... ११५
तालिका ४८: संगठन, मानव संशाधन तथा सेवा प्रवाह उपक्षेत्रका प्रमुख आयोजना तथा कार्यक्रमहरू........ ११९
तालिका ४९: संगठन, मानव संशाधन र सेवा प्रवाह उपक्षेत्रका नतितजा सूचक तथा परिमाणात्मक लक्ष्य .. ११९
तालिका ५०: राजश्व तथा स्रोत परिचालन उपक्षेत्रका प्रमुख आयोजना तथा कार्यक्रमहरू .......................... १२४
तालिका ५१: राजश्व तथा स्रोत परिचालन उपक्षेत्रका नतिजा सूचक तथा परिमाणात्मक लक्ष्य.................. १२४
तालिका ५२: तथ्यांक योजना तथा विकास व्यवस्थापन उपक्षेत्रका प्रमुख आयोजना तथा कार्यक्रमहरू ...... १२९
तालिका ५३: तथ्यांक योजना तथा विकास व्यवस्थापन उपक्षेत्रका नतिजा सूचक तथा लक्ष्य.................... १२९
तालिका ५४: योजना अनुगमन तथा मुल्याङ्कन ढाँचा ........................................................................ १३५
तालिका ५५: सम्भावित जोखिम तथा न्यूनीकरण रणनीति.................................................................. १४२

# परिच्छेद : १
# परिचय

## १.१ पृष्ठभूमि

योजनावद्ध विकास प्रयासले उपलब्ध प्राकृतिक, भौतिक, वित्तीय तथा मानवीय साधनको उच्चतम उपयोग गरी निश्चित अवधिभित्र निर्धारित लक्ष्य हासिल गर्न योगदान गर्दछ। नेपाल सरकारले अंगिकार गरेको विकासको मार्गचित्र तथा प्रतिबद्धतालाई संस्थागत गरी एजेण्डाका रूपमा कार्यान्वयन गर्न सबै सरोकारवालाको सहभागिता र सहकार्यमा आवधिक योजना तर्जुमाको अभ्यास शुरु भएको सात दशक पुरा भइसकेको छ। नेपालमा १५ औं आवधिक योजना कार्यान्वयनको अन्तिम वर्षमा छ।१६औं योजना तर्जुमा सम्पन्न भएको छ। नेपाल सरकारको तर्फबाट दीर्घकालीन योजना, आवधिक योजना, मध्यमकालीन खर्च संरचना, वार्षिक नीति, कार्यक्रम तथा बजेट तर्जुमा र कार्यान्वयनको अनुगमन तथा मूल्याङ्कनमा राष्ट्रिय योजना आयोगले भूमिका निर्वाह गरिरहेको छ।

मुलुक संघीय संरचनामा प्रवेश गरेसँगै नेपालको संविधानले संघ, प्रदेश र स्थानीय तह गरी तीन तहका सरकारलाई आ-आफ्नो अधिकार क्षेत्रभित्र रही योजना नीति कार्यक्रम तथा बजेट तर्जुमा, कार्यान्वयन, अनुमगन तथा मूल्याङ्कन र त्यसका लागि आवश्यक पर्ने स्रोतको प्रबन्ध गर्न सक्ने अधिकार प्रदान गरेको छ। सोही कार्यजिम्मेवारी अनुरूप प्रदेश तहमा प्रदेश नीति तथा योजना आयोग गठन भई योजनावद्ध विकासलाई संस्थागत गर्ने प्रयास भइरहेको छ। गण्डकी प्रदेश सरकार अहिले प्रथम पञ्चवर्षीय योजना कार्यान्वयनको अन्तिम वर्षमा रहेको परिप्रेक्ष्यमा गण्डकी प्रदेश नीति तथा योजना आयोगले प्रथम पञ्चवर्षीय योजनाको समीक्षा सम्पन्न पश्चात दोस्रो पञ्चवर्षीय योजना (२०८१/८२-२०८५/८६) को आधारपत्र सार्वजनिक गरी दोश्रो पञ्चवर्षीय योजनाको विस्तृत दस्तावेज तर्जुमामा जुटेको छ ।

संविधान प्रदत्त अधिकारको प्रयोग गर्दै स्थानीय तह पनि आफ्ना विकास गतिविधिहरूलाई योजनाबद्ध तथा व्यविस्थत रूपमा सञ्चालन गर्न र निर्वाचनको समयमा व्यक्त गरेका प्रतिवद्वताहरुलाई नतिजामा परिणत गर्ने प्रयास स्वरुप आवधिक योजना निर्माण र तदनुरूप कार्यान्वयनमा अग्रसर भएका छन्।यसै सिलसिलामा मुलुककै सबैभन्दा ठुलो महानगरपालिका

पोखरा महानगरपालिकाले विकासको गतिलाइ तिब्रता प्रदान गर्न तथा स्थानीय जनताप्रतिको जवाफदेहिता अभिवृद्धि गर्न विभिन्न विषय क्षेत्रगत रणनीतिक योजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कनलाई संस्थागत गर्दै लगेको छ। महानगरपालिका स्थापना भए पछिको प्रथम कार्यकालमै जारी गरिएको शहरी योजना आयोग (गठन तथा सञ्चालन सम्बन्धी) नियमावली, २०७४ (दोश्रो संसोधन सहित) अनुरूप गठित शहरी योजना आयोगको नेतृत्वमा आवधिक योजना तर्जुमा र मध्यमकालीन खर्च संरचना निर्माण, वार्षिक नीति तथा कार्यक्रम र बजेट तर्जुमा प्रक्रियालाई यथार्थपरक, सहज र वस्तुनिष्ठ बनाउने प्रयास भएको छ ।

संवैधानिक, कानूनी तथा प्रक्रियागत व्यवस्थालाई आत्मसात गर्दै मौलिक, विशिष्टता र स्थानीय स्तरमा उपलब्ध सम्भावनालाई मध्यनजर गरी पोखरा महानगरपालिका शहरी योजना आयोगले पहिलो त्रिवर्षीय योजना (२०७८/७९-२०८०/८१) निर्माण गरी हाल कार्यान्वयनको अन्तिम वर्षमा रहेको छ। प्रथम आवधिक योजनाको अवधि चालु आर्थिक वर्षमा समाप्त हुने भएकोले प्रथम आवधिक योजनाको कार्यान्वयनबाट प्राप्त उपलब्धी र सिकाइको समीक्षा गर्दै महानगरपालिकाको विकास व्यवस्थापन, सुशासन, सेवाप्रवाह तथा आर्थिक विकासलाई मार्गदर्शन गर्न पोखरा महानगरपालिकाले दोश्रो पञ्चवर्षीय योजनाको अवधारणापत्र तयार गरी सोही अवधारणापत्रको आधारमा दोश्रो पञ्चवर्षीय योजना (२०८१/८२-२०८५/८६)को तर्जुमा प्रक्रिया सम्पन्न गरेको छ।

## १.२ प्रथम त्रिवर्षीय योजनाको संक्षिप्त समीक्षा

संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको सुरूवातसँगै संविधान प्रदत्त कार्य जिम्मेवारी पुरा गर्न पोखरा महानगरपालिकाबाट निर्वाचित जनप्रतिनिधिहरुको पहिलो पाँचवर्षे कार्यकालमा प्रथम त्रिवर्षीय योजना (२०७८/७९-२०८०/८१) तर्जुमा गरी योजनावद्ध विकास प्रयासको थालनी भएको हो। विश्वव्यापी रुपमा फैलिएको कोभिड-१९संक्रमणको महामारीको अवधिमा तर्जुमा भएको प्रथम आवधिक योजना कोभिड-१९ को संक्रमणको नियन्त्रण, उपचार तथा रोकथाम र विश्वव्यापी आर्थिक शिथिलताको दवाबमा रहेको अर्थतन्त्रको राहत र पुनरूत्थानमा केन्द्रित थियो। पहिलो स्थानीय निर्वाचन,२०७४बाट निर्वाचित जनप्रतिनिधिहरूको उत्तरार्ध कार्यकालमा निर्माण भई दोश्रो निर्बाचन, २०७९ बाट निर्बाचित जनप्रतिनिधिहरूको

पूर्वाद्धकालसम्म कार्यान्वयनमा रहेको प्रथम त्रिवर्षीय योजना अवधि कोभिड-१९को संक्रमण र अन्य प्रतिकुल परिस्थितिका बाबजुद उत्साहजनकरूपमा व्यतित भएको छ।

प्रथम आवधिक योजनाले देशकै प्रमुख पर्यटकीय गन्तब्य पोखरा महानगरपालिकामा हरित उत्थानशिल र समावेशी विकासको अवधारणालाई आत्मसात गरी मध्यमकालीन खर्च संरचना (MTEF) र वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा प्रक्रियामा आन्तरिकीकरण गर्न सफल भएको छ। प्रथम आवधिक योजनाले अवलम्बन गरेका निर्देशक सिद्धान्त, योजनाको लक्ष्य, उद्देश्य, रणनीति र कार्यक्रमहरुको कार्यान्वयन गर्न आवश्यक देखिएका महत्वपूर्ण नीति, कानुन, नियमावली, कार्यविधि, मापदण्ड आदि कानूनी दस्तावेज निर्माण गरी विकास व्यवस्थापनलाई कानूनीरूपमा मार्गप्रशस्त गरेको छ। नेपालको संविधानको प्रावधान अनुरुप राष्ट्रिय एवम् प्रादेशिक आवधिक योजनाहरुसँग समेत तालमेल कायम गरी राष्ट्रिय तथा प्रादेशिक लक्ष्य र उद्देश्य हासिल गर्न योगदान पुर्याउने गरी स्थानीय योजनाका मूलभुत पक्षलाई सान्दर्भिक रुपमा निर्देशित गर्ने दिशामा पोखरा महानगरपालिका अग्रसर रहेको छ।

प्रथम त्रिवर्षीय योजनाले नेपाल सरकारले अन्तराष्ट्रियस्तरमा व्यक्त गरेका प्रतिवद्धता, नेपाल पक्ष भएका सन्धी/सम्झौताहरु, दिगो विकास लक्ष्य, कार्बन तटस्थता सम्वन्धी प्रावधान तथा मापदण्डहरुलाई स्थानीय परिवेश अनुकूल बनाएर विकास प्रक्रियामा मुलप्रवाहीकरण गर्न महत्वपूर्ण भूमिका खेलेको छ। प्रथम आवधिक योजनाबाट परिलक्षित सबै उद्देश्य तथा लक्ष्य हासिल गर्न पूर्ण सफल नभए पनि उपलव्ध सीमित स्रोत साधनलाई प्राथमिकता प्राप्त क्षेत्रमा उपयोग गर्ने उपयुक्त विकल्प पहिल्याई सामाजिक तथा आर्थिक विकासमा तीव्रता ल्याउन, विगतको उपलब्धि तथा प्रगतिको समीक्षा र हालको अवस्थाको यथार्थ चित्रण गर्दै आगामी दिनको आवश्यकता, प्राथमिकता र अपेक्षित नतिजा आँकलन गर्न तथा नतिजामखी विकास प्रक्रिया अवलम्वन गर्ने पद्धति स्थापित गर्न सफल भएको छ।

योजनाबद्व विकास अभियानले सिमित श्रोतसाधनलाई उच्चतम रुपमा परिचालन गरी समाजवाद उन्मुख अर्थतन्त्र निर्माणमा योगदान पुर्याउन प्राथमिकताप्राप्त क्षेत्र र समग्र विकास प्रक्रियामा महत्वपूर्ण भूमिका हुने विपन्न तथा पिछडिएका र जोखिममा रहेका वर्गको संलग्नता र अपनत्व वृद्धि गर्ने परिपाटीको विकासतर्फ उन्मुख रहेको छ। महानगरपालिका प्रति जनसमुदायको विश्वास अभिवृद्धि गरी समाजलाई विकास तथा समृद्धितर्फ अग्रसर गराउन

सार्वजनिक निजी साझेदारीमा स्थानीय आर्थिक विकासको अवधारणा स्थापित गर्न प्रथम आवधिक योजनाले महत्वपूर्ण भूमिका खेलेको छ। यसका अतिरिक्त हरित विकास तथा विपद् जोखिम संवेदनशीलता तथा उत्थानशीलताका साथै लैङ्गिक उत्तरदायी बजेटको अवधारणालाई विकास प्रक्रियाको मूलप्रवाहमा ल्याउन पनि महत्वपूर्ण भूमिका खेलेको छ।

## १.३ पोखरा २१०० तथा प्रथम त्रिवर्षीय योजनाको प्रगति

पोखरा महानगरपालिकाको प्रथम त्रिवर्षीय योजना महानगरपालिका स्थापना पश्चात लगत्तै तयार भएको **"पोखरा २१०० तथा आवधिक रणनीतिक कार्ययोजना (२०७७-०८२)"** को मार्गदर्शनबाट निर्देशित रहेको छ। महानगरपालिकाको दीर्घकालीन सोचपत्रका रुपमा रहेको उक्त दस्तावेजले **"समुन्नत पर्यटकीय पोखरा"** लाई महानगरपालिकाको दीर्घकालीन सोचका रुपमा आत्मसात गरी पोखरालाई वि.सं. २१०० सम्ममा कार्वन तटस्थ शहरमा परिणत गर्ने लक्ष्य लिएको छ। उक्त सोचपत्रले पहिचान गरेका दीर्घकालीन लक्ष्य तथा समुन्नतिका संवाहक र रणनीतिक स्तम्भहरुलाई कार्यान्वयनयोग्य ढाँचामा परिणत गरेर प्राथमिकताका आधारमा नियमित योजनाचक्रमा मुलप्रवाहीकरण गर्ने प्रक्रियालाइ **"प्रथम त्रिवर्षीय योजना (२०७८/७९-२०८०/८१)"**ले आत्मसात गरेको छ।

दीर्घकालीन सोच 'पोखरा २१००' ले परिकल्पना गरेका समुन्नति र बृहत्तर सामाजिक-आर्थिक रूपान्तरणको मार्गचित्रलाई मध्यमकालीन खर्च संरचना मार्फत वार्षिक बजेट तथा कार्यक्रमसँग जोड्ने प्रणाली प्रथम त्रिवर्यीय योजनाले स्थापित गरेको छ। कोभिड १९ संक्रमणको महामारीको विषम अवस्था तथा राज्य पुनःसंरचना पश्चात स्थापना भएको महानगरपालिकामा स्थानीय तहस्तरीय विविधिकृत तथ्याङ्कको अभावमा योजनाका परिमाणात्मक लक्ष्य र उपलव्धीलाई मापन गर्ने परिसूचकहरु परिभाषित गर्न नसकिएको अवस्था भए पनि योजना तर्जुमादेखि कार्यान्वयन अवधिसम्म भोग्नु परेका विविध चुनौतिका बाबजुद पोखरा महानगरपालिकाले प्रथम आवधिक योजनाको कार्यान्वयनमा उल्लेखनीय उपलब्धि हासिल गरेको छ ।

प्रथम आवधिक योजनाले समष्टिगत लक्ष्यका रुपमा "नीला तालहरू, समृद्ध संस्कृति, सुरक्षित जीवन, वैज्ञानिक दृष्टिकोण र उत्थानशील तथा समावेशी भौतिक पूर्वाधार सहितको सम्पन्न सहर निर्माण" गर्ने लक्ष्य लिएको छ। निर्धारित लक्ष्यका अधिकांश सूचकहरु मापनयोग्य हुन नसकेकोले उपलब्धिको मापनमा कठिनाइ भएको छ। तथापि योजना कार्यान्वयनको अवस्थाले गुणात्मक रुपमा लक्ष्य उन्मुख रहेको संकेत गरेको छ। लैंगिक, सामाजिक, आर्थिक र वातावरणीय अवस्था सुधारमा नतिजातहका सूचकमा लेखाजोखा गर्न नसक्ने अवस्था रहेको छ।

१. प्रथम आवधिक योजनाले तिन वर्षको अवधिमा महानगरपालिका क्षेत्रमा कुल रु.२७ अर्ब ३० करोड खर्च हुने प्रक्षेपण गरेकोमा सो अवधिमा पोखरा महानगरपालिकाबाट करिब १६ अर्ब खर्च हुने प्रारम्भिक अनुमान छ । संघ तथा प्रदेश सरकारबाट सञ्चालन भएका आयोजना तथा कार्यक्रम, निजि क्षेत्र र विकास साझेदारहरुको तर्फबाट हालसम्म भएको लगानीको अवस्था र त्यसको प्रवृत्ति हेर्दा चालु आर्थिक वर्ष २०८०/८१को अन्त्यसम्ममा कुल खर्च रु.२५ अर्ब नाघ्ने अनुमान गरिएको छ ।

२. पोखराको आर्थिक विकासलाई विविधिकृत, समावेशी तथा समन्यायिक बनाई आर्थिक वृद्धिको गतिलाई तीव्र बनाउने उद्देश्य परिपुर्तिको अवस्था विश्लेषण गर्दा उत्पादन, उत्पादकत्व, रोजगारी र आयमा क्रमिक सुधार भएको देखिएको छ । कोभिड-१९को संक्रमण र विश्व आर्थिक मन्दिको कारण स्थानीय अर्थतन्त्रको मेरुदण्ड पर्यटन, कृषि र सेवामूलक उद्योग व्यवसायमा अपेक्षित वृद्वि र विस्तारमा समस्या सामना गर्नु परेको देखिन्छ। यद्यपि प्रथम आवधिक योजना तर्जुमाको वर्षमा १६०५ अमेरिकी डलर रहेको महानगरपालिकाको प्रतिव्यक्ति आय आर्थिक वर्ष २०७९/८० को अन्त्यसम्म १८८० अमेरिकी डलर पुगेको अनुमान छ ।

३. आर्थिक वर्ष २०७७/७८ मा रु. एक खर्ब १० अर्ब ५३ करोड ५३ लाख रहेको महानगरपालिकाको कुल उत्पादन (Gross Municipal Income) आर्थिक वर्ष २०७९/८० को अन्त्यसम्ममा रु. एक खर्ब २६ अर्ब सात करोड ७८ लाख पुगेको अनुमान छ ।

४. प्रथम आवधिक योजना अवधिमा शहरी विकास, भवन तथा पूर्वाधार संरचनालाई सुरक्षित तथा व्यवस्थित बनाउँदै शहरी सेवा तथा सुविधामा नगरबासीको सहज पहुँच स्थापित गर्ने उद्देश्य प्राप्तिको दिशामा सुधार देखिएको छ। यस योजना अवधिमा सडक, पुल, पार्क, भवन लगायत सार्वजनिक निर्माणमा उल्लेखनीय वृद्धि भएको देखिन्छ। यस योजना अवधिमा प्रति बर्ग कि.मि. क्षेत्रफलको सडक घनत्व ३.०२ कि.मि. बाट ३.६ कि.मि. पुगेको छ । यसैगरी महानगरपालिका क्षेत्रभित्र कुल पक्की सडक ६३३ कि.मि.बाट बृद्धि भई ९०० कि.मि.मा विस्तार भएको छ।

५. प्राकृतिक तथा सांस्कृतिक सम्पदाको संरक्षण तथा संवर्द्धन गरी पोखरा महानगरपालिकालाई दिगो पर्यटकीय गन्तव्यका रूपमा विकसित गर्ने उद्देश्य हासिल गर्ने दिशातर्फ उन्मुख रहेको छ ।प्रथम आवधिक योजना अवधिमा पर्यटकीय आवागमन संख्यामा उल्लेख्य वृद्धि भई वार्षिक ३ लाखबाट ९ लाख पुगेको छ। महानगरपालिकाले निजी क्षेत्र, स्थानीय समुदाय तथा व्यवसायीको सहकार्यमा पर्यटकीय सेवा, सुविधाको प्याकेज विकास तथा प्रवर्द्धनमा प्रयास गरीरहेकोले आगामी दिनमा थप उपलब्धी हासिल हुने देखिन्छ ।

६. पोखरा महानगरपालिकालाई कार्बन तटस्थ शहरका रूपमा विकसित गर्ने उद्देश्य हासिल गर्न कार्यान्वयन अवस्थाको मुल्याङ्कन गर्दा कार्बन उत्सर्जनको अवस्था मापन भएको तथा कार्वन तटस्थता सम्वन्धी रणनीतिक कार्ययोजना तर्जुमा भई अद्यावधिक भएको छ। उक्त कार्ययोजनामा निर्धारण गरीएका कार्यक्रमहरु क्रमशः कार्यान्वयनको प्रक्रियामा रहेका छन्।

७. समन्यायिक विकास र समुन्नतिका लागि आवश्यक नीति तथा कानुनको तर्जुमा, संस्थागत संरचनाको निर्माण तथा सक्षम एवम् उत्प्रेरित मानव संसाधनको विकास गरी शहरी सुशासन कायम गर्ने उद्देश्य हासिल तर्फ अग्रसर रहेको छ। यस योजना अवधिमा १०० भन्दा बढी नीति, ऐन, नियम, निर्देशिका, कार्यविधि तथा मापदण्ड आदि कानूनी दस्तावेज तर्जुमा भई कार्यान्वयन रहेको अवस्था छ ।

८. महानगरपालिकाबाट समावेशी, सन्तुलित तथा न्यायपूर्ण आर्थिक वृद्धि तथा रोजगारीका अवसर सृजनाका लागि निरन्तर प्रयत्न भईरहेको छ। प्रथम आवधिक योजना अवधिमा

समावेशी स्थानीय आर्थिक विकास योजना तर्जुमा र व्यवसाय प्रवर्द्धन केन्द्रको स्थापना भई प्रभावकारी रूपमा सञ्चालन हुनुलाइ महत्वपूर्ण उपलब्धि रुपमा लिइएको छ ।

९. विगतको विकास प्रयास, प्रवृत्ति र प्रथम त्रिवर्षीय योजनाको उपलब्धिको विश्लेषण गर्दा राष्ट्रिय तथा प्रादेशिक परिमाणात्मक लक्ष्य, महानगरपालिकाको दीर्घकालीन सोचको समष्टिगत लक्ष्य तथा उद्देश्य हासिल गर्न सहयोग पुग्ने गरी मापनयोग्य परिसूचक निर्धारण गरी आवश्यक सूचना तथा तथ्यांकहरू संकलन र व्यवस्थापनमा दोस्रो आवधिक योजना तर्जुमा प्रक्रियामा विशेष ध्यान दिनुपर्ने देखिएको छ।

## १.४ पञ्चवर्षीय योजना आवश्यकता र औचित्य

मुलुक संघीय लोकतान्त्रिक गणतन्त्रमा रूपान्तरण भए पछि नागरिकको अपेक्षा ह्वात्तै बढेको छ। मुलुकमा संघ, प्रदेश र स्थानीय तह गरी तीन तहका सरकार भए पनि नजिकको सरकार भएकोले स्थानीय तहसँग नागरिकको बढी अपेक्षा हुनु स्वभाविक छ । स्थानीय तहसँग उपलव्ध सिमित श्रोत साधनबाट नागरिकका असिमित चाहना र आवश्यकता परिपुर्ति गर्नु चुनौतिको विषय रहेको छ । त्यसैले निश्चित दीर्घकालिन सोच, ध्यय, लक्ष्य र उद्देश्य निर्धारण गरी प्राथमिकता र औचित्यताको आधारमा योजनावद्व विकास अभियान सञ्चालन गर्नु पर्ने भएको हो । पोखरा महानगरपालिकाले पनि आवधिक योजना तर्जुमा गरी आवधिक योजनालाइ मार्गदर्शन मानी बार्षिक नीति तथा कार्यक्रम र वजेट तर्जुमा गर्ने पद्वति अवलम्बन गर्ने प्रयास भएको छ ।आवधिक योजनाको औचित्य र आवश्यकतालाइ देहाय बमोजिम प्रस्तुत गरिएको छ

१. सिमित श्रोतसाधनबाट नागरिकको अपेक्षा सम्बोधन गर्न,
२. श्रोत साधनलाइ प्राथमिकता प्राप्त क्षेत्रमा परिचालन तथा उपयोग गर्न,
३. सामाजिक तथा आर्थिक विकासमा तिव्रता ल्याउन,
४. गरिवी, वेरोजगारी, असमानता, परनिर्भरता जस्ता समस्यालाइ सम्बोधन गर्न,
५. बिकास आयोजनाको व्यवस्थापनमा एकरूपता ल्याउन,
६. विगतको उपलव्धी सिकाइको समिक्षा गर्दै आगामी दिनको नतिजा आंकलन गर्न,

७. नतिजमुखी विकास पद्धतिको अवलम्बन र प्रवर्द्धन गर्न,
८. विकास प्रक्रियामा जोखिममा रहेका वर्ग र समुदायको सहभागिता अभिबृद्धि गर्न,
९. समाजलाइ विकास र समृद्धि तर्फ अग्रसर गराउने आधार सृजना गर्न,
१०. विपद संवेदनशीलता तथा उत्थानशीलतालाइ विकास प्रक्रियाको मूलप्रबाहमा ल्याउन,
११. स्थानीय सरकारप्रति नागरिकको अपनत्व, विश्वास र भरोसा अभिबृद्धि गर्न,
१२. आर्थिक विकासको माध्यमबाट नागरिकको जीवनस्तरमा गुणात्मक सुधार ल्याउँन,
१३. लैंगिक उत्तरदायी बजेटको माध्यमबाट सामाजिक रूपान्तरण ल्याउन ।

## १.५ योजना तयारी प्रक्रिया तथा सीमा

पोखरा महानगरपालिकाको प्रथम त्रिवर्षीय योजनाको अवधि यसै चालु आर्थिक वर्ष २०८०/०८१ देखि समाप्त हुन लागेकोले आगामी आर्थिक वर्ष २०८१/८२ बाट सुरू हुने गरी दोश्रो आवधिक योजना तर्जुमा प्रक्रिया सुरू भएको हो ।शहरी योजना आयोगको तेस्रो बैठकबाट दोस्रो आवधिक योजनालाइ दोस्रो पञ्चवर्षीय योजनाको रूपमा अघि बढाउने गरी योजना तर्जुमाको समय तालिका निर्धारण गरिएको थियो।आयोगको निर्णय अनुसार आयोगका अध्यक्ष एवं पोखरा महानगरपालिकाका प्रमुख श्री धनराज आचार्यको संयोजकत्वमा दोश्रो पञ्चवर्षीय योजना निर्देशक समिति, आयोगका उपाध्यक्ष श्री प्रेमलाल लामिछानेको संयोजकत्वमा समन्वय तथा सहजिकरण समिति र आयोगका सदस्यहरू श्री होमनाथ गैरे श्री जयप्रसाद सापकोटा श्री सुरेन्द्र तिवारी र श्री मन्दिरा पराजुलीको संयोजकत्वमा छुट्टाछुट्टै विषय क्षेत्रगत उपसमितिहरू गठन गरिएको थियो । उपर्युक्त सबै समितिहरूको नियमित बैठकहरू बसी दोश्रो पञ्चवर्षीय योजना तर्जुमा प्रक्रिया अघि बढाइएको थियो ।

प्रथम त्रिवर्षीय योजनाको समिक्षा, नेपाल सरकारको १६औं योजनाको प्रारम्भिक प्रतिवेदन, गण्डकी प्रदेश सरकारको दोश्रो पञ्चवर्षीय योजनाको अवधारणापत्र, आधारपत्र, पोखरा महानगरपालिकाको दीर्घकालिन सोच पोखरा-२१००, पोखरा महानगरपालिकाको बस्तुस्थिति विश्लेषण, विभिन्न सरोकारवालाहरूसँग भएको सघन छलफल तथा अन्तरक्रियाबाट प्राप्त राय सुझाव तथा पृष्ठपोषण समेतको आधारमा २०८० फागुनमा दोश्रो पञ्चवर्षीय योजनाको सोच,

ध्यय, लक्ष्य, उद्देश्य, समष्टिगत रणनीति तथा आर्थिक विकास, सामाजिक विकास, पुर्वाधार विकास, वन वातावरण र विपद व्यवस्थापन र संस्थागत विकास तथा सुशासनलाइ समुन्नतिका संबाहक क्षेत्र निर्धारण गरी पोखरा महानगरपलिकाको दोश्रो पञ्चवर्षीय योजना (आर्थिक वर्ष २०८१/८२-२०८५/८६) को अवधारणापत्र तयार गरी प्रकाशन समेत गरिएको थियो ।

दोश्रो पञ्चवर्षीय योजनाको अवधारणापत्रको आधारमा आवधिक योजनाको विस्तृत दस्तावेज तयार गर्ने प्रक्रिया सम्पन्न गरिएको छ। दोश्रो पञ्चवर्षीय योजना तर्जुमा गर्दा सहभागितामुलक प्रक्रियालाइ अवलम्बन गरी बढी भन्दा बढी सरोकारवालाहरूसँग छलफल तथा अन्तरक्रिया गरी आवधिक योजना सम्बन्धमा राय सुझाव लिइएको छ । आवधिक योजना तर्जुमा गर्न राय सुझाव लिने उद्देश्यले संस्थागत रूपमा मुख्य गरी देहायका समिति निकाय तथा पदाधिकारीसँग संस्थागत छलफल तथा अन्तरक्रिया गरिएको थियो :

१. निर्देशक समिति, समन्वय तथा सहजिकरण समिति,
२. महानगरपालिकाका पाँच वटै विषयगत समितिहरू,
३. उद्योग बाणिज्य संघ लगायतका नीजिक्षेत्र सम्बद्व संघ/संस्थाहरू,
४. महानगरपालिकाका सबै वडा समितिहरू तथा टोल विकास संस्थाका प्रमुख तथा प्रतिनिधिहरू,
५. गण्डकी प्रदेश, कास्की जिल्ला तथा पोखरा महानगरपालिका स्थित प्रमुख राजनीतिक दलका प्रमुख तथा प्रतिनिधिहरू,
६. गण्डकी प्रदेश सभाका माननीय सदस्यहरू लगायतका जनप्रतिनिधिहरू,
७. प्राज्ञिक क्षेत्रका प्रतिनिधिहरू,
८. पोखरा महानगरपालिकाका महाशाखा/शाखा प्रमुखहरू ।

माथी उल्लिखित समितिहरू, निकाय तथा संस्थाहरूका प्रमुख तथा प्रतिनिधिहरूसँगको छलफल, अन्तरक्रिया तथा बैठकबाट प्राप्त राय, सुझाव, विभिन्न विज्ञहरूसँगको राय परामर्श र आयोगका पदाधिकारीको आफ्नै छलफलबाट प्राप्त निश्कर्षलाइ संश्लेषण गरी पोखरा

महानगरपालिकाको दोश्रो पञ्चवर्षीय योजनाको विस्तृत दस्तावेज तयार गरिएकोछ ।प्रस्तुत विस्तृत दस्तावेजमा आर्थिक विकास, सामाजिक विकास, पुर्वाधार विकास, वन वातावरण तथा विपद व्यवस्थापन र संस्थागत विकास तथा सुशासन गरी पाँचवटा समुन्नतिका संबाहकका क्षेत्र र ती क्षेत्रहरू अन्तरगत विभिन्न २५ वटा उपक्षेत्र निर्धारण गरिएका छन ।दोश्रो पञ्चवर्षीय योजनाको प्रस्तुत विस्तृत दस्तावेजमा मुख्य गरी पोखराको विकास प्रयासका मूलभूत सबाल र चुनौतिहरू, दोश्रो पञ्चवर्षीय योजनाको आगामी कार्यदिशा तथा लगानी प्रक्षेपण, समुन्नतिका संबाहक क्षेत्र र रणनीति, उपक्षेत्र अन्तरगत प्रमुख रणनीतिक कार्यक्रम तथा आयोजनाहरू, नतिजा सुचक योजना कार्यान्वयन रणनीति र जोखिम व्यवस्थापन लगायतका खण्ड र अनुसूचीहरू समावेश गरिएको छ।

# परिच्छेद : २

# योजनाको प्रारूप तथा लगानी प्रक्षेपण

## २.१ दीर्घकालिन सोच

पोखरा महानगरपालिकाको दोस्रो आवधिक योजना महानगरपालिका स्थापना पश्चात तयार भएको **"पोखरा २१०० तथा आवधिक रणनीतिक कार्ययोजना (२०७७-०८२)"** र वि.सं. २१०० सम्ममा कार्बन तटस्थ शहरमा परिणत गर्ने लक्ष्यबाट निर्देशित रहेको छ। पोखरा महानगरपालिकाले प्रथम त्रिवर्षीय योजना कालदेखि नै महानगरपालिकाको दीर्घकालिन सोचको रूपमा **"समुन्नत पर्यटकीय पोखरा"** लाई अंगिकार गरेको छ। कार्बन तटस्थताको दीर्घकालिन लक्ष्य अनुरुप हरित, उत्थानशील र समावेशी विकासको अवधारणालाई रणनीतिक प्राथमिकताका आधारमा दोस्रो आवधिक योजना २०८१/८२–२०८५/८६ मार्फत महानगरपालिकाको नियमित योजनाचक्रमा मुलप्रवाहीकरण गरिएको छ ।

आगामी पञ्चवर्षीय योजना तर्जुमा गर्दा नेपालको संविधान, सन् २०३० सम्ममा मध्यम आय भएको विकासशील राष्ट्रमा स्तरोन्नति हुने नेपालको दीर्घकालीन सोच, दिगो विकासका लक्ष्य, नेपाल सरकारको सोह्रौ योजना, प्रदेश सरकारको दोश्रो पञ्चवर्षीय योजना, पोखरा महानगरपालिकाको कार्यपालिका तथा सल्लाहकार परिषद राजनीतिक दलबाट प्राप्त सुझाव एवम् निजि क्षेत्र, विभिन्न क्षेत्रका विषय बिज्ञ र सरोकारवालाहरूबाट प्राप्त सुझावहरूलाई मार्गदर्शनका रूपमा लिइएको छ।

प्रस्तुत विभिन्न मार्गदर्शक दस्तावेजहरूले परिलक्षित गरेको महानगरपालिकाको समुन्नति र सामाजिक-आर्थिक रूपान्तरणका संवाहक तथा बृहत्तर हितका रणनीतिक आयोजनाहरूलाई वार्षिक बजेट तथा कार्यक्रम सँग जोड्न आवश्यक हुन्छ। आवधिक योजना, बार्षिक नीति कार्यक्रम र बजेटवीच तालमेल मिलाउन महानगरपालिकाको आयोजना बैंक व्यवस्थापन सूचना प्रणाली र मध्यमकालीन खर्च संरचनाका माध्यमबाट वार्षिक रूपमा पेश हुने नीति

तथा कार्यक्रम र बजेट मार्फत कार्यान्वयनमा लैजाने मार्गचित्र र पद्वति दोस्रो पञ्चवर्षीय योजनाले स्थापित गर्ने प्रयास गरेको छ ।

## २.२ योजनावद्व विकासका मूलभूत सबालहरु

योजनावद्व विकासको निरन्तर प्रयास, विगतको प्रवृत्ति र प्रथम त्रिवर्षीय योजनाको उपलब्धीको समीक्षा गर्दा पोखरा महानगरपालिकाको दोस्रो पञ्चवर्षीय योजनाका सन्दर्भमा हरित, उत्थानशील र समावेशी विकासका दृष्टिले विद्यमान प्रमुख सबाल तथा चुनौतिहरूलाई देहाय बमोजिम रहेका छन् ।

### क. सुशासन तथा सेवा प्रवाह

१. एकिकृत तथ्याङ्क प्रणाली विकास तथा संस्थागत अभिलेख व्यवस्थापन,
२. विकास आयोजनाहरुको पहिचान, छनौट र प्राथमिकिकरणमा विधिसम्मत तथा संस्थागत प्रक्रिया अवलम्वन,
३. बढ्दो चालु खर्च, लक्ष्यानुसार राजश्व असुली तथा राजश्व चुहावट नियन्त्रण,
४. राष्ट्रसेवक कर्मचारीको व्यवसायिक दक्षता, उत्प्रेरणा र जवाफदेहिता अभिवृद्धि,
५. आवधिक योजना, मध्यमकालिन खर्च संरचना, वार्षिक नीति तथा कार्यक्रम र वजेटवीच तादाम्यता,
६. व्यवस्थित शहरी विकास, शहरी गरीबी न्यूनीकरण र सुकुम्वासी व्यवस्थापन,
७. अतिक्रमित जग्गा तथा सम्पत्ति संरक्षण र अनधिकृत संरचना निर्माण नियन्त्रण,
८. सार्वजनिक सेवाप्रवाहमा नागरिकको विश्वसनियता अभिबृद्धि तथा निराशा न्यूनिकरण, र
९. सेवाप्रवाहको गुणस्तर सुधार, भ्रष्टाचार नियन्त्रण, सुशासन सुदृढिकरण र शिघ्र न्याय निरूपण ।

### ख. स्थानीय आर्थिक विकास

१. पर्यटन, कृषि तथा उद्योग/व्यवसाय बिचको सम्वन्ध र अर्थतन्त्रको संरचनागत सवलीकरण,

२. मानव-बन्यजन्तु द्वन्द न्यूनिकरण तथा बाझो जमिनको व्यवसायिक उपयोग,
३. मूल्य श्रृंखला सुदृढिकरण र अर्थतन्त्रको प्रतिष्पर्धात्मक क्षमतामा सुधार,
४. तुलनात्मक लाभका क्षेत्रको पहिचान गरी उत्पादन तथा उत्पादकत्व अभिवृद्धि,
५. श्रमशक्ति र श्रमबजार वीचको असन्तुलन, युवा पलायन न्यूनिकरण तथा व्यवस्थापन,
६. कृषिको व्यवसायीकरण, प्रतिफल सुनिश्चतता र कृषि प्रतिको विकर्षण न्यूनिकरण,
७. रैथाने कला, सीप तथा प्रविधिको संरक्षण, व्यवसायिकरण र अर्थतन्त्रको औपचारिकरण,
८. हरित लगानी आकर्षण र न्यून कार्बन अर्थतन्त्रको विकास,
९. सूचना प्रविधिको उच्चतम उपयोग र युवा उद्यमशीलता प्रवर्द्धन र
१०. वित्तीय साक्षरता र सुरक्षित कारोवार प्रवर्द्धन ।

## ग. भौतिक पूर्वाधार विकास

१. पुर्वाधार निर्माणमा जग्गा प्राप्ति तथा क्षतिपूर्ती प्रक्रियामा समन्वय तथा सरलीकरण,
२. भू-बनौट तथा भौगर्भिक संवेदनशीलता अनुकूल भौतिक पुर्वाधार निर्माण सम्वन्धि नीति तथा मापदण्ड कार्यान्वयन र अनुगमन,
३. विकास आयोजनाहरू निर्धारित समय भित्र र तोकिएको लागतमा सम्पन्न नहुने (Cost Overrun and Time Overrun)अवस्थाको अन्त्य,
४. विकास व्यवस्थापनमा प्रविधिको उपयोग र पूर्वाधार सुशासनमा सुधार,
५. शहरी पुर्वाधार तथा सेवा सुविधाको माग र आपुर्ती वीचको असन्तुलन न्यूनिकरण,
६. पूर्वाधार आयोजनामा दोहोरोपन नियन्त्रण र अन्तर निकायवीच समन्वय तथा सहकार्य अभिवृद्धि,
७. बजार, भूगोल र आर्थिक प्रतिफलका आधारमा सन्तुलित भौतिक पूर्वाधारको प्राथमिकिकरण,
८. शहरी क्षेत्रमा बढ्दो आवादी तथा ग्रामिण क्षेत्रमा निर्जनिकरण बिच सन्तुलन,
९. भौतिक पूर्वाधार विकासमा प्रकृतिमा आधारित समाधानहरूको उपयोग, र

१०. जलवायु परिवर्तन अनुकुलन जोखिम न्यूनिकरण र विपद् उत्थानशीलतालाई भौतिक पूर्वाधार विकासमा आन्तरिकिकरण।

**घ. सामाजिक विकास**

१. व्यवहारिक, सिर्जनशील, प्रविधियुक्त र समाजप्रति उत्तरदायी जनशक्ति उत्पादन,
२. प्राकृतिक स्रोतको संरक्षण तथा फोहोरमैला व्यवस्थापनमा समुदायको जवाफदेहिता अभिवृद्धि,
३. युवा जनशक्तिको पलायन न्युनिकरण र जनसांख्यिक लाभको व्यवस्थापन,
४. बढ्दो उपचार खर्च न्यूनीकरण र स्वास्थ्य सेवाका न्यूनतम मापदण्ड सुनिश्चतता,
५. शहरी जनसंख्या तथा बड्दो बसाईसराईको समुचित व्यवस्थापन,
६. समाजको सबैक्षेत्रमा लक्षित वर्ग र समुदायको सार्थक सहभागिता,
७. सामाजको बृहत्तर विकासमा महिला तथा सिमान्तिकृत समुदायको योगदानको मूल्यांकन,
८. समाजमा उद्यमशीलता र श्रमप्रति सम्मान गर्ने संस्कृतिको विकास र प्रवर्द्धन, र
९. योगदानमा आधारित सामाजिक सुरक्षा र स्वास्थ्य वीमाको प्रभावकारिता अभिबृद्धि।

**ङ. वन, वातावरण तथा विपद् व्यवस्थापन**

१. सार्वजनिक सम्पत्ति, ताल, पोखरी आदिको संरक्षण, विकास तथा उपयोग,
२. कार्बन उत्सर्जन तथा जलवायु परिबर्तनको जोखिम न्यूनिकरण र अनुकूलन,
३. जोखिम संवेदनशील भू-उपयोग नीति कार्यान्वयन र अनुगमन तथा नियमन,
४. फोहोरमैलाको दिगो व्यवस्थापन तथा चक्रीय अर्थतन्त्र प्रवर्द्धन,
५. जलाधार संरक्षण तथा गुणस्तरीय स्वच्छ खानेपानी उपलब्धताको सुनिश्चतता,
६. बन, हरियाली तथा जैविक विविधता संरक्षण र वातावरणीय क्षति (डढेलो लगायत) न्यूनीकरण,
७. सामुदायिक वनहरूको दिगो व्यवस्थापन र व्यवसायिक उपयोग र

८. विपद् पूर्वतयारी, प्रभावकारी प्रतिकार्य र दिगो पुनःलाभ।

## २.३ दोस्रो पञ्चवर्षीय योजनाको कार्यदिशा

पोखरा महानगरपालिकाको दोस्रो पञ्चवर्षीय योजना नेपालको संविधान अनुरुप समाजवाद उन्मुख अर्थतन्त्र निर्माणमा योगदान गर्दै समुन्नत पर्यटकीय पोखरा निर्माण तर्फ परिलक्षित छ। पोखरा महानगरपालिकाले अङ्गीकार गरेको कार्बन तटस्थ विकासको दीर्घकालिन नीति, महानगरवासीको बृहत्तर हितका लागि सरोकारवालाहरूले अघि सारेका रणनीतिक महत्वका विभिन्न नीति र प्रथम त्रिवर्षीय योजनाको उपलब्धि, सिकाइ र अनुभवका आधारमा दोस्रो पञ्चवर्षीय योजना (२०८१/८२–२०८५/८६) को कार्यदिशा तय गरिएको छ ।

नेपाल सरकारको सोह्रौं योजना, गण्डकी प्रदेश सरकारको दोस्रो पञ्चवर्षीय योजना र पोखरा महानगरपालिकाको दोस्रो पञ्चवर्षीय योजनाको कार्याअवधि संयोगबस् एउटै अवधि (२०८१/८२–२०८५/८६) पर्न गएको छ । यस पञ्चवर्षीय अवधिमा नेपाल सरकार र गण्डकी प्रदेश सरकारले क्रमशः ७.१ प्रतिशत र ८.३ प्रतिशतको वार्षिक औसत आर्थिक वृद्धिदरको लक्ष्य लिइएको छ। उक्त लक्षित आर्थिक वृद्धिदर हासिलमा योगदान गर्ने तथा महानगरपालिकाको बस्तुनिष्ट आधारमा महानगरपालिकाले ८.४ प्रतिशत वार्षिक औसत आर्थिक वृद्धिदरको लक्ष्यनिर्धारण गरिएको छ । दोस्रो पञ्चवर्षीय योजना तर्जुमा गर्दा देहायका **मार्गनिर्देशक सिद्वान्त**हरूलाई आत्मसात गरेको छ।

क. हरित, उत्थानशील र सन्तुलित सहरी विकास।

ख. समावेशी, समन्यायिक र विविधिकृत आर्थिक विकास।

ग. नागरिक सचेतना र जिम्मेवारीबोध।

घ. सामाजिक सद्भाव, र सहअस्तित्व।

ङ. उच्च मानव विकास र मर्यादित जीवन।

च. नतिजामा आधारित विकास व्यवस्थापन र पूर्वाधार सुशासन।

छ. लैङ्गिक समानता र सामाजिक समावेशीकरण।

ज. संस्थागत सुशासन र सदाचार।

झ. विनियोजन कुशलता, कार्यान्वयन दक्षता र वित्तीय अनुशासन।

ञ. समन्वय, साझेदारी र सहकार्य ।

## २.४ योजनाका मुख्य नीति र प्राथमिकता

सीमित स्रोत र साधनको विवेकपूर्ण तथा उच्चतम परिचालन गर्दै योजनाबद्ध विकास अभियानद्वारा महानगरपालिकाको समुन्नति हासिल गर्ने उद्देश्यले तयार भएको दोस्रो पञ्चवर्षीय योजनाले तपशिलका मुख्य नीतिहरूलाइ अंगिकार गरेको छ। मुख्य नीतिहरूबाट निर्देशित भई कार्यान्वयन गरिने आयोजना तथा कार्यक्रमहरू प्राथमिकीकरणका आधारहरू समेत उल्लेख गरिएको छ।

### सोच (Vision)

"समुन्नत पर्यटकीय पोखरा"

(Prosperous Touristic Pokhara)

### ध्येय (Mission)

समुन्नत पोखराको आधारः सवल अर्थतन्त्र र पूर्वाधार

### लक्ष्य (Goal)

हरित, उत्थानशिल, समावेशी र समन्यायिक विकास मार्फत पोखरालाई उत्कृष्ट पर्यटकीय केन्द्र बनाउने ।

### योजनाको उद्देश्य (Objective)

योजनाको निर्धारित लक्ष्य हासिल गर्न लिइएका उद्देश्यहरु देहाय बमोजिम रहेका छन् :

क. पर्यटन, कृषि तथा उद्योग क्षेत्रको उत्पादन र उत्पादकत्व अभिवृद्धि गर्नु,

ख. समावेशी आर्थिक विकास तथा मर्यादित रोजगारी सिर्जना गर्नु,

ग. हरित, समावेशी र सन्तुलित शहरी विकास हासिल गर्नु,

घ. उद्यमशील संस्कृतियुक्त, प्रतिष्पर्धी र स्वस्थ मानवपुँजी निर्माण गर्नु,

ङ. नागरिकको सेवा र सुविधामा गुणात्मक सुधार गर्नु र

च. सुशासन, प्रविधिमैत्री सेवा प्रवाह तथा सदाचार प्रवर्द्धन गर्नु ।

**योजना कार्यान्वयन गर्ने रणनीतिहरू (Strategies) :**

दोस्रो पञ्चवर्षीय योजनाका निर्धारित उद्देश्य हासिल गर्न सञ्चालन हुने आयोजना तथा कार्यक्रमहरू कार्यान्वयनका लागि अवलम्वन गरिने रणनीतिहरु देहाय बमोजिम रहेका छन ।

क. पर्यटन, कृषि तथा उद्योग क्षेत्र बिचको मूल्य श्रृङ्खला सुदृढिकरण गर्ने,
ख. महानगरपालिका, नीजिक्षेत्र र विकास साझेदारवीच सहकार्य गर्दा हरित लगानीलाइ प्रोत्साहित गर्ने,
ग. महानगरपालिकाको दीर्घकालिन सोच तथा उद्देश्य र राष्ट्रिय तथा प्रादेशिक उद्देश्य हासिल गर्न योगदान पुर्याउने रुपान्तरणकारी कार्यक्रम तथा आयोजनाहरुलाई प्राथमिकता दिने,
घ. विपद् उत्थानशीलता र स्थानीय मौलिक तथा विशिष्टताको आधारमा दिगो, सन्तुलित र समावेशी विकासलाई प्राथमिकता दिने,
ङ. अध्ययन, अनुसन्धानबाट प्राप्त वस्तुनिष्ठ तथ्य अपेक्षित असर एवं प्रभाव र औचित्यताका आधारमा नीति, कानून निर्माण तथा विकास कार्यक्रम कार्यान्वयन गर्ने र
च. विकास आयोजना कार्यान्वयन र सेवाप्रवाहमा प्रविधिको अधिकतम उपयोग गरी सुशासन प्रवर्द्धन गर्ने।

**दोस्रो पञ्चवर्षीय योजनाका रणनीतिक स्तम्भ (Strategic Pillor)**

दोस्रो पञ्चवर्षीय योजनाको उद्देश्य हासिल गर्न अवलम्बन गरिने रणनीति अनुरूपका आयोजना तथा कार्यक्रमहरू पहिचान तथा छनौटलाइ देहाय बमोजिम रणनीतिक स्तम्भहरू अनुसार प्राथमिकिकरण गरिनेछ।

क. पर्यटन, कृषि, उद्योग तथा व्यापार क्षेत्रको सम्वन्ध सुदृढीकरण,
ख. हरित दिगो र विपद् उत्थानशील पूर्वाधार विकास,
ग. मूल्य शृंखला सवलिकरण र बजार प्रणाली सुदृढीकरण,
घ. न्यून कार्बनयुक्त समाज र कार्बन तटस्थता,
ङ. सरलिकृत र प्रविधिमैत्री सेवाप्रवाह,

च. वातावरणप्रति संवेदनशील र जिम्मेवार समाजको निर्माण,

छ. नवउद्यम (स्टार्टअप) प्रवर्द्धन तथा स्वरोजगार सिर्जना र उद्यमशीलता विकास,

ज. स्वस्थ तथा उत्पादनशील जनशक्ति उत्पादन,

झ. वित्तीय सुशासन तथा राजश्व परिचालन र

ञ. महिला, विपन्न र सिमान्तिकृत समुदायको आर्थिक सशक्तिकरण ।

## २.४ परिमाणात्मक लक्ष्य

मापनयोग्य परिमाणात्मक लक्ष्य बिनाको योजना काल्पनिक हुन जान्छ। आवधिक योजनाको प्रमुख लक्ष्यका रूपमा समग्र आर्थिक गतिविधिहरूको विस्तार र उत्पादन, रोजगारी तथा आम्दानीका सूचकहरूमा हुने वृद्धिलाई लिइन्छ । समष्टिगत रूपमा कुल राष्ट्रिय आय, कुल गार्हस्थ्य उत्पादन तथा प्रतिव्यक्ति आयमा हुने सुधार वा वृद्धि मार्फत आवधिक योजनाको उपलब्धी मापन वा प्रगति समिक्षा गर्ने अभ्यास रहेको छ ।

नेपालको संविधान अनुरुप समाजवाद उन्मुख अर्थतन्त्र निर्माणमा योगदान पुर्याउने मुल ध्येय सहित आएको नेपाल सरकारको १६ औं योजनाले योजना अवधि आर्थिक वर्ष २०८१/८२–२०८५/८६ मा वार्षिक औसत ७.१ प्रतिशतको दरमा आर्थिक वृद्धि हासिल गर्ने लक्ष्य लिएको छ। सोही अवधिका लागि तर्जुमा भएको गण्डकी प्रदेश सरकारको दोस्रो पञ्चवर्षीय योजनाले वार्षिक औसत ८.३ प्रतिशतको बृद्धिदरमा प्रदेशको अर्थतन्त्र विस्तार गर्ने लक्ष्य लिएको छ। गण्डकी प्रदेशको राजधानी तथा मुलुककै पर्यटकीय राजधानी पोखरा महानगरपालिकाले महानगरपालिकाको विद्यमान अवस्थाको विश्लेषण गरी राष्ट्रिय तथा प्रादेशिक अर्थतन्त्रमा योगदान गर्ने गरी एउटै अवधिको दोस्रो पञ्चवर्षीय योजना अवधिमा वार्षिक ८.४ प्रतिशतका दरले आर्थिक वृद्धि हासिल गर्ने लक्ष्य लिएको छ।

**चित्र १: योजना अवधीको कुल महानगरीय उत्पादन लक्ष्य र लगानी प्रक्षेपण (रू. दश लाखमा)**




पोखरा महानगरपालिकाको दोस्रो पञ्चवर्षीय योजना (२०८१/८२–२०८५/८६) का प्रमुख परिमाणात्मक लक्ष्य र समष्टिगत परिसूचकहरू तलको तालिकामा प्रस्तुत गरिएको छ।

**तालिका १ : दोस्रो पञ्चवर्षीय योजनाका परिमाणात्मक लक्ष्य**

| समष्टिगत परिसूचक | इकाई | आ.व. २०७९/८० को स्थिति | आ.व. २०८५/८६ को लक्ष्य |
|---|---|---|---|
| वार्षिक आर्थिक वृद्धिदर | प्रतिशत | ४.३ | ११.०० |
| वार्षिक औसत प्रतिव्यक्ति आय | अमेरिकी डलर | १८८८ | २९८१ |
| वार्षिक औसत प्रतिव्यक्ति आय | पीपीपी डलर | ७२६४ | ११८७४ |
| वार्षिक पर्यटक आगमन | संख्या | ९ लाख | २० लाख |
| पर्यटकको औसत बसाई अवधि | दिन | २.७९ | ५. |

| समष्टिगत परिसूचक | इकाई | आ.व. २०७९/८० को स्थिति | आ.व. २०८५/८६ को लक्ष्य |
|---|---|---|---|
| पर्यटकको औसत दैनिक खर्च | अमेरिकी डलर | ५२ | ७५ |
| स्थानीय तह स्वमूल्यांकन नतिजा | प्रतिशत | ८५.५० | ९५.० |
| स्थानीय तह वित्तीय सुशासन जोखिम मूल्यांकन नतिजा | प्रतिशत | ६०.०० | ७५.०० |
| कुल खर्चमा बेरूजु अनुपात | प्रतिशत | १४.५६ | ७.७५ |
| कुल बेरूजुमा संपरिक्षण अनुपात | प्रतिशत | १.४० | ५.०० |
| कुल बजेटमा आन्तरिक आय (मौज्दात सहित) को अनुपात | प्रतिशत | २३.३० | ३५.०० |
| साक्षरता दर (रा.ज.ग.२०७८) | प्रतिशत | ८८.७ | ९३.०० |
| प्रति वर्ग कि.मि. सडक घनत्व | कि.मि | ३.६ | ५.६ |
| कालोपत्र सडक | कि.मि | ८३६ | ११०० |

## २.५ लगानी प्रक्षेपण

दोस्रो पञ्च वर्षीय योजनाले निर्धारण गरेको आर्थिक वृद्धिदर तथा अन्य परिमाणात्मक लक्ष्य प्राप्तीका लागि योजनाको पहिलो वर्षदेखि नै वाञ्छित दरमा लगानी विस्तार गर्नु पर्दछ। लगानी प्रक्षेपण गर्ने स्थापित र विश्वासिलो औजारका रूपमा पूँजीउत्पादन अनुपातलाई लिने गरिन्छ। सिमान्त पूँजीउत्पादन अनुपातले कुल गार्हस्थ्य उत्पादनमा थप एक रूपैयाँको वृद्धि हासिल गर्न कति रूपैयाँ लगानी थप्नुपर्छ भन्ने संकेत गर्दछ ।

नेपालको सन्दर्भमा प्रदेश तथा स्थानीय तहको छुट्टै पूँजी—उत्पादन अनुपात गणना भई नसकेको हुँदा नेपालको औसत सिमान्त पूँजी—उत्पादन अनुपात ४.८९ लाई नै आधार मानेर गण्डकी प्रदेश सरकारको दोस्रो वर्षीय योजनाको लागि लगानी प्रक्षेपण गरिएको छ। नेपाल सरकारले १६ औं योजनामा राष्ट्रिय औद्योगिक वर्गीकरण अनुसारका क्षेत्रमा समेत क्षेत्रगत पूँजी—उत्पादन अनुपात प्रयोग गरेको छ। गण्डकी प्रदेशले पनि सोही अनुरूप राष्ट्रिय औद्योगिक वर्गीकरण अनुसारका क्षेत्रहरूको आर्थिक वृद्धि तथा लगानी प्रक्षेपण गरेको छ ।

पोखरा महानगरपालिकाको हकमा पनि राष्ट्रिय औद्योगिक वर्गीकरण अनुसार क्षेत्रगत उत्पादनको तथ्यांक उपलब्ध नभएकोले राष्ट्रिय औसत ४.८९ लाई नै आधार मानी कुल लगानी प्रक्षेपण गरिएको छ। कुल लगानीलाई स्थानीय परिवेश र औचित्यताका आधारमा पहिचान तथा छनौट भएका आयोजना तथा कार्यक्रम र भविष्यमा सञ्चालन गरिने आयोजना तथा कार्यक्रमलाई दृष्टिगत गरी विषय क्षेत्रहरूमा लगानी प्रक्षेपण गरिएको छ ।

राष्ट्रिय औसत सिमान्त पूँजी—उत्पादन अनुपात अनुसार महानगरपालिकाको अपेक्षित वार्षिक ८.४ प्रतिशतको आर्थिक वृद्धिदर हासिल गर्न पोखरा महानगरपालिका क्षेत्रमा वार्षिक कुल महानगरीय उत्पादन (GMP) को ४१ प्रतिशत लगानी गर्दै जानु पर्दछ। यसबाट योजना अवधिमा कुल रू. ३ खर्ब ५३ अर्ब ७३ करोड ४१ लाख लगानी प्रक्षेपण गरिएको छ।आवधिक योजनाका प्रत्येक आर्थिक वर्षहरूमा समान दरमा स्रोत परिचालन नहुन सक्ने हुँदा वार्षिक न्यूनतम रू ४७ अर्बदेखि अधिकतम रू १ खर्ब गरी औसतमा वार्षिक रू. ७० अर्बको हाराहारीमा बार्षिक लगानी आवश्यक देखिएको छ।

**चित्र २: दोस्रो पञ्चवर्षीय योजना अवधिको लागि वार्षिक लगानी प्रक्षेपण (रू. दश लाखमा)**




समुन्नतिका संबाहक क्षेत्र अनुसार लगानीको प्रक्षेपण तुलना गर्दा कुल अनुमानित लगानीको सबैभन्दा ठुलो हिस्सा भौतिक पूर्वाधार विकासको क्षेत्रमा आवश्यक रहेको छ । पाँच वर्षे योजना अवधिमा पुर्वाधार क्षेत्रमा कुल लगानीको ४९ प्रतिशत अर्थात रू. १ खर्ब ७३ अर्ब ५५ करोड लगानी गर्नुपर्नेछ । पोखरा महानगरपालिको सन्तुलित विकास र आर्थिक–सामाजिक रूपान्तरणको मेरुदण्ड मानिने भौतिक पुर्वाधारको क्षेत्रमा हुने लगानीले अन्य क्षेत्रमा हुने लगानीको प्रतिफल अभिवृद्धिमा महत्वपूर्ण योगदान गर्ने विश्वास लिइएको छ।

भौतिक पूर्वाधारपछि लगानीको ठुलो हिस्सा आर्थिक विकास क्षेत्रमा हुनेछ । आर्थिक विकास क्षेत्रमा कुल लगानीको २१ प्रतिशत अर्थात रू. ७४ अर्ब लगानी आवश्यक छ। जलवायु परिवर्तनको प्रतिकुल असरका दृष्टिले संवेदनशिल भू-वनोट र सन् २०४३ सम्ममा कार्बन तटस्थ शहर बन्ने महत्वाकाँक्षी लक्ष्य प्राप्तिमा समेत योगदान गर्नुपर्ने भएकोले कुल लगानीको तेस्रो ठुलो हिस्सा वन, वातावरण तथा विपद् व्यवस्थापन क्षेत्रमा आवश्यक रहेको छ। बन वातावरण तथा विपद् व्यवस्थापन क्षेत्रमा कुल अनुमानित लगानीको १६ प्रतिशत अर्थात रू. ५६ अर्ब ९७ करोड लगानी हुनेछ । त्यसैगरी, संस्थागत विकास तथा सुशासन र सामाजिक

विकास क्षेत्रमा कुल लगानीको क्रमशः ६.५ र ७.४ प्रतिशत अर्थात क्रमशः रू. २२ अर्ब ९० करोड र रू. २६ अर्ब २४ करोड लगानी हुने प्रक्षेपण गरिएको छ।

**तालिका २ : दोस्रो पञ्चवर्षीय योजनाको विषय क्षेत्रगत लगानी प्रक्षेपण**

| विषयगत क्षेत्र | लगानी अनुमान (रु. दश लाखमा) | | | | | |
|---|---|---|---|---|---|---|
| | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ | जम्मा |
| आर्थिक विकास | ११११७ | ११४४७ | १३९०५ | १६९९६ | २०५८८ | ७४०५४ |
| सामाजिक विकास | ३२९८ | ४०६८ | ५०२० | ६२०० | ७६६२ | २६२४७ |
| भौतिक पूर्वाधार विकास | २२३८८ | २७२४६ | ३३२२१ | ४०६९४ | ५०००६ | १७३५५४ |
| वन, वातावरण तथा विपद् | ६९४२ | ८६७७ | १०८४७ | १३५५८ | १६९४८ | ५६९७३ |
| संस्थागत विकास तथा सुशासन | ३२४६ | ३८०२ | ४४६० | ५२३८ | ६१६० | २२९०७ |
| **जम्मा** | **४६९९२** | **५५२४०** | **६७४५२** | **८२६८६** | **१०१३६४** | **३५३७३४** |

**चित्र ३: कुल लगानी प्रक्षेपणमा क्षेत्रगत हिस्सा (प्रतिशत)**



## २.६ लगानीको स्रोत

आर्थिक वृद्धिलाई समावेशी र उत्थानशिल बनाई समुन्नतिको दीर्घकालीन लक्ष्य हासिल गर्न दिगो र सन्तुलित लगानी व्यवस्थापनले निर्णायक भूमिका खेल्दछ। सङ्घीय शासन प्रणालीको अभ्याससँगै स्थानीय तहको आन्तरिक स्रोत, सङ्घ तथा प्रदेशबाट प्राप्त हुने वित्तीय हस्तान्तरण र राजश्व बाँडफाँडबाट प्राप्त हुने स्रोत समावेश गरी स्थानीय सञ्चित कोष निर्माण हुन्छ। तर आवधिक योजनाले प्रक्षेपण गरेको कूल लगानीको स्रोत स्थानीय सञ्चित कोष मात्रै मानिँदैन।

**चित्र ४: प्रक्षेपित लगानी व्यहोर्ने प्रमुख स्रोतहरू**




नेपालको संविधानले परिकल्पना गरेको सहकारिता, सहअस्तित्व र समन्वयको सिद्वान्त अनुसार संघ, प्रदेश सरकार र महानगरपालिकाको तर्फबाट कुल प्रक्षेपित लगानीको २८ प्रतिशत अर्थात करिब रू. एक खर्ब लगानी हुने अनुमान छ। आर्थिक वृद्धिको संवाहक निजि क्षेत्र र घरायसी क्षेत्रबाट ५९ प्रतिशत अर्थात करिब रू. दुई खर्ब र बाँकी १३ प्रतिशत अर्थात करिब रू. ४६ अर्ब सहकारी तथा विकास साझेदार लगायत अन्य सामाजिक क्षेत्रबाट लगानी हुने अनुमान गरिएको छ।

### २.६.१ सरकारी क्षेत्रको लगानी

संघीय संरचनामा तीन तहको सरकारहरू भए पनि सबैले विकास निर्माण र कार्यक्रम गर्ने धरातल भने स्थानीय तहहरू नै हुन। तसर्थ, महानगरपालिकाको आफ्नो संचित कोषबाट हुने लगानी बाहेक प्रदेश तथा संघीय सरकारका निकाय र विकास निर्माण तथा कार्यक्रमगत खर्च समेत आवधिक योजनाले प्रक्षेपण गरेको लगानीको सिमा भित्र पर्दछ। प्रदेश तथा संघ सरकारको तर्फबाट प्राप्त हुने वित्तीय हस्तान्तरणर संघ प्रदेश स्वयंले सञ्चालन गर्ने आयोजना तथा कार्यक्रममा गर्ने यथार्थ खर्चको प्रक्षेपण भने सहज छैन। यद्यपी, सार्वजनिक क्षेत्रबाट हुने

लगानीको प्रक्षेपण गर्दा महानगरपालिकाका साथै संघ तथा प्रदेश सरकारको तर्फबाट समेत हुने लगानीलाई समावेश गरिएको छ ।

संघीय संरचना अनुसार स्थापना भएको महानगरपालिका विस्तारै संस्थागत हुँदै गरेको अवस्था छ। उपलब्ध स्रोतका आधारमा आन्तरिक राजश्व परिचालनको सम्भावना राम्रो भए पनि सम्भावनाको तुलनामा संकलनको अवस्था कमजोर रहेको स्थिति छ। संघ तथा प्रदेश सरकारबाट प्राप्त हुने वित्तीय हस्तान्तरणलाई पनि राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको सुत्र अनुसार हुने हुँदा ठुलो परिमाणमा स्रोत वृद्धिको सम्भावना न्यून छ। स्थानीय सरकारलाई सोझै वैदेशिक सहयोग लिने कानुनी अधिकार नभएकोले विकास साझेदारको सहयोगमा सञ्चालित आयोजनाको लगानी संघीय सरकारको शसर्त अनुदानका रूपमा प्राप्त हुने प्रावधान रहेको छ। कानुनको अभावमा महानगरपालिकाले आन्तरिक ऋण उठाउन सक्ने व्यवस्था छैन। तर, आर्थिक उपयुक्तता र सम्भाव्य परियोजनाहरूमा नगर विकास कोष जस्ता संस्थाको ऋण र विकास साझेदारको प्राविधिक सहायता परिचालन भने सम्भव छ। तसर्थ, महानगरपालिकाको संचित कोषबाट हुने सार्वजनिक खर्चको प्रक्षेपण सहज छैन।

आर्थिक वर्ष २०७९/८० को यथार्थ खर्च, आर्थिक वर्ष २०८०/ ८१ को संशोधित अनुमान र आर्थिक वर्ष २०८१/ ८२ को लागि प्राप्त स्रोत अनुमानका आधारमा आगामी पाँच वर्षको लगानी प्रक्षेपण गरिएको छ। प्रस्तुत तालिका ३ अनुसार महानगरपालिकाको संचित कोषबाट अधिकतम वार्षिक औसत रू.१० अर्बको हाराहारी मात्रै सार्वजनिक लगानी परिचालन हुनसक्ने आंकलन रहेको छ।

समन्वय, सहकार्य र सहअस्तित्वको सिद्धान्तमा आधारित मुलुकको संघीय प्रणालीमा राजश्व बाँडफाँड र वित्तीय हस्तान्तरण बाहेक संघ तथा प्रदेश सरकारबाट विभिन्न रणनीतिक आयोजना तथा कार्यक्रमहरुमा प्रत्यक्ष लगानी परिचालन गर्दछन। संघ तथा प्रदेश मातहतका विभिन्न निकाय र कार्यालयहरूले गर्ने नियमित र सालबसाली खर्चको हिस्सा पनि पोखरा महानगरपालिकामा तुलनात्मक रूपमा ठुलै रहेको हुन्छ। संघ तथा प्रदेश सरकारले

महानगरपालिका क्षेत्रमा गर्ने लगानी पनि वार्षिक औसत १० अर्बको हाराहारी नै हुने अनुमान गरिएको छ।

**तालिका ३ : महानगरपालिकाको लगानी प्रक्षेपण**

| आयका स्रोतहरु | ०७९/८० यथार्थ | ०८०/८१ संशोधित | आगामी ५ वर्षको प्रक्षेपण (रू दश लाखमा) | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ |
| आन्तरिक स्रोत | १६३४.१ | १५७९.९ | १५५५.१ | १७४१.८ | १९५०.८ | २१८४.९ | २४४७.० |
| नेपाल सरकारको अनुदान | २८१०.५ | २६३७.१ | ४२०२.२ | ४७०६.५ | ५२७१.२ | ५९०३.८ | ६६१२.२ |
| प्रदेश सरकारको अनुदान | १०६.७ | ८२.५ | ९६.४ | १०७.९ | १२०.९ | १३५.४ | १५१.७ |
| राजश्व बाँडफाँड | ३५०.९ | १०८५.९ | १६०९.३ | १८०२.४ | २०१८.७ | २२६०.९ | २५३२.२ |
| रोयल्टी बाँडफाँड | ०.० | ४.२ | ५.४ | ६.१ | ६.८ | ७.६ | ८.५ |
| ऋण तथा अन्य अनुदान | ०.० | ८४.१ | ४८.५ | ५४.३ | ६०.८ | ६८.१ | ७६.३ |
| संचित कोष मौज्दात | २१०९.१ | ११८१.८ | ०.० | ०.० | ०.० | ०.० | ०.० |
| **जम्मा** | **७०११.४** | **६६५५.५** | **७५१६.९** | **८४१८.९** | **९४२९.२** | **१०५६०.७** | **११८२८.०** |

पोखरा महानगरपालिकामा संघ, प्रदेश र स्वयं महानगरपालिकाको तर्फबाट हुने कुल सार्वजनिक लगानी परिचालन औसतमा वार्षिक रू. २० अर्बसम्म हुने प्रक्षेपण छ। पाँच वर्षे योजना अवधिभरमा सरकारी क्षेत्रको कुल लगानी करिब रू.एक खर्ब पुग्ने आंकलन गरिएको छ ।उक्त अनुमानित रकम कुल प्रक्षेपित लगानी रू. ३ खर्ब ५३ अर्बको २८ प्रतिशत हुन आउँदछ।

### २.६.२ गैरसरकारी क्षेत्रको लगानी

खुला बजार अर्थतन्त्रको अभ्यास रहेको नेपालमा निजि क्षेत्रलाई आर्थिक वृद्धिको संवाहक र दिगो विकासको प्रमुख साझेदारका रुपमा अंगिकार गरिएको छ। पोखरा गण्डकी प्रदेशको राजधानी, प्रमुख आर्थिक केन्द्र र मुलुकको पर्यटन राजधानी समेत भएकोले यहाँ हुने उद्योग व्यवसायको सम्भावना र लगानीका अवसर सृजना, विकास र समृद्धिमा नीजि क्षेत्रको भूमिका महत्वपूर्ण रहेकोछ। प्रमुख पर्यटकीय गन्तव्यको रूपमा विकसित पोखरामा व्यवसायिक सम्भावना प्रबल भएकोले पोखरामा विभिन्न क्षेत्रमा खासगरी पर्यटकीय क्षेत्रमा लगानी परिचालन गर्न नीजिक्षेत्र उत्साहित हुँदै आएको छ।

नेपाल सरकारको १६ औं योजनामा लक्षित आर्थिक वृद्धि हासिल गर्न आवश्यक कुल लगानीमा निजि क्षेत्रको अनुपात दुई तिहाईभन्दा बढी हुने प्रक्षेपण गरिएको छ। गण्डकी प्रदेश सरकारको दोस्रो पञ्चवर्षीय योजनाले पनि कुल लगानीमा निजि क्षेत्रको अनुपात ६० प्रतिशतको हाराहारी रहने अनुमान गरेको छ। पोखरा महानगरपालिका क्षेत्रमा बिद्यमान व्यवसायिक अवसर र लगानीको प्रतिफलको सम्भावना विश्लेषणका आधारमा महानगरपालिकाको दोस्रो पञ्चवर्षीय योजनामा प्रक्षेपित कुल लगानीको ५९ प्रतिशत लगानी नीजि तथा घरायसी क्षेत्रबाट प्राप्त हुने अनुमान गरिएको छ।

राष्ट्रिय तथा प्रादेशिक तहमा सहकारीलाई आर्थिक वृद्धिको महत्वपूर्ण स्तम्भको रूपमा आत्मसात गरिएको छ। सहकारीको क्षेत्रमा केहि समय यता राष्ट्रियरूपमा विकसित परिदृश्यले केहि अन्यौलता सृजना गरेको जस्तो देखिए पनि सहकारी क्षेत्रले मुलुकको आर्थिक, सामाजिक रूपान्तरणमा उल्लेख्य योगदान गर्दै आएको छ । तसर्थ महानगरपालिकाले पनि दोस्रो पञ्चवर्षीय योजनाको कुल प्रक्षेपित लगानी परिचालनमा सहकारी तथा सामाजिक क्षेत्रबाट करिब १३ प्रतिशत योगदान गर्ने प्रक्षेपण गरिएको छ।

# परिच्छेद :३
# आर्थिक विकास क्षेत्र

## परिचय

पोखरा महानगरपालिकाको दीर्घकालिन विकासको अवधारणापत्र **'पोखरा २१००'** ले समुन्नत पोखरा निर्माणका लागि समावेशी स्थानीय आर्थिक विकासलाई सबैभन्दा महत्वपूर्ण संवाहकका रुपमा पहिचान गरेको छ। प्रथम त्रिवर्षीय योजनाकाल देखि नै स्थानीय आर्थिक विकासलाई हरित, उत्थानशील र समावेशी विकास (GRID) बनाउने अवधारणामा जोड दिइएको छ।

समावेशी आर्थिक विकासमा योगदान गर्ने क्षेत्र तथा उप-क्षेत्रहरूमा लगानी तथा साझेदारी विस्तार मार्फत उत्पादन तथा उत्पादकत्व अभिवृद्धि र रोजगारी सिर्जना गरेर समुन्नत पर्यटकीय पोखराको लक्ष्य हाँसिल गर्ने पोखरा महानगरपालिकाको रणनीति रहेको छ। समुन्नतिको दीर्घकालिन लक्ष्य हाँसिल गर्नका लागि व्यवसायिक तथ सीप विकास, उद्यमशिलता विकास, स्टार्टअप तथा स्वरोजगार प्रवर्द्धनमा निजी क्षेत्र तथा विकास साझेदारहरु सँगको सहकार्यमा आर्थिक गतिविधि र आयआर्जनमा अभिबृद्धि गरी महानगरबासीको जिवनस्तरमा सुधार गर्न सहभागितामूलक आर्थिक विकासको स्वरूप अंगिकार गरिएको छ।

**चित्र ५ : पोखरा महानगरपालिकाको आर्थिक विकास मोडल**



हरित तथा समावेशी स्थानीय अर्थतन्त्र निर्माणका लागि स्थानीय स्तरमा उपलब्ध सम्पदा, उत्पादनका साधन र प्राकृतिक स्रोतहरूको संरक्षण, संवर्द्धन र दिगो व्यवसायीकरण गर्न स्थानीय स्तरमै पुँजी निर्माण, उन्नत प्रविधिको विकास र बजार प्रणालीमा सुधार र मूल्य श्रृङ्खला सवलिकरण जस्ता कार्यक्रमहरूलाई प्राथमिकतामा राखिएको छ।

जनसांख्यिक संरचनामा बहुसंख्यक युवा जनशक्तिलाई सिर्जनात्मक नवउद्यम, कृषिको व्यवसायिक उत्पादन र बजारसँग आवद्वता, स्वरोजगारी तथा उद्यमशिलता विकासका क्रियाकलापहरूको प्रवर्द्धनमा जोड दिईएको छ। यस्ता रणनीतिक कार्यक्रमहरुलाई हालसम्मको उपलब्धी र सिकाइलाई आत्मसात गरी आगामी दिनमा थप प्रभावकारी र नतिजामुलक बनाउने गरी दोश्रो पञ्चवर्षीय योजनामा प्राथमिकताक्रम निर्धारण सहित निरन्तरता दिइएको छ। आगामी दोस्रो पञ्चवर्षीय योजना (२०८१/८२-२०५८/८६) का लागि आर्थिक विकास क्षेत्रका मार्गदर्शक नीतिहरु देहाय बमोजिम तय गरिएको छ।

**सोचः**

**हरित तथा समावेशी स्थानीय अर्थतन्त्र।**

**लक्ष्यः**

**उच्च तथा दिगो आर्थिक वृद्धि हासिल गर्ने।**

**उद्देश्यः**

१. पर्यटन, उद्योग, वाणिज्य तथा आपूर्ती क्षेत्रको मूल्य श्रृङ्खला सुदृढिकरण गर्नु,
२. कृषिको आधुनिकिकरण तथा व्यवसायिकरण गरी उत्पादन र उत्पादकत्व अभिवृद्धि गर्नु,
३. सूचना प्रविधि र नवप्रवर्तनमा आधारित नवउद्यम (स्टार्टअप) हरुको प्रवर्द्धन गर्नु,
४. युवा उद्यमशिलता विकास र स्वरोजगारी प्रवर्द्धनद्वारा शहरी गरीबी न्यूनिकरण गर्नु र
५. जलवायु उत्थानशील र चक्रीय अर्थतन्त्र विकासको आधारशिला निर्माण गर्नु।

आर्थिक विकास क्षेत्र अन्तर्गत पर्यटन तथा सम्पदा, कृषि तथा खाद्य सुरक्षा, उद्योग तथा व्यापार, सहकारी तथा वित्तीय पहुँच र उद्यमशिलता तथा रोजगारी जस्ता उप-क्षेत्रहरु समावेश

गरिएको छ। पोखरा महानगरपालिकाको समष्टिगत लक्ष्य हासिलगर्न सहयोग गर्ने र आर्थिक विकास क्षेत्रको लक्ष्य तथा उद्देश्य हासिल गर्न प्रत्यक्ष योगदान पुग्ने गरी उप-क्षेत्रगत लक्ष्य र उद्देश्यहरु तय गरिएको छ। त्यसैगरी, उप-क्षेत्रगत रुपमा निर्धारित लक्ष्य र उद्देश्यहरु हासिलमा प्रत्यक्ष योगदान गर्न तत् तत् क्षेत्रको विशिष्टता अनुरुप रणनीति, प्रमुख कार्यक्रम र आयोजना तथा गतिबिधिहरु पहिचान गरी आवश्यक बजेट अनुमान प्रस्ताव गरिएको छ।

आयोजना तथा कार्यक्रमहरुको नतिजा र योजनाको उपलब्धी मापनमा सहयोग पुग्ने गरी तथ्यांक उपलब्ध हुन सक्ने हदसम्म परिसूचकहरु परिभाषित गरी आधार वर्ष (२०७९/८०) को अवस्था र दोश्रो आवधिक योजनाको अन्त्य (२०८५/८६)को अपेक्षित लक्ष्य सहित उप-क्षेत्रगत नतिजा खाँका तर्जुमा गरी प्रस्तुत गरिएको छ।

## ३.१ पर्यटन

### ३.१.१ पृष्ठभूमी

पोखरा नेपालको एक प्रमुख पर्यटकीय केन्द्र हो, पोखराको प्राकृतिक सौन्दर्य, सांस्कृतिक बैभव र साहसिक गतिविधिका कारण स्वदेश तथा विदेशमा सुपरिचित छ। पोखरा महानगरपालिका क्षेत्रमा वर्षेनी ठूलो संख्यामा आन्तरिक तथा बाह्य पर्यटकहरूको आगमन हुने गर्दछ। पर्यटकीय सेवा तथा सुविधाका लागि यस महानगरपालिकामा आधुनिक तथा सुविधा सम्पन्न रिसोर्टदेखि पर्यटनस्तरीय स-साना होटेल र गेष्टहाउसहरु सहित विभिन्न प्रकारका आवास सुविधाहरु उपलब्ध छन्। पोखराको साहसिक, साँस्कृतिक र प्राकृतिक सौन्दर्यको अनुपम समिश्रणले पोखरालाई नेपालमा अविस्मरणीय अनुभव खोज्नेहरूका लागि घुम्नैपर्ने गन्तव्य बनाएको छ। पोखरा महनगरपालिकाको पहिचान, विकास र समृद्धिको प्रमुख आधार पर्यटन विकास भएकाले पोखरा महानगरपालिकाले बि.सं. २१०० का लागि तय गरेको दीर्घकालीन सोचमा "समुन्नत पर्यटकीय पोखरा" लाई गन्तब्य बनाएको छ।

### ३.१.२ मुख्य सवाल तथा चुनौती

पोखरा महानगरपालिका मात्र नभएर यसको आसपासका क्षेत्रको समग्र विकासका लागि पर्यटन रुपान्तरणकारी र अग्रणी क्षेत्र हो। कृषि, उद्योग तथा अन्य सेवा र व्यापार क्षेत्रको विस्तारका लागि मागको प्रमुख स्रोत भए पनि यी क्षेत्रलाई जोड्ने मूल्य श्रृङ्खला कमजोर हुँदा

स्थानीय अर्थतन्त्रका साथै पोखरा महानगरपालिकाले पर्यटनबाट यथोचित लाभ उठाउन विभिन्न समस्या तथा चुनौतीहरु रहेका छन्। महानगरपालिकास्तरीय सडक, पदमार्ग तथा यातायात प्रणाली व्यवस्थित र वातावरणमैत्री नहुनु, स्थानीय उत्पादनको हिस्सा कम हुनु, पर्यटकीय सेवा र सुविधाको विस्तार र विविधिकरण हुन नसक्नु यस क्षेत्रका प्रमुख समस्या हुन।

शहरी फोहरमैला व्यवस्थापन, वातावरणीय तथा सांस्कृतिक क्षयीकरण, प्रकृति र संस्कृतिको जगेर्ना यस क्षेत्रको दिगो विकास अवसर र चुनौतीहरू हुन्। नवनिर्मित पोखरा अन्तराष्ट्रिय विमानस्थलबाट व्यवसायिक रुपमा नियमित अन्तराष्ट्रिय उडान सञ्चालन गर्नु, पर्यटकको बसाइ अवधि लम्ब्याउनु, मासिंदै गएका पर्यटकीय सम्पदा तथा पदमार्गहरुको संरक्षण र संवर्द्धन गर्ने कार्य पनि थप चुनौतिपूर्ण बन्दै गएको छ। अतिथि सत्कार तथा सेवाको लागि आवश्यक दक्ष जनशक्ति र गाइडको क्षमता विकास तथा सुधारमा सरकार र निजी क्षेत्रबीच साझेदारी प्रगाढ बनाउनु, प्रदूषण नियन्त्रण गर्नु, ताल तथा सार्वजनिक सम्पत्तिको संरक्षण र सौन्दर्यकरण, रात्रीकालिन व्यवसाय, फेवा लेकसाइड क्षेत्रमा सवारी व्यवस्थापन जस्ता विषय पर्यटन प्रवर्द्धनका प्रमुख चुनौतीहरु हुन् ।

### ३.१.३ मुख्य नीति

**लक्ष्यः**

**स्थानीय अर्थतन्त्रमा पर्यटनको योगदान अभिबृद्धि गर्ने ।**

**उद्देश्यः**

१. पर्यटकीय सेवा तथा सुविधाको गुणस्तरमा सुधार गर्नु,
२. पर्यटकीय उपजहरुको विविधिकरण र विशिष्टिकरण गर्नु,
३. पोखरा भ्रमण गर्ने पर्यटकको संख्या बृद्धि गर्नु, र
४. पर्यटकको पोखरा बसाई अवधि लम्ब्याउनु।

**रणनीतिः**

१. पर्यापर्यटकीय पूर्वाधार तथा सुविधाको विकास, विस्तार र प्रवर्द्धन गर्ने,
२. पर्यटकीय सम्पदा तथा सेवा र सुविधाको विशिष्टिकरण गर्ने,
३. पर्यटन सम्बन्धी उपयुक्त नीति तथा संस्थागत संरचनाको विकास र परिचालन गर्ने,

४. संघ, प्रदेश र छिमेकी स्थानीय तह, समुदाय र निजी क्षेत्रसँग समन्वय, सहकार्य र साझेदारी गर्ने,
५. पर्यटन राजधानीका आधारभुत सूचक, मापदण्ड र कार्ययोजना बनाई लागु गर्ने,
६. स्थानीय मौलिक कला, भाषा, संस्कृति र सम्पदाको संरक्षण संवर्द्धन र व्यवसायीकरण गर्ने,
७. भौतिक पूर्वाधार निर्माणमा पर्यटकीय दृष्टिले अनुकुल बनाउन हरित, उत्थानशील र समावेशी विकास (ग्रिड) को अवधारणा आत्मसात गर्ने र
८. पर्यटकीय पूर्वाधार तथा उपजको विकासमा हरित लगानी परिचालन गर्न विकास साझेदार र बैंक तथा वित्तीय संस्थाहरुसँग सहकार्य गर्ने।

### ३.१.४ प्रमुख आयोजना तथा कार्यक्रम

पर्यटन क्षेत्रमा आगामी आवधिक योजना अवधिमा सञ्चालन हुने मुख्य कार्यक्रम तथा आयोजनाहरुको बजेट अनुमान सहित देहाय बमोजिम प्रस्ताव गरिएको छ।

## तालिका ४: पर्यटन उपक्षेत्रका प्रमुख आयोजना तथा कार्यक्रमहरु

| कार्यक्रम तथा आयोजना | इकाई | लक्ष्य | बजेट अनुमान (रु.हजारमा) | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ | जम्मा |
| अध्ययन, अनुसन्धान, प्रशिक्षण तथा क्षमता विकास | संख्या | १० | १९५०० | २४३७५ | ३०४६९ | ३८०८६ | ४७६०७ | १६००३७ |
| पर्यटकीय प्याकेज विकास, विशिष्टिकरण र प्रचार प्रसार | प्याकेज | २५ | ११५००० | १४३७५० | १७९६८८ | २२४६०९ | २८०७६२ | ९४३८०९ |
| साइन्टिफिक एक्याडेमिक भोल्यून्टीयर र एडुकेशन (सेभ) पर्यटन प्रवर्द्धन | सालबसाली | | १०७००० | १३३७५० | १६७१८८ | २०८९८४ | २६१२३० | ८७८१५२ |
| पर्यटन सूचना तथा सुरक्षा प्रवर्द्धन | सालबसाली | | ५१५०० | ६४३७५ | ८०४६९ | १००५८६ | १२५७३२ | ४२२६६२ |
| पर्यटकीय राजधानी विकास | सालबसाली | | २७५००० | ३४३७५० | ४२९६८८ | ५३७१०९ | ६७१३८७ | २२५६९३४ |
| खेल पर्यटन प्रवर्द्धन | सालबसाली | | १३४५०० | १६८१२५ | २१०१५६ | २६२६९५ | ३२८३६९ | ११०३८४६ |
| माइस पर्यटन प्रवर्द्धन | सालबसाली | | ७३५०० | ९१८७५ | ११४८४४ | १४३५५५ | १७९४४३ | ६०३२१७ |
| पर्यटन पूर्वाधार विकास | संख्या | १० | १८२५४३० | २२८१७८८ | २८५२२३४ | ३५६५२९३ | ४४५६६१६ | १४९८१३६१ |
| सम्पदा तथा धार्मिक पर्यटन प्रवर्द्धन | सालबसाली | | ७६५४०० | ९५६७५० | ११९५९३८ | १४९४९२२ | १८६८६५२ | ६२८१६६२ |
| साहसिक पर्यटन प्रवर्द्धन | सालबसाली | | ७१५७०० | ८९४६२५ | १११८२८१ | १३९७८५२ | १७४७३१४ | ५८७३७७२ |
| **कुल जम्मा** | | | **४०८२५३०** | **५१०३१६३** | **६३७८९५३** | **७९७३६९१** | **९९६७११४** | **३३५०५४५१** |

### ३.१.५ नतिजा खाका (परिमाणात्मक लक्ष्य)

तालिका ५ : पर्यटन उपक्षेत्रको नतिजा सूचक र परिमाणात्मक लक्ष्य

| नतिजा सूचक | इकाई | आ.व. २०७९/८० को स्थिति | आ.व. २०८५/८६ को लक्ष्य |
|---|---|---|---|
| वार्षिक पर्यटक आगमन | संख्या | ९ लाख | २० लाख |
| पर्यटकको औसत बसाई अवधि | दिन | २.७९ | ५.०० |
| पर्यटकको औसत दैनिक खर्च | अमेरिकी डलर | ५२ | ७५ |

## ३.२ उद्योग तथा व्यापार

### ३.२.१ पृष्ठभूमी

राष्ट्रिय आर्थिक गणना, २०७५ को तथ्यांक अनुसार पोखरा महानगरपालिकामा कूल २८,२१५ वटा व्यावसायिक इकाईहरू रहेको देखिन्छ। उक्त तथ्यांक अनुसार महानगरपालिकाको स्थानीय अर्थतन्त्र र रोजगारी सिर्जनामा उत्पादन तथा प्रशोधन क्षेत्रको योगदान ९ प्रतिशत रहेको छ, थोक तथा खुद्रा व्यापार क्षेत्रले सबैभन्दा बढि अर्थात ५४ प्रतिशत योगदान गरेको छ। उद्योग तथा व्यापार क्षेत्रले पोखराको आर्थिक विकासको प्रमुख संवाहकहरु पर्यटन र कृषि क्षेत्रलाई जोडेर मूल्य श्रृङ्खला सवलिकरणमा महत्वपूर्ण भूमिका निर्वाह गरिरहेको छ। औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेड मातहत सञ्चालित पोखरा औद्योगिक क्षेत्रमा साना ठुला गरी ८० भन्दा बढी उद्योगहरु सञ्चालनमा छन । औद्योगिक क्षेत्रमा प्रयाप्त जग्गा नहुँदा बाहिर पनि सयौं उद्योग व्यबसायहरु सञ्चालनमा छन्। पोखरामा ठूलो र आधुनिक औद्योगिक क्षेत्रको आवश्यकता महशुस गरी गण्डकी प्रदेश सरकारले पोखरा महानगरपालिकासँगको समन्वयमा वडा नम्बर ३३ मा करिब १६७ हेक्टर क्षेत्रफलमा औद्योगिक क्षेत्र निर्माण गर्ने प्रक्रिया अगाडि बढाएको छ। समग्रमा उद्योग तथा

व्यापार क्षेत्र पोखरा महानगरपालिकामा स्थानीय समुदायको रोजगारी, आयआर्जन र जिविकोपार्जनको प्रमुख स्रोतका रुपमा स्थापित भएको छ।

### ३.२.२ मुख्य सवाल तथा चुनौती

राष्ट्रिय आर्थिक गणना-२०७५ले पोखरामा उद्यम व्यवसायको संख्या ठुलो देखाए पनि पोखरा महानगरपालिकामा दर्ता भएका व्यवसाय भने १० हजारभन्दा कम रहेको अभिलेखबाट देखिन्छ ।महानगरपालिकामा दर्ता भएका व्यवसायहरू मध्ये नविकरण गर्ने व्यवसाय त अझै कम छन्। हुन त अनौपचारिक नै भए पनि ठुलो संख्यामा रहेका घरेलु तथा साना उद्यम व्वयसायले सिमान्तिकृत समुदायको जिविकोपार्जन सुधारमा सहयोग गरीरहेका छन्।यद्यपी, अनौपचारिक रुपमा छरिएर रहेका उद्योग व्यवसायको औपचारिकरण गरी महानगरपालिकाको करको दायरामा ल्याउने विषय अत्यन्तै पेचिलो बनेको छ।सानो स्तरमा भएपनि स्थानीय शिप, कला र कच्चा पदार्थमा आधारित उद्योगहरुलाई राष्ट्रीय तथा अन्तर्राष्ट्रीय मूल्य श्रृङ्खलासँग जोड्ने, स्थानीय उत्पादनको प्रवर्द्धन गरी भइरहेका साना तथा मझौला उद्योगहरुको स्तरवृद्धिको विषयमा केही प्रयासहरू भएको भए पनि अपेक्षित उपलब्धीहरु हाँसिल हुन सकेको छैन।

पोखरा महानगरपालिकाले बि.सं. २१०० सम्म पोखरालाइ कार्बन तटस्थ सहरको रुपमा विकास गर्ने लक्ष्य लिएर अगाडि बढेको अवस्थामा हरित तथा वातावरणमैत्री उद्योगमा लगानी आकर्षण र चक्रीय अर्थतन्त्रको प्रवर्द्धन चुनौतिपूर्ण बन्दै गएको छ। महानगरपालिकाका सबै स्थानमा अव्यवस्थित रुपमा छरिएर रहेका सवारी मर्मत वर्कसप, औद्योगिक क्षेत्रको ढल तथा फोहोरमैला व्यवस्थापन, कवाडी व्यवसायको अनुगमन तथा नियमन, उद्यम व्वयसायमैत्री पूर्वाधार सुविधाको विस्तार चुनौतिका विषय हुन। त्यसैगरी, स्थानीय उद्योग प्रतिष्ठानका लागि दक्ष जनशक्तिको उत्पादन तथा क्षमता विकास र आन्तरिक श्रम बजारमा टिकाउने देखि विदेशी श्रमिक माथिको निर्भरता घटाउने कार्य पनि उत्तिकै चुनौतिको रुपमा रहेको छ। साथै आन्तरिक बजार प्रणालीलाई थप दक्ष र समावेशी बनाउनु र रैथाने वस्तुहरुको मूल्य श्रृङ्खला सवलिकरण गरी विपन्न तथा लक्षित वर्गलाई अर्थतन्त्रको मुलधारमा समाहित गर्नु उद्योग व्यापार क्षेत्रको अर्को चुनौति हो ।

### ३.२.३ मुख्य नीति

**लक्ष्यः**

मर्यादित व्यापार व्यवसायको विस्तार र आन्तरिक उत्पादनको अभिबृद्धि गर्ने।

**उद्देश्यः**

१. स्थानीय कच्चा पदार्थमा आधारित उत्पादन तथा प्रशोधन उद्योगहरुको प्रवर्द्धन गर्नु,
२. सूचना प्रविधि र नवप्रवर्तनमा आधारित नवउद्यम (स्टार्टअप)हरुको विस्तार गर्नु,
३. न्यून कार्बन तथा चक्रीय अर्थतन्त्रको विकासमा योगदान गर्नु र
४. व्यापार तथा वाणिज्य क्षेत्रको नियमन र औपचारिकरण गर्नु।

**रणनीतिः**

१. स्थानीय प्रविधि, ज्ञान, सीप कला तथा कच्चा पदार्थको व्यवसायिकरणको क्षेत्रमा अध्ययन अनुसन्धान गर्ने,
२. औद्योगिक पूर्वाधार तथा सुविधाको विकास र विस्तारमा संघ तथा प्रदेश सरकार र विकास साझेदार सँग सहकार्य गर्ने,
३. महानगरपालिकामा उद्योग तथा व्यापार क्षेत्रको नियमन तथा अनुगमन गर्न नीतिगत तथा संस्थागत व्यवस्था गरी सहयोग र सहजीकरण गर्ने,
४. निजी क्षेत्रको दक्षता र प्रभावकारिता अभिवृद्धि गर्न सार्वजनिक निजी साझेदारीलाई शसक्त बनाउने, र
५. सूचना प्रविधि र नवप्रवर्तनमा आधारित नवउद्यम (स्टार्टअप) हरुलाई प्रोत्साहन गर्ने।

### ३.२.४ प्रमुख आयोजना तथा कार्यक्रम

उद्योग तथा व्यापार क्षेत्रको विकास र विस्तारका लागि आगामी पञ्चवर्षीय योजनामा सञ्चालन गरिने प्रमुख आयोजना तथा कार्यक्रमहरु र देहायको तालिकामा प्रस्तुत गरिएको छ।

## तालिका ६ : उद्योग तथा व्यापार उपक्षेत्रका प्रमुख आयोजना तथा कार्यक्रमहरु

| कार्यक्रम तथा आयोजना | इकाई | लक्ष्य | बजेट अनुमान (रु.हजारमा) | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ | जम्मा |
| व्यवसायिक वातावरण सुधार कार्यक्रम | सालबसाली | | २६५०० | ७५०० | ३६०० | ७५०० | ६५०० | ५१६०० |
| मूल्य श्रृङ्खला सुदृढीकरण कार्यक्रम | सालबसाली | | २३५००० | ४९००० | ५५००० | ६१००० | ७१००० | ४७१००० |
| औद्योगिक लगानी प्रवर्द्धन कार्यक्रम | सालबसाली | | ५१००० | ६००० | १००० | ५००० | ४००० | ६७००० |
| औद्योगिक पूर्वाधार विकास कार्यक्रम | संख्या | १० | २९७६५४ | १५९८७६ | २०३५०० | ८७६५० | ६१५०० | ८१०१८० |
| बजार प्रणाली सुदृढीकरण कार्यक्रम | सालबसाली | | २१५००० | १८५०० | १६६०० | ७३००० | ५७००० | ३८०१०० |
| चक्रीय अर्थतन्त्र विकास कार्यक्रम | सालबसाली | | ५१६५०० | १९५०० | ९६५०० | ७७५०० | ५८५०० | ७६८५०० |
| सार्वजनिक निजि साझेदारी विस्तार कार्यक्रम | संख्या | १० | ३५३५०० | ७३८०० | १४५०० | ७५२०० | २५५०० | ५४२५०० |
| अन्य सालबसाली कार्यक्रम | सालबसाली | | ९४५०० | ७३८०० | १४५०० | ७५२०० | २५५०० | २८३५०० |
| औद्योगिक क्षेत्र विकास आयोजना | संख्या | १ | २८७६५४ | ७३८०० | १४५०० | ७५२०० | २५५०० | ४७६६५४ |
| **कुल जम्मा** | | | **२०७७३०८** | **४०७९७६** | **४०५२००** | **४६२०५०** | **३०९५००** | **३८५१०३४** |

### ३.२.५ नतिजा खाका (परिमाणात्मक लक्ष्य)

**तालिका ७: उद्योग तथा व्यापार क्षेत्रका नतिजा सूचक र परिमाणात्मक लक्ष्य**

| नतिजा सूचक | इकाई | आ.व. २०७९/८० को स्थिति | आ.व. २०८५/८६ को स्थिति |
|---|---|---|---|
| महानगरपालिकामा व्यवसाय दर्ता | संख्या | ८७६५४ ? | १५००० |
| व्यवसाय करबाट संकलित राजश्व | हजारमा | ८१४९८ | १५८७६५ |
| व्यवसायिक क्षेत्रको कुल उत्पादन वृद्धि | प्रतिशत | ९.२६ | १४.०० |
| सञ्चालित औद्योगिक/व्यापारिक मेला महोत्सव (वार्षिक) | संख्या | ७ | १७ |
| पीपीपी मार्फत लगानी परिचालन | लाखमा | ००.०० | २३८७६.०० |

## ३.३ कृषि तथा खाद्य सुरक्षा

### ३.३.१ पृष्ठभूमी

पोखरा महानगरपालिकाको कुल उत्पादनमा कृषि क्षेत्रको योगदान करिब १२ प्रतिशत रहेको छ। महानगरपालिकाका केहि वडाहरू तिव्ररूपमा आधुनिक शहरीकरणतर्फ उन्मुख देखिए पनि अधिकांश वडाहरू कृषिजन्य उत्पादनका लागि उपयुक्त क्षेत्रका रूपमा परिचित छन्। निर्वाहमुखी कृषि तथा पशुपालन क्षेत्रले क्रमशः प्रतिष्पर्धात्मक तथा व्यावसायिक चरित्र ग्रहण गर्दै गइरहेको छ। महानगरपालिकामा खाद्य सुरक्षा प्रत्याभूति गर्ने मुख्य क्षेत्र नै कृषि क्षेत्र हो। महानगरपालिकाले कृषिको यान्त्रिकरण तथा व्यवसायिकरणका लागि विभिन्न सहुलियत, अनुदान तथा प्राविधिक सहयोगमा कार्यक्रमहरु सञ्चालन गर्दै आएको छ। कृषकहरुको लागत उठाएर निश्चित प्रतिशत मुनाफा समेत सुनिश्चित गर्न स्थानीय उत्पादनहरुको न्यूनतम समर्थन मूल्य प्रणाली कार्यान्वयन, बजार केन्द्रबाट टाढा रहेका स्थानको उत्पादन ढुवानीका लागि कृषि एम्बुलेन्स तथा अनलाइन बजार प्रणाली सञ्चालन जस्ता नविनतम कार्यक्रमहरु पोखरा महानगरपालिकामा लागु गरिएका छन्। त्यसैगरी, जमिन

बाँझो राख्ने प्रवृत्ति न्यूनिकरण गर्न र सामुहिक तथा करार खेती मार्फत कृषि उत्पादनमा वृद्धि गर्न र खाद्य सुरक्षाको अवस्थामा सुधार गर्न भूमी बैंकको अवधारणा लागू गर्न कानूनी व्यवस्था गरिएको छ ।समग्रमा कृषि क्षेत्रको सुधारको लागि पोखरा महानगरपालिकाले उपलब्ध स्रोत साधनको अधिकतम परिचालन गर्दै आएको छ ।

### ३.३.२ मुख्य सवाल तथा चुनौती

केहि दशक अघिसम्म पोखराको कृषि उत्पादनले यसको वरिपरीका क्षेत्रको खाद्य सुरक्षामा समेत योगदान पुर्याउँदै आएकोमा पछिल्ला वर्षहरुमा कृषि उत्पादनमा आएको ह्रासले अवस्था प्रतिकुल बन्दै गएको छ। खासगरी बाह्रै महिना सिँचाई सुविधा भएको समथर उर्बरभूमीको खण्डिकरण र अव्यवस्थित वस्ती विस्तारले पोखराको खाद्य सुरक्षामा स्थानीय उत्पादनको योगदान खस्कदैं गएको छ। प्रविधिको विकास सँगै कृषिमा व्यवसायीकरण र यान्त्रिकरण बढ्दै गए पनि कृषियोग्य जमिनको खण्डिकरण र बाँझो राख्ने प्रवृत्ति बढ्दै गएकोले उत्पादकत्वमा सुधार हुन सकेको छैन।

महानगरपालिकाले कृषि उत्पादनको दिगो वृद्धिका लागि कृषि सामग्री, यन्त्र उपकरण, कृषि बीमा, मूल्य सुनिश्चितता तथा बजारीकरणमा सहजिकरणलाइ प्राथमिकताका साथ कार्यान्वयन गरिरहेको छ। त्यसका बाबजुद कृषि मूल्यश्रृङ्खला सुदृढिकरण, लगानीको प्रतिफल सुनिश्चितता र युवा पुस्तामा कृषिप्रतिको बढ्दो विकर्षण न्यूनिकरण यस क्षेत्रका प्रमुख चुनौतीका रुपमा देखा परेका छन्। जलवायु परिवर्तन र वर्षाको तालिकामा आएको फेरबदल, अनुकुल कृषि प्रणाली र पद्वतिमा सुधार मानव-बन्यजन्तु द्वन्द न्यूनिकरण तथा बाझो जमिनको व्यवसायिक उपयोग पनि चुनौतीका रुपमा रहेको छ। ग्रामिण वडाहरुमा बढ्दै गएको वस्ती रित्तिने र निर्जनीकरण न्यूनिकरण तथा ती क्षेत्रमा उपलब्ध खेतियोग्य जमिनको सदुपयोग र प्राकृतिक स्रोत व्यवस्थापन थप चुनौतिपूर्ण बनेको छ ।

### ३.३.३ मुख्य नीति

**लक्ष्यः**

**कृषि उत्पादनहरुमा आत्मनिर्भरता बढाउँदै खाद्य सुरक्षा सुनिश्चित गर्ने।**

**उद्देश्यः**

१. स्थानीय बजारको माग धान्ने उत्पादनहरुको संख्या बृद्धि गर्नु,
२. कृषिको वार्षिक उत्पादन अभिबृद्धि गर्नु,
३. कृषि क्षेत्रको उत्पादकत्व बृद्धि गर्नु र
४. कृषि बजार र उत्पादनको गुणस्तर सुनिश्चित गर्नु।

**रणनीतिः**

१. अध्ययन अनुसन्धानका आधारमा कृषि पकेटक्षेत्रहरु पहिचान गरी सघन खेती पद्वतिलाई प्रवर्द्धन गर्ने,
२. सिँचाई सुविधा भएको समथर उर्बर जमिनमा हिउँदे खेतिलाई प्रोत्साहन गर्ने,
३. सिँचाई सुविधा विस्तार र मूल्य श्रृङ्खला सवलिकरण गर्ने कृषि पूर्वाधार विकासमा जोड दिने,
४. मानव-बन्यजन्तु द्वन्द न्यूनिकरण तथा ग्रामिण वडाहरुमा बढ्दो निर्जनीकरण रोकथाम गर्ने,
५. बजार अनुगमन तथा नियमनलाई व्यवस्थित बनाउने,
६. कृषि सामग्री, प्रविधि र उपकरणमा दिने सहुलियत र अनुदानलाई उत्पादनमा आधारित बनाउने र
७. बजारीकरण र न्यूनतम मूल्य सुनिश्चितता सहित सामुहिक तथा करार खेतीलाई प्रोत्साहन गर्ने।

### ३.३.४ प्रमुख आयोजना तथा कार्यक्रम

पोखरा महानगरपालिकाले कृषी क्षेत्रको विकास र खाद्य सुरक्षाका क्षेत्रमा पहिले देखि नै अवलम्वन गर्दै आएका रणनीति तथा सञ्चालित कार्यक्रमहरु सफल र प्रभावकारी भइरहेका छन्। खास गरी पहिलो त्रिवर्षीय आवधिक योजनामा प्राथमिकताका साथ समाविष्ट सफल र अनुकरणीय कार्यक्रमहरुलाई दोस्रो पञ्चवर्षीय योजनामा पनि निरन्तरता दिइएको छ। कतिपय मागमा आधारित र नयाँ आयोजना तथा कार्यक्रमहरु सहित दोस्रो पञ्चवर्षीय योजनामा यस क्षेत्रमा सञ्चालन हुने आयोजना तथा कार्यक्रमहरु देहायको तालिकामा प्रस्तुत गरिएको छ।

## तालिका ८: कृषि तथा खाद्य सुरक्षा उपक्षेत्रका प्रमुख आयोजना तथा कार्यक्रमहरु

| कार्यक्रम तथा आयोजना | इकाई | लक्ष्य | बजेट अनुमान (रु.हजारमा) | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ | जम्मा |
| वैकल्पिक तथा साना सिंचाइ | संख्या | १० | ११४५०० | १४३१२५ | १७८९०६ | २२३६३३ | २७९५४१ | ९३९७०५ |
| भूमि बैंक तथा कृषि बीमा कार्यक्रम | सालबसाली | | ३५००० | ४३७५० | ५४६८८ | ६८३५९ | ८५४४९ | २८७२४६ |
| हिउँदे खेती तथा रैथाने बाली प्रवर्द्धन | हेक्टर | ५०० | ५२५०० | ६५६२५ | ८२०३१ | १०२५३९ | १२८१७४ | ४३०८६९ |
| पकेट क्षेत्र तथा सघन खेति विस्तार | हेक्टर | १००० | २४७६५४ | ३०९५६८ | ३८६९५९ | ४८३६९९ | ६०४६२४ | २०३२५०४ |
| सामुहिक तथा करार खेति कार्यक्रम | हेक्टर | १०० | ३१५००० | ३९३७५० | ४९२१८८ | ६१५२३४ | ७६९०४३ | २५८५२१५ |
| कृषि बजार सुदृढीकरण कार्यक्रम | सालबसाली | | ६१६५०० | ७७०६२५ | ९६३२८१ | १२०४१०२ | १५०५१२७ | ५०५९६३५ |
| अन्य सालबसाली कार्यक्रम | सालबसाली | | १२३५०० | १५४३७५ | १९२९६९ | २४१२११ | ३०१५१४ | १०१३५६८ |
| फलफुल विकास कार्यक्रम | सालबसाली | | १७३५०० | २१६८७५ | २७१०९४ | ३३८८६७ | ४२३५८४ | १४२३९२० |
| खाद्य गुणस्तर सुधार कार्यक्रम | सालबसाली | | ५३३०० | ६६६२५ | ८३२८१ | १०४१०२ | १३०१२७ | ४३७४३५ |
| कृषि पूर्वाधार विकास कार्यक्रम | संख्या | १० | ७७३५०० | ९६६८७५ | १२०८५९४ | १५१०७४२ | १८८८४२८ | ६३४८१३९ |
| **कुल जम्मा** | | | **२५०४९५४** | **३१३११९३** | **३९१३९९१** | **४८९२४८८** | **६११५६१०** | **२०५५८२३६** |

### ३.३.५ नतिजा खाका (परिमाणात्मक लक्ष्य)

**तालिका ९ : कृषि तथा खाद्य सुरक्षा उपक्षेत्रका नतिजा सूचक र परिमाणात्मक लक्ष्य**

| नतिजा सूचक | इकाई | आ.व. २०७९/८० को स्थिति | आ.व. २०८५/८६ को लक्ष्य |
|---|---|---|---|
| वार्षिक प्रति व्यक्ति खाद्यान्न उत्पादन | के.जी. | १७५ | २०० |
| खाद्यान्न बालीको प्रति हेक्टर उत्पादकत्व | मे.टन | ३.६ | ४ |
| कृषि क्षेत्रको कुल उत्पादन वृद्धिदर | प्रतिशत | ६.६५ | ८.५४ |
| पुर्ण रुपमा स्थानीय माग धान्ने (आत्मनिर्भर) वस्तु | संख्या | २ | ७ |

## ३.४ पशुपंक्षी तथा मत्स्य विकास

### ३.४.१ पृष्ठभूमी

पोखरा महानगरपालिकाको समथर क्षेत्रमा तिव्र शहरीकरण भए पनि पशुपंक्षी तथा मत्स्य विकासका लागि भने उपयुक्त रहेको छ। पोखरा पर्यटकीय तथा प्रादेशिक राजधानी भएकोले पशुपन्छी तथा मत्स्य क्षेत्रको उत्पादनको बजार सुनिश्चित देखिन्छ।फलस्वरुप, यो क्षेत्र परम्परागत र निर्वाहमुखी स्तरबाट क्रमशः प्रतिष्पर्धी र व्यावसायिक चरित्रमा रुपान्तरण भइरहेको छ। सहरको मुख्य केन्द्रबाट टाढा रहेका वडाहरुमा पशुपालन क्षेत्र खाद्य सुरक्षा, रोजगारी र जीविकोपार्जनको प्रमुख आधारको रुपमा रहेको छ।त्यसैगरी, ताल तथा पोखरीहरुमा व्यवसायिक माछापालनको सम्भावना पनि उच्च रहेको छ।

पशुपंक्षी तथा मत्स्य क्षेत्रको समुचित विकासका लागि पोखरा महानगरपालिका, गण्डकी प्रदेश सरकार र नेपाल सरकारको तर्फबाट आवश्यक पुर्वाधार र सहायक सेवाहरुको व्यवस्थापन

हुँदै आएको छ। उन्नत जातका पशुपन्छीको बीउ (चल्ला तथा पाडा, बाच्छा बाच्छी) उत्पादन गरेर कृषकहरूलाई सुलभ मूल्यमा उपलब्ध गराउने उद्देश्यले नेपाल सरकार मातहत पशु प्रजनन केन्द्र र मत्स्य अनुसन्धान तथा विकास केन्द्रले व्यावसायिक माछापालन प्रवर्द्धनका कार्यहरू गर्दै आएको छ।पोखरा महानगरपालिकाले पनि पशुपंक्षी शाखा मार्फत व्यावसायिक पशुपंक्षी तथा मत्स्यपालनको प्रवर्द्धनको लागि विभिन्नकार्यक्रमहरू सञ्चालन गर्दै आएको छ।

### ३.४.२ मुख्य सवाल तथा चुनौती

पशुपंक्षी तथा मत्स्यपालनलाई व्यावसायिकरण सँगसँगै यान्त्रिकरण र विविधिकरण गर्न नसक्दा उत्पादन लागत बढ्न गई लगानी आकर्षित हुन सकेको छैन। पशुपंक्षी तथा मत्स्यपालनमा आवश्यक सामग्रीका साथै दाना तथा औषधीमा रहेको परनिर्भरताले उत्पादकत्वमा सुधार हुन सकेको छैन, परजिवी संक्रमण र वन्यजन्तुको आक्रमणका कारण हुने नोक्सानी पनि बढ्दो छ। मुख्य शहरी क्षेत्र वरिपरीका स्थानमा ठुलोस्तरमा पशुपंक्षीपालनका लागि जमिन तथा घाँस परालको समस्या छ भने ग्रामिण क्षेत्रमा निर्जनीकरणका कारण कामदारको अभाव, उपयुक्त पूर्वाधारको कमि तथा बन्यजन्तुको जोखिमले व्यवसाय विस्तार हुन सकेको छैन। त्यसैगरी, विभन्न समयमा आउने संक्रामक रोग तथा अन्य माहामारीका कारण व्यवसायीहरु पनि विस्थापित हुने क्रम बढ्दो छ।

महानगरपालिकाका उच्च सम्भावना भएका क्षेत्रहरुमा दक्ष प्राविधिक सहितको सेवा विस्तार सहित घाँस, दाना, औषधी लगायतका सामग्रीको सहज पहुँच सुनिश्चित गर्ने कार्य चुनौतीपूर्ण बन्दै गएको छ। सर्वसुलभ कर्जा, व्यवहारिक अनुदान र वीमा सुविधा, बजार पूर्वाधारको विकास र अनियन्त्रित आयात नियमन यस क्षेत्रका प्रमुख चुनौतीहरु हुन । आधुनिक र प्रविधिमैत्री आधुनिक बधशाला र प्रविधि विकास र विस्तार, दूध तथा मासुजन्य उपजको संकलन, ढुवानी तथा स्टोरेज व्यवस्थापन र पशुपंक्षी पकेट क्षेत्रमा यातायात पहुँच पुऱ्याउनु आदि चुनौतीका रुपमा देखिएका छन्।

### ३.४.३ मुख्य नीति

**लक्ष्यः**

**उत्पादनमा आत्मनिर्भरता र गुणस्तरमा उत्कृष्टता हासिल गर्ने।**

**उद्देश्य**

१. पशुपंक्षी तथा मत्स्य क्षेत्रको उत्पादन तथा उत्पादकत्व बृद्धि गर्नु र
२. पशुपंक्षी तथा मत्स्यजन्य उत्पादनको गुणस्तर सुधार गर्नु ।

**रणनीति**

१. पशुपंक्षी तथा मत्स्यजन्य उत्पादनहरुको पकेट क्षेत्रहरु विकास गरी विशिष्टिकरणमा जोड दिने,
२. प्रविधिको विकास तथा प्रविधि हस्तान्तरण मार्फत सर्वसुलभ प्राविधिक सहयोग उपलब्ध गराउने,
३. नियमित चेकजाँच र सर्वसुलभ उपचार सेवा मार्फत महामारीजन्य जोखिम न्यूनीकरण गर्ने र
४. गुणस्तर मापदण्ड लागु गरी बजार अनुगमनलाई प्रभावकारी बनाउने।

### ३.४.४ प्रमुख आयोजना तथा कार्यक्रम

पशुपंक्षी तथा मत्स्य विकास उपक्षेत्रमा यस आवधिक योजना अवधिमा सञ्चालन गरिने प्रमुख आयोजना तथा कार्यक्रमहरु देहायबमोजिम रहेका छन्।

### तालिका १०: पशुपंक्षी तथा मत्स्य विकास उपक्षेत्रका प्रमुख आयोजना तथा कार्यक्रमहरु

| कार्यक्रम तथा आयोजना | इकाई | लक्ष्य | बजेट अनुमान (रु.हजारमा) | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ | जम्मा |
| पशु विकास कार्यक्रम | सालबसाली | | ४१६५०० | ४६६४८० | ५२२४५८ | ५८५१५३ | ६५५३७१ | २६४५९६१ |
| मत्स्य विकास कार्यक्रम | सालबसाली | | १५२००० | १७४८०० | २०१०२० | २३११७३ | २६५८४९ | १०२४८४२ |
| पंक्षी व्यवसाय प्रवर्द्धन कार्यक्रम | सालबसाली | | २५७५०० | २९६१२५ | ३४०५४४ | ३९१६२५ | ४५०३६९ | १७३६१६३ |
| प्रविधि विकास तथा प्रसार कार्यक्रम | सालबसाली | | २४६५४ | २८३५२ | ३२६०५ | ३७४९६ | ४३१२० | १६६२२७ |
| आधुनिक वधशाला निर्माण | संख्या | १ | २५५०० | २९३२५ | ३३७२४ | ३८७८२ | ४४६०० | १७१९३१ |
| अन्य सालबसाली कार्यक्रम | सालबसाली | | ५५९०० | ६४२८५ | ७३९२८ | ८५०१७ | ९७७६९ | ३७६८९९ |
| बजार प्रणाली सुदृढीकरण कार्यक्रम | सालबसाली | | १६१६०० | १८५८४० | २१३७१६ | २४५७७३ | २८२६३९ | १०८९५६९ |
| गुणस्तर सुधार कार्यक्रम | सालबसाली | | ४१३५०० | ४७५५२५ | ५४६८५४ | ६२८८८२ | ७२३२१४ | २७८७९७५ |
| **जम्मा** | | | **१५०७१५४** | **१७२०७३२** | **१९६४८४८** | **२२४३९०१** | **२५६२९३१** | **९९९९५६६** |

### ३.४.५ नतिजा खाका (परिमाणात्मक लक्ष्य)

### तालिका ११ : पशुपंक्षी तथा मत्स्य विकास उपक्षेत्रका नतिजा सूचक र परिमाणात्मक लक्ष्य

| नतिजा सूचक | इकाई | आ.व. २०७९/८० को स्थिति | आ.व. २०८५/८६ को लक्ष्य |
|---|---|---|---|
| वार्षिक मासु उत्पादन | मे.टन | ६४०० | ८२०० |
| वार्षिक दुध उत्पादन | मे.टन | ३१३५० | ४०००० |
| वार्षिक अण्डा उत्पादन | संख्या | ६.६५ करोड | ८.५० करोड |

## ३.५ सहकारी तथा वित्तीय सेवा

### ३.५.१ पृष्ठभूमी

पोखरा महानगरपालिका क्षेत्रमा बैंक तथा वित्तीय संस्थाहरुको बाक्लो उपस्थिति रहेको छ। नेपाल राष्ट्र बैंकबाट इजाजतपत्र प्राप्त बैंक तथा वित्तीय संस्था बाहेक बीमा कम्पनी, कर्मचारी सञ्चयकोष, नागरिक लगानीकोष शेयर ब्रोकर कम्पनीका शाखाहरूको संख्या पनि उल्लेख्य रहेको देखिन्छ ।पोखरा महानगरपालिका क्षेत्रमा रहेका उद्योग व्यवसायहरुको उपस्थिति र पर्यटन व्यवसायको विस्तारका कारण ऋण लगानी र यस क्षेत्रमा विदेशबाट प्राप्त हुने विप्रेषणका कारण निक्षेप संकलनको सम्भावनाका कारण सबै प्रकारका बैंक तथा वित्तीय संस्थाहरुको उपस्थिति उल्लेख्यरूपमा रहेको छ। त्यसैगरी, पहिलेदेखि नै प्रशासनिक केन्द्रका रुपमा रहेको कारण नेपाल राष्ट्र बैंकको प्रादेशिक कार्यालय समेत पोखरामा रहेको छ ।

बैंक तथा वित्तीय संस्थाको शाखा र जनसंख्याको अनुपात हेर्दा एक शाखाले औसतमा करिब १३५० जनतालाई वित्तीय सेवा दिइरहेको अवस्था देखिन्छ। यसले औपचारिक वित्तीय सेवाको पहुँच नेपालको राष्ट्रिय औसत भन्दा राम्रो रहेको देखाउदँछ। त्यसैगरी, पोखरा महानगरपालिका क्षेत्रमा क्रियाशिल विभिन्न प्रकारका सहकारी संस्थाको संख्या ३६४ रहेको छ। त्यस्ता सहकारी संस्थाहरुबाट न्यून तथा मध्यम आय भएका जनसंख्या र साना तथा मझौला व्यवसायहरुको लागि सरल तथा सहज वित्तीय सेवा प्रदान गर्न महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएका छन् ।देशका अन्य स्थानमा प्रधान कार्यालय भएका बैंक तथा वित्तीय संस्था तथा सहकारी संस्थाहरु समेतले पोखरामा शाखा विस्तार गरी सेवा गरिरहेका छन्। पोखरामा प्रधान कार्यालय रहेका विभिन्न बैंक तथा वित्तीय संस्था सहकारी संस्थाहरु पनि क्रियाशील रहेका छन्।

### ३.५.२ मुख्य सवाल तथा चुनौती

पोखरा महानगरपालिका क्षेत्रमा संख्यात्मक रुपमा वित्तीय पहुँचको अवस्था सन्तोषजनक रहेको देखिए पनि गुणात्मक रुपमा हेर्दा न्यून आय भएका नागरिक र साना व्यवसायीहरुलाई अझै समेट्न सकिएको छैन। सर्वसाधारणमा आधारभुत वित्तीय साक्षरताको कमी रहेको तथा बैंक तथा वित्तीय संस्थाहरु लक्षित वर्गमैत्री हुन नसकेको गुनासो पोखरामा समेत रहेको छ। साना व्यवसाय तथा लघु, घरेलुतथा साना उद्योगहरुका लागि सर्वसुलभ ऋण लगानी जस्ता

वित्तीय सेवाको पहुँच सहज छैन। लक्षित वर्गका लागि भनेर सञ्चालन गरिएका सहुलियतपूर्ण कर्जा सुविधा तथा ब्याजदर अनुदानका कार्यक्रमहरुलाई प्रभावकारी रुपमा कार्यान्वयन चुनौतीको विषय बनेको छ ।

सहकारीको क्षेत्रमा पनि विभिन्न समस्या र चुनौतीहरु ब्याप्त रहेका छन्। सहकारिताको अवधारणा उत्पादनमुलक क्षेत्रमा विकास र विस्तार गर्नु, महानगरपालिकाको मुख्य शहरभन्दा वाहिरका ग्रामिण क्षेत्रका बस्तीमा बैकिङ सेवा उपलब्ध नहुनु, कृषि प्रशोधन र बजारीकरण, पर्यटन क्षेत्रका उदियमान व्यवसायमा सहुलियतपूर्ण कर्जाको पहुँच विस्तार गर्नु र सहकारी क्षेत्रमा देखिएको नियम विपरितका गतिविधि र बचत अपचलन न्यूनिकरण यस क्षेत्रमा रहेका थप प्रमुख चुनौतीहरु हुन् ।

### ३.५.३ मुख्य नीति

**लक्ष्यः**

सहज वित्तीय पहुँच र सुरक्षित कारोबार प्रत्याभुत गर्ने।

**उद्देश्यः**

१. लक्षित समुदाय र लघु घरेलु तथा साना उद्यम व्यवसाय क्षेत्रमा औपचारिक वित्तीय पहुँच विस्तार गर्नु,
२. सूचना प्रविधि, स्टार्टअप र युवा उद्यमशीलताका क्षेत्रमा वित्तीय लगानी वृद्धि गर्नु र
३. सहकारी क्षेत्रलाई सुरक्षित, मर्यादित र व्यवस्थित बनाउनु।

**रणनीतिः**

१. बहुउद्देशीय सहकारी संस्थाहरुलाई उत्पादनशील क्षेत्रमा प्रोत्साहन गर्ने,
२. सुलभ वित्तीय सेवा प्रवर्द्धनमा बैंक तथा वित्तीय संस्था र सहकारी संस्थाहरूसँग सहकार्य गर्ने,
३. सहकारी र वित्तीय सेवाको विस्तारमा हरित लगानी परिचालनलाई जोड दिने,
४. वित्तीय साक्षरता र सुरक्षित कारोवार प्रवर्द्धनमा टोल विकास संस्था, निजि क्षेत्र र विकास साझेदारहरुसँग सहकार्य गर्ने,
५. सहुलियतपूर्ण कर्जा र अनुदानका कार्यक्रमलाई एकिकृत रुपमा कार्यान्वयन गर्ने र
६. सहकारीहरुको अगमन तथा नियमनलाई थप प्रभावकारी बनाउने।

### ३.५.४ प्रमुख आयोजना तथा कार्यक्रम

सहकारी तथा वित्तीय सेवाको क्षेत्रमा यस आवधिक योजनाको आगामी पाँच वर्षको अवधिमा सञ्चालन गरिने प्रमुख आयोजना तथा कार्यक्रमहरु देहाय बमोजिम रहेका छन्।

### तालिका १२ : सहकारी तथा वित्तीय सेवा उपक्षेत्रका प्रमुख आयोजना तथा कार्यक्रमहरु

| कार्यक्रम तथा आयोजना | इकाई | लक्ष्य | बजेट अनुमान (रु.हजारमा) | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ | जम्मा |
| वित्तीय साक्षरता कार्यक्रम | सालबसाली | | १६५०० | १८४८० | २०६९८ | २३१८१ | २५९६३ | १०४८२२ |
| सहकारी विकासतथा प्रवर्द्धन कार्यक्रम | सालबसाली | | १७५०० | २०१२५ | २३१४४ | २६६१५ | ३०६०८ | ११७९९२ |
| हरित लगानी प्रवर्द्धन कार्यक्रम | सालबसाली | | १७७५०० | २०४१२५ | २३४७४४ | २६९९५५ | ३१०४४९ | ११९६७७३ |
| सुरक्षित कारोबार प्रवर्द्धन कार्यक्रम | सालबसाली | | ७६५४ | ८८०२ | १०१२२ | ११६४१ | १३३८७ | ५१६०६ |
| सहकारी तथा स्टार्टअप क्षमता विकास | सालबसाली | | ११५९०० | १३३२८५ | १५३२७८ | १७६२६९ | २०२७१० | ७८१४४२ |
| अन्य सालबसाली कार्यक्रम | सालबसाली | | ६३५०० | ७३०२५ | ८३९७९ | ९६५७६ | १११०६२ | ४२८१४१ |
| जम्मा | | | ३९८५५४ | ४५७८४२ | ५२५९६४ | ६०४२३८ | ६९४१७८ | २६८०७७६ |

### ३.५.५ नतिजा खाका (परिमाणात्मक लक्ष्य)

### तालिका १३ : सहकारी तथा वित्तीय सेवा उपक्षेत्रका नतिजा सूचक र परिमाणात्मक लक्ष्य

| नतिजा सूचक | इकाई | आ.व. २०७९/८० को स्थिति | आ.व. २०८५/८६ को लक्ष्य |
|---|---|---|---|
| कोपोमसमा आवद्ध सहकारी संस्था | प्रतिशत | ६४ | १०० |
| सूचकमा आधारित सहकारी संस्थाहरूको अनुगमन | प्रतिशत | ३१ | १०० |
| स्टार्टअपमा प्रवाहित सहुलियतपूर्ण कर्जा | रु. करोड | ६.६५ | १०.५४ |
| समस्याग्रस्त सहकारी संस्था | संख्या | २ | ० |

## ३.६ श्रम, रोजगारी र उद्यमशीलता विकास

### ३.६.१ पृष्ठभूमी

गण्डकी प्रदेशको राजधानी रहेको पोखरा महानगरपालिका अहिले देशकै पर्यटन राजधानी घोषणा भएको छ। यहाँको प्रमुख आर्थिक संवाहक पर्यटन तथा आतिथ्य उद्योगको विस्तार सँगै अन्य आर्थिक गतिविधिहरु फस्टाउँदै गएका छन्। पर्यटन तथा आतिथ्य क्षेत्र र यससँग सम्वन्धित सेवामुलक तथा सहायक उत्पादनमुलक क्षेत्र नै यहाँको श्रम बजारको प्रमुख केन्द्रका रुपमा रहेको छ, जहाँ प्रत्यक्ष र अप्रत्यक्ष गरी करिब एक लाख जना श्रमिकले रोजगारी पाएको तथ्यांक छ। पर्यटन तथा आतिथ्य क्षेत्र बाहेक कृषि, उत्पादन, प्रशोधन, निर्माण र शिक्षा तथा स्वास्थ्य सेवाका साथै सरकारी तथा गैरसरकारी क्षेत्रमा समेत गरी पोखरामा कुल रोजगारीको संख्या दुई लाख हाराहारी रहेको अनुमान छ।

महानगरपालिकाको कुल जनसंख्या मध्ये १० वर्षभन्दा बढि उमेर समूहको जनसंख्या ८६ प्रतिशत अर्थात ४ लाख ४१ हजार ६०१ रहेकोमा त्यसको ५८.५ प्रतिशत अर्थात २ लाख ५८ हजार आर्थिक रुपमा सक्रीय रहेको राष्ट्रिय जनगणना २०७८ को तथ्यांकमा छ। काम गर्न सक्ने उमेर भनेर मानिने १० वर्षभन्दा माथिका जनसंख्यामा वेरोजगारको अनुपात ६ प्रतिशत (१७०००हाराहारी) रहँदा स्वेच्छिक वेरोजगारको अनुपात २५ प्रतिशत (६५६००) रहेको छ। यसले पोखरा महानगरपालिकाको श्रम बजारमा उपलब्ध स्थानीय श्रमशक्तिको संख्या दुई लाख भन्दा पनि कम (१ लाख ७६ हजार हाराहारी) मात्र रहेको देखाउँछ। यसर्थ पोखरा महानगरपालिका श्रमशक्ती अपुग (लेबर डेफिसिट) भएको क्षेत्र हो। यहाँका युवा श्रमशक्तिको ठूलो हिस्सा अध्ययन प्रयोजन तथा बैदेशिक रोजगारीमा मुलुक बाहिर रहेको छ भने स्थानीय श्रम बजारमा नेपालकै अन्य स्थानीय तह र छिमेकी मुलुकका श्रमशक्तिको उल्लेख्य उपस्थिति रहेको छ।

पोखरा महानगरपालिकाको जनसंख्याको संरचना, पर्यटन तथा सूचना प्रविधि र अन्य सेवामुलक व्यवसायको व्यापक सम्भावनाका कारण यहाँ उद्यमशीलता विकासको व्यापक सम्भावना रहेको देखिन्छ। पछिल्लो समय यहाँबाट उदाएका सूचना प्रविधिमा आधारित स्टार्टअप तथा नवउद्यमहरु राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजारमा फैलिएर सफलता हाँसिल गरीरहेका उदाहरणहरू पनि छन्। उत्पादन तथा प्रशोधन, निर्माण, पर्यटन तथा आतिथ्य सेवा,

व्यापार र कृषि तथा पशुपालन क्षेत्रमा स्वरोजगारीका साथै उद्यमशीलता विकासका अवसरहरू रहेका छन्। यहाँको प्रमुख आर्थिक संवाहक पर्यटन क्षेत्रका कारण विस्तारित हुँदै गएको उपभोक्ता बजारका कारण सबैभन्दा बढी सम्भावना कृषि तथा पशुपालन क्षेत्रमा रहेको छ ।

पोखरा महानगरपालिकाले स्वरोजगारी तथा मर्यादित र सुरक्षित रोजगारी सृजनाका लागि व्यवसाय प्रवर्द्धन केन्द्र (BPC) स्थापना गरी रोजगारी तथा उद्यमशीलताको क्षेत्रमा उल्लेखनीय कार्यको सुरूवात गरेको छ । व्यवसाय प्रवर्द्धन केन्द्रले प्रत्येक वर्ष सयौंको संख्यामा बेरोजगार तथा उद्यम व्यवसाय गर्न उद्यमशील युवाहरूलाइ विभिन्न विषयमा व्यवसायिक तथा सीप विकास तालिम एवं उद्यमशीलता विकास तालिम सञ्चालन गर्दै आएको छ ।

### ३.६.२ मुख्य सवाल तथा चुनौती

महानगरपालिका क्षेत्रमा व्यवसाय विस्तारको सम्भावना र लगानीका अवसरहरुमा बढोत्तरी भइरहँदा स्थानीय श्रमबजारमा कामदारको अभाव देखिनु नीति तथा योजना निर्माणको सन्दर्भमा सबैभन्दा मुख्य सवाल हो। एकातर्फ स्वेच्छिक वेरोजगारी तथा अर्ध वेरोजगारीको अवस्था अनुमान भन्दा बढी देखिनु अर्कोतर्फ बजारमा काम गर्ने जनशक्तिको अभाव हुदैं जानु दिगो र समावेशी विकासका दृष्टिले पोखरा महानगरपालिकाको लागि चुनौतीको विषय हो।यस विषयमा वस्तुगतरुपमा अध्ययन गरी बढ्दो जोखिम न्यूनिकरण र समस्या समाधानका उपाय पहिल्याउन आवश्यक देखिएको छ।

श्रमबजारमा श्रमिकको माग र आपूर्तीको बिचमा तालमेल मिल्न नसक्दा सरकारले तोकेको न्यूनतम ज्यालादर र बजारमा प्रचलित ज्यालादर बीचको अन्तर फराकिलो हुदैं गएको छ।यसको प्रतिकुल असर न्यून आय भएका र गरिब घरपरिवारको जनजिविकामा पर्दै गएको छ। क्षमतावान युवा तथा सरकारको लगानीमा तयार भएका प्रतिभाहरु दिनहुँ विदेश पलायन हुँदा स्थानीयस्तरमा दक्ष तथा उद्यमशील जनशक्तिको अभाव त छदैछ सरकार तथा निजि क्षेत्रका विकास आयोजनाहरु सञ्चालनमा समेत समस्या देखिन थालेको छ। त्यसैगरी उत्पादनशील युवाशक्ति र प्रतिभा पलायनका कारण उद्यमशीलता विकास,व्यवसाय विस्तारका

साथै विकास प्रक्रियामा युवा परिचालन तथा प्रतिभा उपयोगको नीति कार्यान्वयनमा समेत चुनौति थपिदैं गएको छ।

### ३.६.३ मुख्य नीति

**लक्ष्यः**

सन्तुलित श्रमबजार र सम्मानजनक रोजगारीको सुनिश्चितता गर्ने ।

**उद्देश्यः**

१. श्रमबजारको माग अनुरुप सीपयुक्त र दक्ष श्रमिकको आपूर्ती गर्नु,
२. श्रमिक र रोजगारदाता बिच असल सौहार्द श्रम सम्वन्ध स्थापित गर्नु र
३. उद्यमशीलता विकास र स्वरोजगारी प्रवर्द्धन गर्नु ।

**रणनीतिः**

१. अध्ययन, अनुसन्धान र प्रमाणमा आधारित नीति, नियम र योजना तर्जुमा गर्ने,
२. स्थानीय श्रम बजारलाई मर्यादित र सन्तुलित बनाउन श्रमिक, रोजगारदाता र सरकार बिचको त्रिपक्षीय सहकार्यलाई सुदृढीकरण गर्ने,
३. युवाहरूलाई श्रम बजारमा आकर्षित गर्न क्षमता विकास र जागरण अभियान सञ्चालन गर्ने,
४. श्रमिकहरुको पेशागत स्वास्थ्य र सामाजिक सुरक्षाको सुनिश्चितता गर्ने, र
५. उद्यमशीलता विकास र स्वरोजगारी प्रवर्द्धनका कार्यक्रमहरुलाई एकिकृत रुपमा सञ्चालन गर्ने।
६. व्यवसाय प्रवर्द्धन केन्द्रकोक्षमता विकास गर्दै जाने र
७. आर्थिक क्षेत्र सँग सम्बन्धित सार्वजनिक सरोकारका विषयमा नीतिगत, कानूनी तथा प्रक्रियागत सुधारका लागि सार्वजनिक नीजि सम्बाद (PPD) लाइ प्रोत्साहित गर्ने ।

### ३.६.४ प्रमुख आयोजना तथा कार्यक्रम

श्रम, रोजगारी तथा उद्यमशिलता विकास क्षेत्रमा आगामी पाँच वर्षमा सञ्चालन गरिने प्रमुख आयोजना तथा कार्यक्रमहरु देहाय बमोजिम रहेका छन्।

### तालिका १४ : श्रम, रोजगारी तथा उद्यमशिलता विकास उपक्षेत्रका प्रमुख आयोजना तथा कार्यक्रमहरु

| कार्यक्रम तथा आयोजना | इकाई | लक्ष्य | बजेट अनुमान (रु.हजारमा) | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ | जम्मा |
| सीप तथा क्षमता विकास कार्यक्रम | सालबसाली | | ९६५०० | १०८०८० | १२१०५० | १३५५७६ | १५१८४५ | ६१३०५० |
| लगानी वातावरण सुधार कार्यक्रम | सालबसाली | | ८५५०० | ९८३२५ | ११३०७४ | १३००३५ | १४९५४० | ५७६४७४ |
| श्रम बजार सुदृढीकरण कार्यक्रम | सालबसाली | | ६७५०० | ७७६२५ | ८९२६९ | १०२६५९ | ११८०५८ | ४५५१११ |
| स्वरोजगार र उद्यमशिलता प्रवर्द्धन | सालबसाली | | १५७०५४ | १८०६१२ | २०७७०४ | २३८८६० | २७४६८८ | १०५८९१८ |
| पेशागत स्वास्थ्य तथा सामाजिक सुरक्षा प्रवर्द्धन | सालबसाली | | ६६५०० | ७६४७५ | ८७९४६ | १०११३८ | ११६३०९ | ४४८३६८ |
| अन्य सालबसाली कार्यक्रम | सालबसाली | | ७३५०० | ८४५२५ | ९७२०४ | १११७८४ | १२८५५२ | ४९५५६५ |
| **जम्मा** | | | **५४६५५४** | **६२५६४२** | **७१६२४६** | **८२००५१** | **९३८९९२** | **३६४७४८५** |

## ३.६.५ नतिजा खाका (परिमाणात्मक लक्ष्य)

### तालिका १५ : श्रम, रोजगारी तथा उद्यमशिलता विकास क्षेत्रका नतिजा सूचक र परिमाणात्मक लक्ष्य

| नतिजा सूचक | इकाई | आ.व. २०७९/८० को स्थिति | आ.व. २०८५/८६ को लक्ष्य |
|---|---|---|---|
| बेरोजगारी दर | प्रतिशत | ६.४ | ४.१ |
| स्वेच्छिक बेरोजगारी दर | प्रतिशत | २५ | १५ |
| त्रिपक्षीय छलफल (वार्षिक) | संख्या | ० | ३ |

# परिच्छेदः ४
# सामाजिक विकास क्षेत्र

## परिचय

सामाजिक विकासले सामजिक प्राणीको रूपमा मानिसलाई विकासको केन्द्रविन्दुमा राखेर मानिसको आधारभुत आवश्यकताहरूको समुचित व्यवस्थापनलाई जोड दिदैं आएको छ ।सामाजिक विकास क्षेत्रलाई योजनावद्व विकास प्रयासमा अन्तरसम्बन्धित र बहुआयामिक क्षेत्रका रूपमा लिई तदनुरूप योजना तथा कार्यक्रमहरू सञ्चालन गरिदै आएको छ। पोखरा महागरपालिकाको दोस्रो पञ्चवर्षीय योजनाले लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (GESI)लाई प्राथमिकतामा राखेको छ। सामाजिक न्याय, कानूनी राज्य र सुशासन, नागरिक उत्तरदायित्व तथा सचेतना, जनसहभागिता, जातीय, भाषिक, लैंगिक तथा सांस्कृतिक सम्मानको सुनिश्चितता जस्ता सवालहरूलाई आत्मसात गरेको छ।

विभिन्न रणनीतिक योजना तथा प्रथम आवधिक योजनामा समाविष्ट कार्यक्रमहरूबाट प्राप्त अनुभव, उपलब्धि र सिकाइलाई मध्येनजर गरी दोश्रो पञ्चवर्षीय योजनामा प्राथमिकताका साथ निरन्तरता दिइएको छ।दोश्रो पञ्चवर्षीय योजनाका लागि सामाजिक विकास क्षेत्रका मार्गदर्शक नीतिहरू देहाय बमोजिम निर्धारण गरिएको छ।

**सोचः**

**सभ्य,समुन्नत तथा समतामूलक समाज।**

**लक्ष्यः**

**सम्मानित र गुणस्तरिय जीवनयापनको सुनिश्चितता गर्ने।**

**उद्देश्य**

१. महिला, बालबालिका, ज्येष्ठ नागरिक एवम् अपाङ्ग भएका व्यक्तिमैत्री समाज निर्माण गर्नु,
२. सीमान्तकृत, अल्पसंख्यक लगायतका लक्षित समुदाय तथा वर्गको आर्थिक तथा सामाजिक सशक्तिकरण गर्नु,
३. सबै प्रकारका विभेद तथा हिंसाको अन्त्य गर्नु,
४. सर्वसुलभ, गुणस्तरीय र जीवनोपयोगी शिक्षाको अवसर सुनिश्चितता गर्नु,

५. स्वास्थ्य सेवामा सबै नागरिकको पहुँच सुनिश्चितता तथा सेवाको गुणस्तर अभिवृद्धि गर्नु र

## ४.१ शिक्षा, विज्ञान तथा प्रविधि

### ४.१.१ पृष्ठभूमि

हाल पूर्ण साक्षर घोषणा भएको पोखरा महानगरपालिका ऐतिहासिक कालदेखि नै शैक्षिक क्षेत्रमा पश्चिम क्षेत्रकै कहलिएको ठाँउ हो। पोखरा महानगरपालिका अहिले पनि गण्डकी प्रदेसको प्रमुख शैक्षिक केन्द्रका रूपमा रहेको छ।

नेपालको संविधानले आधारभुत तथा माध्यामिक शिक्षालाई स्थानीय तहको एकल अधिकारका रूपमा प्रस्तुत गरेको छ। शिक्षा र खेलकुद क्षेत्र संघ, प्रदेश तथा स्थानीय तहको साझा अधिकार सूचिमा पर्दछन् । पोखरा महानगरपालिकाले आगामी पञ्चवर्षीय योजनामा शिक्षा क्षेत्रलाई मानव विकासको लागि संवाहकका रूपमा आत्मसात गरेको छ। शिक्षाको विकास मार्फत नै समाजको प्रगति मापन गर्ने तथ्यलाई मध्यनजर गरी महानगरपालिकाले यस क्षेत्रलाई विशेष प्राथमिकतामा राखेर शैक्षिक विकासको रणनीति अवलम्वन गरेको छ।

### ४.१.२ मुख्य सवाल तथा चुनौती

शिक्षा क्षेत्रको समग्र विकासको प्रयासका वावजुद शैक्षिक गुणस्तरमा अपेक्षित सुधारका लागि अझै धेरै काम गर्नुपर्ने अवस्था विद्यमान छ । सामुदायिक तथा संस्थागत विद्यालयको शैक्षिक गुणस्तर तथा नतिजाको बिचमा फराकिलो अन्तर कायमै छ । सामुदायिक विद्यालयहरूप्रति समुदायको विश्वसनियता अभिवृद्धि गर्नु थप चुनौतपूर्ण रहेको छ। सामुदायिक विद्यालयहरूको नक्शांकन तथा आवश्यकता विश्लेषण गरी दरबन्दी मिलान, शिक्षक समायोजन, नेतृत्व सबलीकरण, भौतिक पूर्वाधार विकास, विद्यालय व्यवस्थापन तथा अनुगमन प्रभावकारी बनाउनु पर्ने सबाल अहिले पनि उत्तिकै महत्वपूर्ण रहेको छ।

विज्ञान तथा प्रविधिको क्षेत्रमा अध्ययन तथा अनुसन्धान र प्रविधि विकासलाई प्रोत्साहन गर्न आवश्यक नीतिगत, कानुनी तथा प्रक्रियागत सुधारका साथै स्रोत व्यवस्थापन समेत प्रमुख सवालको रूपमा रहेको छ। स्थानीय श्रम बजारको माग र आवश्यकता अनुरुप व्यवसायिक

तथा प्राविधिक जनशक्ति उत्पादन र दक्षता अभिवृद्धिमा विशेष ध्यान दिनुपर्नेछ ।व्यवहारिक, जीवनोपयोगी तथा गुणस्तरीय शिक्षामा दलित, विपन्न, सीमान्तकृत तथा पिछडिएका वर्ग तथा समुदायका बालबालिकाको लागि अवसर सृजना गर्न जरूरी छ।

### ४.१.३ मुख्य नीति

**लक्ष्यः**

**दक्ष र उत्पादनशील मानव संसाधनको विकास गर्ने।**

**उद्देश्यः**

१. प्राविधिक, व्यावसायिक तथा जिवनोपयोगी शिक्षाको विकास गर्नु।
२. शैक्षिक क्षेत्रमा सुशासन कायम गर्नु।
३. शिक्षालाई सृजनसिलता, उद्यमशीलता तथा व्यावसायिकतामा आवद्ध गर्नु।
४. स्थानीय स्रोतसाधनको समुचित उपयोग हुने पाठ्यक्रम लागु गर्नु।

**रणनीतिः**

१. बालविकास केन्द्रलाई शिक्षाको अभिन्न अंगका रूपमा विकास गर्ने ।
२. ग्रामिण क्षेत्रका विद्यालयहरूको दिगो संचालन तथा व्यवस्थापनका लागि प्रविधिको प्रयोग गर्ने ।
३. शिक्षालाई रोजगारमूलक तथा आयमूलक कार्यक्रमसँग आवद्ध गर्ने ।
४. विद्यालयहरूको शैक्षिक गुणस्तर अभिवृद्धिका लागि सुशासन, नियमन तथा अनुगमन लाई प्रभावकारी बनाउने ।
५. व्यवहारिक, प्रयोगात्मक, व्यवसायिक, सिपयुक्त र जीवनोपयोगी शिक्षाको विकास तथा प्रवर्द्धन गर्ने,
६. नैतिक तथा नागरिक शिक्षा र आध्यात्मिक पठन संस्कृति र शैक्षिक सुशासन प्रवर्द्धन गर्ने ।
७. सबैका लागि गुणस्तरीय, समन्यायिक एवं जीवनोपयोगी शिक्षाको विकास तथा पहुँच विस्तार गर्ने।

### ४.१.४ प्रमुख आयोजना तथा कार्यक्रम

**तालिका १६ : शिक्षा, विज्ञान तथा प्रविधि उपक्षेत्रका प्रमुख आयोजना तथा कार्यक्रमहरु**

| कार्यक्रम तथा आयोजना | इकाई | लक्ष्य | बजेट अनुमान (रु.हजारमा) | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ | जम्मा |
| बाल विकास कार्यक्रम | सालबसाली | | १४२५०० | १७८१२५ | २२२६५६ | २७८३२० | ३४७९०० | ११६९५०२ |
| आधारभुत शिक्षा कार्यक्रम | सालबसाली | | २०५००० | २५६२५० | ३२०३१३ | ४००३९१ | ५००४८८ | १६८२४४१ |
| माध्यामिक शिक्षा कार्यक्रम | सालबसाली | | १००००० | १२५००० | १५६२५० | १९५३१३ | २४४१४१ | ८२०७०३ |
| प्राविधिक तथा व्यवसायिक शिक्षा | सालबसाली | | १२३१०० | १५३८७५ | १९२३४४ | २४०४३० | ३००५३७ | १०१०२८६ |
| अन्य सालबसाली कार्यक्रम | सालबसाली | | १७५००० | २१८७५० | २७३४३८ | ३४१७९७ | ४२७२४६ | १४३६२३० |
| विज्ञान तथा प्रविधि विकास कार्यक्रम | सालबसाली | | १७५०० | २१८७५ | २७३४४ | ३४१८० | ४२७२५ | १४३६२३ |
| शैक्षिक पूर्वाधार विकास कार्यक्रम | सालबसाली | | ३४८७६० | ४३५९५० | ५४४९३८ | ६८११७२ | ८५१४६५ | २८६२२८४ |
| **कुल जम्मा** | | | **११११८६०** | **१३८९८२५** | **१७३७२८१** | **२१७१६०२** | **२७१४५०२** | **९१२५०७०** |

### ४.१.५ नतिजा खाका (परिमाणात्मक लक्ष्य)

**तालिका १७: शिक्षा, विज्ञान तथा प्रविधि उपक्षेत्रको नतिजा सूचक र परिमाणात्मक लक्ष्य**

| नतिजा सूचक | इकाई | आ.व. २०७९/८० को स्थिति | आ.व. २०८५/८६ को लक्ष्य |
|---|---|---|---|
| बालविकास तहको भर्नादर | प्रतिशत | ८५ | ९५ |
| प्राथमिक तहको खुद भर्नादर | प्रतिशत | ९७.८ | १०० |
| आधारभूत तहको खुद भर्नादर | प्रतिशत | ९५.३ | १०० |
| माध्यामिक तहको (९-१०) खुद भर्नादर | प्रतिशत | ९४ | १०० |
| कक्षा १-५ को उत्तिर्ण दर | प्रतिशत | ९७ | १०० |
| कक्षा ६-८ को उत्तिर्ण दर | प्रतिशत | ९५ | १०० |
| कक्षा ६-८ को कक्षा छोड्ने दर | प्रतिशत | १.५ | ० |
| कक्षा ९-१० को उत्तिर्ण दर | प्रतिशत | ९५ | १०० |
| कक्षा ९-१० कक्षा छोड्ने दर | प्रतिशत | १ | ० |
| ईन्टरनेटमा पहुँच पुगेका विद्यालय | प्रतिशत | ९० | १०० |
| प्राविधिक विद्यालयको भर्ना दर | प्रतिशत | २० | ३५ |

## ४.२ जनस्वास्थ्य तथा पोषण

### ४.२.१ पृष्ठभूमी

नेपालको संविधानले आधारभूत स्वास्थ्य सेवालाई मौलिक हकको रूपमा उल्लेख गरेको छ। राष्ट्रिय स्वास्थ्य निति २०७६ ले सबै नागरिकलाई सर्वसुलभ स्वास्थ्य सेवाको पहुँच सुनिश्चित गर्ने लक्ष्य लिएको छ।स्थानीय तहलाइ सुम्पिएको संबैधानिक तथा कानूनी जिम्मेवारी अनुरूप पोखरा महानगरपालिकाले स्वास्थ्य तथा पोषणको क्षेत्रलाइ प्राथमिकतापुर्वक आफ्ना नीति तथा कार्यक्रममा समावेश गरी निरन्तर कार्यान्वयन गर्दै आएको छ ।नागरिकको आधारभूत सेवाको रूपमा रहेको स्वास्थ्य सेवालाइ अझ गुणस्तरीय सहज र सुलभ बनाउन महानगरपालिकाले प्रयत्न गरिरहेको छ ।पोखरा महानगरपालिकाले आगामी आवधिक योजनामा स्वास्थ्य तथा पोषण क्षेत्रमा आशातित उपलब्धि हासिल गर्ने गरी कार्यक्रम अगाडि बढाएको छ।

### ४.२.२ मुख्य सवाल तथा चुनौती

स्वास्थ्य सेवाको गुणस्तर अभिबृद्धि पहुँच विस्तार एवं स्तरोन्नति सँगै नसर्ने तथा महामारीजन्य रोगहरूको संक्रमण दरमा देखिएको वृद्धिले स्वास्थ्य क्षेत्रमा चुनौति थप भएको छ। पोखरा महानगरपालिका अन्तर्गत सञ्चालित स्वास्थ्य संस्थाहरूको दिगो सञ्चालनका लागि भौतिक पूर्वाधार, दक्ष जनशक्ति तथा स्वास्थ्य उपकरणको व्यवस्थापन प्रमुख सवालका रूपमा रहेको छ।आधारभूत स्वास्थ्यसेवा सम्बन्धि राष्ट्रिय मापदण्ड २०७५ अनुरूप आधारभुत सेवाको सर्वसुलभ पहुँच र गुणस्तर सुनिश्चितता चुनौतीपूर्ण रहेको छ।राष्ट्रिय स्वास्थ्य नीति २०७६ मा उल्लेख गरिएको एक स्वास्थ्य संस्था एक चिकित्सकको अवधारणा लागू हुन बाँकी छ।

आम उपभोक्ताहरूको बदलिंदो जीवनशैली अनुरूप पौष्टिक तथा गुणस्तरीय खाद्यवस्तुको उपभोग सम्वन्धमा सचेतना अभियान आवश्यक छ।बजारमा खाद्य पदार्थको गुणस्तर, मूल्य लगायतको विषयमा नियमित अनुगमन र नियन्त्रणलाई प्रभावकारी बनाउन सकिएको छैन। स्वास्थ्य सेवा प्रवाह तथा स्वास्थ्य बीमाको पहुँच सुनिश्चितताका लागि नागरिकमैत्री कार्यक्रमलाई थप प्रभावकारी बनाउनु जरूरी छ। ग्रामिण क्षेत्रका वडाहरूमा घट्दो जनसंख्या तथा शहरी क्षेत्रमा बढ्दो जनसंख्यालाइ विचार गरी सन्तुलित स्वास्थ्य सेवा प्रबाह पनि चुनौतिपूर्ण बन्दै गएको छ ।

### ४.२.३ मुख्य नीति

**लक्ष्यः**

गुणस्तरीय एवं सर्वसुलभ स्वास्थ्य सेवाको सुनिश्चितता गर्ने।

**उद्देश्यः**

१. सहज तथा सर्वसूलभ स्वास्थ्य सेवा उपलब्ध गराउनु।
२. प्रतिकारात्मक, प्रवर्द्धनात्मक, उपचारात्मक, पूनर्स्थापनात्मक लगायतका स्वास्थ्य सेवालाई थप प्रभावकारी बनाउनु ।
३. आयूर्वेद, प्राकृतिक तथा वैकल्पिक चिकित्सा पद्धतिको विकास र विस्तार गर्नु ।
४. आधारभुत स्वास्थ्य सेवा प्रणालीको सुदृढीकरणका गर्नु।

**रणनीतिः**

१. विशिष्टिकृत तथा अति विशिष्टिकृत उपचारात्मक सेवालाई वीमाको दायरामा ल्याउने ।
२. स्वास्थ्य संस्थामा अत्यावश्यक उपकरण, औषधि, दक्ष जनशक्तिको व्यवस्थापन गर्ने।
३. सवै स्वास्थ्य सेवा प्रदायकलाई एकिकृत सूचना प्रणालीमा आवद्ध गराउने।
४. मनोपरामर्श सेवा तथा वैकल्पिक उपचार पद्वतिको प्रवर्द्धन गर्ने।
५. क्यान्सर तथा अङ्ग प्रत्यारोपण जस्ता जटिल उपचार सेवाको पहुँच विस्तारका लागि संघ, प्रदेश तथा निजि क्षेत्रसँग सहकार्य गर्ने।
६. भौगोलिक अवस्था तथा जनसंख्याको आधारमा स्वास्थ्य पूर्वाधार तथा जनशक्ति व्यवस्थापन गर्ने।
७. स्वास्थ्य तथा पोषण क्षेत्रमा अनुसन्धान तथा विकासलाई प्रोत्साहन गर्ने।
८. संक्रामक रोग तथा महामारीको जोखिम न्यूनीकरण तथा नियन्त्रणमा पूर्वतयारी तथा प्रतिकार्यका लागि आवश्यक समन्वय तथा सहकार्य गर्ने ।

### ४.२.४ प्रमुख आयोजना तथा कार्यक्रम

आगामी पञ्चवर्षीय योजना अवधिमा स्वास्थ्य तथा पोषण उपक्षेत्रमा देहाय बमोजिम आयोजना तथा कार्यक्रमहरू प्रस्तावित गरिएको छ ।

**तालिका १८: स्वास्थ्य तथा पोषण उपक्षेत्रका प्रमुख आयोजना तथा कार्यक्रमहरु**

| कार्यक्रम तथा आयोजना | इकाई | लक्ष्य | बजेट अनुमान (रु.हजारमा) | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ | जम्मा |
| स्वास्थ्य पूर्वाधार विकास कार्यक्रम | सालबसाली | | १५६५०० | १९५६२५ | २४४५३१ | ३०५६६४ | ३८२०८० | १२८४४०० |
| जनस्वास्थ्य प्रवर्द्धन कार्यक्रम | सालबसाली | | २३५००० | २९३७५० | ३६७१८८ | ४५८९८४ | ५७३७३० | १९२८६५२ |
| आधारभुत स्वास्थ्य प्रवर्द्धन कार्यक्रम | सालबसाली | | १५८००० | १९७५०० | २४६८७५ | ३०८५९४ | ३८५७४२ | १२९६७११ |
| आयुर्वेद तथा वैकल्पिक स्वास्थ्य प्रवर्द्धन | सालबसाली | | २७६५४ | ३४५६८ | ४३२०९ | ५४०१२ | ६७५१५ | २२६९५७ |
| परिवार कल्याण कार्यक्रम | सालबसाली | | १५००० | १८७५० | २३४३८ | २९२९७ | ३६६२१ | १२३१०५ |
| महामारी तथा घातक रोग नियत्रण | सालबसाली | | १६५०० | २०६२५ | २५७८१ | ३२२२७ | ४०२८३ | १३५४१६ |
| अन्य सालबसाली कार्यक्रम | सालबसाली | | ५३५०० | ६६८७५ | ८३५९४ | १०४४९२ | १३०६१५ | ४३९०७६ |
| **कुल जम्मा** | | | **६६२१५४** | **८२७६९३** | **१०३४६१६** | **१२९३२७०** | **१६१६५८७** | **५४३४३१९** |

## ४.२.५ नतिजा खाका (परिमाणात्मक लक्ष्य)

**तालिका १९ : जनस्वास्थ्य तथा पोषण क्षेत्रको नतिजा सूचक र परिमाणात्मक लक्ष्य**

| नतिजा सूचक | इकाई | आ.व. २०७९/८० को स्थिति | आ.व. २०८५/८६ को लक्ष्य |
|---|---|---|---|
| मापदण्ड अनुसार ४ पटक गर्भजाच गर्ने महिला (जीवित जन्ममा) | प्रतिशत | १७१.३ | १९० |
| परिवार नयोजनको साधन प्रयोग दर | प्रतिशत | ३२ | ५० |
| नवजात शिशुको मृत्यु | जना | १.३९ | ०.३८ |
| नयाँ एचआईभी संक्रमितहरुको दर | प्रति | ४१२ | २०० |

| | | | |
|---|---|---|---|
| | हजारमा | | |
| ५ वर्ष मुनिका बालबालिकाहरूमा स्वासप्रस्वास संक्रमण दर | प्रति हजारमा | १८० | १२० |
| परिवार नियोजनका साधन प्रयोग गर्ने महिलाको अनुपात | अनुपात | १२.७८ | १७ |
| २३ महिना मुनिका बालबालिका मध्ये कम तौल भएका बालबालिका संख्या | प्रतिशत | ०.६ | ०.२ |

## ४.४ सामाजिक सुरक्षा तथा लक्षित वर्ग

### ४.४.१ पृष्ठभूमी

संविधानको प्रस्तावनामै सबै प्रकारका विभेद अन्त्य गरी समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने उल्लेख गरिएको छ। पोखरा महानगरपालिकाले लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको क्षेत्रमा समानुपातिक, समावेसी तथा न्यायोचित वितरण गर्ने उद्देश्यका साथ बार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्ने अभ्यासलाई निरन्तरता दिईरहेको छ। आर्थिक तथा सामाजिक रूपले पछाडि परेका महिला, दलित, आदिवासी जनजाती, सिमान्तकृत समुदाय समेतलाई लक्षित गरी कार्यक्रम संचालन हुँदै आएका छन्।

आर्थिक तथा सामाजिक रूपले पिछडिएको वर्गको सशक्तिकरणका लागि **"उपप्रमुखसँग महिला"** कार्यक्रम लगायतका विषेश कार्यक्रमहरू सञ्चालित छन्। बालबिवाह, बहुविवाह जस्ता सामाजिक कुरितिको अन्त्य गर्दै घरेलु हिंसामुक्त शहर बनाउन बिभिन्न कार्यक्रमहरू संचालन गरिएका छन्।

### ४.४.२ मुख्य सवाल तथा चुनौति

पोखरा महानगरपालिकामा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणका क्षेत्रमा उल्लेखनीय प्रगति भएको देखिए पनि लक्षित वर्गको अवस्थामा भने अपेक्षित सुधार हुन सकेको छैन। महिला, बालबालिका तथा लक्षित वर्गमैत्री भौतिक संरचना पर्याप्त निर्माण हुन सकेका छैनन्। एकल महिला, दलित, अपाङ्गता भएका व्यक्ति तथा महिलाहरू प्रतिको सोच तथा व्यवहारमा परिवर्तन आवश्यक छ। जातजाती, सम्प्रदाय, विपन्नता तथा लिङ्गका आधारमा हुने विभेद तथा दुर्व्यवहार न्यूनीकरण चुनौतिपूर्ण बन्दै गएको छ।

लक्षित वर्गमा आफ्नो अधिकार र कर्तब्य सम्वन्धी सचेतनामा अपेक्षित सुधार हुन नसक्दा सामाजिक न्याय तथा सुरक्षा व्यवस्थापनमा गुनासाहरु कायमै छन्। लक्षित वर्गका लागि तर्जुमा गरिएका कार्यक्रमहरूबाट पनि अपेक्षित नतिजा प्राप्त हुन सकेको छैन। लक्षित वर्गमा आर्थिक, सामाजिक तथा राजनितिक क्षेत्रमा अर्थपूर्ण सहभागिता र प्रभावशाली उपस्थिति बढाउनु पर्नेछ।

### ४.४.३ मुख्य नीति

**लक्ष्यः**

समतामुलक र समृद्ध समाजको निर्माण गर्ने।

**उद्देश्यः**

१. आर्थिक तथा सामाजिक रुपले पछाडि परेका लक्षित वर्ग र समुदायको सशक्तिकरण गर्नु।
२. फरक क्षमता भएका नागरिकको सहजताका लागि नागरीकमैत्री संरचना तथा सेवा वातावरण निर्माण गर्नु ।
३. सबैका लागि सामाजिक सुरक्षा अवधारणा अनुरुप सामाजिक सुरक्षा कार्यक्रम संचालन गर्नु।

**रणनितीः**

१. लक्षित वर्ग तथा समुदायको सामाजिक र आर्थिक सशक्तिकरणका कार्यक्रम सञ्चालन गर्ने।
२. योगदानमा आधारित सामाजिक सुरक्षा योजनालाई प्रवर्द्धन गर्ने।
३. सामाजिक विकृति तथा विसंगति विरुद्ध अभियान सञ्चालन गर्ने।
४. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (GESI) सम्बन्धी नीति, रणनीति तथा कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्ने।
५. सबै सार्वजनिक तथा भौतिक संरचना र सार्बजनिक सम्पत्तिहरू महिला, बालबालिका, जेष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिमैत्री बनाउने।

### ४.४.४ प्रमुख आयोजना तथा कार्यक्रम

**तालिका २०: सामाजिक सुरक्षा तथा लक्षित वर्ग उपक्षेत्रका प्रमुख आयोजना तथा कार्यक्रमहरु**

| कार्यक्रम तथा आयोजना | इकाई | लक्ष्य | बजेट अनुमान (रु.हजारमा) | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ | जम्मा |
| महिला विकास तथा सशक्तिकरण | सालबसाली | | ११४५०० | १४१९८० | १७६०५५ | २१८३०८ | २७०७०२ | ९२१५४६ |
| बालबालिका तथा जेष्ठ नागरिक संरक्षण | सालबसाली | | ४५००० | ५५८०० | ६९१९२ | ८५७९८ | १०६३९० | ३६२१८० |
| लक्ष्यित वर्ग/समुदाय उत्थान कार्यक्रम | सालबसाली | | ३२५०० | ४०३०० | ४९९७२ | ६१९६५ | ७६८३७ | २६१५७४ |
| सामाजिक सुरक्षा कार्यक्रम | सालबसाली | | ७५७६५४ | ९३९४९१ | ११६४९६९ | १४४४५६१ | १७९१२५६ | ६०९७९३१ |
| अन्य सालबसाली कार्यक्रम | सालबसाली | | ५५००० | ६८२०० | ८४५६८ | १०४८६४ | १३००३२ | ४४२६६४ |
| **कुल जम्मा** | | | १००४६५४ | १२४५७७१ | १५४४७५६ | १९१५४९७ | २३७५२१७ | ८०८५८९५ |

**तालिका २१ : क्षेत्रको नतिजा सूचक र परिमाणात्मक लक्ष्य**

| नतिजा सूचक | इकाई | आ.व. २०७९/८० को स्थिति | आ.व. २०८५/८६ को लक्ष्य |
|---|---|---|---|
| बार्षिक रूपमा घरेलु हिंसा अन्तर्गत दर्ता मुद्दा | संख्या | १६० | ११० |
| यौन हिंसामा परेका १५ बर्ष माथिका महिला | प्रतिशत | ९ | ५ |
| संघसंस्थाको व्यवस्थापकिय तहमा महिलाको हिस्सा | प्रतिशत | १७ | २५ |
| संघ/महासंघको बोर्डमा महिलाको सहभागिता | प्रतिशत | ३३ | ४५ |
| महिलाको स्वामित्वमा जमिन भएको घरपरिवार | प्रतिशत | ३५ | ५० |

## ४.५ युवा, खेलकुद तथा नवप्रवर्तन

### ४.५.१ पृष्ठभूमी

राष्ट्रिय जनगणना २०७८ अनुसार १५ देखि ४९ बर्ष उमेर समूहका जनसंख्याको अनुपात करिब ६० प्रतिशत रहेको पोखरा महानगरपालिका खेलकुदमा निकै संभाबना बोकेको क्षेत्र हो। महानगरपालिका क्षेत्रमा भएका भौतिक पूर्वाधार तथा अवसरका दृष्टिले युवा उद्यमशिलता, नवप्रवर्तन तथा खेलकुदका लागि उर्वरभूमीका रूपमा मानिदै आएको छ।फुटबल, भलिबल, क्रिकेट लगायतका खेलमा यहाँका दजनौं खेलाडीहरूले राष्ट्रिय तथा अन्तराष्ट्रिय सफलता हाँसिल गरेका छन्। पर्यटन उद्योगसँग सम्बन्धित हिमाल आरोहण, प्याराग्लाईडिङ्ग, क्यानोईङ्ग, रक क्लाइम्बिङ्ग, साईक्लिङ्ग जस्ता साहसिक खेलकुदमा पनि पोखरा महानगरपालिकाले छुट्टै पहिचान बनाएको छ।

पोखरा महानगरपालिकाको दीर्घकालिन सोचपत्र पोखरा २१०० मा सूचना तथा संचार प्रविधि र युवा उद्यमशीलतालाई तुलनात्मक लाभको क्षेत्रका रूपमा पहिचान गरी प्राथमिकतामा राखिएको छ।युवा जनशक्तिलाई सूचना प्रविधि र कृत्रिम वौद्धिकता (AI) जस्ता क्षेत्रसँग जोडेर आर्थिक विकास र सामाजिक रूपान्तरणका संवाहकको रूपमा स्थापित हुने अवसर पनि छ।पोखरा महानगरपालिकाले सिर्जनशील, स्मार्ट र समुन्नत शहरका रूपमा विकास गर्न युवा उद्यमीहरूलाई सूचना प्रविधिमैत्री उद्यमशीलता र व्यावसायिक खेलकुदप्रति आकर्षित गर्नु आवश्यक छ।

### ४.५.२ मुख्य सवाल र चुनौति

युवा खेलकुद तथा नवप्रवर्तन उपक्षेत्रको प्रमुख सवालहरूमध्ये युवा जनशक्तिको निरन्तर पलायन र आन्तरिक बजारमा दक्ष जनशक्तिको अभाव प्रमुख सबालको रूपमा देखिएको छ ।युवा उद्यमशीलता विकास तथा खेलकुदलाई व्यवसायिकरण र स्थानीयस्तरमा खेलाडीको क्षमता विकासलाइ अपेक्षितरूपमा प्राथमिकतामा परेको देखिदैन।वैदेशिक रोजगारीलाई मर्यादित र सुरक्षित बनाउन तदनुरूप आवश्यक क्षमता विकास गर्न जरूरी छ। युवाहरूलाई स्वदेशमै उद्यम व्यावसाय गर्न सक्षम बनाउने तथा उत्प्रेरित गर्ने कार्यक्रमहरूलाइ प्रभावकारी बनाउन सकिएको छैन ।खेलकुद पर्यटनको दृष्टिले प्रवलसंभावना बोकेको पोखरामा तदनुरूप पुर्वाधार निर्माण, नीति तथा कार्यक्रम अघि बढाउनुपर्ने देखिन्छ ।आगामी योजनामा खेलकुदलाई अनुशासन, स्वास्थ्यसँग आवद्ध गराइ व्यवसायिक दृष्टिले समेत प्रतिष्पर्धी बनाउदै लैजान आवश्यक देखिएको छ ।

### ४.५.३ मुख्य नीति

**लक्ष्यः**

सृजनशीलता र व्यावसायिकता सहित युवाको विकास गर्ने।

**उद्देश्यः**

१. सचेत, जिम्मेवार र सिर्जनशील युवा जनशक्ति विकास गर्नु।
२. व्यवसायिक, प्रतिष्पर्धी तथा प्रविधिमैत्री खेलकुद विकास गर्नु।
३. खेल पर्यटनलाई प्रवर्द्धन गर्नु।

**रणनितीः**

१. युवालाई समाजप्रति जिम्मेवार, कर्तब्यनिष्ठ र प्रतिवद्ध बनाई विकास प्रक्रियामा परिचालन गर्ने।
२. युवाहरूलाई उद्यमशीलता र व्यावसायिक खेलकुद प्रति प्रोत्साहित गर्ने।
३. खेल गतिविधिहरूको वार्षिक क्यालेण्डर बनाई कार्यक्रम संचालन गर्ने।
४. प्रतिभाशाली खेलाडीको पहिचान, क्षमता विकास तथा प्रोत्साहनको व्यवस्था गर्ने।
५. खेलकुदलाई पोखराको पर्यटन विकाससँग आवद्ध गर्ने।

#### ४.५.४ प्रमुख आयोजना तथा कार्यक्रम

तालिका २२ : युवा, खेलकुद तथा नवप्रवर्तन उपक्षेत्रका प्रमुख आयोजना तथा कार्यक्रमहरु

| कार्यक्रम तथा आयोजना | इकाई | लक्ष्य | बजेट अनुमान (रु.हजारमा) | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ | जम्मा |
| युवा सशक्तिकरण कार्यक्रम | सालबसाली | | ३६५०० | ४५६२५ | ५७०३१ | ७१२८९ | ८९१११ | २९९५५७ |
| युवा तथा नवप्रवर्तन कार्यक्रम | सालबसाली | | ३४५०० | ४३१२५ | ५३९०६ | ६७३८३ | ८४२२९ | २८३१४३ |
| विकासमा युवा परिचालन कार्यक्रम | सालबसाली | | ११५०० | १३२२५ | १५२०९ | १७४९० | २०११४ | ७७५३७ |
| खेलकुद प्रवर्द्धन कार्यक्रम | सालबसाली | | ९७५०० | ११२१२५ | १२८९४४ | १४८२८५ | १७०५२८ | ६५७३८२ |
| खेल पूर्वाधार विकास कार्यक्रम | सालबसाली | | १५४६५४ | १७७८५२ | २०४५३० | २३५२०९ | २७०४९१ | १०४२७३६ |
| अन्य सालबसाली कार्यक्रम | सालबसाली | | १५९०० | १८२८५ | २१०२८ | २४१८२ | २७८०९ | १०७२०४ |
| कुल जम्मा | | | ३५०५५४ | ४१०२३७ | ४८०६४८ | ५६३८३९ | ६६२२८२ | २४६७५५९ |

**तालिका २३ : युवा, खेलकुद तथा नवप्रवर्तन उपक्षेत्रको नतिजा सूचक र परिमाणात्मक लक्ष्य**

| नतिजा सूचक | इकाई | आ.व. २०७९/८० को स्थिति | आ.व. २०८५/८६ को लक्ष्य |
|---|---|---|---|
| अध्ययन तथा रोजगारीमा नरहेका १५ देखि २४ वर्षका युवा अनुपात | प्रतिशत | १० | ५ |
| कभर्ड हल तथा स्तरीय खेल मैदान | संख्या | ७ | ३३ |
| खेल प्रशिक्षणमा सहभागी युवा | संख्या | ३५०० | ६००० |
| बार्षिक रूपमा आयोजना हुने खेलकुद | पटक | ८ | १५ |

## ४.६ भाषा, कला तथा संस्कृति

### ४.६.१ पृष्ठभूमी

भाषा, कला र संस्कृतिलाइ समाजको पहिचानको रूपमा लिइन्छ ।पोखरा मौलिक लोक सांस्कृतिक सम्पदाको दृष्टिले उर्वरभूमी मानिन्छ।बाहुन, क्षेत्री, गुरूङ्ग, नेवार, मगर लगायतका विभिन्न जातजातीहरूको बाहुल्यता रहेको पोखरामा मौलिक लोकसंस्कृति, भाषा, कला, चाडपर्व र रितिरिवाजको विशिष्ट पहिचान रहेको छ।गण्डकी प्रदेश अझ खासगरी पोखरेली मौलिक लोकगित र नाचहरूलाइ मुलुक बाहिर समेत रूचाइन्छ।पोखराको प्राकृतिक सौन्दर्यलाई प्रतिबिम्बित गरी प्रशस्त लोक साहित्य सृजना तथा गीतहरूको रचना तथा प्रकाशन हुने गरेका छन्।

विविध कला संस्कृति र मौलिक सम्पदाको संरक्षण र सम्वर्द्धनको लागि गठित पोखरा प्रज्ञा प्रतिष्ठानले यस क्षेत्रको भाषा कला संस्कृति संरक्षण तथा सम्वर्द्धनको लागि विभिन्न कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ।स्थानीय भाषा, कला तथा संस्कृतिको संरक्षण गर्ने उद्देश्यले पोखरा महानगरपालिकाले आधारभूत तहको पाठ्यक्रम निर्माण गरी विद्यालयस्तरमा पठनपाठन गराउँदै आएको छ।

### ४.६.२ मुख्य सवाल तथा चुनौति

विभिन्न ऐतिहासिक तथा पुरातात्विक सम्पदाहरू भए पनि त्यसलाई पुष्टि गर्ने भग्नावषेश तथा संरचनाहरूको उचित संरक्षण र अध्ययन हुन बाँकी छ। लोपोन्मूख अवस्थामा रहेका विविध रैथाने भाषा, कला तथा संस्कृतिको समुचित संरक्षण गरी आन्तरिक तथा बाह्य पर्यटन सँग जोड्नु आवश्यक छ।पुरातात्विक महत्वको पुरानो शहर क्षेत्रका रामकृष्ण टोल, गणेश टोल, भैरवटोल, विन्ध्यवासिनी आदि पुराना बस्तीहरूमा सम्पदाको उचित संरक्षण गर्दै यहाँको मौलिकता र वास्तुकलाको ईतिहास जोगाउनु पर्नेछ।साविक लेखनाथ तथा अन्य ग्रामिणक्षेत्रका वडा बस्तीहरूमा रहेको परम्परागत कला तथा संस्कृतिको खोज पहिचान संरक्षण तथा प्रवर्द्धन गरी पोखराको साँस्कृतिक वैभवतालाइ अझ उचाइमा लैजान सकिनेछ ।

### ४.६.३ मुख्य नीति

**लक्ष्यः**

स्थानीय भाषा, कला र संस्कृतिको संवर्द्धन गर्ने ।

**उद्देश्यः**

१. ऐतिहासिक तथा पुरातात्विक सम्पदाको संरक्षण गर्नु ।

२. परम्परागत भाषा,कला तथा संस्कृतिको संरक्षण तथा प्रवर्द्धन गर्नु।

**रणनीति :**

१. सबै जातजाति धर्म र सम्प्रदायको सम्मान र संरक्षणका कार्यक्रम सञ्चालन गर्ने,
२. युवालाई परम्परागत भाषा,कला तथा संस्कृतिको संरक्षण र प्रवर्द्धन प्रति उत्प्रेरित गरी सहभागिता बढाउँदै लैजाने,
३. रैथाने कला, संस्कृति, पर्व र महोत्सवको संरक्षण र व्यवस्थापन गर्ने र
४. ऐतिहासिक तथा पुरातात्विक मूर्त तथा अमूर्त सम्पदाहरूको संरक्षण तथा व्यवस्थापन गर्ने।

## ४.६.४ प्रमुख आयोजना तथा कार्यक्रम

तालिका २४: भाषा, कला तथा संस्कृति उपक्षेत्रका प्रमुख आयोजना तथा कार्यक्रमहरु

| कार्यक्रम तथा आयोजना | इकाई | लक्ष्य | बजेट अनुमान (रु.हजारमा) | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ | जम्मा |
| स्थानीय भाषा संरक्षण तथा प्रवर्द्धन | सालबसाली | | १६५०० | १८४८० | २०६९८ | २३१८१ | २५९६३ | १०४८२२ |
| रैथाने कला र शिप संरक्षण तथा प्रवर्द्धन | सालबसाली | | ७७५०० | ८९१२५ | १०२४९४ | ११७८६८ | १३५५४८ | ५२२५३५ |
| परम्परागत संस्कृति संरक्षण तथा संवर्द्धन | सालबसाली | | ५७५०० | ६६१२५ | ७६०४४ | ८७४५० | १००५६८ | ३८७६८७ |
| अन्य सालबसाली कार्यक्रम | सालबसाली | | १७६५४ | २०३०२ | २३३४७ | २६८५० | ३०८७७ | ११९०३० |
| कुल जम्मा | | | १६९१५४ | १९४०३२ | २२२५८३ | २५५३४९ | २९२९५६ | ११३४०७३ |

तालिका २५ : भाषा, कला तथा संस्कृति उपक्षेत्रको नतिजा सूचक र परिमाणात्मक लक्ष्य

| नतिजा सूचक | इकाई | आ.व. २०७९/८० को स्थिति | आ.व. २०८५/८६ को लक्ष्य |
|---|---|---|---|
| स्थानीय भाषा बोल्ने युवा | प्रतिशत | २० | ४५ |
| रैथाने कला/सीप/प्रविधि सम्बन्धी तालिम प्राप्त युवा | प्रतिशत | १० | ३० |
| परम्परागत संस्कृति संरक्षणमा युवाको सहभागिता | प्रतिशत | १५ | ३० |

# परिच्छेदः ५
# पूर्वाधार विकास क्षेत्र

## परिचय

आर्थिक तथा सामाजिक विकास र प्रभावकारी सेवाप्रवाहका लागि भौतिक पूर्वाधार विकास पहिलो खुड्किलो मानिन्छ। पोखरा महानगरपालिकाको विकास प्रयासलाई योजनावद्ध र ब्यावस्थित रुपमा संचालन गरी आर्थिक, सामाजिक विकास र बातावरणीय सन्तुलन कायम गर्ने गरी भौतिक पुर्बाधार विकासमा जोड दिइदै आएको छ। नेपालले अन्तराष्ट्रिय तहमा व्यक्त प्रतिबद्धता अनुरुप दिगो विकास लक्ष्य हासिल गर्न सघाउने गरी पोखराले हरित, उत्थानशील र समाबेशी विकास तथा कार्बन उत्सर्जन न्यूनीकरण गर्ने रणनीति अवलम्वन गरेको छ। जोखिम संवेदनशील भू-उपयोग योजना तयार गरी योजनाबद्व र व्यवस्थित, प्रतिफलमुखी र बातावरणमैत्री पूर्वाधार आयोजनाहरुलाई प्राथमिकता दिइएको छ।

हरित, उत्थानशील तथा समावेशी विकास हासिल गर्ने महानगरपालिकाको दीर्घकालिन लक्ष्य उन्मुख भई अपेक्षित नतिजा हासिल गर्न प्रयत्नशील छ। पूर्वाधार विकास क्षेत्र अन्तर्गत आवास तथा सहरी विकास, सडक तथा यातायात, खानेपानी तथा सिंचाई, सूचना प्रविधि तथा उर्जा र भवन तथा अन्य पूर्वाधार जस्ता बिषयगत उपक्षेत्रहरु समाबेश गरिएको छ। दोस्रो पञ्चवर्षीय योजनाका लागि पूर्वाधार विकास क्षेत्रका मार्गदर्शक नीतिहरु देहाय बमोजिम तय गरिएको छ।

**सोचः**

उत्थानशील तथा दिगो पूर्वाधार, समृद्धिको आधार

**लक्ष्यः**

भौतिक पूर्वाधार विकासलाई समावेशी र वातावरणमैत्री बनाउने ।

**उद्देश्यः**

१. पूर्वाधारको विकास मार्फत दिगो आर्थिक वृद्धिमा योगदान पुर्याउनु।
२. महानगरपालिकाका वडाहरू तथा छिमेकी स्थानीय तह बिच आवद्धतामा सुधार गर्नु।
३. दिगो र एकिकृत यातायात प्रणालीको विकास तथा यातायात क्षेत्रमा सुशासन कायम गर्नु ।

४. सघन शहरी तथा वातावरणमैत्री पूर्वाधार र एकिकृत बस्ती बिकास गर्नु ।
५. महानगरपालिकाको सन्तुलित विकासको लागि रणनीतिक भौतिक पुर्वाधारहरुको विकास गर्नु ।
६. नविकरणीय उर्जा र सूचना प्रविधिको विकास तथा उपयोग विस्तार गर्नु।
७. स्वच्छ खानेपानी र आधारभुत सिचाई सुविधाको पहुँच विस्तार गर्नु ।
८. धार्मिक, साँस्कृतिक तथा पुरातात्विक सम्पदाको संरक्षण र सम्वर्द्धन गर्नु।

पोखरा महानगरपालिकाको समष्टिगत लक्ष्य हासिल गर्न सहयोग गर्ने र पुर्बाधार विकास क्षेत्रको लक्ष्य तथा उद्देश्य हासिलमा प्रत्यक्ष योगदान पुर्याउने गरी उप-क्षेत्रगत लक्ष्य र उद्देश्यहरु तय गरिएको छ। त्यसैगरी, उप-क्षेत्रगत रुपमा निर्धारित लक्ष्य र उद्देश्यहरु हासिलमा प्रत्यक्ष योगदान गर्न तत् तत् उपक्षेत्रको विशिष्ठता अनुरुपका रणनीति, प्रमुख कार्यक्रम र आयोजना तथा गतिबिधिहरु पहिचान गरी आवश्यक बजेट अनुमान सहित प्रस्ताव गरिएको छ।

आयोजना तथा कार्यक्रमहरुको नतिजा र योजनाको उपलब्धी मापनमा सहयोग पुग्ने गरी तथ्यांक उपलब्ध हुनसक्ने हदसम्म परिसूचकहरु परिभाषित गरी आधार वर्ष २०७९/८० को अवस्था र दोश्रो आवधिक योजनाको अन्त्य २०८५/८६ को अपेक्षित लक्ष्य सहित उप-क्षेत्रगत नतिजा खाका तर्जुमा गरी प्रस्तुत गरिएको छ।

## ५.१ आवास तथा सहरी विकास

### ५.१.१ पृष्ठभूमी

बिक्रम सम्बत १६३७ देखि फेवातालको किनार बैदामबाट शुरु भएको पोखराको बस्ती विस्तारित भएर अहिले मुलुककै दोश्रो ठुलो शहरका रुपमा विकास भएको छ। विक्रम सम्वत २०३१ सालमा तर्जुमा भएको भौतिक विकास योजनाले पोखरा उपत्यकाको भौतिक विकास र व्यवस्थित शहरीकरणलाई निर्देशित गरेको हो। पोखरा महानगरपालिका साविकको पोखरा उपमहानगरपालिका, लेखनाथ नगरपालिका र अन्य ग्रामिण क्षेत्रस्थित साविकका गाविस तथा वडाहरू समेत समेटिएर बनेको हो। महानगरपालिकाको मापदण्ड प्रचलित कानूनमा

उल्लिखित सूचक समेतलाइ ध्यानमा राखी महानगरपालिकामा व्यवस्थित शहरीकरण र आवासका क्षेत्रमा योजनावद्ध विकासको आवश्यकता तथा महत्व बढ्दै गएको छ।

पोखरा तिब्र शहरीकरण भइरहेको नेपालकै सबैभन्दा ठुलो महानगरपालिकामा भवन तथा भौतिक संरचनाले ओगटेको क्षेत्र लगातार विस्तार भएर कुल क्षेत्रफलको दश प्रतिशत हाराहारी पुगेको छ।विक्रम सम्वत २०६८ को जनगणना अनुसार प्रति वर्ग किलो मिटर ९५० रहेको जनघनत्व २०७८ सम्ममा ११०६ पुगेको छ।महानगरपालिकाको करिब आधा जनसंख्या कुल क्षेत्रफलको १० प्रतिशत क्षेत्रमा र बाँकी पचास प्रतिशत जनसंख्या ९० प्रतिशत क्षेत्रफलमा बसोबास गरिरहेको अवस्था छ।

### ५.१.२ मुख्य सवाल तथा चुनौति

पोखरा महानगरपाललिका भित्रको सार्वजनिक जग्गाहरुको अभिलेखन तथा अध्याबधिक विवरण, अद्यावधिक भु-उपयोग योजना, व्यवस्थित वस्ती विकास तथा सुरक्षित शहरीकरण प्रमुख चुनौतिको विषय रहेको छ। पर्यटकीय राजधानी समेत रहेको पोखरा शहरको बसोबासयोग्यता सुधारमा चुनौति थपिएको छ।पोखराको भुगोल र जोखिम अनुरूप भु-उपयोग योजना तर्जुमा र क्षेत्र निर्धारण गरी बस्ति, भवन तथा भौतिक संरचनाको विकासको ढाँचा तयार हुन आवश्यक छ। महानगरपालिकाको शहरी तथा ग्रामिण क्षेत्रको सन्तुलित विकास र सेवाप्रवाहलाई थप सहज बनाउन एकिकृत बस्तीहरुको विकासको प्राथमिकिकरण र कार्यान्वयनमा जोड दिनु अहिलेको आवश्यकता हो। सार्वजनिक जग्गाको संरक्षण, महानगरपालिकाको मापदण्ड अनुरूपको सभागृह, हरियाली पार्क, मनोरञ्जन स्थल लगायतका शहरी पुर्वाधारहरूको निर्माण तथा व्यवस्थापन प्रमुख सवालको रूपमा रहेको छ।

महानगरपालिकाले भवन तथा अन्य पूर्वाधार निर्माण सम्वन्धी मापदण्ड मार्फत कृषि तथा अन्य भू-उपयोग व्यवस्थित गर्ने प्रयास सार्थक हुन बाँकी छ। २०७२ सालको विनासकारी भूकम्प पछि नेपाल सरकारले तर्जुमा गरेको नयाँ भवन संहिता र मापदण्डको प्रभावकारी कार्यान्वयन पनि महानगरपालिकाका लागि चुनौतीको रुपमा देखिएको छ।

महानगरपालिकामा नयाँ घर निर्माणको संख्या उल्लेख्य भए पनि भवन निर्माण मापदण्ड पालना गर्ने र निर्माण सम्पन्न प्रमाणपत्र लिने घरको सँख्या न्यून हुनुले भवन निर्माण

मापदण्ड र नियमावली पालनाको अवस्था कमजोर पुष्टि हुन गएको छ । महानगरपालिकाको मुख्य शहरी तथा शहरोन्मुख क्षेत्रमा सिमेन्ट तथा कङक्रिटबाट निर्मित घरहरुको बाहुल्यता बढ्दै जाँदा उर्जा दक्ष प्रविधिको उपयोग बढाउनु चुनौतिपूर्ण रहेको छ।

### ५.१.३ मुख्य नीति

**लक्ष्यः**

महानगरपालिकाको बसोबास योग्यतामा सुधार गर्ने।

**उद्देश्यः**

१. सघन शहरी विकास तथा वातावरण मैत्री र एकिकृत बस्ती बिकास गर्नु,
२. भू-उपयोग योजना, घर तथा पूर्वाधार निर्माण कानुनको प्रभावकारिता वृद्धि गर्नु,
३. शहरी क्षेत्रमा विपद् उत्थानशील र उर्जा दक्ष भवन निर्माण अभ्यास अभिबृद्धि गर्नु र
४. आधारभुत शहरी पूर्वाधारहरुको सुनिश्चितता गर्नु।

**रणनीतिः**

१. भू-उपयोग तथा एकिकृत बस्ती विकास गुरुयोजना तयार गरी कार्यान्वयन गर्ने।
२. शहरी पूर्वाधार निर्माणमा विपद उत्थानशिलता, उर्जा दक्षता र स्थानीय मौलिक वास्तुकलाको उपयोगलाई प्रोत्साहन गर्ने ।
३. आवास तथा शहरी विकासमा संघ, प्रदेश, छिमेकी स्थानीय तह र निजी क्षेत्रसँग समन्वय, सहकार्य र साझेदारी गर्ने।
४. स्थानीय धार्मिक, सांस्कृतिक र पुरातात्विक सम्पदाको संरक्षणमा जोड़ दिने ।
५. पोखराका पुराना बजारहरूको पहिचान, संरक्षण र प्रबर्द्धनमा जोड़ दिने।

### ५.१.४ प्रमुख आयोजना तथा कार्यक्रम

आवास तथा सहरी विकास उपक्षेत्रमा आगामी आवधिक योजना अवधिमा सञ्चालन तथा कार्यान्वयन हुने मुख्य कार्यक्रम तथा आयोजनाहरु बजेट प्रक्षेपण सहित देहाय बमोजिम प्रस्ताव गरिएको छ ।

## तालिका २६: आबस तथा सहरी विकास उपक्षेत्रका प्रमुख आयोजना तथा कार्यक्रमहरु

| कार्यक्रम तथा आयोजना | इकाई | लक्ष्य | बजेट अनुमान (रु.हजारमा) | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ | जम्मा |
| अव्यवस्थित वस्ती तथा सुकुम्वासी व्यवस्थापन | घरधुरी | १००० | ६२५००० | ७८१२५० | ९७६५६३ | १२२०७०३ | १५२५८७९ | ५१२९३९५ |
| सार्वजनिक जग्गा संरक्षण तथा शहरी शौन्दर्यकरण | सालबसाली | | ३३५०० | ४१८७५ | ५२३४४ | ६५४३० | ८१७८७ | २७४९३६ |
| एकिकृत वस्ति विकास | संख्या | ५ | २४५५०० | ३०६८७५ | ३८३५९४ | ४७९४९२ | ५९९३६५ | २०१४८२६ |
| फिर्के खोला करिडोर विकास | किमी | ८ | १७५००३ | २१८७५४ | २७३४४२ | ३४१८०३ | ४२७२५३ | १४३६२५५ |
| सेती नदी करिडोर विकास | किमी | १० | ५८०५०० | ७२५६२५ | ९०७०३१ | ११३३७८९ | १४१७२३६ | ४७६४१८२ |
| जोखिम संवेदनशिल भू-उपयोग योजना | सालबसाली | | ४०५०० | ५०६२५ | ६३२८१ | ७९१०२ | ९८८७७ | ३३२३८५ |
| शहरी गरीबी न्यूनीकरण र अन्य सालबसाली कार्यक्रम | सालबसाली | | १९५९८७० | २४४९८३८ | ३०६२२९७ | ३८२७८७१ | ४७८४८३९ | १६०८४७१४ |
| अन्य शहरी पूर्वाधार विकास कार्यक्रम | सालबसाली | | १४८०५०० | १८०६२१० | २२०३५७६ | २६८८३६३ | ३२७९८०३ | ११४५८४५२ |
| बुलौदी खोला करिडोर विकास | किमी | ४ | १२५०० | १५६२५ | १९५३१ | २४४१४ | ३०५१८ | १०२५८८ |
| गडुवा र देउराली खोला करिडोर | किमी | १० | १२५७०० | १५३३५४ | १८७०९२ | २२८२५२ | २७८४६८ | ९७२८६६ |
| सम्पदा वस्ती संरक्षण तथा संवर्द्धन | घरधुरी | १००० | ५२५००० | ६४०५०० | ७८१४१० | ९५३३२० | ११६३०५१ | ४०६३२८१ |
| नाला तथा ढल निर्माण आयोजना | किमी | १०० | ३६७५४० | ४२२६७१ | ४८६०७२ | ५५८९८२ | ६४२८३० | २४७८०९५ |
| **जम्मा** | | | **६१७१११३** | **७६१३२०१** | **९३९६२३३** | **११६०१५२१** | **१४३२९९०५** | **४९१११९७३** |

### ५.१.५ नतिजा खाका  (परिमाणात्मक लक्ष्य)

**तालिका २७ : आबस तथा सहरी विकास उपक्षेत्रको नतिजा सूचक र परिमाणात्मक लक्ष्य**

| नतिजा सूचक | इकाई | आ.व. २०७९/८० को स्थिति | आ.व. २०८५/८६ को लक्ष्य |
|---|---|---|---|
| एकिकृत वस्ती विकास | संख्या | ० | ३ |
| सुकुम्वासी वस्ती व्यवस्थापन | घरधुरी | ० | १००० |
| खोला/नदी करिडोर विकास | किमी | ० | २५ |
| सार्वजनिक जग्गा संरक्षण तथा सौन्दर्यकरण | रोपनी | ० | १०० |
| नाला तथा ढल निर्माण | किमी | ० | १०० |

## ५.२ सडक यातायात

### ५.२.१ पृष्ठभूमी

पोखरा गण्डकी प्रदेशको राजधानी र प्रमुख पर्यटकीय केन्द्र तथा मुलुककै पर्यटन राजधानी शहर समेत भएकोले सडक तथा यातायात सेवालाई बिश्वसनीय र व्यवस्थित बनाउने सुबिधा सम्पन्न सडक तथा आधुनिक बसपार्क र पार्किङ्ग व्यवस्थापन महानगरपालिकाको प्राथमिकतामा परेको छ । पोखरा महानगरपालिका भित्र करिब २००० कि.मी. सडक रहेकोमा ९०० कि.मी. कालोपत्रे र बाँकी अन्य सडकहरु रहेको अवस्था छ। बाह्रै महिना संचालन हुने सडकको २ कि.मी. वरपर वसोवास गर्ने जनसंख्याको अनुपात ९२ प्रतिशत रहेको छ। महानगरपालिका भित्रको सडक घनत्व प्रति वर्ग कि. मी. ३.६ कि.मी. रहेको छ। पोखरा महानगरपालिकाको अधिकांश क्षेत्रमा सडकको पहुँच पुगेको छ।

शहरी क्षेत्रका सडकमा यात्रु प्रतिक्षालय, ट्राफिक संकेत व्यवस्थापन र सडकपेटी स्तरोन्नतिको कार्यहरू नेपाल सरकार तथा गण्डकी प्रदेश सरकार सहित अन्य साझेदारसंगको सहकार्यमा अगाडी बढिरहेको छ। भौगोलिक अवस्थिति र विकासका दृष्टिकोणले बिबिधतापूर्ण महानगरपालिकाका वडाहरूको पुर्वाधार बिकासमा सन्तुलन कायम गर्न सुरु गरिएका कनेक्टिंङ सडकहरूलाई प्रथामिकतामा राखेर सडक निर्माणको काम भईरहेको छ ।

कनेक्टिंङ सडक संजालको विकास ग्रामिण वडाहरुमा सहज सार्बजनिक यातायातको सेवा विस्तार र ग्रेटर पोखराको अवधारणा साकार पार्नमा समेत सहयोगी हुने भएकोले त्यस्ता आयोजनालाई प्राथमिकतामा राखिएको छ।

ग्रामिण क्षेत्रका केहि वडाहरुमा कच्ची सडक भए पनि महानगरपालिकाका ३३ वटै वडामा बाह्रै महिना सार्वजनिक यातायात संचालन हुँदै आएको छ। महानगरपालिका भित्र सडकको गुणस्तर र लम्बाईको अनुपातमा सवारी संख्याको चाप अत्यधिक रहेको छ। महानगरपालिका भित्र दैनिक गुड्ने सवारी साधनको अनुमानित संख्या ५ लाख रहेको छ । पोखराबाट लामो दुरीमा चल्ने सार्वजनिक यातायात थपिदै जाँदा यो संख्या अझै बढ्ने अनुमान छ।तिब्र शहरीकरण, बढ्दो आन्तरिक बसाईसराई र पोखरा अन्तर्राष्ट्रिय विमानस्थलका कारण पोखरामा सवारी चापमा वृद्धि हुने अनुमान गरिएको छ।

### ५.२.२ मुख्य सवाल तथा चुनौती

महानगरपालिका भित्रका प्रमुख बजार र आबासीय क्षेत्रमा सडक सँगसँगै ढल, नाला र भल पानी ब्यबस्थापन चुनौतिपूर्ण रहेको छ। बढ्दो सवारी चाप, साघुँरा सडक र सडक क्षेत्राधिकार भित्र निर्मित संरचना, अव्यवस्थित बिद्युत, केबल तथा टेलिफोनका तारहरुले सडक सुरक्षा तथा शहरी सुन्दरतामा चुनौति थपेको छ। सडक अधिकार क्षेत्रको अतिक्रमणले सडकको दायाँबाँया वृक्षारोपण र सौन्दर्यकरणलाई जटिल बनाएको छ। सडकहरुको वैज्ञानिक रेखांकन, नामाकरण र सुरक्षा संकेतहरुको अभावमा दुर्घटना जोखिम न्यूनीकरण, अपराध नियन्त्रण र पर्यटक तथा पैदलयात्रुलाई आपत्कालिन सेवाप्रवाहमा कठिनाई भइरहेको छ।

विद्युतीय सवारीसाधन प्रोत्साहित गर्ने सरकारी नीति तथा विद्युतीय सवारीसाधन प्रति सर्वसाधारणको आकर्षण बढदै गएको अवस्थामा महानगरपालिकाका उपयुक्त स्थानहरूमा चार्जिङ स्टेसनहरू निर्माण तथा व्यवस्थापन अत्यावश्यक बनेको छ। शहरी क्षेत्रस्थित अव्यवस्थित सवारी वर्कसप तथा ग्यारेजहरुलाई मापदण्ड बनाई अटोभिलेजको रूपमा उपयुक्त स्थानमा स्थानान्तरण एवं नियमन तथा व्यवस्थापन गर्नु आवश्यक छ। हवाई मार्गबाट यात्रा गर्ने यात्रुहरुको सुबिधाको लागि पोखरा अन्तराष्ट्रिय बिमानस्थलबाट मुख्य

शहरी केन्द्रहरूसम्म सटल बस संचालन हुन नसक्दा यात्रीहरुले ब्यहोर्नु परेको असुविधाको गुनासो सुनुवाई तथा सम्बोधन आवश्यक छ ।

### ५.२.३ मुख्य नीति

**लक्ष्यः**

सडक पुर्बाधारको पहुँच र सडक सुरक्षा सुनिश्चित गर्ने।

**उद्देश्यः**

१. समाबेशी, दिगो तथा वातावरणमैत्री सडक पुर्बाधार निर्माण गर्नु ।
२. सडक सुरक्षा सुदृढीकरण गर्नु।
३. अन्तरवडा र अन्तरस्थानीय तह आवद्वता प्रवर्द्धन गर्नु।
४. हरित तथा एकिकृत यातायात प्रणालीको विकास र यातायात क्षेत्रमा सुशासन कायम गर्नु।

**रणनीतिः**

१. रणनीतिक सडक पुर्बाधार बिकासमा संघ, प्रदेश तथा अन्य सरोकारवालाहरूसँग सहकार्य र साझेदारी गर्ने।
२. तुलनात्मक लाभका हरित पूर्वाधारमा हरित वित्त परिचालन गर्ने ।
३. सडक पुर्बाधार निर्माण तथा संरक्षणमा जनसहभागिता र उत्तरदायित्व बढाउने ।
४. सडक पुर्वाधार निर्माण प्रक्रियामा विपद् तथा जलवायु उत्थानशिलताका मापदण्ड अबलम्बन गर्ने।
५. सडक यातायात क्षेत्रमा सुशासन कायम गर्ने।

### ५.२.४ प्रमुख आयोजना तथा कार्यक्रम

सडक यातायात तथा पुल उपक्षेत्रको विकास र विस्तारका लागि आगामी पञ्चवर्षीय योजनामा सञ्चालन गरिने प्रमुख आयोजना तथा कार्यक्रमहरु र देहायको तालिकामा प्रस्तुत गरिएको छ।

## तालिका २८: सडक यातायात उपक्षेत्रका प्रमुख आयोजना तथा कार्यक्रमहरु

| कार्यक्रम तथा आयोजना | इकाई | लक्ष्य | बजेट अनुमान (रु.हजारमा) | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ | जम्मा |
| ग्रामिण वडाहरु जोड्ने पक्की सडक (अस्फालट कंक्रिट) | किमी | ५० | १५६५०० | १७९९७५ | २०६९८९ | २३८०५८ | २७३७६७ | १०५५२९० |
| पुल तथा कल्भर्ट निर्माण | संख्या | २० | १५५५०० | १७८८४१ | २०५६८५ | २३६५५८ | २७२०४१ | १०४८६२४ |
| विद्यमान सडकहरुको स्तरोन्नति (अस्फालट कंक्रिट) | किमी | १२५ | ७१५००० | ८२२२५० | ९४५५८८ | १०८७४२६ | १२५०५३९ | ४८२०८०३ |
| ग्रामिण सडक स्तरोन्नति | किमी | २०० | ५९७६५४ | ६८७३०२ | ७९०३९७ | ९०८९५७ | १०४५३०१ | ४०२९६११ |
| अन्डरपास सडक निर्माण | संख्या | २ | ९२५००० | १०६३७५० | १२२३३१३ | १४०६८०९ | १६१७८३१ | ६२३६७०३ |
| सडकपेटी निर्माण तथा स्तरोन्नति | किमी | २०० | ८१६५०० | ९३८९७५ | १०७९८२१ | १२४१७९४ | १४२८०६४ | ५५०५१५४ |
| आकासे पुल तथा फ्लाइओभर | संख्या | ३ | ५२५००० | ६०३७५० | ६९४३१३ | ७९८४५९ | ९१८२२८ | ३५३९७५० |
| रणनितिक पुल निर्माण/स्तरोन्नति | संख्या | २ | ४३५००० | ५००२५० | ५७६७८८ | ६६५०३७ | ७६६७८७ | २९४३८६३ |
| पोडवे (podway) यातायात सेवा | किमी | २० | २९०००० | ३३३५०० | ३८३५५८ | ४४११३० | ५०७३०० | १९५५४८९ |
| बस पार्क निर्माण तथा यातयात सुशासन प्रवर्द्धन कार्यक्रम | संख्या | ४ | १२५८००० | १५७२५०० | १९१९३९४ | २३९९२४२ | २९९९०५२ | १०१४८१८८ |
| पोखरा चक्रपथ निर्माण | किमी | १०० | १२५३५०० | १५६६८७५ | १९५८५९४ | २४४८२४२ | ३०६०३०३ | १०२८७५१४ |
| हरित यातायात प्रणाली विकास | सालबसाली | | २५८९७० | ३२३७१३ | ४०४६४१ | ५०५८०१ | ६३२२५१ | २१२५३७५ |
| अन्य सालबसाली कार्यक्रम | सालबसाली | | १२५००० | १५६२५० | १९५३१३ | २४४१४१ | २९५४१० | १०१६११३ |
| **जम्मा** | | | **७५११६२४** | **८९२७९३०** | **१०५८४३९२** | **१२६२१६५५** | **१५०६६८७५** | **५४७१२४७६** |

### ५.२.५ नतिजा खाका (परिमाणात्मक लक्ष्य)

**तालिका २९ : सडक यातायात उपक्षेत्रका नतिजा सूचक र परिमाणात्मक लक्ष्य**

| नतिजा सूचक | इकाई | आ.व. २०७९/८० को स्थिति | आ.व. २०८५/८६ को लक्ष्य |
|---|---|---|---|
| पुल तथा कल्भर्ट निर्माण | संख्या | ५५ | ७५ |
| अन्डरपास सडक निर्माण | संख्या | ० | १ |
| आकासे पुल निर्माण | संख्या | १ | २ |
| रणनितिक पुल निर्माण तथा स्तरोन्नति | संख्या | ० | २ |
| कालोपत्र सडक | किमी | ९३६ | ११०० |
| सडक पेटी निर्माण तथा स्तरउन्नति | किमी | ० | १९० |

## ५.३ सिचाई तथा खानेपानी

### ५.३.१ पृष्ठभूमी

पोखरा महानगरपालिका क्षेत्रमा सेती, विजयपुर, फुस्रे, मर्दी, काली, याम्दी आदि नदी तथा खोला र फेवा, रुपा, बेगनास लगायतका प्रसिद्ध ताल तलैयाहरु रहेका छन्। सेती सिचाई योजना, विजयपुर नहर, बेगनास सिचाई योजना र फेवा सिचाईबाट यहाँको कृषियोग्य जमिनमा सिचाई हुदै आएको छ। ग्रामिण वडाहरुमा प्राकृतिक खोलानालाको पानीलाई समुचित उपयोग गरेर समुदायमा आधारित सिचाई प्रणालीहरुको ब्यबस्थापन हुदै आएको छ।

आधारभूत खानेपानी तथा सरसफाई तिनवटै सरकारको उच्च प्रथामिकतामा पर्दछ। पोखरा महानगरपालिका क्षेत्रमा हालसम्म कुल जनसंख्याको ९३ प्रतिशत जनसंख्यालाइ आधारभुत खानेपानीको सुबिधा पुगेको छ। अधिकांश वडाहरुमा “एकघर एकधारा” कार्यक्रम अनुसार खानेपानी वितरण भैरहेको छ भने साना सहरी खानेपानी आयोजनाहरु मार्फत खानेपानी आयोजनाहरू सञ्चालनमा रहेका छन्।पोखराको शहरी क्षेत्रमा पनि प्रशोधित खानेपानी तथा बढ्दो माग सम्बोधन गर्न जापान सरकारको सहयोगमा ४ करोड १० लाख लिटर क्षमताको बृहत खानेपानी आयोजना सम्पन्न हुने चरणमा रहेको छ ।

### ५.३.२ मुख्य सवाल तथा चुनौति

नेपालको संबिधानले खानेपानी तथा सरसफाई सुबिधालाई नागरिकको मौलिक हकको रुपमा उल्लेख गरेको छ।पोखरा महानगरपालिकाको सहरी र ग्रामिण क्षेत्रका वडा तथा बस्तीहरुमा माग अनुसार खानेपानी आपूर्ती, गुणस्तर सुधार, खानेपानी तथा सिचाई आयोजनामा जलबायु परिबर्तनको असर न्यूनिकरण खानेपानी तथा सिंचाइ क्षेत्रका प्रमुख सवालहरु हुन्।

पोखरा महानगरपालिकाको कुल कृषियोग्य जमिनमध्ये करिब ५९ प्रतिशतमा बाह्रै महिना सिचाई सुबिधा उपलब्ध छ। सिंचाई सुविधा उपलब्ध हुन बाँकी जमिनमा आधुनिक प्रबिधिमा आधारित सिचाई प्रणालीको विकास गरी कृषीको उत्पादन र उत्पादकत्व वृद्धिमा सहयोग गर्ने योजना तथा कार्यक्रमलाई प्राथामिकरण गर्नु अहिलेको प्रमुख आवश्यकता रहेकोछ।

### ५.३.३ मुख्य नीति

**लक्ष्यः**

गुणस्तरीय खानेपानी र सिचाई सुविधाको सुनिश्चितता गर्ने ।

**उद्देश्यः**

१. भौगोलिक विशिष्टताका आधारमा प्रविधिमैत्री नयाँ सिंचाई प्रणालीको विकास गर्नु।
२. खानेपानीको गुणस्तर वृद्धि गर्दै वितरण प्रणालीलाई प्रविधिमैत्री बनाउनु ।

**रणनीतिः**

१. खानेपानीको दिगो व्यवस्थापन गर्न एकीकृत खानेपानी आयोजना संचालनमा जोड़ दिने ।
२. खानेपानीको जलाधार क्षेत्र तथा मुहान संरक्षणमा समुदायको क्षमता विकास गर्ने ।
३. आधारभूत खानेपानी सुबिधा नपुगेको क्षेत्रलाई उच्च प्राथमिकतामा राखी खानेपानी आयोजनाहरु निर्माण तथा सुबिधा विस्तार गर्ने ।
४. खानेपानी तथा सिचाई आयोजनाहरुको निर्माण र व्यवस्थापनमा सहकार्य तथा साझेदारी सुदृढिकरण गर्ने।

### ५.३.४ प्रमुख आयोजना तथा कार्यक्रम

सिचाई तथा खानेपानी उपक्षेत्रमा आगामी आवधिक योजना अवधिमा सञ्चालन तथा कार्यान्वयन हुने मुख्य कार्यक्रम तथा आयोजनाहरु बजेट अनुमान सहित देहाय बमोजिम प्रस्ताव गरिएको छ।

**तालिका ३०: सिचाई तथा खानेपानी उपक्षेत्रका प्रमुख आयोजना तथा कार्यक्रमहरु**

| कार्यक्रम तथा आयोजना | इकाई | लक्ष्य | बजेट अनुमान (रु.हजारमा) | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ | जम्मा |
| खानेपानी मुल संरक्षण व्यवस्थापन तथा गुणस्तर सुधार | सालबसाली | | २१४५०० | २६८१२५ | ३३५१५६ | ४१८९४५ | ५२३६८२ | १७६०४०८ |
| एक घर एक धारा कार्यक्रम | सालबसाली | | ५१२७०० | ६९२१४५ | ९३४३९६ | १२६१४३४ | १७०२९३६ | ५१०३६११ |
| एकिकृत खानेपानी प्रणाली | सालबसाली | | ९१२५०० | १२३१८७५ | १६६३०३१ | २२४५०९२ | ३०३०८७४ | ९०८३३७३ |
| सिंचाई प्रणाली मर्मत तथा सुधार | सालबसाली | | ८४७६५४ | ११४४३३३ | १५४४८४९ | २०८५५४७ | २८१५४८८ | ८४३७८७१ |
| सामुदायिक तथा साना सिंचाई | सालबसाली | | ५२५००० | ७०८७५० | ९५६८१३ | १२९१६९७ | १७४३७९१ | ५२२६०५० |
| अन्य सालबसाली कार्यक्रम | सालबसाली | | २५३५०० | ३४२२२५ | ४६२००४ | ६२३७०५ | ८४२००२ | २५२३४३६ |
| **जम्मा** | | | ३२६५८५४ | ४३८७४५३ | ५८९६२४९ | ७९२६४२० | १०६५८७७३ | ३२१३४७४९ |

## ५.३.५ नतिजा खाका (परिमाणात्मक लक्ष्य)

**तालिका ३१ : सिचाई तथा खानेपानी उपक्षेत्रका नतिजा सूचक र परिमाणात्मक लक्ष्य**

| नतिजा सूचक | इकाई | आ.व. २०७९/८० को स्थिति | आ.व. २०८५/८६ को लक्ष्य |
|---|---|---|---|
| एक घर एक धारा (घरधुरी) | प्रतिशत | ६६ | ९० |
| एकिकृत खानेपानी प्रणाली | संख्या | | |
| सिंचाई कुलो प्रणाली निर्माण तथा सुधार | संख्या | | |
| वैकल्पिक सिंचाई प्रणाली | संख्या | | |

## ५.४ सूचना तथा सञ्चार प्रविधि र उर्जा

### ५.४.१ पृष्ठभूमी

पोखरा महानगरपालिका बि. सं. २१०० सम्ममा कार्बन तटस्थ पर्यटकीय सहर बन्ने दीर्घकालिन सोच सहित अगाडि बढेको छ। महानगरपालिकाको अध्ययन अनुसार बि.सं. २०७९ मा पोखरा क्षेत्रमा वार्षिक खुद २,३९,४२२ टन कार्बन डाइअक्साइड उत्सर्जन हुने गरेको तथ्याङ्क छ। महानगरपालिकामा ९१ प्रतिशत बासिन्दाले खाना पकाउन एलपी ग्यास प्रयोग गर्दछन् भने आठ प्रतिशत नगरबासीले दाउरा र एक प्रतिशतले मात्र खाना पकाउन बिजुलीको प्रयोग गर्दछन्।

पोखरा महानगरपालिका भित्र यहाँका सिचाई र तालहरूबाट ६ मेगावाट बिद्युत उत्पादन भइरहेको छ। पोखरा महानगरपालिकाले नगर ऊर्जा योजना (MEP) बनाएर स्वच्छ ऊर्जा र ऊर्जा दक्षता सम्बन्धी कार्यक्रम कार्यान्वयन प्रक्रियामा अघि बढेको छ। घरायसी र व्यावसायिक क्षेत्रमा स्वच्छ र दिगो ऊर्जाको पहुँच र ऊर्जा खपत बढाउने गतिविधिहरूलाई प्राथमिकतामा राखिएको छ।

दीर्घकालिन सोचपत्र पोखरा २१०० मा सूचना तथा संचार प्रविधिको उपयोग मार्फत सिर्जनशील र समुन्नत शहरको रुपमा विकास गर्ने लक्ष्य लिइएको छ। महानगरपालिका क्षेत्रमा सूचना तथा संचार प्रविधि र सम्वन्धित सुविधाको पहुँच पुगेको छ। सरकारी तथा निजी क्षेत्रका सेवा प्रदायकहरुले आधुनिक प्रविधि मार्फत सूचना तथा सञ्चार सम्बन्धी सेवाहरु प्रदान गरिरहेका छन्। पोखरामा सफ्टवयर निर्माण लगायतका सूचना प्रविधि र कृत्रिम बौद्धिकता (AI)सँग सम्वन्धित सेवाहरुको उत्पादन तथा निर्यात गर्ने स्टार्टअप कम्पनीहरुको संख्या पनि बढ्दै गएको छ।

### ५.४.२ मुख्य सवाल तथा चुनौती

शहरी क्षेत्रमा बिद्युत, टेलिफोन र इन्टरनेटका तारहरूको व्यवस्थापन, ग्रामिण क्षेत्रमा बिद्युतको पहुँच विस्तार तथा नियमित र गुणस्तरीय आपूर्ति सुनिश्चतता गर्नु चुनौतिपूर्ण रहेको छ। विद्युत, टेलीफोन तथा अन्य सेवा प्रदायकका तारहरूको भूमिगत व्यवस्थापन, प्रमुख चुनौतिको रुपमा रहेको छ।पुरानो विद्युत वितरण प्रणालीलाई स्तरबृद्धि गरी नियमित र सहज बिद्युत आपूर्ति, जैविक उर्जाको प्रयोगलाई निरुत्साहन गरी नविकरणीय उर्जाको उपयोग र

प्रबर्द्धनका लागि जनचेतना अभिबृद्धि र प्रोत्साहन गर्नुपर्ने विषय अत्यन्तै महत्वपूर्ण छ। नविकरणीय उर्जाको खपत गर्न प्रयोग हुने औजार सामग्रीहरू उत्पादन गर्ने उद्योगहरुको लागि प्रोत्साहन र सहुलियतका साथै विधुतीय सवारीसाधनको प्रयोगलाई प्रवर्द्धन गर्न चार्जजिङ्ग केन्द्रहरुको विस्तार गर्दै जानु पर्ने देखिएको छ।

आगामी दिनहरुमा महानगरपालिकाले विद्युत वितरण प्रणालीलाई दिगो र भरपर्दो योजना बनाई महानगरबासीहरुलाई खाना पकाउने प्रयोजनमा बिजुलीको प्रयोग गर्न प्रोत्साहित गर्न आवश्यक छ । महानगरबासीहरुलाई नविकरणीय उर्जाको उत्पादन र प्रयोगमा सहुलियत दिई कार्बन उत्सर्जन घटाउने योजना बनाउन पर्ने हुन्छ। नेपाल सरकारले आधुनिक सूचना तथा सञ्चारको क्षेत्रमा बिकासको महत्वलाई आत्मसात गरेर सूचना तथा संचार प्रबिधि सम्बन्धी पुर्बाधार तथा परियोजनामा ठुलो लगानी गरिरहेको छ। तथापी आधुनिक सूचना प्रविधिको उच्चतम विकासका लागि आवश्यक इकोसिस्टम र तथ्यांक सुरक्षाको प्रत्याभुति चुनौतीपूर्ण रहेकोछ।

सूचना तथा संचार प्रविधि सम्वन्धी सेवा प्रदायक संस्थाहरुको वृद्धिसँगै साइबर सुरक्षाको चुनौति पनि थपिदै गएको छ। सूचना तथा संचार प्रविधि सम्वन्धि प्राबिधिक जनशक्ति व्यवस्थापन, टेलिसेन्टर लगायतका पूर्वाधार विकास र संचालन तथा सेवाको विविधिकरण अर्को चुनौतिको रूपमा रहेको छ। अब्यबस्थित तारयुक्त प्रबिधिलाई निरुत्साहित गर्दै ताररहित प्रबिधिलाई बढावा दिनु र संचार माध्यमहरुलाई बिश्वसनीय र जवाफदेही बनाउदै गुणस्तरीय सेवाप्रवाहमा रूपान्तरण गर्नु पर्ने लगायतका चुनौति महानगरपालिका सामु रहेका छन्।

### ५.४.३ मुख्य नीति

**लक्ष्यः**

विद्युतीय सुशासन र उर्जा दक्षता वृद्धि गर्ने ।

**उद्देश्यः**

१. नविकरणीय उर्जा विकास तथा उपयोग विस्तार गर्नु।
२. सूचना प्रबिधिलाई सुरक्षित, भरपर्दो र आकर्षण बनाउनु।
३. पोखरालाई सूचना प्रविधि सम्वन्धी उद्यम व्यवसायको केन्द्रका रूपमा विकास गर्नु।

**रणनीतिः**

१. नविकरणीय उर्जा विकास विस्तार तथा उपयोगमा आवश्यक पूर्वाधार विकास गर्ने। ।
२. सेवाप्रवाह तथा विकास व्यवस्थापनमा सूचना प्रबिधिको प्रयोगलाई प्राथमिकता दिने।
३. सूचना प्रबिधि सम्बन्धी अध्ययन, अनुसन्धान र सञ्चालनमा रहेका ब्यवसायहरूलाई प्रोत्साहन गर्ने।
४. सूचना प्रविधि क्षेत्रको विकासका लागि सम्वद्व निकायसँग समन्वय, सहजिकरण र सहकार्यलाई प्राथमिकता दिने।

**५.४.४ प्रमुख आयोजना तथा कार्यक्रम**

उर्जा, सूचना तथा संचार विकास उपक्षेत्रमा यस आवधिक योजना अवधिमा सञ्चालन गरिने प्रमुख आयोजना तथा कार्यक्रमहरु देहाय बमोजिम रहेका छन्।

**तालिका ३२: सूचना तथा संचार प्रबिधि र उर्जा विकास उपक्षेत्रका प्रमुख आयोजना तथा कार्यक्रमहरु**

| कार्यक्रम तथा आयोजना | इकाई | लक्ष्य | बजेट अनुमान (रु.हजारमा) | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ | जम्मा |
| उज्यालो पोखरा कार्यक्रम | सालबसाली | | २१६५०० | २४२४८० | २७१५७८ | ३०४१६७ | ३४०६६७ | १३७५३९१ |
| एकिकृत सूचना प्रविधि विकास | सालबसाली | | ५७२५०० | ६५८३७५ | ७५७१३१ | ८७०७०१ | १००१३०६ | ३८६००१३ |
| उर्जा दक्षता प्रवर्द्धन कार्यक्रम | सालबसाली | | ४५८५०० | ५२७२७५ | ६०६३६६ | ६९७३२१ | ८०१९१९ | ३०९१३८२ |
| विद्युत वितरण प्रणाली सुधार | सालबसाली | | १२४६५४ | १४३३५२ | १६४८५५ | १८९५८३ | २१८०२१ | ८४०४६५ |
| अन्य सालबसाली कार्यक्रम | सालबसाली | | ६१५९०० | ७०८२८५ | ८१४५२८ | ९३६७०७ | १०७७२१३ | ४१५२६३३ |
| सूचना तथा संचार प्रणाली सुदृढीकरण | सालबसाली | | ९६१६० | ११०५८४ | १२७१७२ | १४६२४७ | १६८१८४ | ६४८३४७ |
| बैकल्पिक उर्जा प्रवर्द्धन कार्यक्रम | सालबसाली | | १५३५०० | १७६५२५ | २०३००४ | २३३४५४ | २६८४७२ | १०३४९५६ |
| विद्युतीय सवारी प्रवर्द्धन कार्यक्रम | सालबसाली | | ३७६४०० | ४३२८६० | ४९७७८९ | ५७२४५७ | ६५८३२६ | २५३७८३२ |
| डिजिटल पोखरा कार्यक्रम | सालबसाली | | ७८७६५० | ९०५७९८ | १०४१६६७ | ११९७९१७ | १३७७६०५ | ५३१०६३७ |
| **जम्मा** | | | **३४०१७६४** | **३९०५५३४** | **४४८४०८९** | **५१४८५५५** | **५९११७१४** | **२२८५१६५६** |

### ५.४.५ नतिजा खाका (परिमाणात्मक लक्ष्य)

**तालिका ३३: सूचना तथा संचार प्रबिधि र उर्जाक्षेत्रका नतिजा सूचक र परिमाणात्मक लक्ष्य**

| नतिजा सूचक | इकाई | आ.व. २०७९/८० को स्थिति | आ.व. २०८५/८६ को लक्ष्य |
|---|---|---|---|
| हाइमास्ट बत्ति जडान | संख्या | १९ | ५० |
| स्मार्ट सडक बत्ति जडान | संख्या | २२५० | ५००० |
| विद्युतीय सवारी चार्जिङ केन्द्र | संख्या | ३ | ५० |
| भूमिगत विद्युतीय तार व्यवस्थापन | कि.मि | ० | ५० |
| फोहोरबाट उर्जा उत्पादन केन्द्र | संख्या | १ | ३ |
| विद्युतीय सवारीको अनुपात | प्रतिशत | १ | ३५ |
| डिजिटल सेवा प्रवाह प्रणाली | संख्या | ५ | १५ |

## ५.५ भवन तथा अन्य पुर्बाधार

### ५.५.१ पृष्ठभूमी

पोखरा महानगरपालिकाको क्षेत्रफल, जनसंख्या र सेवाप्रवाहको जिम्मेवारीका दृष्टिले भवन तथा अन्य पूर्वाधार विकास, अनुगमन तथा नियमन सम्वन्धी दायित्व समेत थपिएको छ। महानगरपालिकाको आफ्नै प्रसाशनिक भवन, वडा कार्यालय भवनहरू, स्वास्थ्य संस्थाहरुका भवन र बिद्यालयहरुका भवनको निर्माण, संरक्षण तथा मर्मत सम्भारमा महानगरपालिकाबाट उल्लेखनीय लगानी भइरहेको छ। विभिन्न सामुदायिक तथा संस्थाका भवनहरु निर्माण तथा स्तरोन्नतिमा पनि महानगरपालिकाको लगानी हुने गरेको छ ।

महानगरपालिकाले निर्माण सम्पन्न गरेका र निर्माणको चरणमा रहेका वडा भवनहरू सहरी विकास तथा भवन निर्माण बिभागको मापदण्ड र डिजाइनअनुसार एकरुपता कायम गर्ने प्रयास गरिएको छ। पोखरा महानगरपालिका अधिकांस वडा कार्यालयहरू, स्वास्थ्य संस्था तथा समुदायिक बिद्यालयहरु आफ्नै भवनमा संचालित रहेका छन् ।

### ५.५.२ मुख्य सवाल तथा चुनौती

पोखरा महानगरपालिकामा उपयुक्त प्रशासकीय भबन, वडाका कार्यालय भवन, सभा हल, पार्क तथा मनोरन्जन स्थल तथा खेल मैदान लगायत अन्य पुर्बाधारहरुको निर्माण मर्मत संभार तथा दिगो व्यवस्थापन चुनौतिपूर्ण रहेको छ। महानगरपालिका भित्रका सार्वजनिक जग्गा अतिक्रमण गरी जथाभावी रुपमा भवन तथा अन्य पूर्वाधार निर्माणलाई नियन्त्रण प्रमुख चुनौतिको रुपमा रहेको छ। महानगरपालिका भित्रका चौतारा, पाटीपौवा, धर्मशाला र धार्मिक सम्पदाहरू मासिदै जानु वा अतिक्रमणको चपेटामा पर्नु समस्याको रुपमा रहेको छ।

अधिकांस वडा कार्यालय, स्वास्थ्य संस्था तथा बिद्यालयहरु पुराना भबनहरुमा संचालित छन्। विभिन्न स्थानमा छरिएर रहेका महानगरपालिकाका महाशाखा तथा शाखाहरूलाई व्यवस्थित गरी एकिकृत रूपमा सञ्चालन आवश्यक छ। पोखरा महानगरपालिकाले भौतिक सम्पत्तिको उचित संरक्षण र मर्मत सम्भारलाई व्यवस्थित र सहज बनाउन एकिकृत सम्पत्ति व्यवस्थापन प्रणाली सञ्चालन हुन सकेको छैन।

### ५.५.३ मुख्य नीति

**लक्ष्यः**

विपद् उत्थानशिल र ऊर्जा दक्ष भवन तथा अन्य पूर्वाधार विकास गर्ने।

**उद्देश्यः**

१. उर्जा दक्ष भवन तथा पुर्बाधार निर्माणको आधारशिला तयार गर्नु ।
२. महानगरपालिकाको सम्पूर्ण सेवा आफ्नै भबनबाट प्रवाह हुने व्यवस्था मिलाउनु।
३. रणनितिक, पर्यटकीय तथा पुरातात्विक सम्पदाको संरक्षण तथा प्रवर्द्धन गर्नु।

**रणनीतिः**

१. आवासीय भवन र अन्य शहरी पुर्बाधार निर्माणमा मापदण्ड पालनालाई प्रोत्साहन गर्ने ।
२. भवन तथा अन्य पूर्वाधार निर्माण गर्दा स्थानीय वास्तुकला र प्रकृतिमा आधारित समाधानका उपाय अवलम्बन गर्ने।
३. रणनितिक महत्वका पूर्वाधार निर्माणमा सहलागानी तथा साझेदारी बढाउने ।
४. पर्यटन तथा वातावरणीय पूर्वाधार निर्माणलाई प्राथमिकता दिने ।

### ५.५.४ प्रमुख आयोजना तथा कार्यक्रम

भबन तथा अन्य पुर्बाधार उपक्षेत्रमा आगामी आवधिक योजना अवधिमा सञ्चालन गरिने प्रमुख आयोजना तथा कार्यक्रमहरु देहाय बमोजिम रहेका छन्।

**तालिका ३४: भबन तथा अन्य पुर्बाधार उपक्षेत्रका प्रमुख आयोजना तथा कार्यक्रमहरु**

| कार्यक्रम तथा आयोजना | इकाई | लक्ष्य | बजेट अनुमान (रु.हजारमा) | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ | जम्मा |
| पोखरा सभागृह पुननिर्माण | भबन | १ | २०००० | २४४०० | २९७६८ | ३६३१७ | ४४३०७ | १५४७९२ |
| महानगर प्रशासकीय भबन निर्माण | भबन | १ | २४३६०० | २९७१९२ | ३६२५७४ | ४४२३४१ | ५३९६५५ | १८८५३६२ |
| वडा कार्यालय भबन निर्माण | भबन | ३ | १२७२४० | १५५२३३ | १८९३८४ | २३१०४८ | २८१८७९ | ९८४७८४ |
| अन्तरास्ट्रिय सम्मेलन केन्द्र निर्माण | भबन | १ | ७४२००० | ८३१०४० | ९३०७६५ | १०४२४५७ | ११६७५५१ | ४७१३८१३ |
| पोखरा घर (पृथ्वी चोक) | भबन | १ | १६९०० | २०६१८ | २५१५४ | ३०६८८ | ३७४३९ | १३०७९९ |
| बहुउद्देयीय भबन (नयाँबजार ) | भबन | १ | ९८५०० | १२०१७० | १४६६०७ | १७८८६१ | २१८२१० | ७६२३४९ |
| बसपार्क निर्माण आयोजना | संख्या | ३ | ५२११७२ | ६३५८२९ | ७७५७१२ | ९४६३६८ | ११५४५७० | ४०३३६५१ |
| अन्य सालबसाली कार्यक्रम | सालबसाली | | २६८४८२ | ३२७५४८ | ३९९६०९ | ४८७५२३ | ५९४७७८ | २०७७९४१ |
| **जम्मा** | | | २०३७८९४ | २०८४४८२ | २४५९९६४ | २९०८०८० | ३४४३६१२ | १४७४३४९१ |

### ५.५.५ नतिजा खाका (परिमाणात्मक लक्ष्य)

**तालिका ३५: भवन तथा अन्य पुर्वाधार उपक्षेत्रका नतिजा सूचक र परिमाणात्मक लक्ष्य**

| नतिजा सूचक | इकाई | आ.व. २०७९/८० को स्थिति | आ.व. २०८५/८६ को स्थिति |
|---|---|---|---|
| आफ्नै भवनबाट सञ्चालित वडा कार्यालय | संख्या | ३० | ३३ |
| सुविधा सम्पन्न बहुउद्देशीय भवन | संख्या | ० | ३ |
| अन्तरराष्ट्रिय सम्मेलन केन्द्र | संख्या | ० | १ |

# परिच्छेदः ६

# वन, वातावरण तथा विपद् व्यवस्थापन क्षेत्र

## परिचय

नेपालको संविधानमा वातवरणीय सन्तुलन र स्वच्छताको लागि वन क्षेत्र तथा जैविक विविधताको संरक्षण र उपयोगलाई प्राथमिकता दिने उल्लेख छ। महानगरपालिकाले वन, वनपैदाबार, वन्यजन्तु र जैविक विविधता सहित जलाधार क्षेत्रको संरक्षण, डढेलो नियन्त्रण, जडिवुटी खेती प्रवर्द्धन र बजारीकरण सम्वन्धमा आवश्यक समन्वय तथा सहजिकरण गर्दै आएको छ। वातावरण संरक्षण, प्रदुषण नियन्त्रण तथा फोहोरमैला व्यवस्थापन र जलवायु परिवर्तन अनुकुलन तथा विपद् व्यवस्थापनका क्षेत्रमा महानगरपालिकाले आवश्यक नीतिगत, कानुनी तथा कार्यक्रमगत व्यवस्था प्राथमिकताका साथ कार्यान्वयन गर्दै आएको छ।

जलवायु परिवर्तन अनूकूलन र जोखिम न्यूनीकरण मार्फत हरित एवं विपद् उत्थानशील महानगरपालिका निर्माण गर्ने अवसर रहेको छ। जलवायु परिवर्तनले जिविकोपार्जन र पर्यटन क्षेत्रमा पार्ने प्रतिकुल असर न्यूनिकरण गर्दै जलवायु कोष लगायतका अन्तर्राष्ट्रिय संयन्त्रहरुबाट प्राप्त हुने लाभको अधिकतम उपयोग गर्ने दिशामा महानगरपालिकाको दोस्रो पञ्चवर्षीय योजना अग्रसर छ। भुकम्प लगायतका अन्य विपद्का दृष्टिले जोखिममा रहेको पोखरा उपत्यकाको भौगोलिक संवेदनशील अवस्थितिलाई मध्येनजर गरी विपद् व्यवस्थापनलाई आवधिक योजनामा आन्तरिकिकरण गरिएको छ ।

महानगरपालिकाको दीर्घकालिन सोच र लक्ष्य हासिल गर्न वन तथा भू-संरक्षण, वातावरण तथा शहरी स्वच्छता, जलवायु परिवर्तन अनुकुलन तथा जोखिम न्यूनिकरण, जैविक विविधता तथा जलाधार संरक्षण र विपद् व्यवस्थापन जस्ता बिषयगत उपक्षेत्रहरु यस योजनामा समावेश छ ।

दोस्रो पञ्चवर्षीय योजनाका लागि वन, वातावरण तथा विपद् व्यवस्थापन क्षेत्रका मार्गदर्शक नीतिहरु देहाय बमोजिम निर्धारण गरिएको छ।

**सोचः**

विपद् उत्थानशील र हरित विकास

**लक्ष्यः**

पारिस्थितिकीय प्रणालीको दिगो व्यवस्थापन गरी समुदायको जिविकोपार्जन सुधार गर्ने ।

**उद्देश्यः**

१. वन तथा जैविक विविधतालाई पर्यटनसँग आवद्ध गरी दिगो विकासमा योगदान पुर्याउनु।
२. प्रदुषण न्यूनीकरण गरी पारिस्थितिकीय प्रणालीमा सुधार गर्नु।
३. फोहोरमैलाको दिगो व्यवस्थापन मार्फत चक्रीय अर्थतन्त्र विकास गर्नु ।
४. जलवायु वित्त र जलवायु अनुकुलनका संयन्त्रहरुबाट प्राप्त हुने लाभको उपयोग गर्नु।
५. विपद् जोखिम न्युनिकरण, पूर्वतयारी, प्रतिकार्य एवं पुनर्लाभ प्रणालीलाई सुदृढीकरण गर्नु।

## ६.१ भू तथा जलाधार संरक्षण

### ६.१.१ पृष्ठभूमि

नेपालको मध्यपहाडी क्षेत्रमा अवस्थित पोखरा महानगरपालिका अन्नपूर्ण हिमश्रृखंलादेखि उच्च पहाड, समथर उपत्यका र ताल तलैयाहरूको अनुपम संगम हो। कुल ४६४ वर्ग किमी क्षेत्रफलमा फैलिएको यस महानगरपालिकामा उष्ण तथा समशितोष्ण हावापानी रहेको छ। नेपालमै सबै भन्दा धेरै पानी पर्ने स्थान यहि क्षेत्रमा पर्दछ ।पोखरा भएर बग्ने नदीनाला र ताल तलैयाहरूका कारण स्थानीय अर्थतन्त्रमा जलाधार क्षेत्रको महत्वपूर्ण योगदान रहेको छ। पोखरा भएर बग्ने महत्वपूर्ण खोला तथा तालहरुले पनि पानीसंग जोडिएको पोखरा सभ्यतालाई योगदान गर्दछन्।

समुन्द्री सतहबाट न्यूनतम ५ सय देखि २६ सय सम्मको उचाईमा फैलिएको पोखरा महानगरपालिकाको भू-बनोट विविधतायुक्त रहेको छ। अधिकांश जमिन भिरालो र खोंचहरुले बनेको कारण वन तथा कृषि जैविक विविधताले भरिपूर्ण रहेको छ। भू तथा जलाधार क्षेत्र पोखराको प्राकृतिक, सांस्कृतिक तथा सामाजिक-आर्थिक रूपान्तरणमा अन्तरसम्बन्धित छन्।

### ६.१.२ मुख्य सबाल र चुनौतिहरू

पोखरा महानगरपालिकाको भौगोलिक विविधता र वातावरणीय पक्षको संवेदनशिलताका दृष्टिले भौतिक विकास भू तथा जलाधार संरक्षण बिच सन्तुलन कायम गर्नु प्रमुख चुनौतिको रूपमा रहेको छ। भौतिक पूर्वाधार विकासको क्रममा वातावरणीय असरको प्रयाप्त अध्ययन विना हुने भौतिक निर्माण कार्यले भू तथा जलाधार संरक्षणमा चुनौति थपेको छ। अवैज्ञानिक रूपमा नदी तथा खोलाबाट भइरहेको नदीजन्य पदार्थ खासगरी ढुङ्गा, गिटी, बालुवाको उत्खनन्, संकलन र व्यवस्थापन पनि चुनौतिका रूपमा रहेको छ। एकिकृत जलाधार व्यवस्थापन मार्फत खोला तथा नदी एवं तालहरुको उपयोग र संरक्षण संगसंगै गर्नुपर्ने आवश्यकता रहेको छ। पानीको मुहान, कुवा ताल पोखरी तथा खोलाहरुको वास्तविक क्षेत्र तथा सीमा निर्धारण, संरक्षण तथा उपयोग र आयआर्जनसँग जोड्न जरुरी छ।जलाधारको उपल्लो तटीय तथा तल्लो तटीय क्षेत्रको अन्तरसम्वन्धलाई महत्व दिदै एकिकृत जलाधार व्यवस्थापन गर्ने चुनौति पनि रहेको छ ।

### ४.१.३ मुख्य नीति

**लक्ष्यः**

भू तथा जलाधार क्षेत्रको दिगो संरक्षण र व्यवस्थापन गर्ने।

**उद्देश्यः**

१. भू तथा जलाधार क्षेत्रको दिगो संरक्षण र व्यावसायिक उपयोग गर्नु ।
२. खोला तथा नदिजन्य पदार्थको दिगो व्यवस्थापन गर्नु ।

**रणनीतिः**

१. माटो र पानीलाई संरक्षण गर्दै एकिकृत व्यवस्थापन तथा उपयोगमा जोड दिने।
२. ताल पोखरी तथा खोलाको सिमांकन, संरक्षण र संवर्द्धनलाई प्राथमिकता दिने।
३. भू-उपयोग नीति तथा योजना तर्जुमा गरी कार्यान्वयन गर्ने।
४. भू-क्षय नियन्त्रणका लागि समुदाय तथा अन्य सरोकारवालाहरूसँग सहकार्य गर्ने ।

### ६.१.४ प्रमुख रणनीतिक कार्यक्रम

भू तथा जलाधार उपक्षेत्रमा यस आवधिक योजना अवधिमा सञ्चालन गरिने प्रमुख आयोजना तथा कार्यक्रमहरु देहायबमोजिम रहेका छन् ।

### तालिका ३६: भू तथा जलाधार संरक्षण उपक्षेत्रका प्रमुख आयोजना तथा कार्यक्रमहरु

| कार्यक्रम तथा आयोजना | इकाई | लक्ष्य | बजेट अनुमान (रु.हजारमा) | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ | जम्मा |
| भू-संरक्षण तथा भू-क्षय नियन्त्रण | सालबसाली | | ७२५०० | ९०६२५ | ११३२८१ | १४१६०२ | १७७००२ | ५९५०१० |
| ताल तथा खोला करिडोर व्यवस्थापन | सालबसाली | | २१५०० | २६८७५ | ३३५९४ | ४१९९२ | ५२४९० | १७६४५१ |
| मुल तथा जलाधार संरक्षण | सालबसाली | | १८७९००० | २३४८७५० | २९३५९३८ | ३६६९९२२ | ४५८७४०२ | १५४२१०१२ |
| नदि तथा खोला तटबन्धन कार्यक्रम | सालबसाली | | ७५१०० | ९३८७५ | ११७३४४ | १४६६८० | १८३३५० | ६१६३४८ |
| नदी र खोला करिडोरमा जमिन उकास | सालबसाली | | १५७६५४० | १९७०६७५ | २४६३३४४ | ३०७९१८० | ३८४८९७५ | १२९३८७१३ |
| अन्य सालबसाली कार्यक्रम | सालबसाली | | १४५०० | १८१२५ | २२६५६ | २८३२० | ३५४०० | ११९००२ |
| जम्मा | | | ३६३९१४० | ४५४८९२५ | ५६८६१५६ | ७१०७६९५ | ८८८४६१९ | २९८६६५३६ |

## ६.१.५ नतिजा खाका (परिमाणात्मक लक्ष्य)

### तालिका ३७: भू तथा जलाधार संरक्षण उपक्षेत्रका नतिजा सूचक र परिमाणात्मक लक्ष्य

| नतिजा सूचक | इकाई | २०७९/८० को स्थिति | आ.व. २०८५/८६ को लक्ष्य |
|---|---|---|---|
| एकिकृत जलाधार व्यवस्थापन | संख्या | ० | ३ |
| तालका स्रोत खोलामा अर्दन ड्याम निर्माण | संख्या | ० | ५ |
| ताल/खोला छेउछाउको जमिन उकास | रोपनी | ० | २०० |
| नदी खोला र तालको जलाधारमा तटबन्ध | कि.मि. | - | ५० |
| थप कुवा तथा पानीको मुहान संरक्षण | संख्या | - | २५ |

## ६.२ बातावरण तथा शहरी स्वच्छता

### ६.२.१ पृष्ठभूमि

विश्वव्यापी समस्याको रूपमा रहेको शहरी प्रदुषणबाट पोखरा महानगरपालिका पनि प्रभावित रहेको छ ।हावा, पानी, माटो र ध्वनी प्रदुषण रोकथाम तथा नियन्त्रण र फोहोरमैलाको दिगो व्यवस्थापनमा महानगरपालिका सचेत रहेको छ। नेपालको संविधानले नागरिकलाई स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने अधिकारलाई नागरिकको मौलिक हकका रूपमा उल्लेख गरेको छ। वातावरणीय सवच्छता सम्वन्धी पछिल्लो प्रतिवेदन (ईपीआई-२०२४) अनुसार वातावरणीय स्वच्छताको क्षेत्रमा नेपालको अवस्था कमजोर देखिएको छ। विभिन्न वातावरणीय सूचकहरुका आधारमा तयार पारिएको उक्त अध्ययन प्रतिवेदन अनुसार नेपाल कुल १८० देशमध्ये १७५ औं स्थानमा रहेको देखाएको छ ।

फोहोरमैला ऐन, २०६८ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले शहरी स्वच्छता र फोहोरमैला व्यवस्थापनमा स्थानीय तहलाई जिम्मेवार बनाएको छ। प्रदुषण नियन्त्रण र हानिकारक पदार्थहरुको नियन्त्रण तथा व्यवस्थापन गरी स्वच्छ र स्वस्थ वातावरण कायम राख्ने जिम्मेवारी पनि स्थानीय तहको क्षेत्राधिकारमा पर्ने हुँदा महानगरपालिकाले तर्जुमा गर्ने नीति योजना तथा कार्यक्रमहरूमा यस विषयलाइ प्राथमिकतामा राख्नु पर्ने देखिन्छ ।

### ६.२.२ मुख्य सबाल र चुनौतिहरू

पोखरा महानगरपालिकामा फोहोरमैला व्यवस्थापन र प्रदुषणको नियन्त्रण जटिल र चुनौतीपूर्ण रहेको छ। बढ्दो वायु प्रदुषण, ताल तथा पानीका स्रोत प्रदुषण र फोहोरमैलाको उचित व्यवस्थापन पोखरा महानगरपालिकाका प्रमुख सवालहरू हुन।प्लाष्टिकको जथाभावी प्रयोगले हुने खेतियोग्य जमिन प्रदुषण र औद्योगिक क्षेत्र तथा होटलहरूबाट निस्किने रसायनयुक्त प्रदुषण न्यूनिकरण तथा व्यवस्थापन थप चुनौतिपूर्ण बन्दै गएको छ। महानगरपालिकाले बि.सं. २१०० सम्ममा कार्बन तटस्थ शहर बन्ने लक्ष्य हासिल गर्न यातायात क्षेत्रबाट हुने कार्बन डाइअक्साइड उत्सर्जन न्यूनिकरणको विषय पनि पेचिलो बन्दै गएको छ।

पोखरा महानगरपालिकामा हाल दैनिकरूपमा उत्सर्जन हुने करिब २०० टन फोहोरलाई स्रोतमा नै वर्गीकरण गरी प्रशोधन तथा प्रदुषण नियन्त्रण गर्ने विषय लामो समयदेखि प्रयासरत देखिए पनि दिगो व्यवस्थापन हुन बाँकी छ। फोहोरलाई उर्जाको स्रोतमा उपयोग गर्नु धुवाँधुलो नियन्त्रण गरी शहरी स्वच्छता कायम गर्नु महत्वपूर्ण सवालका रुपमा रहेको छ।

### ६.२.३ मुख्य नीति

**लक्ष्यः**

प्रदुषण न्युनिकरण, फोहोरमैला व्यवस्थापन र शहरी स्वच्छता कायम गर्ने।

**उद्देश्यः**

१. फोहोरमैला व्यवस्थापन र चक्रीय अर्थतन्त्रलाई प्रवर्धन गर्नु ।

२. प्रदुषण नियन्त्रण गरी जनस्वास्थ्य र पारिस्थितीकीय प्रणालीमा पर्ने असर न्यूनीकरण गर्नु।

**रणनीतिः**

१. आधुनिक प्रविधिको प्रयोग गरी फोहोरमैला प्रशोधन तथा व्यवस्थापन गर्ने।

२. वातावरणमैत्री यातायातका साधनहरु तथा उद्योगलाई प्रोत्साहन गर्ने।

३. वैकल्पिक उर्जा र स्वच्छ प्रविधिको प्रयोग तथा हरियाली बृद्धि गर्ने।

४. प्रदुषण नियन्त्रण तथा बातावरण संरक्षणलाई विकास व्यवस्थापनको अभिन्न अंगको रूपमा आबद्ध गर्ने।

५. वातावरण संरक्षण तथा शहरी स्वच्छता सम्बन्धमा निजिक्षेत्र तथा विकास साझेदारसँग सहकार्य विस्तार गर्ने।

### ६.२.४ प्रमुख रणनीतिक कार्यक्रम

वातावरण तथा शहरी स्वच्छता उपक्षेत्रमा दोस्रो आवधिक योजना अवधिमा सञ्चालन गरिने प्रमुख आयोजना तथा कार्यक्रमहरु देहाय बमोजिम रहेका छन् ।

### तालिका ३८: वातावरण तथा शहरी स्वच्छता उपक्षेत्रका प्रमुख आयोजना तथा कार्यक्रमहरू

| कार्यक्रम तथा आयोजना | इकाई | लक्ष्य | बजेट अनुमान (रु.हजारमा) | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ | जम्मा |
| फोहरमैला प्रशोधन तथा व्यवस्थापन | सालबसाली | | २५२५०० | ३१५६२५ | ३९४५३१ | ४९३१६४ | ६१६४५५ | २०७२२७५ |
| शहरी प्रदुषण न्यूनिकरण कार्यक्रम | सालबसाली | | ३१५०० | ३९३७५ | ४९२१९ | ६१५२३ | ७६९०४ | २५८५२१ |
| शहरी स्वच्छता प्रवर्द्धन कार्यक्रम | सालबसाली | | २७१००० | ३३८७५० | ४२३४३८ | ५२९२९७ | ६६१६२१ | २२२४१०५ |
| शहरी सौन्दर्यकरण प्रवर्द्धन कार्यक्रम | सालबसाली | | ६५१०० | ८१३७५ | १०१७१९ | १२७१४८ | १५८९३६ | ५३४२७८ |
| वातावरणीय पूर्वाधार विकास कार्यक्रम | सालबसाली | | ७३५००० | ९१८७५० | ११४८४३८ | १४३५५४७ | १७९४४३४ | ६०३२१६८ |
| अन्य सालबसाली कार्यक्रम | सालबसाली | | ६४५०० | ८०६२५ | १००७८१ | १२५९७७ | १५७४७१ | ५२९३५४ |
| **जम्मा** | | | १४१९६०० | १७७४५०० | २२१८१२५ | २७७२६५६ | ३४६५८२० | ११६५०७०२ |

## ६.२.५ नतिजा खाका (परिमाणात्मक लक्ष्य)

### तालिका ३९: वातावरण तथा शहरी स्वच्छता उपक्षेत्रका नतिजा सूचक र परिमाणात्मक लक्ष्य

| नतिजा सूचक | इकाई | २०७९/८० को स्थिति | आ.व. २०८५/८६ को लक्ष्य |
|---|---|---|---|
| आधुनिक फोहोरमैला प्रशोधन केन्द्र | संख्या | ० | १ |
| कार्बन डाइअक्साइड उत्सर्जनमा यातायात क्षेत्रको हिस्सा | प्रतिशत | ६६ | ४० |
| स्रोतमा फोहोर वर्गिकरण गर्ने परिवार | प्रतिशत | १० | ५० |

## ६.३ जलवायु परिवर्तन अनुकूलन तथा जोखिम न्यूनीकरण

### ६.३.१ पृष्ठभूमि

विश्व तापमान वृद्धि र जलवायु परिवर्तनलाई अहिले मानव इतिहासको सबैभन्दा ठूलो वातावरणीय समस्याको रूपमा लिइएको छ। पोखरा महानगरपालिका र आसपासका क्षेत्रहरू जलवायु परिवर्तनका दृष्टिले संवेदनशील रहेको विभिन्न अध्ययनहरूले औंल्याएका छन्। नेपाल जलवायु परिवर्तन ज्ञान व्यवस्थापन केन्द्रले गण्डकी प्रदेशमा जलवायु परिवर्तनको असरबारे गरेको अध्ययनले हिमताल विष्फोटन, हिम पहिरो र आगलागी जस्ता जोखिमहरु थप बढाएको उजागर गरेको छ।

जलवायु परिवर्तनको असर भौगोलिक सीमाभित्र सीमित नरहने विषयलाई आत्मसात गरेको पोखरा महानगरपालिकाले जलवायु परिवर्तन अनुकुलन तथा जोखिम न्युनिकरण र हरित विकासको अवधारणालाई अंगिकार गरेर अगाडि बढेको छ। पोखरा महानगरपालिकाले वि.सं. २१०० सम्म पोखरालाई कार्बन तटस्थ शहर बनाउने रणनीतिक कार्ययोजना तर्जुमा गरी कार्यान्वयनमा लगेको छ।जलवायु परिवर्तन अनुकूलन तथा जोखिम न्यूनिकरण हुने गरी महानगरपालिकाका आगामी नीति योजना तथा कार्यक्रमहरू परिलक्षित हुन आवश्यक देखिएको छ ।

### ६.३.२ मुख्य सबाल र चुनौतिहरू

जलवायु परिवर्तनले स्थानीय, राष्ट्रिय र अन्तराष्ट्रिय रुपमा मानव स्वास्थ्य, कृषि तथा खाद्य सुरक्षा, वन तथा जैविक विविधता आदि क्षेत्रमा असर पारिरहेको छ ।हिमालको हिउँ पग्लिएर काला पहाड बनिरहँदा पोखराको पर्यटन उद्योगहरू जोखिममा पर्ने खतरा बढेको छ। अर्को तर्फ जलवायु परिवर्तनले गर्दा डेंगु जस्ता संक्रामक रोगहरुको प्रकोपको रोकथाम तथा नियन्त्रण चुनौतिपूर्ण बन्दै गएको छ।

जलवायु परिवर्तन अनुकुलनका क्षेत्रमा जलवायु कोष लगायतका हरित वित्त परिचालन पोखरा महानगरपालिकाका लागि प्रमुख सरोकारको विषय बनेको छ।स्थानीय रुपमा जलवायु अनुकुलन कार्ययोजनालाई व्यापकरूपमा विभिन्न विकास साझेदारहरूका कार्यक्रमहरुसँग जोड्ने कार्य पनि चुनौतीपूर्ण छ। हरित अर्थतन्त्रमा आधारित विकास अवधारणालाई विविध क्षेत्रहरुमा प्रोत्साहित गर्ने अर्को महत्वपूर्ण सवाल हो।

### ६.३.३ मुख्य नीति

**लक्ष्यः**

कार्बन तटस्थ शहर निर्माण गर्ने।

**उद्देश्यः**

१. हरित तथा उत्थानशील विकास मार्फत जलवायुजन्य असरहरुको न्युनिकरण गर्नु ।

२. जलवायु परिवर्तन अनुकूलन कोष र संयन्त्रबाट अधिकतम लाभ लिनु।

**रणनीतिः**

१. जलवायु परिवर्तन सम्वन्धी ज्ञान व्यवस्थापन प्रणालीलाई सुदृढिकरण गर्ने ।

२. संभावित जलवायुजन्य घटनाहरुको आंकलन तथा पहिचान गरी अनुकूलन तथा जोखिम न्यूनीकरणको लागि पूर्व तयारी गर्ने ।

३. अन्तराष्ट्रिय सन्धि अनुसार अनुकुलन सयन्त्रहरू र जलवायुकोषबाट सहयोग हासिल गर्न विकास साझेदारहरूसँग समन्वय गर्ने।

४. जलवायु परिवर्तन अनुकूलन तथा जोखिम न्यूनिकरणको क्षेत्रमा स्थानीय समुदाय, नीजि क्षेत्र तथा अन्य सरोकारवालाहरूसँग सहकार्य गर्ने।

### ६.३.४ प्रमुख रणनीतिक कार्यक्रम

जलवायु परिवर्तन अनुकुलन तथा जोखिम न्यूनिकरण उपक्षेत्रमा यस आवधिक योजना अवधिमा सञ्चालन गरिने प्रमुख आयोजना तथा कार्यक्रमहरु देहाय बमोजिम रहेका छन् ।

**तालिका ४०: जलवायु परिवर्तन अनुकुलन तथा जोखिम न्यूनिकरण उपक्षेत्रका प्रमुख आयोजना तथा कार्यक्रमहरू**

| कार्यक्रम तथा आयोजना | इकाई | लक्ष्य | बजेट अनुमान (रु.हजारमा) | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ | जम्मा |
| कार्बन तटस्थता प्रवर्द्धन | सालबसाली | | ९७१०० | १२१३७५ | १५१७१९ | १८९६४८ | २३७०६१ | ७९६९०३ |
| जलवायु परिवर्तन अनुकुलन तथा जोखिम न्यूनिकरण | सालबसाली | | ७१५०० | ८९३७५ | १११७१९ | १३९६४८ | १७४५६१ | ५८६८०३ |
| हरित वित्त परिचालन र उपयोग | सालबसाली | | ४१५०० | ५१८७५ | ६४८४४ | ८१०५५ | १०१३१८ | ३४०५९२ |
| हरित अर्थतन्त्र प्रवर्द्धन कार्यक्रम | सालबसाली | | ८२१०० | १०२६२५ | १२८२८१ | १६०३५२ | २००४३९ | ६७३७९७ |
| प्रकृतिमा आधारित समाधान | सालबसाली | | ९७५००० | १२१८७५० | १५२३४३८ | १९०४२९७ | २३८०३७१ | ८००१८५५ |
| अन्य सालबसाली कार्यक्रम | सालबसाली | | २४५०० | ३०६२५ | ३८२८१ | ४७८५२ | ५९८१४ | २०१०७२ |
| **जम्मा** | | | **१२९१७००** | **१६१४६२५** | **२०१८२८१** | **२५२२८५२** | **३१५३५६४** | **१०६०१०२२** |

### ४.३.५ नतिजा खाका (परिमाणात्मक लक्ष्य)

**तालिका ४१: जलवायु परिवर्तन अनुकुलन तथा न्यूनीकरण उपक्षेत्रका नतिजा सूचक र परिमाणात्मक लक्ष्य**

| नतिजा सूचक | इकाई | २०७९/८० को स्थिति | आ.व. २०८५/८६ को लक्ष्य |
|---|---|---|---|
| जलवायु परिवर्तन सम्वन्धी पठनपाठन हुने विद्यालय | प्रतिशत | ० | ५० |
| खाना पकाउन एलपीजी प्रयोग गर्ने परिवार | प्रतिशत | ६० | २० |
| वार्षिक कार्बनडाइअक्साइड उत्सर्जन | हजार टन | २०० | १०० |

## ६.४ वन तथा जैविक विविधता

### ६.४.१ पृष्ठभूमि

वन जंगलक्षेत्र जैविक विविधताको महत्वपूर्ण स्रोत हो। पोखरा महानगरपालिकामा रहेका करिब ४०० सामुदायिक वन र जैविक विविधता स्थानीय नागरिकको जीवीकोपार्जनका प्रमुख आधार पनि हुन्। बनक्षेत्रबाट महानगरपालिकाको समुन्नतिको मार्गमा योगदान पुग्न सक्ने सभावना रहेको छ। पोखरा महानगरपालिकाले पहाडी क्षेत्र, ताल तथा सिमसारमा जैविक विविधताको समुचित उपयोग गर्न विभिन्न कार्यक्रमहरू सञ्चालन गरिरहेको छ। महानगरपालिकाको समुन्नत पर्यटकीय पोखराको लक्ष्य हासिल गर्न प्राकृतिक हरियाली, जैविक विविधता र जनसांख्यिक लाभ जस्ता विषयहरूको एकिकृत विकासमा जोड दिंदै आएको छ।

### ६.४.२ मुख्य सबाल र चुनौतिहरू

पोखरा महानगरपालिकाका वन जंगलमा उपलब्ध पुतली, लाटोकोसेरो, सुनाखरी जस्ता लोपोन्मुख प्रजातिका बनस्पति तथा चराचुरुङ्गीको संरक्षण गरी पर्यटकीय गतिविधिमा जोड्ने र गुणस्तरीय पर्यटक भित्र्याउने कार्य महत्वपूर्ण सवाल हो। अन्य प्रजातिका जीवजन्तु, चराचुरुङ्गी लगायत वनस्पतिको प्राकृतिक वासस्थान संरक्षण र जैविक विविधताको दिगो व्यवस्थापन मार्फत स्थानीयस्तरमा आयआर्जन र रोजगारीका अवसर सृजना गर्ने विषय महत्वपूर्ण रहेको छ।

मिचाहा प्रजातिका वनस्पतिबाट वनक्षेत्रमा अतिक्रमण बढ्दा बाँदर लगायतका जंगली जनावर र मानवबिच बढ्दै गएको द्वन्द्व न्यूनिकरण प्रमुख चुनौतिका रूपमा रहेको छ। सामुदायिक वनमा कूल भूभागको पाँच प्रतिशत भूभागमा पर्यापर्यटनका गतिविधि सञ्चालन गर्न सकिने कानुनी व्यवस्था भएपनि त्यसलाई सामुदायिक वनको नियमित कार्ययोजनामा समावेश गरी स्थानीय नागरिकको आयआर्जन सम्बन्धी कार्यक्रमहरू बढाउदै जानु आवश्यक छ।

### ६.४.३ मुख्य नीति

**लक्ष्यः**

वन तथा जैविक विविधताको दिगो व्यवस्थापन र उपयोग गर्ने।

**उद्देश्यः**

१. सामुदायिक वन व्यवस्थापनलाई दिगो आयआर्जन र जीविकोपार्जनसँग जोड्नु।

२. जैविक विविधताको संरक्षण, संवर्द्धन र पर्यापर्यटन प्रवर्द्धन गर्नु ।
३. जैविक विविधताको उचित व्यवस्थापन मार्फत रोजगारी सृजना गर्नु।
४. मानव-बन्यजन्तु द्वन्द्व न्यूनिकरण गर्नु।

**रणनीतिः**

१. वनक्षेत्रमा पर्यापर्यटन पूर्वाधार तथा उपजको विकास विस्तार र प्रवर्द्धन गर्ने ।
२. वन जंगलको संरक्षण र व्यवसायिक उपयोगमा विपन्न र सीमान्तकृत समुदायको सशक्तिकरण गर्ने।
३. बन डढेलो रोकथाम तथा नियन्त्रण र मानव-बन्यजन्तु द्वन्द न्यूनिकरण सम्बन्धी समयवद्ध कार्ययोजना निर्माण गरी कार्यान्वयन गर्ने।
४. वनपैदावार र जैविक विविधतालाई लघु घरेलु उद्यम व्यवसाय सञ्चालन तथा आय आर्जनसंग जोड्ने ।
५. जैविक विविधता सम्बन्धमा अध्ययन अनुसन्धान तथा अभिलेखीकरण गर्ने ।
६. रैथाने खाद्यान्न बाली जडिवुटी खेती प्रवर्द्धनमा सहयोग तथा प्रविधि हस्तान्तरण गर्ने।
७. रामसार सुचिकृत सम्पदा सरक्षण र उपयोगलाई प्राथमिकता दिने।

### ६.४.४ प्रमुख रणनीतिक कार्यक्रम

वन तथा जैविक विविधता संरक्षण उपक्षेत्रमा यस आवधिक योजना अवधिमा सञ्चालन गरिने प्रमुख आयोजना तथा कार्यक्रमहरु देहाय बमोजिम रहेका छन्।

### तालिका ४२: वन तथा जैविक विविधता उपक्षेत्रका प्रमुख आयोजना तथा कार्यक्रमहरू

| कार्यक्रम तथा आयोजना | इकाई | लक्ष्य | बजेट अनुमान (रु.हजारमा) | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ | जम्मा |
| दिगो तथा व्यवसायिक वन विकास | सालबसाली | | १७५०० | २१८७५ | २७३४४ | ३४१८० | ४२७२५ | १४३६२३ |
| सुनगाभा र अन्य सुगन्धित जडिबुटी संवर्द्धन | सालबसाली | | ८५०० | १०६२५ | १३२८१ | १६६०२ | २०७५२ | ६९७६० |
| सामुदायिक वनमा पर्यापर्यटन प्रवर्द्धन | सालबसाली | | ४१८०० | ५२२५० | ६५३१३ | ८१६४१ | १०२०५१ | ३४३०५४ |
| रामसार सुचिकृत सम्पदा संरक्षण | सालबसाली | | ७६१०० | ९५१२५ | ११८९०६ | १४८६३३ | १८५७९१ | ६२४५५५ |
| जैविक विविधता संरक्षण तथा उपयोग | सालबसाली | | ७५००० | ९३७५० | ११७१८८ | १४६४८४ | १८३१०५ | ६१५५२७ |
| डढेलो र मानव-वन्यजन्तु द्वन्द्व न्यूनिकरण | सालबसाली | | २४५०० | ३०६२५ | ३८२८१ | ४७८५२ | ५९८१४ | २०१०७२ |
| **जम्मा** | | | **२४३४००** | **३०४२५०** | **३८०३१३** | **४७५३९१** | **५९४२३८** | **१९९७५९१** |

### ६.४.५ नतिजा खाका (परिमाणात्मक लक्ष्य)

### तालिका ४३: वन तथा जैविक विविधता उपक्षेत्रका नतिजा सूचक र परिमाणात्मक लक्ष्य

| नतिजा सूचक | इकाई | २०७९/८० सम्मको स्थिति | आ.व. २०८५/८६ को लक्ष्य |
|---|---|---|---|
| व्यवसायिक कार्ययोजना भएका सामुदायिक वन | प्रतिशत | २० | ८७ |
| वार्षिक रूपमा दर्ता भएका बन डढेलोका घटना | संख्या | २०० | २० |
| जैविक विविधता (रैथाने बाली) सूचीकरण | संख्या | २० | १०० |

## ६.५ विपद् व्यवस्थापन

### ६.५.१ पृष्ठभूमि

पोखरा विपद् जोखिमका दृष्टिले संवेदनशील रहेको विभिन्न अध्ययनले समेत पुष्टि गरेको छ। पोखरा शहरको मुख्यभूभाग धरातलीय तथा भूसंवेदनशीलताको दृष्टिले जोखिममा रहेको अध्ययनहरूले देखाएको छ ।महानगरपालिकाबाट विपद् जोखिम न्यूनिकरणको लागि विभिन्न प्रयासहरू भए पनि वर्षेनी हुने विपद्का घटनामा कमि आउन नसक्दा जनधनको क्षतिमा कमी ल्याउन सकिएको छैन। विपद्बाट क्षति न्यूनिकरणका लागि विपद् उत्थानशील विकास, पूर्वतयारी तथा प्रभावकारी प्रतिकार्य लगायतका विषयमा आवश्यक योजना र रणनीति निर्माण गर्न आवश्यक छ । विपद व्यवस्थापनलाई महानगरपालिकाले आफ्ना नीति, योजना तथा कार्यक्रममा आन्तरिकीकरण गरेको छ।पोखरा महानगरपालिकाले विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन ऐन, २०७७ कार्यान्वयनमा ल्याएको छ।पोखारामा संभावित विभिन्न प्राकृतिक विपदको जोखिमबाट वच्न तथा विकास व्यवस्थापनलाइ विपद जोखिमसँग आवद्ध गर्न आगामी नीति योजना तथा कार्यक्रमहरूमा तदनुरूप प्राथमिकता जरूरी देखिएको छ ।

### ६.५.२ मुख्य सबाल र चुनौतिहरू

हरेक वर्षायाममा हुने बाढी, पहिरो तथा सुख्खा याममा हुने बनडढेलो, असिना, महामारी लगायतका विपद्जन्य घटनाहरुले विपद् जोखिम बढिरहेको देखाउँछ। पोखरा आसपासका क्षेत्रमा चटयाङ्ग, भुकम्प, अनाबृष्टि, अतिबृष्टि जस्ता विपद्को जोखिम पनि उत्तिकै छ। प्राकृतिक तथा गैरप्राकृतिक विपदबाट मानव स्वास्थ्य, जिविकोपार्जन तथा उत्पादन, भौतिक पूर्वाधार, सांस्कृतिक सम्पदामा हुने क्षति न्यूनीकरण चुनौतिपूर्ण रहेको छ।

विपद्जन्य क्षतिको न्यूनिकरण गर्न विपद् जोखिम रोकथाम, पूर्वतयारी, प्रतिकार्य एवं पुनर्स्थापना तथा पुनर्लाभका विषयहरू विपद् व्यवस्थापनका महत्वपूर्ण सवाल हुन। महानगरपालिका क्षेत्रमा रहेका विपद् सङ्कटासन्न स्थानहरूको नक्शाङ्कन गर्ने र सम्भावित जोखिम आँकलन गरी क्षति न्यूनिकरणका लागि सरोकारवालाहरूसँग प्रभावकारी समन्वयमा विपद् व्यवस्थापन सम्वन्धी कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयन गर्ने तथा विकास निर्माणसम्बन्धी आयोजना तथा कार्यक्रमको सर्भेक्षण, अध्ययन, छनौट, प्राथमिकिकरण तथा

कार्यान्वयन गर्दा समेत विपदको संभावित जोखिम र जोखिम न्यूनिकरणको बारेमा ध्यान दिनु जरूरी देखिएको छ ।

### ६.५.३ मुख्य नीति

**लक्ष्यः**

विपद्जन्य जोखिम न्यूनीकरण गर्ने।

**उद्देश्यः**

१. विपद् जोखिम तथा क्षतिको न्युनिकरण गर्नु।
२. विपद् प्रतिकार्य एवं विपद् पश्चातको पुनःलाभको सुनिश्चितता गर्नु।

**रणनीतिः**

१. विपद् जोखिम संकटासन्नता सम्बन्धमा समुदायस्तरमा जनचेतना अभिवृद्धि तथा प्रतिकार्यको तयारी गर्ने।
२. विपद् जोखिम न्यूनिकरणका लागि आवश्यक पूर्वतयारी गर्ने।
३. विपद् व्यवस्थापनका सबै चरणहरूमा मूख्य सरोकारवालासँग प्रभावकारी समन्वय तथा सहकार्य सुदृढ गर्ने।

### ६.५.४ प्रमुख रणनीतिक कार्यक्रम

विपद् व्यवस्थापन उपक्षेत्रमा यस आवधिक योजना अवधिमा सञ्चालन गरिने प्रमुख आयोजना तथा कार्यक्रमहरु देहाय बमोजिम रहेका छन्।

**तालिका ४४: विपद् व्यवस्थापन उपक्षेत्रका प्रमुख आयोजना तथा कार्यक्रमहरू**

| कार्यक्रम तथा आयोजना | इकाई | लक्ष्य | बजेट अनुमान (रु.हजारमा) | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ | जम्मा |
| विपद् उत्थानशीलता प्रवर्द्धन | सालबसाली | | ३२५०० | ४०६२५ | ५०७८१ | ६३४७७ | ७९३४६ | २६६७२९ |
| विपद् जोखिम न्युनिकरण कार्यक्रम | सालबसाली | | ५३५०० | ६६८७५ | ८३५९४ | १०४४९२ | १३०६१५ | ४३९०७६ |
| विपद् प्रतिकार्य तथा पुनःलाभ | सालबसाली | | ५७५०० | ७१८७५ | ८९८४४ | ११२३०५ | १४०३८१ | ४७१९०४ |
| विपद् संवेदनशिल भू-उपयोग योजना | सालबसाली | | २५१०० | ३१३७५ | ३९२१९ | ४९०२३ | ६१२७९ | २०५९९६ |
| विपद् संकटासन्न पूर्वाधार संरक्षण | सालबसाली | | १०५००० | १३१२५० | १६४०६३ | २०५०७८ | २५६३४८ | ८६१७३८ |
| अन्य सालबसाली कार्यक्रम | सालबसाली | | ७४५०० | ९३१२५ | ११६४०६ | १४५५०८ | १८१८८५ | ६११४२४ |
| **जम्मा** | | | **३४८१००** | **४३५१२५** | **५४३९०६** | **६७९८८३** | **८४९८५४** | **२८५६८६८** |

### ४.५.५ नतिजा खाका (परिमाणात्मक लक्ष्य)

**तालिका ४५: विपद् व्यवस्थापन उपक्षेत्रका नतिजा सूचक तथा परिमाणात्मक लक्ष्य**

| नतिजा सूचक | इकाई | २०७९/८० को स्थिति | आ.व. २०८५/८६ को लक्ष्य |
|---|---|---|---|
| विपद् व्यवस्थापनको लागि QRT गठन | संख्या | नभएको | गठन भई परिचालन भएको हुने |
| विपद् पूर्वसूचना प्रणाली (EWS)स्थापना | संख्या | नभएको | स्थापना भई परिचालन भएको हुने |
| विकास आयोजनाहरुमा विपद् जोखिम परीक्षण | प्रतिशत | ० | २५ |
| वार्षिक रूपमा दर्ता हुने विपद्का घटना न्यूनिकरण | प्रतिशत | - | २० |
| स्थानीय आपतकालिन कार्यसञ्चालन केन्द्र (LEOC) | केन्द्र | नभएको | स्थापना भई परिचालन भएको हुने |

# परिच्छेदः ७
# संस्थागत विकास तथा सुशासन क्षेत्र

## परिचय

आधुनिक लोककल्याणकारी राज्यमा सार्वजनिक प्रशासनले प्रतक्ष्य वा परोक्षरूपमा नागरिकको जन्मपूर्व देखि मृत्यु पछि (Pre-Womb to Post Tomb) सम्मका क्रियाकलापहरूमा संबोधन गर्नु पर्ने हुन्छ । नेपालको संविधानले पनि "सार्वजनिक प्रशासनलाई स्वच्छ, सक्षम, निश्पक्ष, पारदर्शी, भ्रष्टाचारमुक्त, जनउत्तरदायी र सहभागितामूलक बनाउँदै राज्यबाट प्राप्त हुने सेवा सुविधामा जनताको समान र सहज पहुँच सुनिश्चित गरी सुशासनको प्रत्याभूति गर्ने" नीति अंगिकार गरेको छ ।

पोखरा महानगरपालिका साविकको पोखरा उपमहानगरपालिका, साविकको लेखनाथ नगरपालिका र पोखरा लेखनाथका साविकका आसपासका साविकका गाविसहरू मिलाएर बनेको हो ।पोखराको समग्र तथा दिगो विकासका लागि विभिन्न समयमा योजनाबद्ध प्रयासहरू भइ आएको छ ।पोखराको भौतिक विकास योजना,२०३१ हुदैं पोखरा महानगरपालिकाको प्रथम त्रिवर्षीय आवधिक योजनालाई योजनाबद्ध विकास प्रयासको दृष्टान्तको रूपमा लिन सकिन्छ । यस अवधिमा सुशासन तथा संस्थागत विकासका लागि पनि विभिन्न प्रयत्नहरू भएको पाइन्छ ।

पोखरा महानगरपालिकाको प्रथम त्रिवर्षीय योजनाकाल (२०७८/७९-२०८०/८१) मुलुकमा संघीयता प्रारम्भ भए पछिको निर्बाचित जनप्रतिनिधिहरूको पहिलो अनुभवको कार्यकाल, कोभिड-१९को संक्रमणको कारण राष्ट्रिय तथा अन्तरराष्ट्रियस्तरमै व्याप्त आर्थिक सिथिलताको अवस्था, संघीयताको मर्म तथा संविधान बमोजिम कार्य जिम्मेवारी पुरा गर्न महानगरपालिकामा आवश्यक नीतिगत तथा कानूनी व्यवस्थाको कमी लगायतका प्रतिकूलता तथा कठिनाइ रहेको अवधि थियो ।यसको बावजुद आवधिक योजनाको प्रष्ट दिशानिर्देश, निर्वाचित जनप्रतिनिधिहरूको स्पष्ट दृष्टिकोण, प्रबल इच्छाशक्ति र अनुभवी राष्ट्रसेवक कर्मचारीको प्रतिबद्धताका कारण प्रथम त्रिवर्षीय योजना अवधिको समग्र प्रगतिको अवस्था मिश्रित रहेको छ ।

पोखरा महानगरपालिकाले विगतको सिकाइ, बर्तमानको यथार्थ अवस्था र भविष्यको मार्गचित्र आंकलनको आधारमा महानगरबासीको बृहत्तर हितलाई आत्मासात गरी उपलव्ध श्रोत साधनको उच्चतम र विवेकपूर्ण परिचालन गरी आफ्ना नीति, योजना तथा कार्यक्रम मार्फत विकास व्यवस्थापन, सेवाप्रबाह तथा न्याय सम्पादन लगायतका नियमित कामहरू सम्पादन गर्दै आएको छ ।

पोखरा महानगरपालिकाले जारी गरेको पोखरा-२१००ले परिकल्पना गरेको **समुन्नत पर्यटकीय पोखरा**मा समुन्नत शहरको संकथनले दक्ष, इमान्दार एवं प्रतिवद्ध मानव संसाधनको उच्चतम व्यवस्थापनद्वारा समावेशी, विविधिकृत एवं नवप्रवर्द्धनात्मक आर्थिक विकासका माध्यमबाट हासिल गरिएको आनन्दमय शहरलाई चित्रित गर्न खोजिएको छ ।

उल्लिखित योजनागत, नीतिगत कानूनी व्यवस्था अनुरूप आम महानगरबासीले सरल, सहज, गुणस्तरीय र मितव्ययी सेवाप्रबाहबाट सुशासनको अनुभूति गर्न चाहेको अपेक्षालाई ध्यानमा राखी महानगरपालिकाको आगामी नीति, योजना तथा कार्यक्रमहरू तदनुरूप परिलक्षित हुन आवश्यक देखिएको छ।पोखरा महानगरपालिकाको आगामी पञ्चवर्षीय योजनामा संस्थागत विकास तथा सुशासन विकासको लागि सोच, लक्ष्य तथा उद्देश्य देहाय बमोजिम निर्धारण गरिएको छ :

**सोच:**

विधि र सदाचारिताको अवलम्बन : सुशासनको प्रवर्द्धन

**लक्ष्य:**

सेवाप्रबाह, विकास व्यवस्थापन र न्यायसम्पादनलाई नतिजामुखी बनाउने

**उद्देश्य:**

१. नीतिगत सुधार तथा संस्थागत विकास मार्फत सुशासन प्रवर्द्धन गर्नु।
२. सेवाप्रबाहलाइ पारदर्शी, जवाफदेहि र प्रविधिमैत्री बनाइ जनविश्वास अभिबृद्धि गर्नु।
३. विकास व्यवस्थापनको कार्यान्वयन क्षमता अभिबृद्धि गर्नु।
४. विश्वसनीय, गुणस्तरीय तथा तुलनायोग्य तथ्याङक प्रणाली विकास गर्नु ।
५. सार्वजनिक नीजि साझेदारीलाइ प्रवर्द्धन गर्नु ।

## ७.१ नीति, कानून तथा सुशासन

### ७.१.१ पृष्ठभूमि

पोखरा महानगरपालिकासँग सम्बन्धित विकास योजना, न्याय सम्पादन तथा सेवाप्रबाहलाई प्रभावकारी एवं व्यवस्थितरूपमा सञ्चालन तथा नियमन गर्न जारी गरिएका सबै नीति, रणनीति तथा कार्यनीतिलाई समष्टिमा नीतिकै रूपमा लिइन्छ । महानगरपालिकाका विविध समस्याहरूको समाधान गर्न तथा आवश्यकता पुरा गर्न के गर्ने ? के नगर्ने ? भन्ने विषयमा गरेको सार्वजनिक प्रतिवद्वता, उद्देश्य, रणनीति तथा कार्यनीति सहितको दस्तावेजनै महानगरपालिकाको नीति हो। महानगरपालिकाको निर्दिष्ट उद्देश्य हासिल गर्न प्रयुक्त मार्गदर्शक औजार तथा मार्गचित्र महानगरपालिकाको नीति हो ।

संविधान तथा आवधिक योजनाहरूले निर्दिष्ट गरेको प्रतिफल प्राप्त गर्न नीतिले दिशा निर्देश गर्दछ ।नीतिहरूले परिलक्षित गरेको उद्देश्य हासिल गर्न विभिन्न क्षेत्रगत कानूनहरू निर्माण वा संसोधन गरी कानून बमोजिम कार्यान्वयन गर्नु पर्दछ । विगतको पृष्ठभूमि र अनुभव, बर्तमानको आवश्यकता र भविष्यको आंकलनको आधारमा नीति तथा कानून तर्जुमा गर्ने गरिन्छ । सिमित श्रोत साधनबाट नागरिकको असिमित अपेक्षालाई संवोधन गर्न र सेवाप्रबाहको प्रभावकारिता मार्फत सेवाग्राहीको मन जित्न सो अनुरूपको नीति, कानून र न्यायप्रणाली अवलम्बन गरी सुशासनको प्रत्याभूति दिन आवश्यक छ ।सुशासनको प्रत्याभूतिको लागि राजनीतिक, प्रशासनिक, न्यायिक क्षेत्रमा पारदर्शिता, जवाफदेहिता, सदाचारयुक्त कार्यप्रणाली र तदनुरूप कुशल व्यबहार आवश्यक पर्दछ ।महानगरपालिकाबाट प्रदान हुने सबै सेवा सुविधामा सेवाग्राहीको समान र सहज पहुँच सुनिश्चित गर्न उत्तिकै जरूरी छ ।

महानगरपालिकाले नेपालको संविधान, प्रचलित संघीय तथा प्रादेशिक नीति तथा कानून अनुसार आफनो कार्यक्षेत्र भित्रको कार्य जिम्मेवारी पुरा गर्न आवश्यक नीति, कानून निर्माण तथा सामयिक परिमार्जन गरी कार्यान्वयन गर्दै आएको छ । संविधान प्रदत्त तथा प्रचलित संघीय तथा प्रादेशिक कानून तथा नीतिबाट निर्देशित रही संघीय तथा प्रादेशिक नीति तथा कानूनसँग तादाम्यता हुने गरी महानगरपालिकाले नीति, ऐन, नियमावली, निर्देशिका, कार्यविधि, मापदण्ड लगायतका कानूनी दस्तावेजहरू निर्माण तथाकार्यान्वयन गर्दै आएको छ

। महानगरपालिकाको कार्यक्षेत्रसँग सम्बन्धित कतिपय बन्न बाँकी नयाँ नीति तथा कानून तर्जुमा गर्न तथा निर्मित नीति तथा कानूनको औचित्यता र प्रभावकारिता हेरी नीतिगत तथा कानूनी सुधार हुँदै आएकोछ ।

महानगरपालिकाबाट प्रदान हुने सेवालाई थप पारदर्शी, प्रविधिमैत्री, सरल, सहज, छिटो, छरितो र विश्वसनीय बनाउन विभिन्न नीतिगत तथा प्रक्रियागत सुधारको प्रयत्न भईरहेको छ । नागरिकका समस्या, गुनासो तथा रायसल्लाह तत्काल संवोधन गर्न हेलो मेयर कार्यक्रम तथा मेयरसँग सेवाग्राहीको दैनिक भेटघाट कार्यक्रम सञ्चालन गरिएको छ ।सुशासन सेवाप्रबाह तथा विकास व्यवस्थापनमा राय सल्लाह तथा पृष्ठपोषण प्राप्तिका लागि महानगरपालिकाले सल्लाहकार परिषद गठन गरी राय सल्लाह लिने अभ्यास गरिएको छ । नियमितरूपमा सर्वदलीय, सर्वपक्षीय बैठक राखी राय सल्लाह लिने अभ्यासलाई निरन्तरता दिइएको छ । शहरी योजना आयोगको गठन तथा परिचालन पनि नीतिगत, कानूनी तथा प्रक्रियागत सुधार तथा पृष्ठपोषणको लागि भएको हो ।

न्यायिक समितिमा परेका उजुरीलाई हप्तामा दुई दिन सुनुवाइ गरी फछ्र्यौट गरीदैं आएको छ। सेवाग्राही सन्तुष्टि सर्भेक्षण तथा सार्वजनिक सुनुवाइ गरी प्राप्त सुझाव र गुनासोलाई मध्यनजर गरी सुशासन प्रवर्द्धनलाई जोड दिइदैं आएको छ । दैनिक सेवाप्रबाहलाई एकद्वार प्रणाली मार्फत सञ्चालन गरिएको छ ।महानगरपालिकामा विकास व्यवस्थापन तथा सुशासन प्रवर्द्धनमा पृष्ठपोषण रायसल्लाह नीति योजना कानून निर्माणमा सहयोग गर्न महानगरपालिकाको योजनावद्ध विकासमा सहयोग गर्न शहरी योजना आयोग गठन गरिएको छ ।

### ७.१.२ मुख्य सबाल र चुनौतिहरू

स्थानीय तहको समग्र विकासका लागि नीति, कानून तथा सुशासन प्रमुख आधार हो । महानगरपालिकाले नीतिगत, कानूनी तथा प्रक्रियागत सुधार गर्दै सुशासन सुदृढीकरणको लागि निरन्तर प्रयास गर्दै आएको भए पनि अपेक्षित नतिजा हासिल गर्न धेरै सुधार गर्न आवश्यक देखिएको छ । महानगरपालिकाको नीति, कानून तथा सुशासनको क्षेत्रमा ज्वलन्त सबाल र चुनौतिहरू रहेका छन् । सुशासनका लागि आवश्यक पर्ने नीतिगत तथा कानूनी प्रबन्धको अझै कमी देखिएको छ । महानगरपालिकाको न्यायप्रणाली प्रति विश्वसनियता अभिबृद्धि गर्न

न्याय सम्पादनमा विधि, पारदर्शिता र व्यवसायिकता प्रवर्द्धन गर्न आवश्यक छ। महानगरपालिकाबाट हुने सार्वजनिक सेवाप्रवाहमा नागरिकको विश्वसनियता अभिबृद्धि पनि सुशासनको लागि सबालको रूपमा रहेकोछ ।डिजिटल पोखराको अवधारणा अघि बढाइए पनि विद्युतीय सुशासनको संस्थागत विकास चुनौतिको रूपमा रहेकोछ ।महानगरपालिकाको समग्र विकासको लागि आवश्यक नीति, योजना तथा कानून निर्माण तथा प्रभावकारी कार्यान्वयन अर्को चुनौतिको रूपमा रहेको छ ।प्रशासनिक तथा न्यायिक क्षेत्रमा सदाचारिता तथा निष्ठा प्रवर्द्धनको क्षेत्रमा सुधारको आवश्यकता रहेको छ ।उपलव्ध सिमित श्रोत साधनको आधारमा नागरिकको असिमित अपेक्षा संवोधन गर्नु लगायतका सबाल तथा चुनौति महानगरपालिकामा विद्यमान रहेका छन ।

### ७.१.३ मुख्य नीति

**लक्ष्य:**

सुशासन तथा न्याय प्रवर्द्धनका लागि नीतिगत तथा कानूनी सुधार गर्ने।

**उद्देश्य:**

१.कानूनी र न्यायिक प्रणालीलाई विश्वसनीय बनाउनु।

२.सार्वजनिक प्रशासनलाई सवल, सक्षम, व्यवसायिक र जवाफदेहि बनाउनु।

३.सुशासन तथा सदाचार प्रवर्धन गर्नु।

४.महानगरपालिका प्रति जनविश्वास अभिवृद्धि गर्नु।

५.न्याप्रणाली सुदृढिकरण तथा न्यायमा पहुँच अभिबृद्धि गर्नु।

**रणनीति :**

१. मौजुदा नीतिको पुनरावलोकन र नयाँ निर्माण गर्ने।

२. सेवाप्रवाहमा प्रविधिको उपयोग र विद्युतीय सुशासन प्रवर्द्धन गर्ने।

३. मानवअधिकार प्रवर्द्धन र न्याय सम्पादनलाई स्वतन्त्र, निश्पक्ष र विश्वसनीय बनाउन क्षमता विकास तथा संस्थागत सुदृढिकरण गर्ने।

४. जनप्रतिनिधि तथा राष्ट्रसेवक कर्मचारीको कार्यसम्पादनलाई पारदर्शी, जवाफदेहि र मापनयोग्य बनाउने।

५. भ्रष्टाचार विरूद्ध सून्य सहनशिलताको नीति अवलम्बन गर्ने।

६. नीजिक्षेत्र तथा गैरसरकारी क्षेत्रमा सुशासन प्रवर्द्धन गर्न समन्वय तथा अनुगमन गर्ने।
७. सुशासन सुदृढीकरणका लागि नागरिक समाज र सञ्चार क्षेत्रसँग सहकार्य गर्ने ।
८. सुशासन प्रवर्द्धनका लागि राजनीतिक दल लगायतका सरोकारवालाहरू सँग समन्वय, साझेदारी र सहकार्य गर्ने ।

### ७.१.४ प्रमुख रणनीतिक कार्यक्रम

दोश्रो पञ्चवर्षीय योजना अवधिमा नीति, कानून र सुशासन उपक्षेत्रमा सञ्चालन गरिने प्रमुख आयोजना तथा कार्यक्रमहरु देहाय बमोजिम रहेका छन्।

## तालिका ४६: नीति, कानुन तथा सुशासन उपक्षेत्रका प्रमुख आयोजना तथा कार्यक्रमहरू

| कार्यक्रम तथा आयोजना | इकाई | लक्ष्य | बजेट अनुमान (रु.हजारमा) | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ | जम्मा |
| अध्ययन, अनुसन्धान तथा प्रशिक्षण | संख्या | ३० | २५०० | ३१२५ | ३९०६ | ४८८३ | ६१०४ | २०५१८ |
| नीति तथा कानुन निर्माण र संशोधन | संख्या | ५० | ५००० | ६२५० | ७८१३ | ९७६६ | १२२०७ | ४१०३५ |
| सुशासन प्रवर्द्धन | सालबसाली | | ४५०० | ५६२५ | ७०३१ | ८७८९ | १०९८६ | ३६९३२ |
| न्याय प्रशासन सुदृढिकरण | सालबसाली | | ५५०० | ६८७५ | ८५९४ | १०७४२ | १३४२८ | ४५१३९ |
| मानव अधिकार र शान्ति सुरक्षा प्रवर्द्धन | सालबसाली | | १७०० | २१२५ | २६५६ | ३३२० | ४१५० | १३९५२ |
| सामाजिक जागरण र जवाफदेहिता प्रवर्द्धन | सालबसाली | | ३५०० | ४३७५ | ५४६९ | ६८३६ | ८५४५ | २८७२५ |
| अभिलेख व्यवस्थापन सुदृढिकरण | सालबसाली | | ५५०० | ६८७५ | ८५९४ | १०७४२ | १३४२८ | ४५१३९ |
| अन्य सालबसाली कार्यक्रम | सालबसाली | | ५४३० | ६७८८ | ८४८४ | १०६०५ | १३२५७ | ४४५६४ |
| **जम्मा** | | | **३३६३०** | **४२०३८** | **५२५४७** | **६५६८४** | **८२१०४** | **२७६००२** |

### ७.१.५ नतिजा खाका (परिमाणात्मक लक्ष्य)

**तालिका ४७: नीति, कानुन तथा सुशासन उपक्षेत्रका नतिजा सूचक तथा परिमाणात्मक लक्ष्य**

| नतिजा सूचक | इकाई | २०७९/८० को स्थिति | आ.व. २०८५/८६ को लक्ष्य |
|---|---|---|---|
| नीति तथा कानून निर्माण तथा संशोधन | वटा | १२० | १६० |
| न्यायिक समितिबाट भएका निर्णय आदेश तथा फैसलाको विद्युतीय अभिलेखीकरण | प्रतिशत | - | १०० |
| एकिकृत कार्यसम्पादन प्रतिवेदन प्रणाली | प्रणाली | ० | १ |
| न्यायिक समितिमा परेका उजुरीहरूको फछ्र्यौट दर | प्रतिशत | ९० | १०० |
| अदालतको फैसला कार्यान्वयन दर | प्रतिशत | - | ५० |
| भ्रष्टाचार विरूद्धका उजुरी फछ्र्यौट दर | प्रतिशत | - | ५० |
| महानगरपालिकासँग सम्बन्धित मुद्दाको सफलता दर | प्रतिशत | - | ५० |
| वडातहमा मेलमिलाप दर | प्रतिशत | - | ७५ |

## ७.२ संगठन, मानव संसाधन र सेवाप्रबाह

### ७.२.१ पृष्ठभूमि

पोखरा महानगरपालिका क्षेत्रफलको दृष्टिले नेपालकै सबैभन्दा ठूलो र धेरै वडासंख्या भएको महानगरपालिका हो ।साविक पोखरा उप-महानगरपालिका, साविक लेखनाथ नगरपालिका र आसपासका साविकका केहि गाविसहरू पुरै तथा केहि वडाहरू गाभिएर बनेको यस महानगरपालिका भौगोलिक अवस्थिति, जनसंख्याको सघनता, सेवाप्रबाहको चाप, पूर्वाधार निर्माण तथा सुविधाको दृष्टिले फरकफरक अवस्था र लक्षितसमूहको उपस्थितिले विविधायुक्त तथा विषमतायुक्त रहेको छ । नेपालको जनसंख्या बृद्धिदर घट्दै गएको देखिए पनि पोखरा महानगरपालिकाको जनसंख्या बृद्धिदर तथा जनघनत्व तुलनात्मकरूपमा उच्च रहेको छ ।

राष्ट्रिय जनगणना २०७८ अनुसार जनसांख्यिक लाभको अवसर उच्च रहेपनि श्रम गर्ने जनशक्तिलाई महानगरपालिकाको समृद्धिमा जोड्न सकिएको छैन । श्रम बजारमा आउने वेरोजगारहरूको संख्या र उपलव्ध रोजगारी वीच ठूलो खाडल रहेको छ । मानव संसाधन

विकासको लागि महानगरपालिकाको उच्च प्राथमिकता रहे पनि राष्ट्रिय चुनौतिको रूपमा रहेको युवा जनशक्तिको पलायन निरन्तर बढ्दो छ । विश्वविद्यालय तथा कलेजहरूमा विद्यार्थीको संख्या घट्दै गईरहेको छ । विद्यालयमा खासगरी ग्रामिण क्षेत्रका वडाहरू स्थित विद्यालयहरूमा विद्यार्थीहरूको संख्या अस्वभाविक रूपमा घट्न गई विद्यालयहरू मर्ज गर्नु पर्ने वाध्यता रहेको छ । शिक्षालाइ सीपसँग, सीपलाई उत्पादन र रोजगारीसँग, उत्पादनलाइ रोजगारीसँग आवद्ध गर्न नसक्दा महानगरपालिकाका खेतियोग्य उर्वर फाँटहरू बाँझो बन्दै गएका छन आन्तरिक रोजगारीको अवसर नहुँदा जोखिमयुक्त रोजगारी नै भए पनि बैदेशिक रोजगारीमा जानेहरूको संख्या बढ्दै गएको छ ।

महानगरपालिकाको मानव संसाधन विकास तथा योजनालाई सेवाप्रबाह तथा विकास व्यवस्थापनको सुधारमा केन्द्रित गर्न सकिएको छैन ।निष्ठा, सदाचारिता, नैतिकता, कार्यकुशलता र प्रतिष्पर्धात्मक क्षमता अभिबृद्धि गर्नु अहिलेको आवश्यकता हो।

महानगरपालिकाको संगठन संरचना तथा जनशक्ति व्यवस्थापन गर्दा माथी उल्लिखित आधारहरूलाई ध्यानमा राख्नु जरूरी छ। महानगरपालिका गठन हुँदा राजपत्राङकित प्रथम श्रेणीको प्रमुख प्रशासकीय अधिकृत देखि कार्यालय सहयोगी सम्म गरी ३६१ जनाको स्वीकृत दरबन्दी रहेकोमा महानगरपालिकाको आकार, जनसंख्या, कार्यवोझ र कार्यप्रकृति हेरी माग र आवश्यकताको आधारमा नगर कार्यपालिकाको विभिन्न मितिको निर्णयानुसार संगठन तथा व्यवस्थापन सर्भेक्षण पश्चात हाल ७६४ जनाको दरबन्दी स्वीकृत भए पनि सेवाकरार, दैनिक ज्यालादारी, नगर प्रहरी स्वीपर समेत गरी हाल झण्डै ११०० जना जनशक्ति महानगरपालिकामा कार्यरत रहेको देखिन्छ ।

महानगरपालिकाको उद्देश्य हासिल गर्न चुस्त र मितव्ययी संगठन संरचना, कार्यकुशल मानव श्रोत व्यवस्थापन र नागरिकमैत्री सेवाप्रबाह आवश्यक हुने हुँदा महानगरपालिकाका नीति, योजना, तथा कार्यक्रममा यस विषयलाइ उच्च प्राथमिकता दिइएको छ ।

### ७.२.२ मुख्य सबाल र चुनौतिहरू

महानगरपालिकाको उद्देश्य हासिल गर्न उपयुक्त संगठन संरचना, आवश्यक संख्यामा जनशक्ति व्यवस्थापनको महत्वपूर्ण भूमिका हुन्छ । महानगरपालिका नगरसभा तथा कार्यपालिकाले गर्ने सबै नीतिगत निर्णयको कार्यान्वयन गर्ने माध्यम महानगरपालिकाको मानव संसाधन हो । चुस्तदुरुस्त

संगठन संरचना, कुशल, दक्ष मानवसंसाधन व्यवस्थापनबाट मात्र प्रभावकारी सेवाप्रबाह तथा विकास व्यवस्थापन संभव छ । पोखरा महानगरपालिकामा संगठन मानव संसाधन तथा सेवाप्रबाहको क्षेत्रमा थुप्रै सबाल तथा चुनौतिहरू रहेका छन् । आवश्यक जनशक्तिको प्रक्षेपण तथा मानव संसाधन विकास योजना निर्माणलाइ महत्वपूर्ण सबालको रूपमा लिन सकिन्छ ।मानव संसाधन विकासलाई महानगरपालिकाको समृद्धि, गरिवी निवारण र आर्थिक विकाससँग अन्तरआवद्ध गर्न सकिएको छैन ।

राष्ट्रसेवक कर्मचारीको व्यवसायिक दक्षता, उत्प्रेरणा र जवाफदेहिता अभिवृद्धि महानगरपालिकाको चुनौतिको रूपमा रहेको छ । विधि, पारदर्शिता र जवाफदेहिता स्थापित हुने प्रणालीको विकास सेवाप्रबाहको दृष्टिले अर्को चुनौतिको रूपमा रहेको छ ।सेवाप्रबाहमा निश्ठा, सदाचारिता र व्यवसायिकता प्रवर्द्धन स्थानीय तहमा सेवाप्रबाहको दृष्टिले महत्वपूर्ण सबालको रूपमा लिने गरिन्छ ।आवश्यकता, औचित्यता र कार्यवोझको आधारमा संगठन संरचना निर्माण नगरी हचुवाकाभरमा संगठन संरचना हुने परम्परालाइ सुधार गर्न आवश्यक छ ।महानगरपालिकाका कर्मचारीलाइ काम, कर्तव्य अधिकार सहित कार्यजिम्मेवारी तोकी परिचालन गर्ने पद्वति स्थापित गर्न सकिएको छैन । उत्पादन, उत्पादकत्व, कार्यदक्षता तथा कार्यकुशलतामा अभिबृद्धि गर्न जनशक्ति तथा क्षमता विकास नभए सम्म कार्यरत जनशक्तिबाट अपेक्षित नतिजा प्राप्त गर्न सकिदैंन ।

सेवाप्रबाहको प्रभावकारिता बढाउन सेवाप्रबाहको गुणस्तरमा सुधार र भ्रष्टाचार नियन्त्रण जरूरी छ ।जनशक्ति विद्यमान अवस्था र आवश्यक पर्ने दक्ष जनशक्तिको आंकलन गरी संगठन संरचना र दरबन्दी उपर पुनरावलोकन आवश्यक छ । गुणस्तरीय प्रतिष्पर्धी तथा उद्यमशील जनशक्तिबाट मात्र संघियताको मर्म र महानगरपालिकाको उद्देश्य अनुरूप सेवाप्रबाहको आशा गर्न सकिन्छ । सेवाप्रवाहको गुणस्तरमा सुधार, सुशासन प्रवर्द्धन र शिघ्र न्याय निरूपण जस्ता ज्वलन्त सबालहरूलाइ सम्बोधन गरी संगठन, मानव संसाधन र सेवाप्रबाहमा गुणात्मक रूपान्तरण गर्न आवश्यक छ ।

### ७.२.३ मुख्य नीति

**लक्ष्य:**

छरितो संगठन तथा व्यवसायिक जनशक्ति व्यवस्थापनद्वारा गुणस्तरीय सेवा प्रदान गर्ने।

**उद्देश्य :**

१. सेवा प्रवाहलाई पारदर्शी तथा नागरिकमैत्री बनाई जनविश्वास अभिबृद्धि गर्नु।

२. संगठन संरचना तथा मानव संसाधन व्यवस्थापन प्रणालीलाई मितव्ययी बनाउनु।

३. सेवाप्रबाहमा इ-गवर्नेन्स अभिबृद्धि गर्नु।

**रणनीति:**

१. मानव संसाधन विकास योजना बनाइ लागू गर्ने।

२. संगठन संरचनालाइ पुनरावलोकन गरी चुस्त दुरूस्त बनाउने।

३. खुला र पारदर्शी स्थानीय सरकारको अवधारणा प्रवर्द्धन गर्ने।

४. सेवाप्रबाहका चरण तथा प्रक्रियाहरूलाई सरलिकरण गर्ने।

५. महानगरपालिकाका पदाधिकारी र कर्मचारीको कार्यसम्पादनलाई मापनयोग्य बनाउने।

६. राष्ट्रसेवक कर्मचारीलाई आफ्नो कार्यजिम्मेवारी प्रति जवाफदेहि बनाउने।

७. सेवाग्राहीलाई सहज, छिटो र मितव्ययी सेवाको लागि एकिकृत सेवा सञ्चालन गर्ने।

९. संस्थागत सवलिकरण, क्षमता विकास तथा समन्वयलाई सुदृढिकरण गर्ने।

### ७.२.४ प्रमुख रणनीतिक कार्यक्रम

यस योजना अवधिमा संगठन मानव संसाधन तथा सेवाप्रबाह उपक्षेत्रमा सञ्चालन गरिने प्रमुख आयोजना तथा कार्यक्रमहरु देहाय बमोजिम रहेका छन्।

### तालिका ४८: संगठन, मानव संशाधन तथा सेवाप्रवाह उपक्षेत्रका प्रमुख आयोजना तथा कार्यक्रमहरू

| कार्यक्रम तथा आयोजना | इकाई | लक्ष्य | बजेट अनुमान (रु.हजारमा) | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ | जम्मा |
| सांगठनिक तथा संस्थागत सुदृढिकरण | सालबसाली | | २५०० | ३१२५ | ३९०६ | ४८८३ | ६१०४ | २०५१८ |
| मानव संशाधन विकास | सालबसाली | | ४५५००० | ५६८७५० | ७१०९३८ | ८८८६७२ | १११०८४० | ३७३४१९९ |
| सेवा प्रवाह सुदृढिकरण | सालबसाली | | ७६०० | ९५०० | ११८७५ | १४८४४ | १८५५५ | ६२३७३ |
| क्षमता विकास कार्यक्रम | सालबसाली | | ६५०० | ८१२५ | १०१५६ | १२६९५ | १५८६९ | ५३३४६ |
| अन्य सालबसाली कार्यक्रम | सालबसाली | | १५०० | १८७५ | २३४४ | २९३० | ३६६२ | १२३११ |
| जम्मा | | | ४७३१०० | ५९१३७५ | ७३९२१९ | ९२४०२३ | ११५५०२९ | ३८८२७४६ |

### ७.२.५ नतिजा खाका (परिमाणात्मक लक्ष्य)

### तालिका ४९: संगठन, मानव संशाधन तथा सेवा प्रवाह उपक्षेत्रका नतिजा सूचक तथा परिमाणात्मक लक्ष्य

| नतिजा सूचक | इकाई | २०७९/८० को स्थिति | आ.व. २०८५/८६ को लक्ष्य |
|---|---|---|---|
| सबै पदहरूको कार्यविवरण निर्धारण | प्रतिशत | २० | १०० |
| प्रमुख प्रशासकीय अधिकृत देखि शाखा प्रमुखसम्म कार्यसम्पादन सम्झौता | प्रतिशत | ० | १०० |
| सेवाग्राही सन्तुष्टिमा सुधार (वार्षिक) | प्रतिशत | - | १५ |
| व्यवस्थापन परीक्षण (वार्षिक) | पटक | ० | २ |
| क्षमता विकास तालिम (वार्षीक) | पटक | ५ | १० |

| | | | |
|---|---|---|---|
| निर्माण सम्पन्न भएका आयोजनाहरूको सामाजिक परीक्षण | प्रतिशत | १० | ७५ |
| सेवाप्रबाह व्यवस्थापन सूचना प्रणाली निर्माण तथा कार्यान्वयन | प्रणाली | ० | १ |
| एकिकृत सेवा केन्द्र स्थापना तथा सञ्चालन | केन्द्र | ० | १ |
| स्थानीय तह वित्तीय सुशासन जोखिम नतिजा | प्रतिशत | ६०.०० | ७५.०० |
| स्थानीय तह स्वमुल्याङकन | प्रतिशत | ८५.०० | ९५.०० |

## ७.३ राजश्व तथा श्रोत परिचालन

### ७.३.१ पृष्ठभूमि

पोखरा महानगरपालिका क्षेत्रफलको दृष्टिले मुलुककै सबैभन्दा ठूलो मात्र होइन अर्थतन्त्रका परिसूचकका आधारमा राजश्व परिचालन हुने उच्च संभावना भएको महानगरपालिका समेत हो । मुलुककै पर्यटन राजधानी, गण्डकी प्रदेशको राजधानी  र गण्डकी प्रदेशको प्रमुख आर्थिक केन्द्र भए पनि राजश्व परिचालन अपेक्षितरूपमा हुन सकेको छैन । कूल राजश्व परिचालनमा आन्तरिक आयको हिस्सा न्यून रहेको छ । महानगरपालिकाको राजश्व परिचालन समितिको अध्ययन विश्लेषण र सिफारिसका आधारमा कर तथा गैर करको दर निर्धारण गरी राजश्व संकलन हुँदै आएको छ । परिमाणको दृष्टिले आन्तरिक आय बढ्दै गएको देखिए पनि प्रतिशतका दृष्टिले सुधार हुन सकेको छैन । भूगोल जनसंख्या र निर्धारित अन्य परिसूचकका आधारमा संघ तथा प्रदेशबाट वित्तीय हस्तान्तरण अन्तरगत प्राप्त हुने आयको हिस्साले नै महानगरपालिकाको आयमा महत्वपूर्ण हिस्सा ओगटेको छ ।

स्रोत परिचालन र कोष व्यवस्थापनको दृष्टिले नेपालभरकै स्थानीय तहहरू मध्ये पोखरा अगाडि देखिएको छ। पोखरा महानगरपालिकाले मातहत महाशाखा र ३३ वटै वडा कार्यालयहरूलाइ खर्च केन्द्रको रूपमा स्थापना गरी राजश्व संकलन तथा खर्च व्यवस्थापनको जिम्मा दिइएको छ । पोखरा महानगरपालिकामा राजश्व परिचालनको दृष्टिले राम्रो संभावना देखिए पनि केहि वर्षको संकलित राजश्वको अवस्था हेर्दा संकलन क्षमता अपेक्षाकृत कमजोर देखिएको छ ।अनुमानित आयको तुलनामा खुद आम्दानी कम देखिन्छ ।

### ७.३.२ मुख्य सबाल र चुनौतिहरू

महानगरपालिकाको दीर्घकालिन सोच अनुरूप समुन्नतिका लागि विभिन्न रणनीतिक तथा रूपान्तरणकारी आयोजना तथा कार्यक्रमहरू सञ्चालन गर्नु पर्दछ । आर्थिक सामाजिक रूपान्तरण, संस्थागत विकास तथा सुशासन सुदृढिकरण, पुर्वाधार विकास, वन वातावरण तथा विपद व्यवस्थापन लगायतका क्षेत्रमा आवश्यक कार्यक्रम वा आयोजना सञ्चालन गर्न आवश्यक वजेटको सुनिश्चितता जरूरी छ ।सेवाप्रबाह तथा विकास व्यवस्थापनकाका लागि आवश्यक वजेट उपलव्धता जति जरूरी छ उपलव्ध स्रोतको समुचित, कानूनसम्मत र कुशलतापुर्वक परिचालनको त्यत्तिकै महत्व छ । राजश्व परिचालनलाइ अपेक्षित सुधार गर्न नसक्दा, स्रोतको समुचित व्यवस्थापन हुन नसक्दा महानगरपालिकाको समग्र विकास व्यवस्थापन तथा सेवाप्रबाह नै प्रभावित हुन पुगेको छ ।

राजश्व तथा स्रोत परिचालनको क्षेत्रमा विद्यमान ज्वलन्त सबाल तथा चुनौतिको रूपमा लक्ष्यानुसार राजश्व असुली तथा राजश्व चुहावट नियन्त्रण र वित्तीय सुशासन रहेको छ ।केहि वर्ष यता लक्ष्यानुसार राजश्व असुली हुन सकेको छैन ।महानगरपालिकाको लक्ष्यानुसार राजश्व परिचालनको लागि कर्मचारीको कार्यकुशलता तथा व्यवसायिकतामा अभिबृद्धि महत्वपूर्ण सबालको रूपमा रहेकोछ । स्रोत विनियोजन, आन्तरिक राजश्व परिचालन तथा सार्वजनिक खर्चको प्रभावकारितालाइ बढाउदै लैजानु महानगरपालिकाको चुनौतिको रूपमा रहेको छ । आवधिक योजना मध्यमकालिन खर्च संरचना बार्षिक नीति तथा कार्यक्रम र वजेट वीच तालमेल नहुँदा नीति योजना आवश्यकता र स्रोत विनियोजनवीचको सामञ्जस्यतामा प्रश्न उठ्ने गर्दछ ।राजश्व प्रशासनमा प्रविधिको उच्चतम प्रयोग तथा सुशासन सुदृढिकरण हुन नसक्दा करदाता र महानगरपालिकावीच विश्वसनियताको सबाल उठ्ने गर्दछ ।स्थानीय तहमा राजश्व समूहको छुट्टै कर्मचारी नहुँदा राजश्व प्रशासन हेर्ने कर्मचारी फेरबदल भईरहने वातावरण पनि चुनौतिको रूपमा रहेकोछ ।राजश्व प्रशासनमा काम गर्ने कर्मचारीको दक्षता अभिबृद्धि, उत्प्रेरणा र जवाफदेहिता अभिबृद्धि लगायतका विषयहरू चुनौतिको रूपमा रहेको छ ।

### ७.३.३ मुख्य नीति

**लक्ष्य:**

कुल बजेटमा आन्तरिक राजश्वको अनुपात बृद्धि गर्ने।

**उद्देश्य:**

१. राजश्व प्रशासन र वित्तीय व्यवस्थापनलाई सुदृढीकरण गर्नु।
२. राजश्व परिचालन वृद्धि गर्नु।
३. राजश्व चुहावट नियन्त्रण गर्नु।
४. सार्वजनिक खर्च व्यवस्थापनको प्रभावकारिता वृद्धि गर्नु।

**रणनीतिः**

१. राजश्व प्रशासनमा नीतिगत सुधार तथा प्रक्रियागत सरलिकरण गर्ने।
२. राजश्व प्रशासनमा प्रविधिको अधिकतम प्रयोग गर्ने।
३. राजश्व अनुसन्धान, कर परिक्षण र अनुगमनलाई प्राथमिकता दिने।
४. कर प्रशासनलाई व्यवसायिक तथा स्वच्छ बनाउने।

५. राजश्व प्रशासनको नीतिगत तथा संस्थागत सुदृढिकरण गर्ने।

६. कर प्रणालीलाई सरल, समन्यायिक र व्यवसायीमैत्री बनाउने।

७. प्रगतिशील राजश्व प्रणालीको विकास गर्ने।

८. स्वेच्छिक कर सहभागिताका लागि निजि क्षेत्रसँग सहकार्य गर्ने।

९. वित्तीय सुशासन सुदृढीकरण गर्ने।

### ७.३.४ प्रमुख रणनीतिक कार्यक्रम

दोश्रो पञ्चवर्षीय योजना अवधिमा राजश्व तथा श्रोत परिचालन उपक्षेत्रमा सञ्चालन गरिने प्रमुख आयोजना तथा कार्यक्रमहरु देहाय बमोजिम रहेका छन्।

तालिका ५०: राजस्व तथा स्रोत परिचालन उपक्षेत्रका प्रमुख आयोजना तथा कार्यक्रमहरू

| कार्यक्रम तथा आयोजना | इकाई | लक्ष्य | बजेट अनुमान (रु.हजारमा) | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ | जम्मा |
| राजस्व प्रशासन सुदृढिकरण | सालबसाली | | ३७०० | ४६२५ | ५७८१ | ७२२७ | ९०३३ | ३०३६६ |
| राजस्व परिचालन सुधार कार्यक्रम | सालबसाली | | ५००० | ६२५० | ७८१३ | ९७६६ | १२२०७ | ४१०३५ |
| वित्तीय सुशासन प्रवर्द्धन कार्यक्रम | सालबसाली | | ५५०० | ६८७५ | ८५९४ | १०७४२ | १३४२८ | ४५१३९ |
| गैरकर राजस्व सुधार कार्यक्रम | सालबसाली | | १७३३०० | २१६६२५ | २७०७८१ | ३३८४७७ | ४२३०९६ | १४२२२७९ |
| सम्पत्ति व्यवस्थापन कार्यक्रम | सालबसाली | | ३५०० | ४३७५ | ५४६९ | ६८३६ | ८५४५ | २८७२५ |
| अन्य सालबसाली कार्यक्रम | सालबसाली | | १५०० | १८७५ | २३४४ | २९३० | ३६६२ | १२३११ |
| **कुल जम्मा** | | | **१९२५००** | **२४०६२५** | **३००७८१** | **३७५९७७** | **४६९९७१** | **१५७९८५४** |

### ७.१.५ नतिजा खाका (परिमाणात्मक लक्ष्य)

तालिका ५१: राजस्व तथा स्रोत परिचालन उपक्षेत्रका नतिजा सूचक तथा परिमाणात्मक लक्ष्य

| नतिजा सूचक | इकाई | २०७९/८० को स्थिति | आ.व. २०८५/८६ को लक्ष्य |
|---|---|---|---|
| कूल वेरूजुमा संपरीक्षण अनुपात (वार्षिक) | प्रतिशत | १.४ | ५.०० |
| कूल खर्चमा वेरूजुको अनुपात (वार्षिक) | प्रतिशत | १४.५६ | ७.७५ |
| बार्षिक बजेटमा आन्तरिक आयको अनुपात | प्रतिशत | २३.३० | ३५. |

## ७.४ तथ्याङक, योजना तथा विकास व्यवस्थापन

### ७.४.१ पृष्ठभूमि

सुशासन, सेवाप्रबाह तथा विकास व्यवस्थापन सम्बन्धमा वस्तुनिष्ठ नीति, योजना तथा कार्यक्रम तर्जुमा गर्न विश्वसनीय तथा अध्यावधिक तथ्याङकको अहम महत्व हुन्छ ।केन्द्रीय तथ्याङक कार्यालयबाट विभिन्न समयमा प्रकाशित हुने राष्ट्रिय तथा स्थानीय तह सम्बन्धी सिमित तथ्याङक उपलव्धताले महानगरपालिकाको आवश्यक तथ्याङकको आपुर्ति गर्न सक्दैन ।महानगरपालिकाले कुनै खास समयमा खास प्रयोजनको लागि तयार गरेको तथ्याङक पनि  समग्र नीति, योजना तथा कार्यक्रमको लागि प्रयाप्त छैन महानगरपालिकामा तथ्याङक सम्बन्धी नीति, योजना, कानून, रणनीति तथा कार्यविधि देखिदैन ।महानगरपालिकाले हालै सम्पन्न गरेको बृहत घरधुरी सर्भेक्षणको प्रशोधन भई प्रतिवेदन प्रकाशन पश्चात महानगरपालिकाको योजना तथा विकास व्यवस्थापनमा आवश्यक पर्ने तथ्याङक आपुर्ति सहज हुने अपेक्षा गरिएको छ । महानगरपालिकाको तथ्याङक प्रणाली विकासका लागि आवश्यक भौतिक वित्तीय तथा जनशक्ति विकास गर्दै जानु पर्ने देखिएको छ ।

पोखरा महानगरपालिका गठन भए पछि संवैधानिक व्यवस्था, महानगरपालिकाको कार्यजिम्मेवारी र पोखराको आवश्यकतालाई मध्यनजर गरी दीर्घकालिन लक्ष्य, उद्देश्य र रणनीति निर्धारण गरी २५ वर्षे दीर्घकालिन योजनाको रूपमा “पोखरा २१०० तथा आवधिक रणनीति योजना (२०७७-२०८२)” निर्माण गरिएको छ । पोखरा महानगरपालिकाको योजनावद्ध विकास अभियानलाई अघि बढाउन आवश्यक पर्ने नीति, योजना तर्जुमा गर्न, कानून तर्जुमामा सहजिकरण गर्न, सञ्चालित नीति योजनाको अध्ययन मूल्याङकन गरी पृष्ठपोषण दिन, विकास योजना सम्बन्धमा सरोकारवालाहरूसँग समन्वय र सहकार्यका क्षेत्र पहिचान गर्न, पोखराको समग्र विकासका लागि अध्ययन अनुसन्धान गर्न तथा महानगरपालिकाका प्रमुख तथा नगर कार्यपालिकालाई विभिन्न विषयमा राय सल्लाह प्रदान गर्न शहरी योजना आयोग गठन गरी परिचालन गरिएको छ ।

पोखराको योजनावद्ध विकासका लागि शहरी योजना आयोगकै पहलमा पोखराको प्रथम त्रिवर्षीय योजना (आव २०७८/७९-२०८०/८१) निर्माण भई हाल कार्यान्वयनमा रहेको छ

।प्रथम त्रिवर्षीय योजनाको कार्यावधि चालु आर्थिक वर्षमा समाप्त हुने भएकोले नेपालको प्रकाशनोन्मुख १६औं पञ्चवर्षीय योजना तथा गण्डकी प्रदेश नीति तथा योजना आयोगको दोश्रो पञ्चवर्षीय योजनाको आधारपत्रसँग समेत तादाम्यता हुने गरी पोखरा महानगरपालिकाको आगामी पाँच वर्षका लागि दोश्रो पञ्चवर्षीय योजना तर्जुमा सम्पन्न गरिएको छ ।

पोखरा महानगरपालिकाको समग्र विकास व्यवस्थापनमा सामयिक सुधारका लागि नीतिगत, कानूनी तथा प्रक्रियागत सुधारको प्रयास हुदैं आएको छ । हालै पोखराको समग्र विकासमा थप योगदान पुर्याउने पर्यटन प्रवर्द्धनमा नयाँ आयाम थप्ने उद्देश्यले पोखरालाई मुलुककै पर्यटन राजधानी घोषणा गरिएको छ । पोखरालाई पर्यटन राजधानी घोषणा गर्न एक अध्ययन समिति नै गठन गरी अध्ययन प्रतिवेदन प्राप्त गरी सो प्रतिवेदन समेतको आधारमा पोखरालाइ पर्यटन राजधानी घोषणा गरिएको छ । उक्त अध्ययन प्रतिवेदनले पोखराको तिव्र र दिगो विकासका लागि तत्कालिन, अल्पकालिन, मध्यकालिन र दीर्घकालिन रूपमा नीतिगत सुधार, पूर्वाधार विकास, नीजिक्षेत्रको क्षमता विकास र जवाफदेहिता अभिबृद्धि र सुशासनका लागि विभिन्न सुझावहरू सिफारिस गरेको छ ।

गण्डकी प्रदेशको समेत राजधानी रहेको पोखराको समन्वयात्मकरूपमा विकासका लागि संघ तथा प्रदेशसँग समन्वयको प्रयास गरिदैं आएको छ ।पोखराको दिगो विकासका लागि महत्वपूर्ण मानिएका विभिन्न पूर्वाधार विकासका लागि अन्तरराट्रिय विकास साझेदारहरूसँगको सहकार्यलाई तिव्रता दिइएको छ । विभिन्न विकास साझेदारहरूको सहयोगमा हाल २८ अर्व भन्दा बढि लागतका विभिन्न महतवपूर्ण आयोजनाहरू निर्माणाधीन अवस्थामा रहेका छन् ।विकास व्यवस्थापनमा नीजिक्षेत्रसँगको सहकार्य अभिबृद्धि गर्ने प्रयास गरिएको छ ।

सार्वजनिक नीजि साझेदारी ऐन बनाइ सार्वजनिक नीजि साझेदारी अवधारणा अनुरूप आयोजनाहरूको पहिचान, कार्यान्वयन मोडालिटी निर्धारण र लगानीको सुनिश्चितता गर्न नगर विकास कोष तथा पूर्वाधार विकास बैंकसँग पोखरा महानगरपालिकाले एक समझदारी गरेको छ । विकास व्यवस्थापनलाई कानूनसम्मत पारदर्शी र व्यवस्थित गर्न परियोजना विकास सम्बन्धी मापदण्ड तथा बहुवर्षीय आयोजना सम्बन्धी मापदण्ड तयार गरिएको छ । आयोजना पहिचान, प्राथमिकिकरण, छनौट र कार्यान्वयनलाई विधिसम्मत बनाउन आयोजना बैंक व्यवस्थापन सूचना प्रणाली निर्माण गरी आयोजना बैंक निर्माण गर्ने प्रयास भएको छ ।

### ७.४.२ मुख्य सबाल र चुनौतिहरू

महानगरपालिकाको मुख्य ध्यय भनेकै प्रभावकारी सेवाप्रबाह तथा विकास व्यवस्थापनद्वारा महानगरबासीको हित सुनिश्चित गर्नु रहेको छ । तथ्य, तथ्याङक, आधार र प्रमाणको विश्वसनीय जगमा मात्र सहि नीति योजना र कार्यक्रम तर्जुमा हुन सक्दछ ।पोखरा महानगरपालिकाले तथ्यगत तथा बस्तुनिश्ठ आधारमा नीति योजना तथा कार्यक्रम तर्जुमा कार्यान्वयनको प्रयास गरिरहेको छ । पोखरा महानगरपालिकाले हालै घरधुरी सर्भेक्षण सम्पन्न गरी विस्तृत प्रतिवेदन तयार गरेको छ । यस प्रतिवेदनले पोखराको आगामी नीति, योजना तथा कार्यक्रम तर्जुमालाइ थप तथ्यपरक बनाउन सघाउ पुग्ने विश्वास लिइएको छ । तथ्याङक योजना तथा विकास व्यवस्थापनको क्षेत्रमा थुप्रै सबाल तथा चुनौति विद्यमान रहेका छन् । एकिकृत तथ्याङक प्रणाली विकास तथा संस्थागत अभिलेख व्यवस्थापन नहुनु, विकास आयोजनाहरुको पहिचान, छनौट र प्राथमिकिकरणमा विधिसम्मत तथा संस्थागत प्रक्रिया अवलम्वन नगरिनुलाइ चुनौतिको रूपमा लिइएको छ ।आवधिक योजना, मध्यमकालिन खर्च संरचना, वार्षिक नीति तथा कार्यक्रम र वजेटवीच तादाम्यता प्रमुख सबालको रूपमा देखिएको छ ।

व्यवस्थित शहरीकरण तथा बस्ती विकास, सुकुम्वासी व्यवस्थापन, अतिक्रमित तथा अनधिकृत संरचना निर्माण नियन्त्रण, आयोजना व्यवस्थापनमा सुशासन र आयोजना निर्धारित समयमै सम्पन्न नहुने (Time overrun) तथा तोकिएको भन्दा बढि लागत लाग्ने (Cost Overrun) अवस्था, संघ, प्रदेश तथा अन्य सरोकारवालाहरूसँग समन्वय तथा सहकार्यका साथै प्रभावकारी अनुगमन, मुल्याङकन, पृष्ठपोषण र सुधार पनि महानगरपालिकाको समग्र समृद्धिको दृष्टिले प्रमुख सबाल हुन ।तुलनात्मक लाभ तथा प्रतिष्पर्धात्मक क्षमताका क्षेत्रको पहिचान र लगानीमैत्री वातावरण तथा साझेदारी तथा सहलगानी प्रवर्द्धन जस्ता विषयलाइ तथ्याङक, योजना र विकास व्यवस्थापनको क्षेत्रका महत्वपूर्ण चुनौतिको रूपमा लिइएको छ ।

### ७.४.३ मुख्य नीति

**लक्ष्य:**

बस्तुनिष्ठ र विधिसम्मत योजना र विकास व्यवस्थापन गर्ने।

**उद्देश्य :**

१. बस्तुनिष्ठ तथ्य र प्रमाणको आधारमा योजना छनौट र विकास व्यवस्थापन गर्नु।

२. एकिकृत तथ्याङक प्रणालीको विकास गर्नु।
३. सञ्चालित आयोजनामा Time Overrun र Cost Overrun मा न्यूनिकरण गर्नु।
४. स्थानीय आयोजना बैंक व्यवस्थापन सूचना प्रणाली विकास तथा कार्यान्वयन गर्नु।

**रणनीतिः**

१. अध्ययन, अनुसन्धानबाट प्राप्त वस्तुनिष्ठ तथ्य र औचित्यताका आधारमा आयोजना तथा कार्यक्रमहरूको पहिचान, छनौट तथा प्राथमिकीकरण गर्ने।
२. एकिकृत तथा क्षेत्रगत योजनाको समन्वयात्मकरूपमा कार्यान्वयन गर्ने।
३. दिगो विकास लक्ष्य तथा महानगरपालिकाको दीर्घकालिन लक्ष्य हासिल गर्न सहयोग पुग्ने गरी रूपान्तरणकारी आयोजना तथा कार्यक्रम सञ्चालन गर्न विकास साझेदारहरू सँग समन्वय र सहकार्य गर्ने।
४. विकास निर्माणमा कुनै अवाञ्छित अवरोध हुन गर्न नदिन तथा कानूनको परिपालना गर्न गराउन सहजिकरण तथा समन्वय गर्ने।
५. अनुसन्धान र विकासलाई आयोजनाको रूपमा प्रवर्द्धन गर्ने।
६. विकास व्यवस्थापनमा नीजिक्षेत्रसँगको सहकार्य बढाउदै लग्ने।
७. सार्वजनिक नीजि साझेदारी र आन्तरिक तथा बैदेशिक लगानीकर्तालाई प्रोत्साहन गर्ने।
८. तथ्याङकलाइ गुणस्तरीय अध्यावधिक तथा विश्वसनीय बनाउने।
९. तथ्याङक प्रणाली विकासमा विश्वविद्यालय तथा अनुसन्धान संस्थासँग सहकार्य गर्ने।
१०. सन्तुलित तथा समन्यायिक विकासका लागि समुदायको सहभागिता अभिबृद्धि गर्ने।
११. विकास व्यवस्थापनलाई हरित, उत्थानशील तथा समावेशी पद्वतिलाई अवलम्बन गर्ने।
१२. आयोजना सुपरिवेक्षण तथा अनुगमन प्रणालीलाई नतिजामूलक बनाउने।
१३. आवधिक योजना, मध्यमकालिन खर्च संरचना अनुरूप वार्षिक नीति तथा कार्यक्रम र बजेट विनियोजन गर्ने।

### ७.४.४ प्रमुख रणनीतिक कार्यक्रम

दोश्रो पञ्चवर्षीय योजना अवधिमा तथ्याङक योजना तथा विकास व्यवस्थापन उपक्षेत्रमा सञ्चालन गरिने प्रमुख आयोजना तथा कार्यक्रमहरु देहाय बमोजिम रहेका छन्।

### तालिका ५२: तथ्यांक योजना तथा विकास व्यवस्थापन उपक्षेत्रका प्रमुख आयोजना तथा कार्यक्रमहरू

| कार्यक्रम तथा आयोजना | इकाई | लक्ष्य | बजेट अनुमान (रु.हजारमा) | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ | जम्मा |
| तथ्यांक प्रणाली विकास तथा सुदृढिकरण | सालबसाली | | ६५०० | ७२८० | ८१५४ | ९१३२ | १०२२८ | ४१२९४ |
| शहरी योजना आयोग सुदृढीकरण | सालबसाली | | १२५०० | १४३७५ | १६५३१ | १९०११ | २१८६३ | ८४२८० |
| आयोजना व्यवस्थापन सुदृढीकरण | सालबसाली | | ४७५०० | ५४६२५ | ६२८१९ | ७२२४२ | ८३०७८ | ३२०२६३ |
| सार्वजनिक निजि साझेदारी | सालबसाली | | १५७४६५४ | १८१०८५२ | २०८२४८० | २३९४८५२ | २७५४०८० | १०६१६९१८ |
| हरित उत्थानशील र समावेशी विकास प्रवर्द्धन | सालबसाली | | ११५९०० | १३३२८५ | १५३२७८ | १७६२६९ | २०२७१० | ७८१४४२ |
| आयोजना सुशासन अभिबृद्धि | सालबसाली | | १६१०० | १८५१५ | २१२९२ | २४४८६ | २८१५९ | १०८५५२ |
| महानगर गौरबका आयोजना | सालबसाली | | ७७३५०० | ८८९५२५ | १०२२९५४ | ११७६३९७ | १३५२८५६ | ५२१५२३२ |
| **जम्मा** | | | **२५४६६५४** | **२९२८४५७** | **३३६७५०७** | **३८७२३८९** | **४४५२९७३** | **१७१६७९८०** |

### ५.१.५ नतिजा खाका (परिमाणात्मक लक्ष्य)

#### तालिका ५३: तथ्यांक योजना तथा विकास व्यवस्थापन उपक्षेत्रका नतिजा सूचक तथा लक्ष्य

| नतिजा सूचक | इकाई | २०७९/८० को स्थिति | आ.व. २०८५/८६ को लक्ष्य |
|---|---|---|---|
| आयोजना बैंक सूचना व्यवस्थापन प्रणाली | प्रणाली | ० | १ |
| आयोजनाहरूको प्रभाव मुल्याङकन (वार्षिक) | संख्या | ० | १० |

| | | | |
|---|---|---|---|
| लगानीयोग्य आयोजना तयारी (वार्षिक) | संख्या | ५ | १५ |
| विकास साझेदारहरूको लगानी परिचालन (वार्षिक) | रु. अर्ब | ३ | १५ |
| अन्तरस्थानीय तह सहकार्य (वार्षिक) | रु. करोड | ० | ५ |

# परिच्छेदः ८

# योजना कार्यान्वयन व्यवस्था

## ८.१ योजना कार्यान्वयन रणनीति

नेपालमा झण्डै सत्तरी वर्ष देखि योजनावद्ध विकासको अभ्यास हुँदै आएको भए पनि स्थानीय तहहरूमा आवधिक योजनाको आधारमा योजनावद्ध विकास प्रयास नेपालको संविधान अनुरूप स्थानीय तहको निर्वाचन भए पछि मात्र सुरूवात भएको हो। पोखरा महानगरपालिकाले प्रथम त्रिवर्षीय योजना निर्माण गरी लागू गरे पश्चात पोखरामा योजावद्ध विकास अवधारणा अनुरूप कार्यान्वयन प्रक्रिया सुरू भएको मान्न सकिन्छ ।प्रथम त्रिवर्षीय योजना अवधि स्थानीय तहको पहिलो निर्बाचित जनप्रतिनिधिहरूको कार्यकालको उत्तरार्ध अवधि र महानगरपालिकाको दोश्रो निर्बाचित जनप्रतिनिधिहरूको कार्यावधिको प्रारम्भ कालमा गुज्रिन पुग्यो ।

यहि अवधिमा विश्वव्यापी कोभिड-१९ संक्रमणको कारण आर्थिक विकासको दृष्टिले प्रतिकूल समय पर्न गयो ।तथापी पोखरा महानगरपालिकाको प्रथम आवधिक योजनाको कार्यकाल उत्साहजनक रूपमा व्यतित भएकोछ । प्रथम त्रिवर्षीय योजनाले पोखरा २१०० ले परिकल्पना गरेका समुन्नति र बृहत्तर सामाजिक, आर्थिक रूपान्तरणको मागचित्रलाइ मध्यमकालिन खर्च संरचना मार्फत बजेट र कार्यक्रमसँग जोड्ने प्रणाली स्थापित गरेको छ।

विकास प्रयासको विगतको समिक्षा गरी प्राप्त उपलव्धी, सिकाइ र अनुभवलाइ ख्याल गरी पोखरा महानगरपालिकाको दोश्रो पञ्चवर्षीय योजनाले विकासको स्पष्ट दिशा निर्देश गरेकोछ । योजनाको सोच, ध्येय, लक्ष्य, उद्देश्य, नीति तथा रणनीति अनुरूप योजनाको पहिचान छनौट प्राथमिकिकरण र कार्यान्वयनमा जोड दिइएको छ ।तथ्यपरक, कार्यान्वयनयोग्य तथा नतिजामुखी योजना तर्जुमा प्रणाली अवलम्बन, विधिसम्मत योजना पहिचान, छनौट प्राथमिकिकरण र कार्यान्वयनलाइ प्राथमिकतामा राखी आयोजना बैंक स्थापना तथा कार्यान्वयनलाइ प्रस्ताव गरिएको छ।आवधिक योजना, मध्यमकालिन खर्च संरचना र बार्षिक नीति तथा कार्यक्रमसँग तालमेल हुने गरी बार्षिक बजेट ल्याइ प्रभावकारी कार्यान्वयन तथा अनुगमन मुल्याङकनको सुनिश्चितताको अपेक्षा गरिएको छ।

नीतिगत, कानूनी तथा प्रक्रियागत सुधार एवं प्रविधिको उच्चतम प्रयोग गरी सुशासन सुदृढिकरणलाइ जोड दिइनेछ। योजना अवधिमा तथ्य, तथ्याङक र बस्तुनिश्ठ आधारमा आयोजना तथा कार्यक्रम पहिचान, छनौट गरी कार्यान्वयन गर्ने प्रक्रिया अवलम्बन गरिनेछ । दोस्रो पञ्चवर्षीय योजनाले अपेक्षा गरेको उपलव्धी र नतिजा हासिल गर्न देहाय बमोजिम कार्यान्वयन रणनीति अवलम्बन गरिनेछ ।

१. आवधिक योजनाको सोच, ध्येय, लक्ष्य र उद्देश्य हासिल हुने गरी बार्षिक नीति तथा कार्यक्रम तर्जुमा गर्ने,
२. आयोजनाको पहिचान, छनौट, प्राथमिकरण र कार्यान्वयन प्रक्रियालाइ पारदर्शी र विधिसम्मत बनाउन तथा आयोजनालाइ नतिजामुखी बनाउन आयोजना बैंक व्यवस्थापन सूचना प्रणालीको विकास तथा कार्यान्वयन गर्ने,
३. आवधिक योजनाको सोच अनुरूप प्रतिफल हासिल गर्न महानगरपालिकाको एकिकृत तथा विषय क्षेत्रगत नीति तथा गुरूयोजना तर्जुमा गर्ने,
४. योजना तर्जुमा प्रक्रियालाइ सरल, व्यबहारिक तथा कार्यान्वयनयोग्य बनाइ सो को अनिवार्य अनुशरण गर्ने,
५. योजना तर्जुमा प्रक्रियामै आयोजना तथा कार्यक्रम कार्यान्वयनका लागि संस्थागत जिम्मेवारी, श्रोतको आंकलन, कार्यान्वयन अनुगमन तथा मुल्याङकन पद्वतिको एकिन गर्ने,
६. बार्षिक कार्यक्रम तथा बजेटलाइ अनिवार्यरूपमा मध्यमकालिन खर्च संरचनासँग आवद्व गर्ने र मध्यमकालिन खर्च संरचनालाइ सरल, व्यबहारिक र कार्यान्वयनयोग्य बनाउने,
७. महानगरपालिकाको बार्षिक नीति तथा कार्यक्रम तर्जुमा गर्दा राष्ट्रिय तथा प्रादेशिक सोच, नीति र प्राथमिकतालाइ अनुशरण गर्ने,
८. योजना कार्यान्वयनमा महानगरपालिका मातहतका निकायलाइ पूर्ण क्षमतामा परिचालन गर्ने,
९. योजना कार्यान्वयनमा जनप्रतिनिधि तथा राष्ट्रसेबक कर्मचारीलाइ जवाफदेहि बनाउने,
१०. योजना कार्यान्वयनको स्तर गुणस्तर र नतिजालाइ कर्मचारीको कार्यसम्पादन र बृत्तिविकासमा आवद्व गर्ने
११. विकास व्यवस्थापनमा सुशासन सुदृढिकरण गर्ने

१२. महानगरपालिकाको योजना कार्यान्वयनमा पारदर्शिता अपनाइ कार्यान्वयन प्रक्रियामा नीजि, सहकारी, टोल विकास संस्था तथा सामुदायिक संघ संस्थाहरूले अपनत्व लिने वातावरण सृजना गरी परिचालन गर्ने,

१३. आयोजना कार्यान्वयनमा कुनै अवरोध हुन गर्न नदिन नीतिगत, कानूनी तथा प्रक्रियागत सुधार गर्ने तथा कुनै समस्या आइपरेमा तत्काल निराकरण गर्ने संयन्त्र निर्माण गर्ने,

१४. योजना कार्यान्वयनमा साझेदारीका लागि संभावित आयोजना तयार गरी नीजिक्षेत्रका लगानीकर्तालाइ प्रक्रियागत सुधार गरी प्रोत्साहित गर्ने,

१५. निर्माणाधीन समस्याग्रस्त आयोजनाहरूलाइ पुनरावलोकन गरी औचित्यताको आधारमा निरन्तरता दिने वा पुन प्राथमिकिकरण गर्ने वा बन्द गर्ने,

१६. बहुवर्षीय आयोजना तथा परियोजना विकास सम्बन्धी मापदण्डको आधारमा आयोजना पहिचान, छनौट र प्राथमिकिकरण गर्ने

१७. संभाव्यता अध्ययन, वातावरणीय अध्ययन तथा विस्तृत परियोजना प्रतिवेदन (DPR) तयार भएका आयोजनाहरूलाइ प्राथमिकतामा राखी कार्यान्वयन गर्ने,

१८. कार्यान्वयनमा रहेका क्रमागत आयोजनाहरूको सो सम्बन्धी मापदण्डका आधारमा पुन प्राथमिकिकरण गर्ने,

१९. सार्वजनिक नीजि साझेदारीमा सञ्चालन गर्ने आयोजनाहरूको पहिचान र छनौट गरी कार्यान्वयनका लागि नीजिक्षेत्र सँग सहकार्य गर्ने,

२०. आवधिक योजनाको सोच अनुरूप प्राथमिकतामा परेका रणनीतिक महत्वका तथा लगानी र प्रविधिको दृष्टिले ठूला आयोजनाहरूमा सहयोग तथा समन्वयका लागि संघ, प्रदेश र विकास साझेदारहरूसँग समन्वय गर्ने।

## ८.२ अनुगमन तथा मुल्याङकन

योजना, आयोजना वा कार्यक्रमको प्रभावकारी कार्यान्वयन तथा नतिजा हासिल गर्न नियमितरूपमा हुने निरीक्षण, अनुगमन तथा मुल्याङकनको महत्वपूर्ण भूमिका रहन्छ।निरीक्षण, अनुगमन तथा मुल्याङकन विकास व्यवस्थापनको नियमित प्रक्रिया हो । आयोजना वा कार्यक्रमको निरीक्षण सामान्यतया कार्यान्वयन गर्ने निकायका सीप र ज्ञान भएका व्यक्ति मार्फत गरिन्छ ।आयोजना वा कार्यक्रमको स्थलगत अनुगमन सामान्यतया कार्यान्वयनको बास्तविक अवस्था बुझ्न, व्यवस्थापनलाइ जिम्मेवार बनाउन, समस्या

समाधानका लागि सहजिकरण गर्न, स्थलगतरूपमै आवश्यक सुझाव तथा निर्देशन दिन, समस्या समाधानका विकल्प पहिचान गर्ने लगायतका उद्देश्यले गर्ने गरिन्छ । आयोजना वा कार्यक्रमको अनुगमन सामान्यतया कार्यान्वयन गर्ने र नगर्ने निकायको संयुक्त टोलीबाट गरिन्छ । अनुगमनले आयोजना वा कार्यक्रम कार्यान्वयनमा निर्धारित विधि, प्रक्रिया अवलम्बन गरिएको छ छैन ? आयोजना वा कार्यक्रम निर्धारित लक्ष्य हासिल उन्मुख छ छैन ? कार्यान्वयनमा गुणस्तर तथा लागत प्रभावकारिता के कस्तो छ ? लगायतका विषयको उत्तर दिन्छ । अनुगमनलाइ जवाफदेहिताको महत्वपूर्ण अंग मानिन्छ । मुल्याङकनमा सामान्यतया कार्यान्वयन गर्ने निकाय भन्दा बाहिरका स्वतन्त्र व्यक्ति वा संस्थाहरूलाइ सहभागी गराइन्छ । मुल्याङकनले आयोजना वा कार्यक्रमबाट के कस्तो नतिजा प्राप्त भयो ? सिकाइ के रह्यो ? अपेक्षित नतिजा र प्रतिफल हासिल गर्न आगामी दिनमा नीतिगत, कानूनी प्रक्रियागत के कस्तो सुधार गर्नु पर्ने हुन्छ ? लगायतका विषयमा पृष्ठपोषण प्रदान गर्दछ । मुल्याङकनले कार्यान्वयनको नतिजाबाट सिक्न र विकास व्यवस्थापनमा जवाफदेहिता सुदृढ गर्न मार्गदर्शन गर्दछ ।

योजना तर्जुमा प्रक्रियामा अनुगमन तथा मुल्याङकनलाइ प्राथमिकतामा राखिए पनि अनुगमन औपचारिकतामा सिमित रहनु, अनुगमन तथा मुल्याङकनबाट औंल्याइएका सकरात्मक पृष्ठपोषणको कार्यान्वयन नहुनु, अनुगमन तथा मुल्याङकनसँग सम्बद्व जनशक्तिको क्षमता विकास तथा प्रोत्साहन हुन नसक्नु र आयोजनाको नतिजालाइ कर्मचारीको कार्यसम्पादनसँग आवद्व गरी मुल्याङकन नहुनु जस्ता कारणले अनुगमन तथा मुल्याङकनलाइ अपेक्षित रूपमा प्रभावकारी बनाउन सकिएको छैन। अनुगमन तथा मुल्याङकनलाइ औपचारिकतामा मात्र नराखी आयोजना वा कार्यक्रमबाट अपेक्षित नतिजा हासिल गर्न, आयोजनाबाट बाञ्छित असर, प्रतिफल र प्रभाव सुनिश्चित गर्न अनुगमन तथा मुल्याङकन प्रणालीमा सुधार जरूरी छ । त्यसैले महानगरपालिकाको दोश्रो पञ्चवर्षीय योजनाको प्रभावकारी कार्यान्वयनमा अनुगमन तथा मुल्याङकन प्रणालीलाइ सबल र सुदृढ बनाउदै लगिनेछ। महानगरपालिकाको अनुगमन तथा मुल्याङकन सम्बन्धी मौजुदा कानूनी तथा प्रक्रियागत सुधार गरिनेछ । चालु आयोजनाको मात्र नभएर आवधिक योजना, बार्षिक नीति तथा कार्यक्रमको यस अघि सम्पन्न योजना, आयोजना तथा कार्यक्रमको असर, प्रभाव दिगोपनाको समेत अनुगमन तथा मुल्याङकन गर्ने प्रणाली बिकास गर्दै लगिनेछ। योजना अनुगमन तथा मुल्याङकन ढाँचा देहाय बमोजिम रहेको छ ।

## तालिका ५४: योजना, अनुगमन तथा मुल्याङ्कन ढाँचा

| क सं | विषयगत क्षेत्र/उपक्षेत्र | कार्यान्वयन गर्ने जिम्मेवार निकाय | अनुगमन संयन्त्र | समय/पटक |
|---|---|---|---|---|
| १. आर्थिक विकास | | | | |
| १.१ | पर्यटन | सार्वजनिक नीजि साझेदारी समिति<br>शहरी विकास पर्यटन तथा वातावरण महाशाखा<br>पर्यटन विकास समिति | अनुगमन समिति<br>आर्थिक विकास समिति | आवश्यकता अनुसार नियमित वा कम्तिमा बार्षिक दुई पटक |
| १.२ | उद्योग तथा व्यापार | आर्थिक विकास महाशाखा<br>राजश्व शाखा | अनुगमन समिति<br>आर्थिक विकास समिति | आवश्यकता अनुसार नियमित वा कम्तिमा बार्षिक चार पटक |
| १.३ | कृषि तथा खाद्य सुरक्षा | कृषि व्यवसाय प्रवर्द्धन समिति<br>आर्थिक विकास महाशाखा<br>कृषि शाखा | अनुगमन समिति<br>आर्थिक विकास समिति<br>कृषि सञ्जाल | आवश्यकता अनुसार नियमित वा कम्तिमा बार्षिक चार पटक |
| १.४ | पशुपन्छी तथा मत्स्य | कृषि व्यवसाय प्रवर्द्धन समिति<br>आर्थिक विकास महाशाखा<br>पशुपन्छी तथा मत्स्य शाखा | अनुगमन समिति<br>आर्थिक विकास समिति<br>कृषि सञ्जाल | आवश्यकता अनुसार नियमित वा कम्तिमा बार्षिक चार पटक |
| १.५ | सहकारी तथा वित्तीय सेवा | सहकारी समिति<br>आर्थिक विकास महाशाखा<br>शहकारी शाखा | अनुगमन समिति<br>आर्थिक विकास समिति | आवश्यकता अनुसार नियमित वा कम्तिमा बार्षिक ६ पटक |
| १.६ | श्रम रोजगारी र उद्यमशिलता | प्रधानमन्त्री रोजगार स्थानीय निर्देशक समिति<br>आर्थिक विकास महाशाखा<br>व्यवसाय प्रवर्द्धन केन्द्र | अनुगमन समिति<br>आर्थिक विकास समिति<br>व्यवसाय प्रवर्द्धन केन्द्र निर्देशक समिति | आवश्यकता अनुसार नियमित वा कम्तिमा बार्षिक ६ पटक |

| क सं | विषयगत क्षेत्र/उपक्षेत्र | कार्यान्वयन गर्ने जिम्मेवार निकाय | अनुगमन संयन्त्र | समय/पटक |
|---|---|---|---|---|
| **२. सामाजिक विकास** | | | | |
| २.१ | शिक्षा विज्ञान तथा प्रविधि | शिक्षा महाशाखा<br>शिक्षा समिति<br>विद्यालय व्यवस्थापन समिति | अनुगमन समिति<br>सामाजिक विकास समिति | आवश्यकता अनुसार नियमित वा कम्तिमा बार्षिक ६ पटक |
| २.२ | जनस्वास्थ्य तथा पोषण | स्वास्थ्य महाशाखा<br>स्वास्थ्य विकास समिति<br>सिशुवा अस्पताल व्यवस्थापन समिति | अनुगमन समिति<br>सामाजिक विकास समिति | नियमित |
| २.३ | सामाजिक सुरक्षा र लक्षितवर्ग | सामाजिक विकास महाशाखा<br>उप-प्रमुखसँग महिला कार्यक्रम सञ्चालक समिति<br>गैरसरकारी क्षेत्र | अनुगमन समिति<br>सामाजिक विकास समिति | आवश्यकता अनुसार नियमित वा कम्तिमा बार्षिक ६ पटक |
| २.४ | युवा तथा खेलकुद | शिक्षा महाशाखा<br>खेलकुद विकास समिति<br>नीजिक्षेत्र | अनुगमन समिति<br>सामाजिक विकास समिति | आवश्यकता अनुसार नियमित वा कम्तिमा बार्षिक दुई पटक |
| २.५ | भाषा कला तथा संस्कृति | शिक्षा महाशाखा<br>पोखरा प्रज्ञा प्रतिष्ठान<br>नीजिक्षेत्र | अनुगमन समिति<br>सामाजिक विकास समिति | आवश्यकता अनुसार नियमित वा कम्तिमा बार्षिक दुई पटक |
| **३. पुर्वाधार विकास** | | | | |
| ३.१ | आवास तथा शहरी विकास | शहरी विकास पर्यटन तथा वातावरण महाशाखा<br>पोखरा उपत्यका नगर विकास समिति<br>पुर्वाधार महाशाखा<br>प्राविधिक समिति | अनुगमन समिति<br>पुर्वाधार विकास समिति | आवश्यकता अनुसार नियमित वा कम्तिमा बार्षिक ४ पटक |

| क सं | विषयगत क्षेत्र/उपक्षेत्र | कार्यान्वयन गर्ने जिम्मेवार निकाय | अनुगमन संयन्त्र | समय/पटक |
|---|---|---|---|---|
| ३.२ | सडक तथा यातायात | पुर्वाधार महाशाखा<br>यातायात व्यवस्थापन समिति | अनुगमन समिति<br>पुर्वाधार विकास समिति | नियमित वा कम्तिमा बार्षिक दुई पटक |
| ३.३ | सिंचाइ तथा खानेपानी | पुर्वाधार महाशाखा<br>सिंचाइ तथा खानेपानी शाखा<br>खानेपानी आयोजनाहरू | अनुगमन समिति<br>पुर्वाधार विकास समिति<br>जलस्रोत समिति | आवश्यकता अनुसार नियमित वा कम्तिमा बार्षिक दुई पटक |
| ३.४ | सूचना तथा सञ्चार प्रविधि र उर्जा | सूचना तथा सञ्चार व्यवस्थापन समिति<br>पुर्वाधार महाशाखा<br>सूचना तथा सञ्चार प्रविधि शाखा | अनुगमन समिति<br>पुर्वाधार विकास समिति | आवश्यकता अनुसार नियमित वा कम्तिमा बार्षिक दुई पटक |
| ३.५ | भवन तथा अन्य पुर्वाधार | पुर्वाधार महाशाखा<br>शहरी विकास पर्यटन तथा वातावरण महाशाखा<br>भवन तथा नक्सा शाखा | अनुगमन समिति<br>पुर्वाधार विकास समिति<br>प्राविधिक समिति | आवश्यकता अनुसार नियमित वा कम्तिमा बार्षिक दुई पटक |
| **४. वन वातावरण तथा विपद् व्यवस्थापन** | | | | |
| ४.१ | वन तथा जलाधार संरक्षण | शहरी विकास पर्यटन तथा वातावरण महाशाखा<br>वन तथा वातावरण शाखा | अनुगमन समिति<br>वातावरण तथा विपद व्यवस्थापन समिति | आवश्यकता अनुसार |
| ४.२ | वातावरण तथा शहरी स्वच्छता | शहरी विकास पर्यटन तथा वातावरण महाशाखा<br>Clean City Green City परियोजना<br>वातावरण तथा सरसफाइ शाखा | अनुगमन समिति<br>वातावरण तथा विपद व्यवस्थापन समिति | आवश्यकता अनुसार नियमित |
| ४.३ | जलवायु परिवर्तन अनुकूलन तथा जोखिम न्यूनिकरण | शहरी विकास पर्यटन तथा वातावरण महाशाखा<br>विपद व्यवस्थापन शाखा | अनुगमन समिति<br>वातावरण तथा विपद व्यवस्थापन समिति | आवश्यकता अनुसार |

| क सं | विषयगत क्षेत्र/उपक्षेत्र | कार्यान्वयन गर्ने जिम्मेवार निकाय | अनुगमन संयन्त्र | समय/पटक |
|---|---|---|---|---|
| ४.४ | जैविक विविधता तथा भूसंरक्षण | शहरी विकास पर्यटन तथा वातावरण महाशाखा<br>वातावरण तथा सरसफाई शाखा<br>विपद् व्यवस्थापन शाखा | अनुगमन समिति<br>वातावरण तथा विपद व्यवस्थापन समिति | आवश्यकता अनुसार नियमित |
| ४.५ | विपद व्यवस्थापन | शहरी विकास पर्यटन तथा वातावरण महाशाखा<br>प्रशासन महाशाखा<br>विपद व्यवस्थापन शाखा | अनुगमन समिति<br>वातावरण तथा विपद व्यवस्थापन समिति | आवश्यकता अनुसार |
| **५. संस्थागत विकास तथा सुशासन** | | | | |
| ५.१ | नीति कानून तथा सुशासन | प्रशासन महाशाखा<br>कानून शाखा<br>विधायन समिति | अनुगमन समिति<br>संस्थागत विकास तथा सुशासन समिति | बार्षिक |
| ५.२ | संगठन, मानव संसाधन तथा सेवाप्रबाह | प्रशासन महाशाखा<br>गैरसरकारी संस्थाहरू<br>नागरीक समाज | अनुगमन समिति<br>संस्थागत विकास तथा सुशासन समिति | बार्षिक |
| ५.३ | राजश्व तथा श्रोत परिचालन | संघ तथा प्रदेश सरकार<br>वित्त व्यवस्थापन महाशाखा<br>राजश्व शाखा<br>वडा कार्यालयहरू | अनुगमन समिति<br>संस्थागत विकास तथा सुशासन समिति<br>लेखा समिति | आवश्यकता अनुसार नियमित |
| ५.४ | तथ्याङक, योजना र विकास व्यवस्थापन | योजना तथा अनुगमन महाशाखा<br>शहरी योजना आयोग | अनुगमन समिति<br>संस्थागत विकास तथा सुशासन समिति | आवश्यकता अनुसार |

## ८.३ लगानी परिचालन रणनीति

पोखरा महानगरपालिकाले विविधिकृत, समावेशी र सबल स्थानीय अर्थतन्त्र निर्माणका साथै उत्थानशील पूर्वाधार विकासको माध्यमबाट समुन्नत पर्यटकीय पोखराको दीर्घकालिन लक्ष्य हासिल गर्न योजनाबद्ध रुपमा कार्यारम्भ गरेको छ। योजनाबद्ध विकासका लागि आवश्यक लगानीको दिगो व्यवस्थापनका विषयमा पनि महानगरपालिका सचेत र प्रतिवद्ध रहेकोछ। सोही अनुरूप देहाय बमोजिमका लगानी परिचालन रणनीतिहरू अवलम्वन गरिएका छन्।

### ८.३.१ आन्तरिक राजश्व सुदृढीकरण

स्थानीय सरकारको लगानी क्षमता आफ्नो आन्तरिक स्रोतबाट प्राप्त हुने आयसँगै सङ्घ तथा प्रदेशबाट प्राप्त वित्तीय हस्तान्तरण, राजश्व बाँडफाँडबाट प्राप्त आय र सङ्घ सरकारबाट हस्तान्तरित कार्यक्रमका लागि प्राप्त हुने अनुदानमा निर्भर छ। पोखरा महानगरपालिकाको कुल बजेटमा आन्तरिक स्रोतबाट प्राप्त आयको अनुपात करिब २० देखि २५ प्रतिशतको हाराहारी छ । रावस्व बाँडफाँडलाई समेत जोड्दा यस्तो अनुपात ४५ देखि ५० प्रतिशतसम्म पुग्दछ। बाँकी बजेट संघ र प्रदेशबाट प्राप्त हुने वित्तीय हस्तान्तरणबाट व्यहोरिदै आएको छ।

राजश्व प्रशासनको सवलीकरण, कानुनी स्पष्टता, राजश्व भुक्तानीमा सरलीकरण र जनप्रतिनिधि तथा कर्मचारीको तदारुकतामा करदाता शिक्षा विशेष अभियान सञ्चालन, कर कानुनको पालनामा कडाई र राजश्व चुहावट नियन्त्रणका माध्यमबाट आन्तरिक राजश्व परिचालनमा उल्लेख्य सुधार गरिनेछ।

### ८.३.२ अन्तर सरकारी वित्तीय हस्तान्तरण

वित्तीय संघीयताका प्रमुख स्तम्भहरूमा राजश्व तथा स्रोत बाँडफाँट, खर्च जिम्मेवारी र अन्तरसरकारी वित्तीय हस्तान्तरण पर्दछन्। स्थानीय तहलाई बैदेशिक सहायता प्राप्त गर्ने अधिकार नभएकोले विकास साझेदारहरुबाट प्राप्त हुने ऋण तथा अनुदान पनि वित्तीय हस्तान्तरण मार्फत नै आउने हुँदा संघीय सरकारबाट हस्तान्तरण भइ आउने सबैभन्दा लगानीको स्रोतमा शसर्त अनुदान पर्छ। शसर्त अनुदान विशिष्ट प्रकृतिका कार्यक्रम र विशेष

आयोजनामा मात्र लगानी हुन्छ। शसर्त अनुदानको रकम छिटो सम्पन्न हुने, बढी प्रतिफल दिने र महानगरपालिकाको प्राथमिकताका आयोजना तथा कार्यक्रममा लगानी गर्ने व्यवस्था मिलाइनेछ। यसबाट विनियोजन कुशलता र कार्यान्वयन दक्षतामा अभिवृद्धि भई नयाँ आयोजनाहरुमा त्यस्तो अनुदान प्राप्त गर्न सहज हुनेछ।

अन्तरसरकारी वित्तीय हस्तान्तरणको अर्को प्रमुख सम्भावना भएको स्रोत समपुरक अनुदान हो। कुल परियोजना लागतको ५० प्रतिशत महानगरपालिकाले लगानी गर्नुपर्ने यो अनुदानलाई पनि प्राथमिकता प्राप्त आयोजनाहरुमा परिचालन गर्न सम्भाव्य आयोजनाहरूको पहिचान, छनौट र प्राथमिकीकरणमा विशेष जोड दिइनेछ। आन्तरिक राजश्व परिचालन, वित्तीय अनुशासन र खर्च प्रणालीमा सुधार गरी समानीकरण अनुदानको अनुपात समेत वृद्धि गरिनेछ।

### ८.३.३ सार्वजनिक निजि साझेदारी र ऋण

स्थानीय तहलाई बाह्य ऋण लिने अधिकार छैन भने आन्तरिक ऋण लिन स्पष्ट कानुनको अभाव छ। महानगरपालिकाको विकासको आवश्यकता अनुरूप लगानीको स्रोत न्यून भएको प्ररिप्रेक्ष्यमा नगर विकास कोष जस्ता संस्थाहरूबाट ऋण परिचालन गर्न आर्थिक र सामाजिक रूपमा प्रतिफलयुक्त आयोजनाहरु विकास गरी कार्यान्वयन गर्न जोड दिइनेछ। महानगरपालिकाको प्राथमिकताको क्षेत्रमा परेका र आर्थिक रूपमा आकर्षक परियोजनाहरूमा आवश्यक लगानी प्राप्त गर्न सार्वजनिक निजि साझेदारीलाई थप सुदृढीकरण गरिनेछ।

### ८.३.४ निजि तथा सहकारी क्षेत्रको लगानी

नेपालको संविधानले बजार अर्थतन्त्र, औद्योगिकीकरण, वस्तु तथा सेवा व्यापार र स्थानीय सीप, कला र प्रविधि अनुरूपका व्यवसाय गर्न र निजि सम्पत्ति लगानीको अधिकार सुनिश्चत गरेको छ। पोखराको व्यवसायिक सम्भाव्यतालाई उपयोग गरी पर्यटन, उद्योग, यातायात, कृषि तथा पशु र सूचना प्रविधिजस्ता संभाव्य क्षेत्रमा सहकारी तथा निजि क्षेत्रको लगानी अधिकतम परिचालन हुने वातावरणमा सहजीकरण गर्न महानगरपालिका प्रतिवद्ध रहेको छ। समग्र निजि क्षेत्रको स्रोत परिचालन र व्यवस्थापनमा कुशलता एवम् प्रभावकारिता अभिवृद्धि गर्न

उद्यमशिलता तथा सीप विकास, लगानी सहजीकरण र स्टार्टअप ऋण तथा अनुदान सहायता जस्ता कार्यक्रमलाई प्राथमिकतामा राखिएको छ।

नेपाल सरकार तथा गण्डकी प्रदेश सरकारले अवलम्वन गरेको निजि बचत तथा लगानी प्रोत्साहनको नीति अनुकूल हुने गरी व्यवसायिक वातावरण सुधारमा महानगरपालिकाले विशेष जोड दिएको छ।यसबाट प्रदेश तथा राष्ट्रियस्तरमा समेत बचत तथा लगानी परिचालनमा सकारात्मक सन्देश जाने विश्वास लिइएको छ। उद्यमशीलताको संस्कार, स्वस्थ प्रतिस्पर्धा र रोजगारी सिर्जनामा निजी क्षेत्रको लगानी आकर्षित गर्ने प्रयासहरू जारी राखिनेछ। त्यसै गरी घरायसी बचतलाई लगानी र उपभोगको लागि पुँजीको स्थिर स्रोतको रूपमा परिचालन गर्न प्रोत्साहित गर्ने रणनीति अंगीकार गरिएको छ।प्रविधिको विकास र आर्थिक विविधीकरणलाई प्रोत्साहन गर्न विदेशी लगानी भित्र्याउने प्रयास गरिनेछ।

## ८.४ जोखिम व्यवस्थापन

योजनाको व्यवधानरहित, सहज र निर्बाधरूपमा कार्यान्वयन भएमा अपेक्षा गरिएको प्रतिफल प्राप्त हुने परिकल्पना गरिएको हुन्छ। योजनाले निर्धारण गरेको कार्यदिशा अनुरूप आयोजनाका चरणहरू पार हुदैं निर्दिष्ट लक्ष्य र उद्देश्य हासिल हुने अपेक्षा गरिएको हुन्छ। योजना अवधिमा आन्तरिक तथा बाह्यरूपमा अनपेक्षित समस्याहरू आउने जोखिम रहि रहन्छ ।योजना कार्यान्वयनमा आउन सक्ने जोखिमको पूर्व आंकलन र जोखिम व्यवस्थापनका रणनीति पहिचान र कार्यान्वयन गर्न पुर्व तयारी आवश्यक हुन्छ । योजनाले निर्धारण गरेको लक्ष्य तथा उद्देश्य हासिल गर्न योजनासँग तालमेल हुने गरी बार्षिक नीति तथा कार्यक्रम र बजेटको सुनिश्चितता गरी प्रभावकारी कार्यान्वयन आवश्यक हुन्छ ।
स्थानीय तहमा योजनावद्ध विकास प्रयासको अभ्यास लामो नभएकोले योजना कार्यान्वयनमा थुप्रै चुनौति तथा जोखिम आउन सक्दछन् ।दोश्रो पञ्चवर्षीय योजना कार्यान्वयनमा आउन सक्ने संभावित जोखिमको पहिचान गरी जोखिम न्यूनिकरण रणनीति अवलम्बन गर्न आवश्यक छ । संभावित जोखिम र जोखिम न्यूनिकरणका रणनीतिहरूलाइ देहाय बमोजिम उल्लेख गरिएको छ ।

**तालिका ५५: सम्भावित जोखिम तथा न्यूनीकरण रणनीति**

| सम्भावित जोखिम | अवलम्वन गरिने रणनीति |
|---|---|
| आवधिक योजना मध्यमकालिन खर्च संरचना बार्षिक नीति तथा कार्यक्रम र बजेटवीच तालमेल नहुने | • महानगरपालिकाको दीर्घकालिन सोच, लक्ष्य, उद्देश्य र आवधिक योजना योजनासँग तादाम्यता कायम हुने गरी बार्षिक नीति कार्यक्रम तथा बजेट विनियोजन गरिनेछ । |
| | • बार्षिक नीति तथा कार्यक्रम र बजेट विनियोजन गर्दा राष्ट्रिय तथा प्रादेशिक नीति योजना र प्राथमिकतालाई ध्यान दिइनेछ । |
| | • मध्यमकालिन खर्च संरचना तर्जुमा प्रक्रियालाइ सरल र यथार्थपरक बनाइनेछ । |
| | • जनप्रतिनिधि तथा कर्मचारीको लागि क्षमता विकास कार्यक्रम सञ्चालन गरिनेछ । |
| आयोजना/कार्यक्रमको पहिचान छनौट प्राथमिकिकरण कार्यान्वयन र अनुगमन विधिसम्मत नहुने | • योजना तर्जुमाका सबै प्रक्रिया तथा चरण अवलम्वन गरिनेछ । |
| | • आयोजना बैंक व्यवस्थापन सूचना प्रणाली लागू गरिनेछ |
| प्रक्षेपण गरिएको बाह्य लगानी परिचालन नहुने | • बाह्य लगानी अनुकूल वातावरण सृजनाका लागि कानूनी नीतिगत तथा प्रक्रियागत सुधार गरिनेछ |
| संघ तथा प्रदेशबाट प्राप्त हुने राजश्व तथा वित्तीय हस्तान्तरणबाट प्राप्त हुने बजेटमा कमी हुने | • लिजा लगायत स्वमुल्याङकनमा सुधार गरिनेछ |
| | • वित्तीय हस्तान्तरणबाट प्राप्त हुने अनुदानको कारण आयोजना कार्यक्रम प्रभावित नहुने सुनिश्चितता गरिनेछ । |
| अपेक्षित रूपमा आन्तरिक राजश्व परिचालन नहुने | • राजश्व प्रणाली तथा राजश्व प्रशासनमा सुधार गरिनेछ |
| | • राजश्वको दायरा विस्तार गर्दै लगिनेछ |
| | • सेवाप्रबाहलाइ करदातामैत्री बनाइनेछ |

| सम्भावित जोखिम | अवलम्वन गरिने रणनीति |
|---|---|
| | • राजश्व प्रशासनलाइ प्रविधिमैत्री बनाइनेछ |
| | • राजश्व परिचालनका लागि सचेतना अभियान तथा अनुगमनलाइ प्रभावकारी बनाइनेछ |
| राष्ट्रिय तथा अन्तरराष्ट्रिय रूपमा हुने आर्थिक मन्दी | • राष्ट्रिय तथा अन्तरराष्ट्रिय परिस्थितिमा आउँन सक्ने प्रतिकूलताको आंकलन गरी योजना कार्यान्वयनमा कम भन्दा कम असर पर्ने गरी आन्तरिक रणनीति अबलम्बन गरिनेछ । |
| प्राकृतिक विपद | • भौतिक पुर्वाधार निर्माण सम्बन्धी आयोजना कार्यान्वयन गर्दा सर्भे डिजाइनका चरणबाटै विपद जोखिम कम हुने गरी कर्यान्वयन गर्ने प्रक्रिया अवलम्बन गरिनेछ |
| | • विपद जोखिम पूर्वानुमान, जोखिम नक्साङकन, पुर्वतयारी तथा तथा प्रतिकार्य योजना निर्माण गरी कार्यान्वयन गरिनेछ । |
| | • राष्ट्रिय तथा विश्वव्यापी देखा पर्न सक्ने महामारीको रोकथाम तथा नियन्त्रणका लागि पुर्वतयारी गरी प्रतिकार्यको लागि आवश्यक रणनीति तथा कार्यक्रम निर्माण गरी कार्यान्वयन गरिनेछ । |
| जलवायु परिवर्तनको कारण पर्न जाने अनपेक्षित असर | • जलवायु अनुकूलन तथा जोखिम न्यूनिकरण हुने गरी आयोजना तथा कार्यक्रम तर्जुमा र कार्यान्वयन गरिनेछ । |
| | • जलवायु परिवर्तन सम्बन्धी विषयलाइ विकास निर्माणका चरणहरूमा सम्बोधन गरिनेछ । |
| | • विपद व्यवस्थापनको लागि सरोकारवालाहरूसँग समन्वय तथा समुदायको क्षमता विकास तथा स्वतस्फुर्त परिचालन हुने पद्वति विकास गरिनेछ । |
| | • जलवायु परिवर्तनको प्रभाव न्यूनिकरण गर्न स्थानीय |

| सम्भावित जोखिम | अवलम्वन गरिने रणनीति |
|---|---|
| | समुदायमा अनुकूलन क्षमता अभिबृद्धि र सचेतना तथा सवलिकरण गरिनेछ । |
| मौसमी प्रतिकूलताका कारण कृषिजन्य उत्पादन र आपुर्तिमा हुने उतार चढाव | • प्रतिकूल मौसममा पनि खाद्य असुरक्षा हुन नदिन आवश्यक पुर्व तयारी गरिनेछ। |
| | • प्रतिकूल मौसममा पनि अनुकूल हुने खेति प्रणालीको विकास गरिनेछ । |
| | • किसान सचेतना अभियान सञ्चालन गरिनेछ। |
| कमजोर सुशासन तथा सेवाप्रबाहको स्तर | • सुशासन प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिनेछ। |
| | • सेवाप्रबाहलाइ जनमुखी र प्रविधिमैत्री बनाइनेछ। |
| | • सूचना प्रविधिको विस्तार र पहुँच अभिबृद्धि गरिनेछ । |
| | • भ्रष्टाचार विरुद्ध शून्य सहनशिलता अपनाइनेछ। |
| | • कर्मचारीको क्षमता विकास सम्बन्धी कार्यक्रम सञ्चालन गरिनेछ । |
| | • कर्मचारीहरूसँग कार्य सम्पादन सम्झौता गरी कार्य सम्पादनलाइ बृत्ति विकाससँग आवद्ध गरिनेछ । |
| | • चालु खर्च व्यवस्थापन सम्बन्धी मापदण्ड बनाइ कार्यान्वयन गरिनेछ । |
| संघ र प्रदेशसँगको समन्वय तथा साझेदारी प्रभावकारी नहुने | • रणनीतिक महत्वका ठूला आयोजना सञ्चालनका लागि संघ र प्रदेश सरकारसँग आवश्यक समन्वय गरिनेछ । |
| | • आयोजनामा दोहोरोपन हुन नदिन आवश्यक समन्वय गरिनेछ । |
| अन्तरराष्ट्रिय विकास साझेदारहरूको सहयोगमा कमी हुने | • अन्तरराष्ट्रिय विकास साझेदारहरूको सहयोग आवश्यक पर्ने आयोजना पहिचान गरी संघ मार्फत आवश्यक समन्वय तथा पहल गरिनेछ । |

| सम्भावित जोखिम | अवलम्वन गरिने रणनीति |
| --- | --- |
| | • अन्तरराष्ट्रिय विकास साझेदारहरूसँग साझेदारीका लागि नीतिगत तथा कानूनी सुधार गरी अनुकूल वातावरण सृजना गरिनेछ । |
| सार्वजनिक नीजि साझेदारी प्रणाली अनुसार नीजिक्षेत्रबाट लगानी नहुने | • सार्वजनिक नीजि साझेदारीमा सञ्चालन हुने आयोजनाको पहिचान गरी आवश्यक अध्ययन तथा डिपिआर समेत गरी तयारी अवस्थामा राखिनेछ । |
| | • सार्वजनिक नीजि साझेदारीमा सञ्चालन हुने आयोजनामा लगानी आकर्षणका लागि लगानी बैठक आयोजना गरिनेछ । |
| | • सार्वजनिक नीजि साझेदारीमा सञ्चालन हुने आयोजनामा लगानीका लागि लगानी वोर्डसँग समेत समन्वय गरिनेछ । |
| | • सार्वजनिक नीजि साझेदारीमा सञ्चालन हुने आयोजनामा लगानी अनुकूलताका लागि नीतिगत तथा कानूनी सुधार गरिनेछ । |
| आवश्यक संघीय प्रादेशिक र स्थानीय नीति कानूनको कमी हुने | • विकास व्यवस्थापन, सेवाप्रबाह तथा न्याय सम्पादनका लागि आवश्यक संघीय तथा प्रादेशिक कानून निर्माणका लागि पहल तथा समन्वय गरिनेछ । |
| | • आवश्यक नीति तथा कानून पहिचान गरी नयाँ कानून निर्माण गरिनेछ। महानगरपालिकाका मौजुदा कानूनको सामयिक संसोधन गरिनेछ । |
| अनुगमन तथा मुल्याङकन फितलो हुने | • अनुगमन प्रणालीलाइ सुधार गरिनेछ । |
| | • अनुगमन समिति तथा विषयगत समितिहरूको क्षमता विकास गरी जवाफदेहि बनाइनेछ । |
| | • आयोजना चक्रमा अनुगमन तथा मुल्याङकनलाइ अनिवार्य समावेश गरिनेछ । |

| सम्भावित जोखिम | अवलम्वन गरिने रणनीति |
| --- | --- |
| | • अनुगमन तथा मुल्याङकनबाट प्राप्त सकरात्मक पृष्ठपोषणलाइ अनिवार्य ग्रहण गरी कार्यान्वयन गरिनेछ । |
| आवश्यक दक्ष जनशक्ति आपुर्ति नहुने | • मौजुदा संगठन संरचना तथा दरबन्दी उपर पुनरावलोकन गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा संगठन तथा दरबन्दीमा संसोधन गरिनेछ । |
| | • स्वीकृत दरबन्दी अनुसार समयमै पदपुर्ति हुनेव्यवस्था मिलाइनेछ । |
| | • कर्मचारीको क्षमता विकास तथा प्रोत्साहनको यथोचित व्यवस्था गरिनेछ। |
| नगरसभा तथा कार्यपालिकाबाट समयमै बाधा अड्काउ फुकाउ नहुने | • नीतिगत तथा कानूनी अभाव तथा अड्चन हुन नदिन नीतिगत तथा कानूनी सुधारको पहिचान गरी नयाँ नीति कानून तर्जुमा वा संसोधन गरिनेछ । |
| | • विधायन समितिको क्षमता विकास गरी समितिलाइ थप सक्रीय तथा जवाफदेहि बनाइनेछ । |
| | • नीतिगत, कानूनी तथा प्रक्रियागत बाधा अड्काउ फुकाउको लागि नगरसभा वा कार्यपालिकामा आवश्यक प्रस्ताव पेश गरी निर्णयार्थ पेश गरिनेछ । |

अनुसूची-१

## सम्भाव्य आयोजना तथा कार्यक्रमहरू

(लागत रू लाखमा)

| क्र सं | नाम र ठेगाना | लागत अनुमान | तयारी अवस्था | अपेक्षित उपलव्धी |
|---|---|---|---|---|
| १ | पोखरा प्रवेश पार्क (Pokhara Entrance Park) आयोजना, पोखरा ३२ कोत्रे | ५९६४ | विस्तृत परियोजना प्रतिवेदन (DPR) तयार | पर्यटन प्रवर्द्धन तथा स्थानीय रोजगारी सृजनामा योगदान |
| २ | वेगनास ताल पर्यटन विकास पोखरा ३१ बेगनास | ३६७४ | पूर्व संभाव्यता अध्ययन | प्राकृतिक सम्पदाको संरक्षण हुने तथा पर्यटन प्रवर्द्धनमा योगदान |
| ३ | खास्टे न्यूरेनी ताल विकास पोखरा २६ | | पूर्व संभाव्यता अध्ययन | प्राकृतिक सम्पदाको संरक्षण हुने तथा पर्यटन प्रवर्द्धनमा योगदान |
| ४ | लेक टु लेक साइकल मार्ग पोखरा | ७६९ | विस्तृत परियोजना प्रतिवेदन (DPR) तयार | पर्यटन प्रवर्द्धन, वातावरण प्रदुषण नियन्त्रणमा सहयोग तथा स्वास्थ्य प्रवर्द्धन |
| ५ | सुइखेत रिभर फ्रन्ट आयोजना पोखरा २५ हेम्जा | | पूर्व संभाव्यता अध्ययन | पर्यटन प्रवर्द्धन तथा स्थानीय रोजगारी सृजनामा योगदान |
| ६ | विन्ध्यबासिनी वसपार्क पोखरा २ | | परियोजना सोचपत्र (PIN) | सार्वजनिक यातायात सेवा तथा व्यवस्थापनमा सुधार |
| ७ | वेगनास वाटर स्पोर्ट्स पोखरा ३१ बेगनास | | परियोजना सोचपत्र (PIN) | पर्यटन प्रर्वद्धन स्थानीय रोजगार प्रवर्द्धनमा योगदान |
| ८ | पोखरा अन्तरराष्ट्रिय सम्मेलन केन्द्र (PICC) पोखरा २१ निर्मल पोखरी | | पूर्व संभाव्यता अध्ययन | MICE पर्यटन प्रवर्द्धन, रैथाने कृषि तथा रोजगार प्रवर्द्धन |
| ९ | अटो भिलेज पोखरा | | परियोजना सोचपत्र (PIN) | शहरको शौन्दर्यता अभिबृद्दिमा सहयोग, बातावरण प्रदुषण नियन्त्रण |

| | | | | |
|---|---|---|---|---|
| | | | | र सेवामा सहजता |
| १० | पोखरा बसपार्क पोखरा ९ | | संभाव्यता अध्ययन | यातायात सेवा तथा व्यवस्थापनमा सुधार सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग |
| ११ | एकिकृत शहरी यातायात आयोजना | | परियोजना सोचपत्र (PIN) | यातायात सेवामा सुधार शहरी सुन्दरतामा सहयोग |
| १२ | कोमागाने पार्क पोखरा ६ | | विस्तृत परियोजना प्रतिवेदन (DPR) | नेपाल-जापान सहयोग तथा सम्बन्धमा सहयोग पर्यटन प्रवर्द्धनमा योगदान वातावरण संरक्षणमा सहयोग |
| १३ | भलपानी (strome water) व्यवस्थापन | | गुरुयोजना | शहरी सुन्दरतामा योगदान, प्रदुषण न्यूनिकरण विपद जोखिम न्यूनिकरण |
| १४ | पोखरा चक्रपथ | | परियोजना सोचपत्र (PIN) | व्यवस्थित शहरीकरण, शहरको मुख्य क्षेत्रमा यातायात व्यवस्थापन बस्ती विकासमा सहजता |
| १५ | केभ टु केभ साइकल मार्ग | | परियोजना सोचपत्र (PIN) | प्राकृतिक सम्पदाको संरक्षण तथा प्रवर्द्धन, पर्यटन प्रवर्द्धन |
| १६ | ठुलाकोट पर्यटन विकास पोखरा २८ | | विस्तृत परियोजना प्रतिवेदन (DPR) | पर्यटन विकास तथा विस्तार, स्थानीय उत्पादन तथा उत्पादकत्व अभिबृद्धि रोजगारी सृजना |
| १७ | सेती नदी कोरिडोर | | परियोजना सोचपत्र (PIN) | सेती नदीको संरक्षण तथा प्रवर्द्धन पर्यटन प्रवर्द्धन |
| १८ | बहुसाँस्कृतिक संग्रहालय | | परियोजना सोचपत्र (PIN) | साँस्कृतिक विकास तथा प्रवर्द्धन, पर्यटन विकास र रोजगारी सृजना |
| १९ | जेष्ठ नागरिक सामुदायिक ग्राम | | परियोजना सोचपत्र (PIN) | जेष्ठ नागरिकको सम्मानजनक व्यवस्थापन तथा सेवामा सुधार |
| २० | महाप्रभु धाम पोखरा १३ | | परियोजना सोचपत्र (PIN) | धार्मिक सम्पदाको संरक्षण तथा धार्मिक पर्यटन प्रवर्द्धन |

| | | | | |
|---|---|---|---|---|
| २१ | क्षेत्रीय बसपार्क पोखरा ३२ | | | सार्वजनिक यातायात तथा सवारी साधनको व्यवस्थापनमा सुधार, स्थानीय भौतिक विकासमा योगदान तथा रोजगारी सृजना |
| २२ | पञ्चासे एकिकृत विकास पोखरा २३ | | सम्भाव्यता अध्ययन | पर्यापर्यटन विकास तथा प्रवर्द्धन, जैविक विविधताको संरक्षण तथ प्रवर्द्धनमा सहयोग, रोजगारी सृजना |
| २३ | कश्यप धाम पोखरा २४ | | सम्भाव्यता अध्ययन | धार्मिक पर्यटन विकास तथा प्रवर्द्धन आध्यात्मिक चेतना विकास तथा जागरण |
| २४ | टेम्पल टु टेम्पल पैदल मार्ग | | | धार्मिक सम्पदाको संरक्षण तथा पर्यटन प्रवर्द्धन |
| २५ | एकिकृत हरित यातायात | | सम्भाव्यता अध्ययन | आधुनिक यातायात प्रणाली स्थापना, यातायात सेवा तथा व्यवस्थापनमा सुधार, वातावरण प्रदुषण न्यूनिकरणमा सहयोग |
| २६ | इ-मोबिलिटि विकास | | परियोजना सोचपत्र (PIN) | यातायात सेवामा विद्युतीय प्रणालीको प्रयोग वातावरण संरक्षणमा सहयोग |
| २७ | फेवा अर्दन ड्याम पोखरा | | सम्भाव्यता अध्ययन | फेवातालको संरक्षण तथा प्रवर्द्धनमा योगदान तथा पर्यटन प्रवर्द्धन |
| २८ | फेवा बिच विकास पोखरा | | सम्भाव्यता अध्ययन | फेवातालको संरक्षण तथा प्रवर्द्धनमा योगदान तथा पर्यटन प्रवर्द्धन |
| २९ | स्याङखुदी अर्दन ड्याम | | थप अध्ययन गर्नु पर्ने | वेगनासतालको संरक्षण तथा प्रवर्द्धनमा योगदान तथा पर्यटन प्रवर्द्धन |
| ३० | तालबेसी अर्दन ड्याम तथा मत्स्य विकास | | थप अध्ययन गर्नु पर्ने | फेवा तथा रूपातालको संरक्षण तथा प्रवर्द्धनमा योगदान तथा पर्यटन प्रवर्द्धन |

| | | | | |
|---|---|---|---|---|
| ३१ | भरत पोखरी निर्मल पोखरी कृष्ती कुभिन्डे सडक | | थप अध्ययन गर्नु पर्ने | पर्यापर्यटनमा योगदान, वाइपास सडक, यातायात सेवामा सहजिकरण तथा सवारी साधनको चाप न्यूनिकणमा योगदान |
| ३२ | पचभैया बन्यजन्तु तथा पार्क संरक्षण | | थप अध्ययन गर्नु पर्ने | पचभैया बन्यजन्तु तथा पार्कको स्तरोन्नति, पर्यटन प्रर्वद्धन |
| ३३ | अर्मलाकोट एकिकृत पर्यटन विकास | | थप अध्ययन गर्नु पर्ने | प्राकृतिक तथा साँस्कृतिक सम्पदाको संरक्षण तथा पर्यटन प्रर्वद्धन, सेटेलाइट सिटी विकासमा योगदान |
| ३४ | ड्यामसाइड-पञ्चासे रिङ्जलाइन पदमार्ग | | थप अध्ययन गर्नु पर्ने | पर्यापर्यटन विकास तथा प्रवर्द्धन |
| ३५ | दोपहरे-फोक्सिङ-निर्मलपोखरी भरतपोखरी-लामे आहाल रिङ्जलाइन पदमार्ग | | थप अध्ययन गर्नु पर्ने | पर्यापर्यटन विकास तथा प्रवर्द्धन पोखराको सन्तुलित विकासमा योगदान |
| ३६ | पोखरा क्रिकेट रंगशाला | | थप अध्ययन गर्नु पर्ने | खेल पर्यटन प्रवर्द्धन |
| ३७ | पोखरा मानसिक अस्पताल | | थप अध्ययन गर्नु पर्ने | मानसिक स्वास्थ्य सेवामा सुधार |
| ३८ | हेल्मेट डाँडा एकिकृत पर्यटन विकास, पोखरा ३२ | | थप अध्ययन गर्नु पर्ने | पर्यटन प्रवर्द्धन तथा स्थानीय भौतिक विकासमा सहयोग |
| ३९ | रोयल ट्रेक विकास | | थप अध्ययन गर्नु पर्ने | ऐतिहासिक पदमार्गको विकास तथा पर्यटन प्रवर्द्धन |
| ४० | पोखरा औद्योगिक प्रदर्शनी केन्द्र पोखरा ९ | | थप अध्ययन गर्नु पर्ने | उद्योग प्रवर्द्धनमा सहजिकरण |
| ४१ | रामघाट बहुउद्देशीय परियोजना पोखरा १० | | डिपिआर तयार | रामघाटको संरक्षण तथा प्रवर्द्धन |

## अनुसूची-२

## वडागत विशिष्ट आयोजना वा कार्यक्रम

| क्र सं | वडा नम्बर | आयोजना/कार्यक्रम | विशिष्टता | अपेक्षित नतिजा |
|---|---|---|---|---|
| १ | १ | गाईघाट धार्मिक पर्यटन स्थल निर्माण | प्रसिद्ध धार्मिक स्थल | धार्मिक सम्पदाको संरक्षण तथा पर्यटन प्रवर्द्धन |
| २ | २ | मिरूवा क्षेत्र संरक्षण तथा व्यूटिफिकेशन | पोखराको पुरानो बस्ती | पुरानो बस्तीको संरक्षण तथा विकास |
| ३ | ३ | तुलसीघाट रक गार्डेन तथा खेलमैदान | दुर्लभ रक | पर्यटन र खेल विकास तथा प्रवर्द्धन |
| ४ | ४ | सिद्धार्थचोक-रामकृष्ण टोल-गणेस टोल हुदै नालामुख क्षेत्र भित्रका धार्मिक एवं कलात्मक घरहरुको सम्पदा संरक्षण र वालाधारा संरक्षण एवं पुननिर्माण | पोखराको पुरानो सम्पदाबस्ती | ऐतिहासिक तथा पुरातात्विक सम्पदा तथा बस्तीको संरक्षण सम्वर्द्धन हुने |
| ५ | ५ | बाराही खेलमैदान निर्माण मालेपाटन | प्रसिद्ध मालेपाटन | खेल प्रवर्द्धन तथा खुलास्थानको संरक्षण |
| ६ | ६ | केदारेश्वर महादेवमणी मन्दिर क्षेत्र विकास | वडाको प्रमुख मध्येको एक धार्मिक तथा पर्यटकीयस्थल | धार्मिक सम्पदाको संरक्षण तथा पर्यटन प्रवर्द्धन |
| ७ | ७ | शहिदचोक-फिर्के-अख्तियार हुदै जिरो कि.मि दोहोरो नाला स्लावसहितको फुटट्र्याक बाटो निर्माण | भूउपयोग योजना अनुसार सरकारी क्षेत्र तथा पुरानो बस्तीक्षेत्र | सडकको सौन्दर्यकरणतथा आवागमनमा सहजता |
| ८ | ८ | सभागृह चोक-चिप्लेढुंगा सडक खण्डको पोखरा सभागृह प्रवेशस्थलमा आकासेपुल निर्माण | सार्वजनिक कार्यक्रम हुने पोखराको महत्वपूर्ण सभागृह | सभागृहमा जानआउँन सहजता हुने |
| ९ | ९ | तुलसीघाट-रामघाटको सेति नदी किनारामा तठबध गरी साईकललेन, खस्ला बगैचा र विश्राम सहितको | पोखराको सेती नदी स्थित महत्वपूर्ण घाट | ऐतिहासिक धार्मिक सम्पदाको संरक्षण तथा पर्यटन प्रवर्द्धन |

| | | | | |
|---|---|---|---|---|
| | | पर्यटकीय पूर्वाधार निर्माण | | |
| १० | १० | सहासिक पर्यटकीय उद्धान तथा पार्क सहित पैदल मार्ग | वडाको मौलिक उद्यान तथा पैदलमार्ग | सहासिक पर्यटकीय उद्धान तथा पार्क तथा पैदल मार्गको विकास तथा प्रवर्द्धन |
| ११ | ११ | काहूँ धरहरा पुनः निर्माण तथा पार्क निर्माण | प्रसिद्व काहुँकोट | धार्मिक तथा पर्यापर्यटन प्रवर्द्धन |
| १२ | १२ | उपकार मार्ग नमुना सडक निर्माण | रणनितिक महत्वको सडक | यातायात सेवा तथा आवागमनमा सहजता |
| १३ | १३ | रतन पाण्डे मन्दिर क्षेत्र तथा नवदुर्गा मन्दिर क्षेत्र विकास | ऐतिहासिक धार्मिक क्षेत्र | ऐतिहासिक धार्मिक सम्पदाको संरक्षण तथा पर्यटन प्रवर्द्धन |
| १४ | १४ | प्राथमिक स्वास्थ्य उपचार केन्द्र | सघन मानव बस्तीमा स्वास्थसेवा | सुलभ तथा गुणस्तरीय स्वास्थ्य सेवा उपलव्धता |
| १५ | १५ | ढुंगेसाघु प्राकृतिक पुल संरक्षण तथा मेला प्रवर्द्धन | ऐतिहासिक स्थल तथा दुर्लभ प्राकृतिक पुल | दुर्लभ पुलको संरक्षण तथा धार्मिक पर्यटन प्रवर्द्धन हुने |
| १६ | १६ | सुन्दरफिड-इन्जिनियरिङ क्याम्पस हुदै लामाचौर सम्मको ढल व्यवस्थापन | वडाको सडक व्यवस्थापनमा ढलको आवश्यकता | वडाको महत्वपूर्ण सडक खण्डमा व्यवस्थित ढल निर्माण |
| १७ | १७ | फेवानहर राममन्दिर-सांग्रिला सडक, नाली निर्माण तथा सौन्दर्यकरण | नयाँ विकसित घनाबस्ती क्षेत्र | यातायात सेवामा सुधार, कृषि विकास तथा पर्यटन प्रवर्द्धन |
| १८ | १८ | बिन्ध्यबासिनी-सराङ्गकोट सडक खण्डको घेरेलुमा बेलि ब्रिज निर्माण | महत्वपूर्ण सडक खण्डमा प्रकृतिको पुल | यातायात सेवामा सहजता |
| १९ | १९ | काउरे पोखरी तक्मेल देउराली मादी सिक्लेश पर्यटकीय मार्ग निर्माण | ऐतिहासिक गुरूङ बस्ती | पर्यटन प्रवर्द्धन |
| २० | २० | हरिहर गुफा सन्यास आश्रम धार्मिक तथा पर्यटन विकास | ऐतिहासिक गुफा तथा धार्मिकस्थल | धार्मिक तथा साँस्कृतिक सम्पदाको संरक्षण तथा पर्यटन प्रवर्द्धन |

| | | | | |
|---|---|---|---|---|
| २१ | २१ | दोपहरे-थामाकोडाडाँ-स्यार्तुङ-रातामाटा-पोखेलथोक-निर्मलपोखरी फुट ट्र्याक निर्माण | पोखराको सुन्दर पर्यटकीय पैदलमार्ग | पर्यापर्यटन प्रवर्द्धन |
| २२ | २२ | डेमसाइड-शान्तिस्तुपा-पुम्दीकोट-भेडीखर्क-बुद्ध पार्क-पैयूचौतारी-थाप्ले-टाइगरहिल पंचासे पदमार्ग | विशिष्ट र मौलिक ट्रेकिङरूट | पर्यापर्यटन प्रवर्द्धन |
| २३ | २३ | सिद्बबराह मङ्थुम १०८ फिट हनुमानमूर्ति निर्माण | भूदृश्यको दृष्टिले विशिष्ट तथा ऐतिहासिक धार्मिक स्थल | धार्मिक पर्यटन प्रवर्द्धन |
| २४ | २४ | कास्कीकोट पुर्वी सिमादेखि भिरमुनी गुण्टेचौर बनपाले हुदै ढिकुरपोखरी कृषि सडक | आवागमन तथा कृषि प्रवर्द्धनको दृष्टिले महत्वपूर्ण सडक | कृषि विकास तथा प्रवर्द्धन |
| २५ | २५ | हेम्जा चक्रपथ | हेम्जाको सन्तुलित विकासको दृष्टिले महत्वपूर्ण मार्ग | कृषि विकास तथा प्रवर्द्धनमा सहयोग तथा वैकल्पिक मार्ग |
| २६ | २६ | खास्टे, न्यूरेनी गुँदे ताल एकिकृत विकास | वडाको गहनाको रूपमा रहेको सुन्दरताल | ताल संरक्षण तथा पर्यटन प्रवर्द्धन |
| २७ | २७ | कवि शिरोमणी लेखनाथ पौडेल साहित्य ग्राम निर्माण | कवि शिरोमणी लेखनाथ पौडेलको जन्मस्थल | कवि शिरोमणी लेखनाथ पौडेलको जन्मस्थलको संरक्षण तथा साहित्यपर्यटन विकास |
| २८ | २८ | माझठानाको टारी कृषि विकास तथा प्रवर्द्धन | माझठानाको टारी नामले प्रसिद्व ऐतिहासिक कथन | माझठानाको टारीमा कृषिको बहुआयमिक विकास मार्फत वडाको आर्थिक विकास |
| २९ | २९ | दिव्यभ्यू पार्क, खुइले डाडा निर्माण तथा प्रवर्द्धन | वडाको महत्वपूर्ण पार्क तथा डाँडा | पर्यटन प्रवर्द्धन मार्फत आर्थिक विकासमा सहयोग |
| ३० | ३० | ठाड डाँडा पर्यटन विकास | वडाको विशिष्ट डाँडा | पर्यटन प्रवर्द्धन मार्फत आर्थिक विकासमा सहयोग |

| | | | | |
|---|---|---|---|---|
| ३१ | ३१ | वेगनासताल बराह मन्दिर संरक्षण तथा प्रवर्द्धन | वेगनासताल स्थित महत्वपूर्ण धार्मिकस्थल | धार्मिक सम्पदाको संरक्षण तथा पर्यटन प्रवर्द्धन |
| ३२ | ३२ | खुदीखोला मत्स्य विकास | पोखराको मत्स्य विकासको प्रबल संभाव्यस्थल | मत्स्य विकास मार्फत वडानं ३२ एवं समग्र पोखराको आर्थिक विकास तथा र रोजगार प्रवर्द्धन |
| ३३ | ३३ | लप्सीकुना-गुरदुङ-सिगारेबास-चवादी-वरपौवा-मनियलडाडा-दुलेगौडा हुदै लप्सीकुना तथा चवाडी-पुडीटार-लामगादी-चैनपुर जुके हुदै लप्सीकुना पैदल मार्ग | विशिष्ट पैदल मार्ग | पदमार्ग विकास तथा पर्यटन प्रवर्द्धन |